# जाओ र चेलाहरू बनाओ

## Go And Make Disciples

डोटाद्वारा निर्मित

समूहको अगुवाहरूका निम्ति

निर्देशिका पुस्तक १

तेस्रो संस्करण

# परिचय

**के तपाईं येशू ख्रीष्टको चेलाझैं वृद्धि हुन चाहनुहुन्छ? के तपाईं अरू विश्वासीहरूलाई वृद्धि हुन सहायता गर्न चाहनुहुन्छ?**

त्यसो हो भने चेलाहरू निर्माण गर्ने समूहको अगुवाहरूका लागि तयार पारिएका चार वटा निर्देशिका पुस्तकहरू अध्ययन गर्नुहोस् र त्यहाँ भएका कुराहरू अभ्यास गर्नुहोस्! अब उप्रान्त यसलाई निर्देशिका पुस्तक १ - ४ भनिनेछ।

येशूले चेलाहरू बनाउनुभयो। उहाँले मानिसहरूलाई यसो भन्नुभयो, "आएर हेर" र "मेरो पछि लाग" (यूहन्ना १:३९, ४३)। उहाँ कसरी जिउनुहुन्छ र केको लागि उहाँले आफ्नो जीवन दिनुभयो भनी हेर्नको लागि सबैतिरबाट मानिसहरू आइरहेका छन्। उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुहुन्छ भन्ने कुरा जानेको कारणले गर्दा संसारको हरेक देशका मानिसहरूले उहाँलाई पछ्याउँछन्। उहाँले तिनीहरूको जीवन पूर्णरूपमा परिवर्तन गरिदिनुभयो। र उहाँले हाम्रो जीवन पनि पूर्णरूपमा परिवर्तन गरिदिनुभयो!

चेला बनाउन र सुसज्जित पार्नको निम्ति येशूले प्रार्थनासाथ बाह्र जना मानिसहरूलाई छान्नुभयो। उहाँको जीवनलाई पछ्याउन र उहाँको सेवकाइलाई अनुसरण गर्नको निम्ति वृद्धि हुँदै गरेका चेलाहरूले उहाँसँग समय बिताओस्, उहाँको वचनहरू ध्यान दिएर सुनोस् र उहाँको जीवनलाई राम्रोसँग अवलोकन गरोस् भनी उहाँ चाहनुहुन्थ्यो (मर्कूस ३:१३-१५)।

लगभग दुई वर्षपछि येशूले आफ्ना चेलाहरूलाई यस्तो काम दिनुभयो, "जाओ र सबै देशका मानिसहरूलाई चेला बनाओ" (मत्ती २८:१८-२०)। अनि तिनीहरू यरूशलेमदेखि पृथ्वीको अन्तिम छेउसम्म गएर मानिसहरूलाई चेला बनाए (प्रेरित १:८)। ती नयाँ चेलाहरूले आफ्नो पालोमा अझ धेरै चेलाहरू बनाए र सुसमाचार नपुगेका ठाउँहरूमा गएर प्रचार गरे। आफूले सिकेका कुराहरू तिनीहरूले अरू मानिसहरूलाई पनि सिकाए (२ तिमोथी २:२)। तसर्थ, अहिले प्रभु येशू ख्रीष्टका चेलाहरूले संसारको हरेक देशमा गई नयाँ चेलाहरू बनाइरहेका छन्।

येशू ख्रीष्टले विशेष इसाईहरूलाई सेवाको कामको लागि परमेश्वरका जनहरूलाई सुसज्जित पार्न यस्तो काम दिनुभयो ताकि ख्रीष्टको शरीर निर्माण हुन सकोस् (एफिसी ४:११-१६)।

यी चार निर्देशिका पुस्तकहरूको उद्देश्य आफूले वास्ता गरेको इसाईहरूलाई सुसज्जित पार्ने इसाई समूहको अगुवालाई सहायता गर्नु हो, ताकि तिनीहरू येशू ख्रीष्टको चेलाहरू हुन सकून्। यहाँ 'चेला' भनेको परिपक्व इसाई हो।

**यो पाठ्यक्रमद्वारा चेलाहरूको तालिम व्यवहारिक बानाउन समूहको अगुवालाई दिइएका केही निर्देशनहरू:**

१. चार वटा निर्देशिकाहरू प्रत्येकमा बाह्र पाठहरू छन्, र ती सबैलाई तीन महिनामा पूरा गर्न सकिन्छ।
२. यहाँ दिइएका महत्वपूर्ण बाइबल खण्डहरूले विद्यार्थीहरूलाई ख्रीष्ट र बाइबल जान्नको निम्ति सहायता गर्छन्।
३. समूहको अगुवाले यहाँ दिइएका प्रश्नहरू प्रयोग गर्नुपर्छ र समूहमा छलफल सुरु गर्नुभन्दा पहिले विद्यार्थीहरूलाई बाइबलको खण्डहरू पढ्न लगाउनुपर्छ।
४. प्रत्येक प्रश्नको उत्तरको सारंश पत्ता लगाउन गर्न 'टिप्पणीहरू' राखिएका छन्। यसले समूहको अगुवालाई बाटो देखाउने काम गर्छ।
५. यो तालिम दिने पाठ्यक्रमले यस्ता व्यवाहारिक तरिकाहरू सिकाउँछ, जसद्वारा एउटा व्यक्तिलाई अथवा सानो समूहमा भएका केही व्यक्तिहरूलाई चेलापनको अभ्यास गराउन सकिन्छ।
६. प्रत्येक पाठमा गृहकार्यको लागि केही अभ्यास राखिएका छन्, र ती सामग्रीहरू तालिमको अन्तमा विद्यार्थीहरूलाई बाँडिदिनुपर्छ।

७. यो तालिमको पाठ्यक्रम अरूहरूलाई सिकाउन सजिलो छ। प्रत्येक पाठ्यक्रमको १२ पाठहरू पूरा गरिसकेका विद्यार्थीहरूले अर्को नयाँ सानो समूह बनाएर मानिसहरूलाई यही तालिम सिकाउनुपर्नेछ। त्यसरी नयाँ समूहहरूमा सिकाउने अगुवाहरूका निम्ति यो निर्देशिकाको एक प्रति उपलब्ध गराउनु पर्नेछ।

तपाईंको क्षेत्रमा भएका चेलाहरूको सङ्ख्यालाई प्रभुले छिट्टै नै वृद्धि गरिदिनुभएको होस् र थुप्रै मानसिहरू विश्वासप्रति आज्ञाकारी हुन सकून् भन्ने हाम्रो प्रार्थना छ (प्रेरित ६:७)।

प्रभुलाई महिमा होस्! "किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्।
उहाँलाई नै सदासर्वदा महिमा होस्। आमेन" (रोमी ११:३६)।

**DOTA** (Discipleship Training On The Air. The name goes back to the period that this course was mainly broadcasted by radio.)

1994 (First Edition)

2009 (Third Revised Edition)

## प्रतिलिपि सर्वाधिकार (कपीराइट)

यी चार वटा निर्देशिका पुस्तकहरूको प्रतिलिपि अधिकार लेखकमा सुरक्षित छ। तालिम दिने उद्देश्यले यसलाई स्वतन्त्रसाथ प्रयोग गर्न सकिन्छ तर लेखकबाट लिखित अनुमति नपाएसम्म यसलाई बिक्री गर्न, परिवर्तन गर्न वा अरू भाषाहरूमा अनुवाद गर्न पाइनेछैन।

## सिफारिस

व्यापकरूपमा प्रयोग गरी धेरै मानिसहरूले आशिष् पाउन सकोस् भन्ने हेतुले यो सामग्री तयार पारिएको हो। यी चार निर्देशिका पुस्तकहरूको उद्देश्य इसाईहरूलाई तालिम दिएर सुसज्जित पार्नु भएकोले, समूहको अगुवाहरूले मात्र यस तालिम पाठ्यपुस्तकको सामाग्रीहरूको प्रतिलिपि बनाउन सिफारिस गरिएको छ। कुनै विद्यार्थीले निर्देशिकाको बाह्रै वटा पाठहरू पूरा गरिसकेपछि मात्र यस पाठ्यसामग्रीको प्रतिलिपि उसलाई दिनुपर्छ र त्यसपछि उसले अर्को नयाँ व्यक्ति वा कुनै सानो समूहमा यसलाई सिकाउनु पर्नेछ।

# विषय सूची

## समूहको अगुवाहरूका निम्ति निर्देशिका पुस्तक - १


| | |
|---|---|
| परिचय र प्रतिलिपि अधिकार | २ |
| येशू ख्रीष्टको सेवकाइ | ८ |
| सानो समूह कसरी सुरु गर्ने? | १५ |


## तालिम कार्यक्रम - १

यो तालिम हरेक हप्ता ३ महिनासम्म सञ्चालन गर्नुपर्छ। प्रत्येक हप्ता हुने उक्त तालिमको अवधि १.५ देखि २ घण्टासम्म हुनेछ। तालिमको लागि ३ देखि १० जनासम्मको सानो समूह बनाउनुहोस्। प्रत्येक कार्यक्रम प्रार्थनाबाट सुरु हुन्छ र अन्तमा गृहकार्य दिएपछि सहानुभूतिपूर्ण प्रार्थनाद्वारा यो तालिम सकिन्छ।


| | | |
|---|---|---|
| **पाठ - १** | आराधना (परमेश्वर अगाध / अथाह हुनुहुन्छ) | १८ |
| | शिक्षा (परमेश्वरसँग व्यक्तिगत समय । मनपर्ने सत्यता पत्ता लगाउने तरिका) | |
| | परमेश्वरसँग व्यक्तिगत समय बिताउने अभ्यास (भजनसङ्ग्रह २३) | |
| **पाठ - २** | परमेश्वरसँग व्यक्तिगत समय (मत्ती १:१-७:२९) | २६ |
| | पद कण्ठ (मुक्तिको निश्चयता: यूहन्ना १०:२८) | |
| | बाइबल अध्ययन (परमेश्वरको वचनप्रति म कसरी प्रतिक्रिया जनाउँछु? लूका ८:४-१५) | |
| **पाठ - ३** | आराधना (परमेश्वर महान् हुनुहुन्छ) | ३७ |
| | परमेश्वरसँग व्यक्तिगत समय (मत्ती ८:१-११:२४) | |
| | शिक्षा (सुसमाचार - सुसमाचारको अवधारणा - भाग १) | |
| **पाठ - ४** | परमेश्वरसँग व्यक्तिगत समय (मत्ती ११:२५ - १४:३६) | ४८ |
| | पद कण्ठ (प्रार्थनाको उत्तरको निश्चयता: यूहन्ना १६:२४) | |
| | बाइबल अध्ययन (म कहाँबाट आएको हुँ? उत्पत्ति १:१-२:४क) | |
| **पाठ - ५** | आराधना (परमेश्वर व्यक्ति हुनुहुन्छ) | ५९ |
| | परमेश्वरसँग व्यक्तिगत समय (मत्ती १५:१-१८:२०) | |
| | शिक्षा (बाइबल - बाइबललाई प्रयोग गर्ने सात वटा तरिकाहरू) | |
| **पाठ - ६** | परमेश्वरसँग व्यक्तिगत समय (मत्ती १८:२१-२१:४६) | ६९ |

| | | |
|---|---|---|
| | पद कण्ठ (विजयको निश्चयता - १ कोरिन्थी १०:१३) | |
| | बाइबल अध्ययन (म को हुँ? एफिसी २:१-२२) | |
| **पाठ - ७** | आराधना (परमेश्वर पवित्र हुनुहुन्छ) | ७९ |
| | परमेश्वरसँग व्यक्तिगत समय (मत्ती २२:१-२५:१३) | |
| | शिक्षा (प्रार्थना - प्रार्थना भनेको परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउनु हो) | |
| **पाठ -८** | परमेश्वरसँग व्यक्तिगत समय (मत्ती २५:१४-२८:२०) | ८५ |
| | पद कण्ठ (क्षमादानको निश्चयता - १ यूहन्ना १:९) | |
| | बाइबल अध्ययन (किन म यहाँ छु? एफिसी ४:१७-५:१७) | |
| **पाठ - ९** | आराधना (परमेश्वर प्रेम हुनुहुन्छ) | ९४ |
| | परमेश्वरसँग व्यक्तिगत समय (यूहन्ना १:१-४:२२) | |
| | शिक्षा (आज्ञाकारिता - वृद्धिको अध्ययन) | |
| **पाठ - १०** | परमेश्वरसँग व्यक्तिगत समय (यूहन्ना ४:२३-७:५२) | १०५ |
| | पद कण्ठ (परमेश्वरको अगुवाइको निश्चयता - हितोपदेश ३:५-६) | |
| | बाइबल अध्ययन (म कहाँ गइरहेको छु? प्रकाश २१:१-२२:६) | |
| **पाठ - ११** | आराधना (परमेश्वर मेरो सहयोगी हुनुहुन्छ) | १२४ |
| | परमेश्वरसँग व्यक्तिगत समय (यूहन्ना ७:५३-११:३७) | |
| | शिक्षा (सङ्गति - एक अर्काप्रति हाम्रो जिम्मेवारीहरू) | |
| **पाठ - १२** | परमेश्वरसँग व्यक्तिगत समय (यूहन्ना ११:३८-१४:३१) | १३१ |
| | पद कण्ठ (इसाई निश्चयताहरूबारे पदहरूको पुनरवलोकन) | |
| | बाइबल अध्ययन (कसरी मैले फल फलाउँछु? यूहन्ना १५:१-१७) | |
| परिशिष्ट १ | परमेश्वरसँग व्यक्तिगत समय बिताउने तरिका (मनपर्ने सत्य पत्ता लगाउने तरिका) | १४१ |
| परिशिष्ट २ | बाइबल वाचन (पढ्ने) कार्यक्रम | १४३ |
| परिशिष्ट ३ | बाइबलमा चिन्ह लगाउने तरिका | १५० |
| परिशिष्ट ४ | बाइबल अध्ययन गर्ने विधि (पाँच चरणहरूको तरिका) | १५१ |
| परिशिष्ट ५ | बाइबल मनन गर्ने र पद कण्ठ गर्ने विधि | १५३ |
| परिशिष्ट ६ | सानो समूहलाई व्यवस्थित गर्ने विधि | १५७ |
| परिशिष्ट ७ | घरेलु सङ्गतिको कार्यक्रम | १६० |

# तालिम कार्यक्रम - २

यस उद्देश्यपूर्ण कार्यक्रमलाई हप्ताको एकपटक दिनभरि अथवा लगातार छ दिनसम्म सञ्चालन गर्न सकिन्छ। सम्पूर्ण समूहलाई स-साना समूहहरूमा विभाजन गर्नुहोस् र ती प्रत्येक समूहमा एक जना तालिमप्राप्त अगुवा राख्नुहोस्। ती साना समूहहरूमा तीनदेखि दश जना व्यक्तिहरू राख्नुहोस।

**कार्यक्रमको ढाँचा**

| | |
|---|---|
| ०९:०० - ०९:३० | आराधना (समूहगत रूपमा) |
| ०९:३० - ११:०० | शिक्षा (समूहमा) |
| | विश्राम |
| ११:३० - १३:०० | बाइबल अध्ययन (समूहमा) |
| | विश्राम |
| १६:०० - १७:०० | शिक्षा वा बाइबल अध्ययन गर्ने र प्रश्नहरूको उत्तरहरू पूरा गर्ने अथवा छुट्टै समूहगत शिक्षाको लागि अतिरिक्त समय |
| | विश्राम |
| १७:३० - १७:४५ | मनन र पद कण्ठ (दुई-दुई जना बसेर) |
| १७:४५ - १८:३० | बाइबल वाचन (एक्लै बसेर) |
| १८:३० - १९:०० | परमेश्वरसँग व्यक्तिगत समय (दुई-दुई जना बसेर) |
| १९:०० - १९:४५ | आफूले बुझेको कुरा एक-अर्कामा बाँडेर प्रार्थना गर्ने (बढीमा १० व्यक्तिहरू भएको समूहमा) |

**पहिलो दिन (पाठ १ र २)**
प्रार्थना
आराधना (परमेश्वर अथाह/अगाध हुनुहुन्छ)
शिक्षा (परमेश्वरसँग व्यक्तिगत समय। मनपर्ने सत्य पत्ता लगाउने तरिका)
बाइबल अध्ययन (परमेश्वरको वचनप्रति म कसरी प्रतिक्रिया जनाउँछु? लूका ८:४-१५
पद कण्ठ (मुक्तिको निश्चयता - यूहन्ना १०:२८
बाइबल वाचन (मत्ती १ देखि ७ अध्याहहरू)
परमेश्वरसँग व्यक्तिगत समय (दुई-दुई जना बसेर - मत्ती ३:१०१२)
बुझेको कुरा बाँड्ने र प्रार्थना गर्ने

**दोस्रो दिन (पाठ ३ र ४)**
प्रार्थना
आराधना (परमेश्वर महान् हुनुहुन्छ)
शिक्षा (सुसमाचारको सन्देश। अवधारणाहरू)
बाइबल अध्ययन (म कहाँबाट आएको हुँ? उत्पत्ति १:१-२:४क)
पद कण्ठ (प्रार्थनाको उत्तरको निश्चयता - यूहन्ना १६:२४)
बाइबल वाचन (मत्ती ८ देखि १४ अध्यायहरू)
परमेश्वरसँग व्यक्तिगत समय (दुई-दुई जना बसेर - मत्ती १०:१६-३३)
बुझेको कुरा बाँड्ने र प्रार्थना गर्ने

**तेस्रो दिन (पाठ ५ र ६)**
प्रार्थना
आराधना (परमेश्वर व्यक्ति हुनुहुन्छ)
शिक्षा (बाइबल। बाइबल प्रयोग गर्ने सात वटा तरिकाहरू)
बाइबल अध्ययन (म को हुँ? एफिसी २:१-२२)
पद कण्ठ (विजयको निश्चयता - १ कोरिन्थी १०:१३)
बाइबल वाचन (मत्ती १५ देखि २१ अध्यायहरू)
परमेश्वरसँग व्यक्तिगत समय (दुई-दुई जना बसेर - मत्ती १५:१-२०)
बुझेको कुरा बाँड्ने र प्रार्थना गर्ने

**चौथो दिन (पाठ ७ र ८)**
प्रार्थना
आराधना (परमेश्वर पवित्र हुनुहुन्छ)
शिक्षा (प्रार्थना। प्रार्थना भनेको परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउनु हो)
बाइबल अध्ययन (किन म यहाँ छु? एफिसी ४:१७-५:१७)
पद कण्ठ (क्षमादानको निश्चयता - १ यूहन्ना १:९)
बाइबल वाचन (मत्ती २२ देखि २८ अध्यायहरू)
परमेश्वरसँग व्यक्तिगत समय (दुई-दुई जना बसेर - मत्ती २५:१४-३०)
बुझेको कुरा बाँड्ने र प्रार्थना गर्ने

**पाँचौ दिन (पाठ ९ र १०)**
प्रार्थना
आराधना (परमेश्वर प्रेम हुनुहुन्छ)
शिक्षा (आज्ञाकारिता। वृद्धिको अध्ययन)
बाइबल अध्ययन (म कहाँ गइरहेछु? प्रकाश २१:१-२२:६)
पद कण्ठ (परमेश्वरको अगुवाइको निश्चयता - हितोपदेश ३:५-६)
बाइबल वाचन (यूहन्ना १ देखि ७ अध्यायहरू)
परमेश्वरसँग व्यक्तिगत समय (दुई-दुई जना बसेर। यूहन्ना ५:१६-३०)
बुझेको कुरा बाँड्ने र प्रार्थना गर्ने

**छैठौँ दिन (पाठ ११ र १२)**
प्रार्थना
आराधना (परमेश्वर मेरो सहयोगी हुनुहुन्छ)
शिक्षा (सङ्गति। एक-अर्काप्रति हाम्रो जिम्मेवारीहरू)
बाइबल अध्ययन (कसरी म फल फलाउँछु? यूहन्ना १५:१-१७)
पद कण्ठ (इसाई निश्चयताहरूबारे पदहरूको पुनरवलोकन)
बाइबल वाचन (यूहन्ना ८ देखि १४ अध्यायहरू)
परमेश्वरसँग व्यक्तिगत समय (दुई-दुई जना बसेर - यूहन्ना १४:१-३१)
बुझेको कुरा बाँड्ने र प्रार्थना गर्ने

**सम्भावित अतिरिक्त शिक्षाहरू :**

| | |
|---|---|
| परिचय | येशू ख्रीष्टको सेवकाइ |
| परिचय | सानो समूह कसरी सुरु गर्ने? |
| परिशिष्ट २ | बाइबल वाचन कार्यक्रम |
| परिशिष्ट ३ | बाइबल चिन्ह लगाउने विधि |
| परिशिष्ट ५ | बाइबल मनन गर्ने र पद कण्ठ गर्ने विधि |
| परिशिष्ट ६ | सानो समूह कसरी व्यवस्थित गर्ने? |
| परिशिष्ट ७ | घरेलु सङ्गतिको कार्यक्रम |

# येशू ख्रीष्टको सेवकाइ

येशूको सेवकाइको विशेषताहरू के-के थिए? हाम्रो सेवकाइको विशेषताहरू के-के हुनुपर्छ?

## क. नयाँ करारमा येशू र उहाँका चेलाहरूको सेवकाइ

### १. येशू र उहाँका चेलाहरूको सेवकाइ राज्यको सेवाकाइ हो

यो मण्डली सम्प्रदायहरू स्थापना गर्ने सेवकाइ होइन।

#### क. परमेश्वरको राज्य

परमेश्वरको राज्य यो संसारको दृश्य मण्डली, ख्रीष्टको शरीर वा इसाईहरूले प्रदर्शन गर्ने विश्वव्यापी समुदायभन्दा अझ ठूलो कुरा हो।

भजनसङ्ग्रह २४:१ हेर्नुहोस्। सामान्यरूपमा परमेश्वरको राज्य भनेको सबै मानिसहरूमाथि र सबै थोकमाथि स्वर्गमा हुनुहुने परमेश्वरले अनन्तदेखि अनन्तसम्म गर्नुहुने राजत्व अथवा सर्वोच्च शासन अथवा आधिपत्य हो (भजनसङ्ग्रह १४५:१३; १४६:१०; यर्मिया १०:१०; १ तिमोथी ६:१६)।

मत्ती २८:१८ हेर्नुहोस्। विशेषरूपमा परमेश्वरको राज्य भनेको येशू ख्रीष्टद्वारा परमेश्वरले यस पृथ्वीमा गर्नुहुने सर्वोच्च शासन अथवा आधिपत्य हो (यूहन्ना १३:३; एफिसी १:२०-२२; फिलिप्पी २:९-११; कलस्सी १:१५-२०; प्रकाश १:५; १७:१४; १९:१६)।

प्रकाश १:५-६ हेर्नुहोस्। परमेश्वरको राज्य येशू ख्रीष्टले आफ्नो पहिलो आगमनमा पूरा गर्नुभएको मुक्तिको काममा आधारित छ (मत्ती २१:३९, ४२-४३; २८:१८; प्ररित २:३६) र साथै अहिले त्यो पवित्र आत्माद्वारा विश्वासीहरूको जीवनमा लागू हुने कुरामा पनि आधारित छ (रोमी १४:१७)।

लूका १७:२०-२१ हेर्नुहोस्। परमेश्वरको राज्य येशू ख्रीष्टको यस्तो सर्वोच्च शासन अथवा आधिपत्य हो, जुन विश्वासीहरूको हृदयमा वास गरेको हुन्छ र त्यसले तिनीहरूको जीवनमा काम गरेको हुन्छ (मत्ती ६:१०, ३३; २५:३४-४०)।

#### ख. परमेश्वरको राज्यको परिणाम देखिने चार वटा क्षेत्रहरू

मर्कूस १०:२५-२६ पढ्नुहोस्।
परमेश्वरको राजत्व (The kingship of God) विश्वासीको मुक्तिमा सुरुदेखि अन्तसम्म यसरी प्रकट हुन्छ: अनन्तमा उसको छनौट (एफिसी १:४-५), नयाँ जन्म हुने समय (यूहन्ना ३:३-८), उसको जीवनको रूपान्तरण (१ कोरिन्थी ६:९-११) र ख्रीष्टको दोस्रो आगमनमा उसको शरीरको पुनरुत्थान (१ कोरिन्थी १५:२४-२६)। परमेश्वरले दिनुहुने मुक्तिमा मानिसको प्राण र शरीरको लागि चाहिने सबै आत्मिक र भौतिक आशिषहरू समावेश भएको हुन्छ, जुन कुरा परमेश्वरको सर्वोच्च राजत्वलाई जानेर त्यसप्रति आज्ञाकारी भएपछि प्राप्त हुन्छ (एफिसी १:३)।

मत्ती १६:१८-१९ पढ्नुहोस्।
परमेश्वरको राजत्व पृथ्वीमा रहेको परमेश्वरको एउटै मण्डली, जुन सबै विश्वासीहरूको सिङ्गो बनावट हो, त्यसमा प्रकट हुन्छ (एफिसी १:२०-२३; १ पत्रुस २:४-५, ९-१०)। मण्डली भनेको मानिसहरूको समुदाय हो र परमेश्वरको सर्वोच्च राजत्व तिनीहरूको हृदय र जीवनमा रही त्यसप्रति आज्ञाकारी भएको हुन्छ।

मत्ती २५:३४-४० पढ्नुहोस्।
परमेश्वरको राजत्व मानव समाजको हरेक पक्षमा विश्वासीहरूले गर्ने असल कामहरूमा प्रकट भएको हुन्छ (तिनीहरूको प्रभाव बौद्धिक, शारीरिक, भावनात्मक, सामाजिक कुराहरूका साथै शिक्षा, न्याय, दया र प्रेमजस्ता आत्मिक क्षेत्रहरूमा परेको हुन्छ) (रोमी १४:१७)।

१ कोरिन्थी १:२४-२६ पढ्नुहोस्।
र अन्तमा, परमेश्वरको राजत्व परमेश्वरले गर्नुहुने सारा संसारको (ब्रह्माण्डको) छुटकारामा प्रकट भएको हुन्छ, जुन भविष्यमा सबै महिमासहित नयाँ स्वर्ग र नयाँ पृथ्वीमा परिवर्तन हुनेछ। त्यो कुरा उहाँले बोलाउनुभएको मानिसहरूमा परमेश्वरको मुक्तिको काम अन्तिम अनुभूति हुनेछ (मत्ती २५:३४; २ पत्रुस १:११; प्रकाश ११:१५)।

### ग. परमेश्वरको राज्यको पाँच विशेषताहरू

मत्ती १२:२८ पढ्नुहोस्।
परमेश्वरको राज्य विशेषगरी येशू ख्रीष्टको पहिलो आगमनमा स्थापित भएको थियो (मत्ती २१:४३)।

यूहन्ना १८:३६ पढ्नुहोस्।
परमेश्वरको राज्य वर्तमान संसारमा छ तर यो वर्तमान संसारको होइन (लूका १७:२१)।

मत्ती १३:११-१७ पढ्नुहोस्।
परमेश्वरको राज्य विश्वासीहरूका लागि प्रकाश हो तर अविश्वासीहरूको लागि भने रहस्य हो।

मत्ती १३:२४-२६, ३६-४३ पढ्नुहोस्।
परमेश्वरको राज्यको यस संसारमा वर्तमान स्वरूपमा छ र नयाँ पृथ्वीमा त्यो भिवष्यको स्वरूपमा हुनेछ।

मत्ती १३:३१-३३ पढ्नुहोस्।
परमेश्वरको राज्य सानो अवस्थाबाट सुरु हुन्छ, त्यो बढ्दैजान्छ र अन्तमा सबैतिर फैलिनेछ (दानिएल २:३४-३५, ४-४५)।

## २. येशू र उहाँका चेलाहरूको सेवकाइ घरहरूमा गर्ने सेवकाइ हो

विशेष किसिमको मण्डली भवनहरूमा सेवकाइ गर्नु आवश्यक छैन।

मर्कूस २:१-५ पढ्नुहोस्।
येशूले मानिसहरूको सामान्य घरहरूमा प्रचार गर्नुभयो, सिकाउनुभयो र चङ्गाइको काम गर्नुभयो (मर्कूस ३:२०, ३२-३५)। प्रेरितहरू घर-घरमा जान्थे अनि सिकाउने र प्रचार गर्ने काम तिनीहरूले कहिल्यै बन्द गरेनन् (प्रेरित ५:४२; २०:२०-२१)। तिनीहरूले आफ्ना घरवरिपरिका नातेदारहरू र मित्रहरूलाई शुभ खबर प्रचार गरे (प्रेरित १०:२४-२७; २८:३०-३१)।

मर्कूस २:१५-१६ पढ्नुहोस्।
येशूले साधारण मानिसहरूसँग सङ्गति गर्नुभयो र घरहरूमा बसेर तिनीहरूसँग खाना खानुभयो। इसाईहरूले घरमा सँगै बसेर रोटी भाँच्थे (प्रेरित २:४२; २०:७-९)।

प्रेरित १२:१२ पढ्नुहोस्।
इसाईहरू घरमा बसेर एकसाथ प्रार्थना गर्ने गर्थे।

प्रेरित १६:३१-३३ पढ्नुहोस्।
मानिसहरू घरहरूमा नै परिवर्तन भई बप्तिस्मा लिए (प्रेरित ९:१७-१८; १८:७-११; २२:१६)।

१ कोरिन्थी १६:१९ पढ्नुहोस्।
इसाई मण्डलीहरू घरहरूमा एकसाथ भेला हुन्थे (रोमी १६:५; कलस्सी ४:१५; फिलेमोन १:२)।

## ३. येशू र उहाँका चेलाहरूको सेवकाइ मानिसहरूलाई सुसज्जित पार्ने (तालिम दिने) सेवकाइ हो

सेवकाइ हप्तामा एकपटक हुने धार्मिक कार्यक्रमजस्तो हुनु आवश्यक छैन।

सुसज्जित पार्ने र तालिम दिने काम मानवीय सम्बन्धहरू र चेलापनमा आधारित भएको थियो। सुसज्जित पार्नेबारे केही मुख्य शब्दहरू यी हुन्:

- सत्य सिकाउनु
- कुसलतासाथ तालिम दिनु

- हरेक कुरामा उदाहरण भएर सञ्चार गर्नु, र
- तालिम लिएकाहरूलाई बाहिर पठाउनु

### क. येशूले चेलाहरू (परिपक्व इसाईहरू) निर्माण गर्नुभयो

यूहन्ना १:३९ पढ्नुहोस्।
येशूले आफ्ना अनुयायीहरूलाई सिकाउनुभयो र तिनीहरूको लागि उदाहरण भई सञ्चार गर्नुभयो। "आएर हेर।" उहाँले मानिसहरूलाई आफ्नो जीवनमा सङ्लग्न गराउनुभयो अनि उहाँ तिनीहरूको जीवनमा सङ्लग्न हुनुभयो।

मर्कूस ३:१४ पढ्नुहोस्।
अनि उहाँले 'आफूसँग रहन' र 'पछ्याउन' तिनीहरूलाई बोलाउनुभयो ताकि तिनीहरूले मानिसहरूको मछुवा कसरीहुने भन्ने कुरा सिक्न सकून् (मत्ती ४:१९)। तिनीहरूले उहाँको शिक्षा व्यवहारिकरूपमा अभ्यास गर्न सक्ने गरी तालिम दिनुभयो (मत्ती ७:२४-२७)।

मत्ती ४:२३ पढ्नुहोस्।
येशू र उहाँका अनुयायीहरू विभिन्न इलाकाहरूमा जानुभई मानिसहरूलाई शिक्षा दिने, प्राचार गर्ने र रोगी बिरामीहरूलाई निको पार्ने काम गर्नुभयो। उहाँहरूको सेवकाइ सम्पूर्णताको सेवकाइ (Holistic Ministry) थियो। उहाँहरूले सिकाउने र प्रचार गर्ने काम मात्र गर्नुभएन तर खाँचोमा परेका मानिसहरूप्रति दया देखाएर तिनीहरूलाई सेवा र सहायता गर्नुभयो।

### ख. येशूले कामदारहरूलाई तालिम दिनुभयो (सुसज्जित पार्नुभयो)

मत्ती ९:१०-१३ पढ्नुहोस्।
तिनीहरूले दया र धार्मिकता आवश्यक परेका मानिसहरूकहाँ जान सिके (मत्ती:११:१९; लूका १९:१०)।

मत्ती ९:१७ पढ्नुहोस्।
तिनीहरूले नयाँ जीवनको सन्देश नयाँ ढाँचा र बनावटहरूमा खन्याउनुपरेको थियो (मत्ती १५:१-९ सँग तुलना गर्नुहोस्)।

मत्ती १०:५-८ पढ्नुहोस्।
तिनीहरूले प्रचार गर्न, चङ्गाइ गर्न र आफूले प्राप्त गरेका कुराहरू सित्तैमा दिन अभ्यास गरे (१ कोरिन्थी ९:१८-२७)।

### ग. येशूले अगुवाहरूलाई पठाउनुभयो

यूहन्ना २०:२१ पढ्नुहोस्।
अन्तमा, आफूले जे गर्नुभयो, त्यही काम गर्नको निम्ति येशूले चेलाहरूलाई पठाउनुभयो।

मत्ती २८:१८-२० पढ्नुहोस्।
तिनीहरू संसारको सबै देशमा गई मानिसहरूलाई सुसमाचार प्रचार गर्नु, विश्वासीहरूलाई बप्तिस्मा दिनु र उहाँले तिनीहरूलाई आज्ञा गर्नुभएका सबै कुरा आज्ञापालन गर्न सिकाएर येशू ख्रीष्टको चेलाहरू बनाउन जानुपर्दथ्यो।

## ४. येशू र उहाँका चेलाहरूको सेवकाइ गुणानात्मकरूपमा वृद्धि हुने सेवकाइ हो

यो सेवकाइ परम्परागतरूपमा पहिलेको अवस्थालाई कायम राख्ने सेवकाइ होइन।

### क. तीन मुख्य समूहहरू यी हुन्:

**ठूलो समूह :** समाजमा भएका भीडहरू

**चेलाहरूको सानो समूह :** घरेलु सङ्गति अथवा घर-घरमा नियमितरूपमा भेटघाट गर्ने सानो समूहको मण्डली

**एकल व्यक्ति :** एउटा व्यक्तिले अर्को एउटा व्यक्तिलाई विशेष उद्देश्यहरूको लागि भेट गर्नु (परामर्श / शिक्षा / तालिम)।

### ख. तीन वटा फरक कुराहरूमा जोर दिनु

ठूलो समूहमा हामी विशेषगरी शिक्षामा (र प्रचारमा) जोर दिन्छौँ; जस्तै: ज्ञान, बुझाइ र असल काम गर्ने प्रेरणा (प्रेरित १०:३८; २०:१८-२०)।

सानो समूहमा हामी तालिममा जोर दिन्छौँ; जस्तै: अध्ययन, अन्तरक्रिया, सम्भावित प्रयोग (लागू), एकले अर्कालाई प्रेम गर्ने आग्रह र असल कामहरू (हिब्रू १०:२४-२५)।

एकल व्यक्तिलाई हामी उदाहरण बनेर सिकाउने कुरामा जोर दिन्छौँ; जस्तै: व्यक्तिगतरूपमा जीवनमा लागू गराउनु, बानी-व्यहोरा र आचरणमा परिवर्तन गराउनु (कलस्सी १:२८-२९; २ तिमोथी ३:१०-११, १६), साँच्चै असल काम गर्न लगाउनु (प्रेरित २०:३४-३५), विशेष कामहरूमा सुसज्जित पार्नु र परमेश्वरको राज्यमा सँगै सेवकाइ गर्न लगाउनु (एफिसी ४:१२; ३ तिमोथी ३:१७)।

### ग. ठूलो समूह, सानो समूह र एकल व्यक्ति (तिमोथी) को महत्वबारे बाइबलीय उदाहरणहरू

**येशू**
- ➚ (ठूलो समूह) मानिसहरूको भीडहरू (मत्ती ९:३६)
- ➔ (सानो समूह) १२ जना चेलाहरू (मत्ती १०:१-२)
- ➘ (एकल व्यक्ति) पत्रुस (यूहन्ना १:४२; मत्ती १६:१८)

↓

**पत्रुस**
- ➚ भीडहरू (५००० मानिसहरू, प्रेरित ४:४)
- ➔ प्रेरितहरूको झुण्ड (प्रेरित २:१४)
- ➘ बारनाबास (प्रेरित ४:३६-३७)

↓

**बारनाबास**
- ➚ मानिसहरूको ठूलो समूह (प्रेरित ११:२४)
- ➔
- ➘ पावल (प्रेरित ११:२५-२६)

↓

**पावल**
- ➚ सबै मण्डलीहरू (२ कोरिन्थी ११:२८)
- ➔ उसको सहकर्मीहरूको झुण्ड (प्रेरित १६:६, सिलास, तिमोथी, तीतस, लूका)
- ➘ तिमोथी (फिलिप्पी २:१९-२३; २ तिमोथी ३:१०-११)

↓

**तिमोथी**
- ➚ एफिसीको मण्डली (१ तिमोथी १:३; २ तिमोथी ४:१-५)
- ➔ एल्डरहरू, डिकनहरू, विधवाहरू, बुढा-पाकाहरू, जवानहरू, दासहरू, मालिकहरू र धनीहरू आदि
- ➘ उसले सिकेका कुराहरू विश्वासयोग्य र सिकाउन सक्ने व्यक्तिहरूलाई सुम्पिनु (२ तिमोथी २:२)

↓

**विश्वासयोग्य सिकाउन सक्ने व्यक्ति**
- ➚ अरूहरू (२ तिमोथी २:२); जस्तै: अरू मण्डलीहरू अगुवाइ गर्ने
- ➔ विश्वासयोग्य र सिकाउन सक्ने मानिसहरूको अर्को सानो समूहमा तालिम दिनु
- ➘ अर्को विश्वासयोग्य र सिकाउन सक्ने मानिससामु उदाहरण भई शिक्षा र तालिम दिनु

↓

**तपाईं र म** — यस किसिमले अहिले बाँचिरहेका हामीहरूले तिमोथीले झैं सानो समूहमा तालिम पाएका छौँ। तपाईंको पालो आएपछि सानो समूह र आफ्नो तिमोथी छान्नुहोस् र तिनीहरूलाई सुसज्जित पार्ने काममा ध्यान दिनुहोस्।

---

## ख. येशू र उहाँका चेलाहरूको सेवकाइ अहिले निरन्तर चलिरहेछ

### १. सानो समूह : घरेलु सङ्गति

घरेलु सङ्गति भनेको साप्ताहिकरूपमा भेटघाट गर्ने विश्वासीहरूको सानो समूह हो। त्यस्तो सभाहरू मानिसहरू बस्ने ठाउँमा पैदल हिँडेर वा सार्वजनिक यातायात प्रयोग गरेर जान सकिने स्थानमा हुनुपर्छ।

### क. येशूले आफ्नो सेवकाइ निरन्तर गर्नुहुन्छ

अहिले, येशूले साधारण विश्‍वासीहरूद्वारा भएर आफ्नो सेवकाइ निरन्तर गर्नुहुन्छ।

- समाजमा भएका मानिसहरूको ठूलो समुदायमा सेवा गरेर,
- सानो समूहहरूमा (घरेलु सङ्गतिहरूमा) विश्‍वासीहरूलाई तालिम दिएर, र
- आफूले तयार पार्दैगरेको तिमोथीको निम्ति परामर्शदाता वा प्रशिक्षक बनेर

विश्‍वासीहरूले आफ्नो समुदायमा केही असल काम गर्न कोसिस गर्छन्। विश्‍वासीहरू सानो समूहहरूमा हरेक हप्ता कुनै विश्‍वासीको घरमा यी कारणहरूले गर्दा भेला हुने गर्छन्; जस्तै: येशू ख्रीष्टद्वारा परमेश्‍वरको आराधना गर्न, येशू ख्रीष्टको ज्ञानमा बढ्न र उहाँप्रति आज्ञाकारी हुन र नयाँ चेलाहरू बनाउन। परिपक्क विश्‍वासीहरू आफ्नो तिमोथीलाई सुसज्जित पार्न अथवा नयाँ समूहको अगुवाहरू तयार पार्न तिनीहरूलाई व्यक्तिगतरूपमा भेट्ने गर्छन्।

### ख. सानो समूहमा सिकाइने चेलापनसम्बन्धी सात वटा शिक्षाहरू

यो पाठ्यक्रमद्वारा नयाँ विश्‍वासीहरूलाई नियमितरूपमा चेलापनसम्बन्धी सात वटा शिक्षाहरू सिकाइने गरिन्छ; जस्तै: आराधना, परमेश्‍वरसँग बिताएको व्यक्तिगत समय (र जीवन) बारे एउटा कुरा समूहमा बाँड्नु, चेलापनको कुनै शीर्षकबारे सिकाउनु, बाइबल खण्ड मनन र कण्ठ गर्नु, बाइबल अध्ययन, प्रार्थना र गृहकार्यको तयारी गर्नु आदि।

### ग. सानो समूहमा चेलापनको पाठ्यक्रम र घरेलु मण्डलीको सेवा

यस किसिमको सानो समूहमा कुनै घरमा दुइदेखि १५ जना विश्‍वासीहरू हरेक हप्ता भेट्ने गर्छन्।

**केवल चेलापनको लागि मात्र:**

चेलापन (क) : महिनाको पहिलो र तेस्रो हप्ता अनि चेलापन (ख) : दोस्रो र चौथो हप्ता।

एक हप्ताभरि विशेषगरी तिनीहरू आराधना र शिक्षालाई अभ्यास गर्छन् भने अर्को हप्ताभरिचाहिँ विशेषगरी तिनीहरूले पद कण्ठ गर्ने र बाइबल अध्ययनलाई अभ्यास गर्ने गर्छन्।

**अथवा चेलापन र सेवा**

लगातार तीन हप्ताहरूमा चेलापन (क र ख) अनि सेवा (ग)

महिनाको पहिलो हप्तामा विशेषगरी आराधना र शिक्षा, दोस्रो हप्तामा विशेषगरी पद कण्ठ र बाइबल अध्ययन र तेस्रो हप्तामा विशेषगरी भजन-गीत गाउने, प्रचार गर्ने, प्रार्थना र प्रभु-भोज अथवा बप्तिस्माको कार्यक्रम गर्ने गरिन्छ।

| चेलापन (क) | चेलापन (ख) | चेलापन (ग) |
|---|---|---|
| - आराधना (एउटा भजन) (२० मिनेट) | - पद कण्ठ (२० मिनेट) | - भजन गाउने (४५ मिनेट) |
| - शान्त समयबारे बाँड्नु (२० मिनेट) | - शान्त समयबारे बाँड्नु (२० मिनेट) | - प्रचार (१५ मिनेट) |
| - शिक्षा (७० मिनेट) | - बाइबल अध्ययन (७० मिनेट) | - प्रार्थना (३० मिनेट) |
| - सहानुभूतिपूर्ण प्रार्थना (८ मिनेट) | - अन्तरबिन्ती प्रार्थना (८ मिनेट) | - प्रभु-भोज, बप्तिस्मा वा खाजा (आवश्यक छ भने) (३० मिनेट) |
| - गृहकार्यको तयारी (२ मिनेट) | - गृहकार्यको तयारी (२ मिनेट) | |

## २. व्यक्तिगतरूपमा : तपाईंको तिमोथीलाई तालिम दिनुहोस्

२ तिमोथी २:२ मा आधारित हुँदै हरेक घरेलु सङ्गति अथवा सानो समूहबाट कमसे कम एक व्यक्ति (महिला वा पुरुष) छान्नुहोस्। त्यस्तो व्यक्ति निश्‍चयतायोग्य वा विश्‍वासयोग्य अनि सक्षम वा अरूहरूलाई सिकाउन सक्ने हुनुपर्छ। उक्त व्यक्तिलाई सुसज्जित पार्न (तालिम दिन) हप्तामा एकपटक नियमितरूपमा भेटेर उत्साह दिने गर्नुहोस्। उसको निम्ति

व्यक्तिगतरूपमा उदाहरण बन्नुहोस्। विशेषगरी उदाहरण हुन यी कुरामा जोर दिनुहोस्; जस्तै: सिकेका कुराहरूको व्यक्तिगत प्रयोग र आचरण अनि बानी-व्यहोराको परिवर्तन। उक्त व्यक्तिलाई समूहको अगुवा हुनको निम्ति सुसज्जित पार्नुहोस्। उक्त व्यक्तिले सानो समूहको अगुवाइ गर्दा र उसको तिमोथीलाई तालिम दिँदा तपाईंले उसलाई परमर्श र सहायता दिने गर्नुहोस्।

## ३. प्रणाली (पद्धति) : समूहको अगुवाहरूका निम्ति निर्देशिका पुस्तिकाहरू

### क. DOTA द्वारा निर्माण गरिएको 'जाओ र चेलाहरू बनाओ' भन्ने निर्देशिका पुस्तिकाहरू १ - ४ प्रयोग गर्नुहोस्

यसको उद्देश्य चेलाहरू र समूहका अगुवाहरूलाई तालिम दिनु हो।

निर्देशिका पुस्तिका १ र २ ले आधारभूत चेलापन विकास गर्छ।

निर्देशिका पुस्तिका ३ र ४ ले उच्च स्तरको चेलापन विकास गर्छ।

ती पुस्तिकाहरूले बाइबल अध्ययनको पाँच चरणहरू भएको तरिका र साथै इसाई जीवनको मुख्य क्षेत्रहरूबारे सिकाउँछ।

प्रत्येक निर्देशिका पुस्तकमा बाह्र पाठहरू राखिएका छन् र प्रत्येक पाठ सिकाउन करिब दुई घण्टा लाग्छ।

### ख. त्यसपछि DOTA द्वारा तयार पारिएको "जाओ र ख्रीष्टको मण्डली निर्माण गर" भन्ने निर्देशिका पुस्तिका ५ -८ प्रयोग गर्नुहोस्।

यसको उद्देश्य इसाई मण्डलीहरू निर्माण गर्नु हो।

निर्देशिका पुस्तिका ५ र ६ ले मण्डलीमा गर्नुपर्ने सेवाहरूलाई विकास गर्छ।

निर्देशिका पुस्तिका ७ र ८ ले मण्डलीले गर्नुपर्ने सेवकाइहरूलाई विकास गर्छ।

ती पुस्तिकाहरूले यूहन्नाको सुसमचारबाट सिकाउँछ।

प्रत्येक निर्देशिका पुस्तिकामा बाह्र पाठहरू राखिएका छन् र प्रत्येक पाठ सिकाउन करिब दुई घण्टा लाग्छ।

### ग. अन्तमा, DOTA द्वारा तयार पारिएको "जाओ र परमेश्वरको राज्य प्रचार गर" भन्ने निर्देशिका पुस्तिका ९ - १२ प्रयोग गर्नुहोस्।

यसको उद्देश्य मण्डलीमा अगुवाहरू विकास गर्नु र इसाई सेवकाइहरू विकास गर्नु हो।

यी पुस्तिकाहरूले विशेषगरी मण्डलीका अगुवाहरू र समूहका अगुवाहरूलाई येशूले दिनुभएका दृष्टान्तहरू र रोमीको पत्रको बारेमा प्रचार गर्न वा त्यसबारे शिक्षा दिने कुराहरू सिकाउँछन्। योसम्बन्धी रेडियो कार्यक्रमहरूले पनि बाइबलको हरेक पुस्तकको परिचयबारे सिकाउँछ।

प्रत्येक निर्देशिका पुस्तिकामा बाह्र पाठहरू राखिएका छन् र प्रत्येक पाठ सिकाउन करिब दुई घण्टा लाग्छ।

### घ. DOTA द्वारा निर्माण गरिएका रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम, सि.डी., इन्टरनेट प्रयोग गर्नुहोस्।

यी सामग्रीहरू प्रयोग गर्दैगर्दा बाइबलीय सत्यताहरूलाई पक्रनुहोस्, इसाई शिक्षाहरू (अनुशासनहरू) अभ्यास गर्नुहोस् र इसाई सेवकाइ गर्नको निम्ति व्यवहारिक सीपहरू हासिल गर्नुहोस्।

## ४. दर्शन : गुणनात्मकरूपमा वृद्धि हुँदैजाने सेवकाइको नक्सा (रूपरेखा) बनाउनु

### क. वृद्धि हुँदैजाने सेवकाइको साँचो भनेका समूहका अगुवाहरू हुन्, जसले घरेलु सङ्गति अथवा प्रत्येक सानो समूहमा तालिम दिने काम गर्छन्।

यदि हरेक तालिमप्राप्त घरेलु सङ्गतिले हरेक वर्ष एउटा नयाँ घरेलु सङ्गति सुरु गर्छ भने दश वर्षमा २५६ वटा घरेलु सङ्गतिहरू सुरु भएका हुनेछन्।

**ख. वृद्धि हुँदैजाने समूहका अगुवाहरूको साँचो भनेको हरेक सहरमा भएका समूहका अगुवाहरूलाई सिकाउन प्रशिक्षक हो।**

तपाईंको देशमा धेरै समूहका अगुवाहरूलाई तालिम दिनको निम्ति एक पुरुष र एक महिलालाई उक्त काममा नियुक्त गर्न सुरु गर्नुहोस्।

केही समयपछि हरेक मण्डलीले प्रत्येक सहरमा एक पुरुष र एक महिला नियुक्त गर्नेछन् र उहाँहरूले अझ धेरै समूहका अगुवाहरूलाई तालिम दिनुहुनेछ।

**ग. परमेश्वरको आज्ञा र प्रतिज्ञा**

उत्पत्ति १:२८ मा भएको परमेश्वरको साँस्कृतिक आज्ञाले यसो भन्छ- परमेश्वरका स्वरूपका मानिसहरूद्वारा 'पृथ्वीमा भरिँदैजाओ'।

अनि मत्ती २८:१९ येशूको महान् आदेशले यसो भन्छ: "जाओ र सबै देशका मानिसहरूलाई चेला बनाओ।"

परमेश्वरको योजना कहिले पनि असफल हुँदैन । परमेश्वर भन्नुहुन्छ : "जो योजना मैले बनाएको छु, त्यो निश्चय नै पूरा हुनेछ" (यशैया १४:२४, २७; भजनसङ्ग्रह १३८:८)।

अन्तमा, त्यहाँ कसैले गन्न नसक्ने धेरै ठूलो भीड हुनेछन्; हरेक राष्ट्र, जाति, कुल र भाषाका मानिसहरू येशू ख्रीष्टको सामुन्ने खडा हुनेछन् (प्रकाश ७:९)।

# सानो समूह कसरी सुरु गर्ने?

## क. लक्ष्य निर्धारण गर्नुहोस्

### १. समूहका अगुवाहरूले चेलाहरू बनाउने चार वटा निर्देशिका पुस्तिकाहरूको लक्ष्यहरू यसप्रकारका छन्:

क. तपाईंलाई साँचो इसाईको रूपमा वृद्धि हुन सहायता गर्नु

ख. हुर्कंदै गरेका अरू इसाईहरूलाई परिपक्वतातिर बढ्दैजान सहायता गर्नु

ग. इसाई समूहका अगुवाहरू, कामदारहरू र मण्डलीका अगुवाहरूलाई विशेषगरी चेलाहरू बनाउने सेवकाइको लागि सुसज्जित पार्नु र तालिम दिनु

**सावधान : -** यी अगुवपनको निर्देशिका पुस्तिकाहरूमा भएका विषयवस्तुहरूले कुनै व्यक्तिलाई ख्रीष्टको चेला बनाउँदैन!

कुनै व्यक्तिले सत्यलाई विश्वास गरेर उक्त सत्यलाई उसले आफ्नो दैनिक जीवनमा लागू गर्न थालेपछि मात्र ऊ आत्मिकरूपमा वृद्धि हुँदैजान्छ!

"परमेश्वरले ज्ञान बढाउनको लागि मात्र हामीलाई बाइबल दिनुभएको होइन, तर हाम्रो जीवन परिवर्तन गर्नको निम्ति दिनुभएको हो!"

### २. यसल चेलापन पाठ्यक्रमको विशेषताहरू यस प्रकारका छन् :

#### क. यो सहभागिमूलक कार्यक्रम हो

यस पाठ्यक्रममा समूहका सबै जना सहभागी हुन्छन्!

#### ख. यो पाठ्यक्रम त्यति महँगो छैन

विद्यार्थीहरूलाई बाइबल, कापी र कलम मात्र आवश्यक पर्छ। समूहको अगुवाले मात्र निर्देशिका पुस्तिका प्रयोग गर्छ।

#### ग. यो अनुकूलनीय छ

समूहको अगुवाले उसको उद्देश्य र विद्यार्थीहरूको खाँचोअनुसार यो पाठ्यक्रमलाई अनुकूल बनाउन (परिवर्तन गर्न) सक्नेछ (तर यस पाठ्यक्रमको सामग्रीलाई परिवर्तन गर्ने होइन)।

#### घ. यो रचानात्मक (सृजनात्मक) छ

विद्यार्थीहरूलाई सोच-विचार गर्न, आफ्नो सुनिश्चित धारणा विकास गर्न, नयाँ कुरा पत्ता लगाउन र आफ्ना सीप अनि कलाहरू प्रयोग गर्न यो पाठ्यक्रमले उत्साग प्रदान गर्छ।

#### ङ. यो व्यवहारिक (प्रयोगात्मक) छ

यी निर्देशिका पुस्तिकाहरूले व्यवहारिक तरिकाहरू सिकाउँछ र त्यसैगरी विद्यार्थीहरूलाई आफूले सिकेका कुराहरू जीवनमा लागू गर्न सिकाउँछ।

#### च. यो हस्तान्तरणयोग्य छ

एउटा निर्देशिका पुस्तिकाको अध्ययन पूरा गरिसकेका विद्यार्थीहरूले त्यो पाठ्यक्रम अरूहरूलाई तालिम दिनको निम्ति प्रयोग गर्न सक्नेछन्।

## ख. योजना बनाउनुहोस्

**१. परमेश्वर**

तपाईंलाई परमेश्वरले के गर्नुपर्छ भनी बताउनुहुन्छ? तपाईंलाई डोऱ्याउनको निम्ति बाइबल र प्रार्थनामा पवित्र आत्मालाई अनुमति दिनुहोस्।

**२. खाँचोहरू**

तपाईंले तालिम दिन चाहनुभएका मानिसहरूका खाँचोहरू के-के हुन्? तिनीहरूका जीवनलाई अवलोकन (निरक्षण) गर्नुहोस् र तिनीहरूले के भन्छन्, त्यो सुन्नुहोस्।

**३. अवसरहरू**

तालिमको निम्ति अवसरहरू, क्षमताहरू, स्रोत-साधनहरू र कठिनाइहरू के-के हुन्?

**४. सामाञ्जस्यताहरू (व्यवस्थापनहरू वा तालमेलहरू)**

तपाईंको योजनामा तपाईंले कुन कुरामा तालमेलहरू मिलाउनु पर्छ? तपाईंले तालिम दिन चाहेका मानिसहरूको सङ्ख्या कति छ? प्रत्येक विद्यार्थीको परिपक्वता र क्षमता के-कति छ? तालिम लिनको निम्ति ती विद्यार्थीहरूसँग कति समय उपलब्ध छ?

**५. स्थान**

तालिम दिनको लागि सबैजना भेला हुनसक्ने उपयुक्त स्थान छान्नुहोस्। के सबै विद्यार्थीहरू उक्त स्थानमा भेला हुन सक्छन्? के त्यो स्थानमा कुनै वाधा-अवरोध दिने कुराहरू छन् कि?

---

## ग. समर्पित मानसिहरूलाई भर्ना गर्नुहोस्

### १. विद्यार्थीहरूलाई भर्ना गर्नुहोस्

**क. आवश्यक्ताहरू**

प्रार्थनासाथ विद्यार्थीहरूलाई हेर्नुहोस् र को-को साँच्चै सिक्न चाहन्छन् र विश्वासयोग्य छन् भनी हेर्नुहोस् (२ तिमोथी २:२)।

**ख. जानकारी दिनुहोस्**

चेलापन कार्यक्रममा सहभागी हुनको निम्ति तिनीहरूलाई निमन्त्रणा दिनुहोस्। उक्त चेलापन कार्यक्रमको बारेमा तिनीहरूलाई राम्रोसँग जानकारी दिनुहोस्।

### २. विद्यार्थीहरूलाई निम्नलिखित पाँच मापदण्डहरूप्रति समर्पित हुन अनुरोध गर्नुहोस्

**क. विश्वासयोग्य हुनु**

"म यस तालिमको हरेक सानो समूहको भेलामा आउनेछु (उपस्थित हुनेछु)।"

**ख. तयारी हुनु**

"यस सानो समूहको भेलामा आउनुभन्दा अघि नै म सबै गृहकार्यहरू पूरा गर्नेछु।"

**ग. सिक्नलायक हुनु**

"म सिक्न अनि सिकेका कुराहरू जीवनमा लागू गर्न इच्छुक छु।"

**घ. प्रेमिलो हुनु**

"म समूहका अरू सदस्यहरूलाई प्रेम गरी तिनीहरूलाई वृद्धि हुन सहयाता गर्नेछु।"

**ङ. उत्तरदायी हुनु**
"म मेरो प्रगति र कठिनाइहरू (सङ्घर्षहरू) आफ्नो सानो समूहमा बाँड्न इच्छुक छु।"

यी कुराहरूप्रति विद्यार्थीहरूलाई प्रार्थना गर्न लगाउनुहोस् ताकि परमेश्वरको सहायतामा तिनीहरू आफैले गर्नुपर्ने कामहरू निर्णय गर्न सकून्।

---

## घ. सामग्रीहरूको प्रयोग गर्नुहोस्

**१. बाइबल**
सिकाउन र तालिम दिने कामको लागि बाइबल तपाईंको अति महत्वपूर्ण स्रोत हो। तपाईंले तालिम दिँदा सधैँ बाइबल प्रयोग गर्ने गर्नुहोस्।

**२. निर्देशिका पुस्तिकाहरू**
तपाईंले सिकाउँदै र तालिम दिँदै गर्दा चार वटा निर्देशिका पुस्तिकाहरूलाई पाठ्यक्रमको रूपमा प्रयोग गर्नुहोस्।

**३. सेतो-पाटी**
तालिममा सिकाउँदा सेतो-पाटी, रङ्गीन कलमहरू र मेट्ने वस्तुको प्रयोग गर्नुहोस्।

**४. नोट (टिप्पणी)**
तालिम लिँदैगरेका विद्यार्थीहरूलाई सकेसम्म धेरै पढाइएका कुराहरूको नोट लेख्न उत्साह दिनुहोस्।

**५. इन्टरनेट, रेडियो र टिलिभिजन**
समूहका अगुवाहरू र विद्यार्थीहरूले सञ्चारका यी साधनहरूको प्रयोग गरेमा फाइदा लिन सक्नेछन्; जस्तै: रेडियो कार्यक्रमहरू, टेलिभिजन कार्यक्रमहरू, सि.डी. र इन्टरनेमा उपलब्ध वेबसाइटहरू आदि।

---

## ङ. सानो समूहहरूलाई वृद्धि गर्नुहोस्

**१. विद्यार्थीहरूलाई आफ्नै सानो समूह सुरु गर्न लगाउनुहोस्।**

तपाईंले सानो समूहमा दिने तालिम पूरा भएपछि विद्यार्थीहरूलाई आफ्नै सानो समूह सुरु गर्न र यी चार वटा निर्देशिका पुस्तिकाहरूको प्रयोग गर्न उत्साह र चुनौति दिनुहोस्। अथवा, नयाँ सानो समूह सुरु गर्नको निम्ति विद्यार्थीहरूलाई दुई-दुई जनाको समूह बनाइदिनुहोस् (लूका १०:१-२)।

**२. निर्देशिका पुस्तिकाहरू केवल समूहको अगुवाहरूको लागि मात्र हो।**

एउटा निर्देशिका पुस्तिकाबाट सिकेपछि, विद्यार्थीहरूले अर्को सानो समूहका मानिसहरूलाई सिकाउनेछन्, र तिनीहरूले उक्त निर्देशिका पुस्तिकाको एक-एक प्रति प्राप्त गर्न सक्नेछन्।

**३. नयाँ समूहका अगुवाहरूलाई नियमितरूपमा भेट्ने गर्नुहोस्।**

चेलापनको लागि नयाँ समूह बनाएर सिकाइरहेका समूहका अगुवाहरूलाई नियमित भेट्ने गर्नुहोस्। त्यस्तो भेटघाटमा तिनीहरूलाई आफूले गरेका कामहरूबारे बताउने मौका दिनुहोस्, तिनीहरूका प्रश्नहरू र समस्याहरूबारे छलफल गर्न दिनुहोस्, तिनीहरूलाई आफ्नो समूह र भविष्यको तालिमको निम्ति प्रार्थना गर्न दिनुहोस्। नयाँ समूह सुरु गर्ने सबै अगुवाहरूलाई सर-सल्लाह दिने परामर्शदाता र प्रशिक्षकको खाँचो परिरहन्छ।

---

# पाठ १

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **आराधना** (२० मिनेट)<br>परमेश्वर अथाह हुनुहुन्छ |
|---|---|

**सिकाउनुहोस् -** 'आराधना' भनेको के हो ? 'आराधना'को परिभाषा यस्तो छ:

आराधना भनेको परमेश्वरप्रतिको श्रद्धा, भक्ति, विनम्रता, र समर्पणताको मनोवृत्ति हो। विभिन्न प्रकारका प्रार्थनाहरू र हामीले हरेक दिन जिउने तरिकाद्वारा हाम्रो आराधना प्रकट हुन्छ।

परमेश्वरको आराधना गर्न उहाँ को हुनुहुन्छ भनी हामीले जान्नु पर्छ। आराधना गर्ने हरेक समय हामीले परमेश्वरको एउटा विशेषता सिक्छौँ।

**समूहको अगुवा -** 'परमेश्वर अथाह हुनुहुन्छ' भन्ने बारेको शिक्षालाई पढ्नुहोस्।

## विषय - परमेश्वर अथाह हुनुहुन्छ

### १. परमेश्वरका सीमाहरू अथाह छन्। तैपनि मानिसले परमेश्वरलाई जान्न सक्छ

अय्यूब ११७-८ पढ्नुहोस्।

**सिकाउनुहोस् -** सर्वशक्तिमान् परमेश्वरको सीमालाई कसैले जाँच्न सक्दैन। परमेश्वरको विषयमा सबै थोक कसैले पनि जान्न वा बुझ्न सक्दैन। कुनै कुराको परिभाषा दिनु भनेको त्यसको सीमाहरूलाई वर्णन गर्नु हो। परमेश्वरको परिभाषा दिनु भनेको उहाँको सीमाहरूलाई वर्णन गर्नु हो। यदि कसैले परमेश्वर कस्तो हुनुहुन्छ भनेर उहाँको परिभाषा दिन्छ भने, त्यसले परमेश्वरको सीमाहरूलाई बुझेको हुन्छ र त्यो परमेश्वरभन्दा महान् हुन्छ।

परमेश्वरले हामी मानिसहरूलाई सीमाहरू राखेर सृष्टि गर्नुभयो भनी बाइबलले बताउँछ। उहाँले हाम्रो सीमाहरूलाई परिभाषित गर्नु हुन्छ र हाम्रोबारेमा हरेक कुरा जान्नु हुन्छ। यो तथ्यले उहाँको सृष्टिमा हाम्रो स्थान कहाँ छ भनी महसुस गराउँछ। यसले हामीलाई परमेश्वरको उपस्थितिमा अझ बढी नम्र बनाउँछ।

तर यदि कसैले परमेश्वरको सीमालाई जाँच्न सक्दैन अथवा परमेश्वरको रहस्यको गहिराइलाई बुझ्न सक्दैन भने, के परमेश्वरको बारेमा सबै ज्ञान पाउन असम्भव छ त? के हामीले परमेश्वरको बारेमा कुनै कुरा जान्न सक्छौँ? हो, हामीले परमेश्वरको ज्ञान प्राप्त गर्न सक्छौँ, तर केवल त्यति मात्र जति उहाँले आफूलाई हाम्रोमाझ प्रकट गर्नुहुन्छ। "प्रकट नभएका कुराहरू परमप्रभु हाम्रा परमेश्वरका हुन्, तर हामीले यस व्यवस्थाका सम्पूर्ण वचन पालन गर्नलाई प्रकट भएका कुराहरू हाम्रा र हाम्रा सन्तानका लागि सदाको निम्ति हुन्" (व्यवस्था २९:२९)।

### २.परमेश्वर अदृश्य हुनुहुन्छ। तैपनि परमेश्वरले आफूलाई मानिसहरूसामु प्रकट गर्नुहुन्छ।

कलस्सी १:१५ पढ्नुहोस्।

**सिकाउनुहोस् -** परमेश्वर आत्मा हुनुहुन्छ (यूहन्ना ४:२४), त्यसैले मानवीय नजरमा उहाँ अदृश्य हुनुहुन्छ। कुनै मानिसले परमेश्वरलाई देखको छैन र कुनै मानिसले परमेश्वरलाई देख्न सक्दैन। स्वयम् परमेश्वरले आफ्नो अस्तित्व र व्यक्तित्वको केही पक्षहरूलाई प्रकट नगराउनु भएसम्म कसैले पनि उहाँको अस्तित्व अथवा व्यक्तित्वको वर्णन गर्न सक्दैन।

© 2009 DOTA 

के हामी मानिसहरूले परमेश्वरलाई देख्न सक्छौँ? सक्छौँ, किनभने येशू ख्रीष्ट अदृश्य परमेश्वरको दृश्य प्रतिरूप हुनुहुन्छ। अदृश्य सर्वशक्तिमानको आत्मा ख्रीष्टद्वारा दृश्य मानव स्वभावमा आउनुभएर मानिसहरूको बीचमा वास गर्नुभयो ताकि मानिसहरूले उहाँलाई देख्न सकून्। येशूले भन्नुभयो, "जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ" (यूहन्ना १४:९)। हजारौँ मानिसहरूले येशू ख्रीष्टको मानव-रूप र जीवनलाई देखे। तिनीहरूले बाइबलमा जे जति कुराको अभिलेख राखे, त्यसद्वारा अहिले येशू ख्रीष्टलाई देख्न र जान्न हामीलाई सहायता मिल्छ। येशू ख्रीष्टद्वारा हामी अदृश्य परमेश्वरलाई देख्छौँ र जान्छौँ। येशू ख्रीष्टमा हामीले परमेश्वरको प्रेम र दया, परमेश्वरको पवित्रता र धार्मिकता, परमेश्वरको सार्वभौम र नम्रता अनि परमेश्वरको सत्यता र ज्ञान देख्न सक्छौँ, जसलाई संक्षेपमा परमेश्वरको महिमा भन्न सकिन्छ। सारंशमा भन्ने हो भने परमेश्वरको गुणहरू (विशेषताहरू) अथवा सिद्धताहरू (पूर्णताहरू) र उहाँको उपस्थिति नै परमेश्वरको महिमा हो। यशू ख्रीष्ट परमेश्वरको महिमाको प्रतिबिम्ब अनि परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ (हिब्रू १:३)। स्वर्गमा हुनुहुने अदृश्य परमेश्वर पृथ्वीमा दृश्य येशू ख्रीष्टमा अनि येशू ख्रीष्टद्वारा प्रकट हुनुभयो। येशू ख्रीष्टमा नै ईश्वरत्वको सबै परिपूर्णता शरीरमा वास गर्दछ (कलस्सी २:९)।

### ३. परमेश्वर अप्राप्य (पुग्न नसकिने, पहुँचभन्दा बाहिरको) हुनु हुन्छ। तैपनि परमेश्वर हाम्रो पहुँचमा हुनुहुन्छ

१ तिमोथी ६:१६ पढ्नुहोस्।

परमेश्वर अप्राप्य ज्योतिमा वास गर्नुहुन्छ। परमेश्वरको पहुँचमा कोही पनि जान सक्दैन। परमेश्वरलाई हेर्न वा भेट्न कोही स्वर्गमा उक्लिजान सक्दैन। परमेश्वर अदृश्य मात्र हुनुहुन्न, उहाँ मानवीय प्रयासद्वारा अप्राप्य पनि हुनुहुन्छ। बाइबलद्वारा आफूलाई प्रकट गराउनुहुने जीवित परमेश्वरकहाँ पुग्नको निम्ति यो संसारको कुनै पनि धर्मले हामीलाई सहाता गर्न सक्दैन!

के हामी परमेश्वरकहाँ पुग्न सक्छौँ? हामी परमेश्वरकहाँ पुग्ने होइन, तर परमेश्वर हामीकहाँ आउनुहुन्छ भनी बाइबलले सिकाउँछ! आफूलाई हाम्रोमाझ प्रकट गर्न परमेश्वर पृथ्वीमा ओर्लिआउनुभयो। परमेश्वरले हाम्रो कमजोर मानव स्वभाव धारण गरी हाम्रो माझमा वास गर्न आउनुभयो (यूहन्ना १:१, १४; फिलिप्पी २:६-८)। हामीले उहाँलाई जान्न सकौँ, ग्रहण गर्न सकौँ र व्यक्तिगतरूपमा उहाँसँग सम्बन्ध राख्न सकौँ भन्ने हेतुले परमेश्वर हामीकहाँ आउनुहुन्छ। यो संसारको हरेक धर्म जीवित परमेश्वरकहाँ पुग्न पूर्णरूपमा अप्राप्य छ। तर येशू ख्रीष्टमा जीवित परमेश्वर विगत इतिहासमा हामीकहाँ आउनुभयो र आज पनि उहाँ हामीकहाँ आउनुहुन्छ। केवल येशू ख्रीष्टमा मात्र परमेश्वरकहाँ पुग्न सकिन्छ!

**समूहको अगुवा -** परमेश्वरको अप्राप्य विशेषताको निम्ति उहाँको आराधना गर्नुहोस्। तीन-तीन जनाको सानो समूहहरूमा उहाँको आराधना गर्नुहोस्।

| | |
|---|---|
| **३** | **शिक्षा** (७० मिनेट)<br>परमेश्वरसँग व्यक्तगत समय<br>मनपर्ने सत्य पत्ता लगाउने तरिका |

## क. प्रेरणा

येशू ख्रीष्टसँग दैनिक सङ्गति गर्ने समय किन महत्वपूर्ण छ?

### १. एक साथ खाना खाने नमुना :

किन मानिसहरू एक साथ खाना खान रुचाउँछन्?

प्रकाश ३:२० पढ्नुहोस्।

**टिप्पणी -** मानिसहरू एक साथ खाना खान रुचाउँछन् किनभने त्यसरी नै तिनीहरू एक-अर्कासँग सङ्गति गर्ने गर्छन्! बाइबलमा, 'एक साथ खाना खानु' सङ्गतिको एक नमुना हो। येशू ख्रीष्ट मण्डलीको सभाहरूको बाहिर खडा हुन चाहनुहुन्न, तर उहाँ मानिसहरूसँग सङ्गति गर्न मानिसहरूको माझमा आउन चाहनुहुन्छ। त्यसैगरी, येशू ख्रीष्टलाई तपाईंले आफ्नो हृदय र जीवनमा ग्रहण गर्नुभएपछि, सबैभन्दा पहिले येशू तपाईंसँग सङ्गति गर्न चाहनुहुन्छ। जसले येशू ख्रीष्टलाई ग्रहण गर्छ, त्यसले परमेश्वरलाई ग्रहण गर्छ (मत्ती १०:४०; कलस्सी १:१५) र जसले येशू ख्रीष्टसँग सङ्गति गर्छ, त्यसले पवित्र आत्माद्वारा भएर परमेश्वरसँग सङ्गति गर्छ (यूहन्ना १६:१३-१५)।

## २. येशू ख्रीष्टसँग सङ्गति गर्ने उपायहरू :

**मानिसहरूको साथमा खाना खाँदा तपाईं के गर्नुहुन्छ?**

**टिप्पणी -** तपाईंले अरू मानिसहरूको साथमा खाना खाँदा, तपाईंले खानेकुरा आफ्नो शरीरभित्र पठाउनुहुन्छ र एक आपसमा बातचित गर्नुहुन्छ। आत्मिकरूपमा, तपाईंहरूले एकसाथ खाना खाँदा अथवा येशू ख्रीष्टसँग सङ्गति गर्दा, तपाईंले आत्मिक भोजनलाई आफ्नो समझ र हृदयभित्र लानु हुन्छ र प्रार्थनाद्वारा येशू ख्रीष्टसँग बातचित गर्नुहुन्छ।

**के कुरालाई येशूले आत्मिक भोजन भन्नुहुन्छ?**

मत्ती ४:४; यूहन्ना ४:३४; १ पत्रुस २:२ पढ्नुहोस्।

**टिप्पणी -** परमेश्वरको वचन नै वास्तविक आत्मिक भोजन हो, जुन परमेश्वरले बाइबलमा (पवित्र पुस्तक अथवा पवित्र धर्मशास्त्रमा) प्रकट गर्नुभएको छ। कुनै व्यक्तिले बाइबलमा लेखिएअनुसार गर्न थालेपछि उसले जिउन सुरु गर्छ। येशू ख्रीष्टसँग सङ्गति गर्नको लागि (जुन परमेश्वरसँग सङ्गति गर्नु हो), तपाईंले परमेश्वरको वचनबाट आफूलाई खुवाउन सिक्नै पर्छ। बाइबलमा परमेश्वरले भन्नुभएअनुसार नै तपाईंले 'खान', 'पचाउन' र 'जिउन' सिक्नु पर्छ।

**कसरी तपाईंले परमेश्वरसँग कुराकानी गर्नु हुन्छ?**

भजनसङ्ग्रह ६२:८; लूका ११:१-४ पढ्नुहोस्।

**टिप्पणी -** तपाईंले प्रार्थनाद्वारा परमेश्वरसँग कुराकानी गर्नुहुन्छ। परमेश्वरसँग सङ्गति गर्नको लागि तपाईंले प्रार्थना गर्न सिक्नै पर्छ। प्रार्थना भनेको धार्मिक क्रियाकलापको अभ्यास होइन। यो तोकिएको धार्मिक शब्दहरू बोल्नु र तोकिएको आसनहरूमा बस्नु पनि होइन। प्रार्थना भनेको एक मात्र साँचो अनि जीवित परमेश्वरसँग स्वेच्छासँग र आनन्दितरूपमा सङ्गति गर्ने आत्मिक समय हो। प्रार्थनामा परमेश्वर तपाईंसँग व्यक्तिगतरूपमा बोल्नुहुन्छ अनि उहाँले भन्नुहुने कुरामा तपाईंले प्रतिक्रिया जनाउनुहुन्छ। अथवा प्रार्थनामा तपाईंले आफ्नो हृदय परमेश्वरतिर पोखाउनुहुन्छ र उहाँले आफ्नो समयमा तपाईंलाई उहाँको तरिकाअनुसार त्यसको जवाफ दिनुहुन्छ। परमेश्वरले आफ्नो वचनद्वारा तपाईंसँग बोल्नुहुने कुराप्रति प्रतिक्रिया जनाउन सिक्नुहोस्। आफ्नो हृदय खोल्न सिक्नुहोस् र तपाईंको हृदयमा भएका सबै कुरा परमेश्वरको सामु लैजानुहोस्।

## ३. येशू ख्रीष्टसँग सङ्गति गर्ने जिम्मेवारी

**सिकाउनुहोस् -** प्रकाश ३:२० ले पहिले येशू तपाईंसँग खानुहुन्छ अनि तपाईंले येशूसँग खानुहुन्छ भनी बताउँछ।

यस घटनामा भोजको आयोजना गर्ने को-को हुन्?

भोजको आयोजना गर्ने विश्वासीहरूको जिम्मेवारीहरू के-के हुन्?

**टिप्पणी -** येशूले तपाईंसँग खानुहुँदा, तपाईं भोजको आयोजक अनि येशूचाहिँ तपाईंको पाहुना हुनुहुन्छ।

येशू ख्रीष्टप्रति तपाईंको जिम्मेवारीहरू के-के हुन्?

मैले भोजको आयोजना गर्दा, आफूसँग भएको कुराहरू येशू ख्रीष्टलाई दिनु मेरो जिम्मेवारी हो। विशेषगरी मेरो हृदय, मेरो समय र उहाँसँग सङ्गति गर्ने मेरो उत्सुकता उहाँलाई दिनुपर्छ, र त्यसैगरी मेरा पापहरू, कठिनाइहरू र डरहरू पनि यसैमा पर्छन्।

येशू भोजको आयोजक हुँदा उहाँको जिम्मेवारीहरू के-के हुन?

**टिप्पणी -** तपाईंले येशूसँग भोज खानुहुँदा, भोजको आयोजक येशू हुनुहुन्छ र तपाईंचाहिँ पाहुना हुनुहुन्छ।

तपाईंप्रति उहाँको जिम्मेवारीहरू के-के हुन्?

येशूले भोजको आयोजना गर्नुहुँदा, मैले उहाँमा धेरै कुराको अपेक्षा गर्न सक्छु! पाहुनाको हैसियतले उहाँसँग सङ्गति गर्ने समयमा परमेश्वर मसँग व्यक्तिगतरूपमा बोल्नुहुनेछ भनी म अपेक्षा गर्न सक्छु। परमेश्वरले उक्त दिन मेरा सबै वास्तविक खाँचोहरू पूरा गरिदिनुहुनेछ भनेर पनि अपेक्षा गर्न सक्छु (हिब्रू ४:१५-१६)।

## ४. येशू ख्रीष्टसँगको सङ्गतिको निरन्तरता (बारम्बारता)

साधरणतया तपाईं दिनमा कतिपटक खानुहुन्छ?

**टिप्पणी -** नियमितरूपमा खानु किन महत्वपूर्ण हुन्छ? परमेश्वरसँगको हाम्रो सङ्गतिमा प्रकाश ३:२० को तात्पर्य के हो? प्रायजसो मानिसहरूले दिनमा दुई वा तीनपटक खान्छन्। आफूलाई स्वस्थ राख्न र काम गर्ने शक्ति आर्जन गर्न हामीले असल खानेकुरा खाने मात्र होइन, त्यसलाई नियमितरूपमा खानु पनि आवश्यक हुन्छ। प्रकाश ३:२० मा भएको नमुनाअनुसार हरेक दिन हामीले परमेश्वरसँग सङ्गति गर्ने समय मिलाउनु उचित हुन्छ।

**येशू ख्रीष्ट मानव देहधारण गरी आउनुहुँदा, उहाँको नियमित बानी कस्तो थियो?**

यशैया ५०:४-५; मर्कूस १:३५ पढ्नुहोस्।

**टिप्पणी -** पुरानो करारमा येशू ख्रीष्टलाई 'परमप्रभुको सेवक' भनिएको छ। यशैया ५० अध्याय येशू ख्रीष्टको बारेमा गरिएको अगमवाणी पृथ्वीमा उहाँको पहिलो आगमनभन्दा ७०० वर्षपहिले लेखिएको थियो। येशूले हरेक बिहान पिता परमेश्वरको शिक्षा सुन्नुहुन्थ्यो र परमेश्वरसँग प्रार्थना गर्नुहुन्थ्यो। तसर्थ, येशू ख्रीष्ट यो संसारमा हुनुहुँदा, उहाँले पिता परमेश्वरसँग बिहान नियमित सङ्गति गर्नुहुन्थ्यो।

**राजा दाऊदको नियमित बानी के थियो?**

भजनसङ्ग्रह १४३:८,१०; १:१-२; ५:३ पढ्नुहोस्।

**टिप्पणी -** बिहानै राजा दाऊदले आफ्नो निम्ति परमेश्वरबाट प्रेमको शब्दहरू सुन्ने अपेक्षा गर्नुहुन्थ्यो। अनि आफू हिँड्नुपर्ने बाटो परमेश्वरले देखाइदिनुहुन्छ भनी उहाँले अपेक्षा गर्नुहुन्थ्यो। उहाँले परमेश्वरको वचनहरू मनन गर्दैगर्दा त्यस्तो हुनेगर्थ्यो।

प्रार्थनाहरूद्वारा तिनले आफ्ना निवेदनहरू परमेश्वरको सामु राख्थे। त्यसपछि परमेश्वरले गर्न गइरहनुभएको कुरा तिनले आशावादी भएर प्रतिक्षा गर्थे। यस प्रकार राजा दाऊदसँग पनि बिहान परमेश्वरसँग सङ्गति गर्ने नियमित समय थियो।

**सारंश -** दैनिकरूपमा परमेश्वरसँग बिताउनुलाई हामी 'शान्त समय' (quite time) अथवा 'भक्तिमय समय' (devotional time) भन्दछौँ। तपाईंले पनि परमेश्वरसँग व्यक्तिगत समय बिताउने बानी बसाल्नुहोस्। तपाईंले परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, बाइबलबाट परमेश्वरका बचनहरू 'खानुहोस्' र प्रार्थनाद्वारा परमेश्वरसँग 'कुराकानी' गर्नुहोस्।

# ख. विधि

परमेश्वरसँग दैनिकरूपमा कसरी व्यक्तिगत समय बिताउने?

**सिकाउनुहोस् -** परमेश्वरसँग व्यक्तिगत समय बिताउने पद्धतिलाई मनपर्ने सत्यता पत्ता लगाउने विधि भनिन्छ।

यो विधिमा ५ वटा चरणहरू छन्। परमेश्वरसँग व्यक्तिगत समय बिताउने विधि (मनपर्ने सत्यता पत्ता लगाउने तरिका) र बाइबल अध्ययन गर्न तरिका (पाँच चरणहरू भएको विधि) बीचको भिन्नतालाई ध्यान दिनुहोस्।

घरेलु सङ्गतिको अन्तमा समूहको अगुवाले हरेक व्यक्तिलाई बाइबलको ७ वटा खण्डहरू तोकिदिनेछ र उक्त सानो समूहका मानिसहरूले त्यो हप्ताभरि ती बाइबल खण्डहरूबाट परमेश्वरसँग सङ्गति गरेर व्यक्तिगत समय बिताउनेछन्।

**चरण : १ -** प्रार्थना गर्नुहोस्।

सचेत हुँदै परमेश्वरको उपस्थितिमा प्रवेश गरी उहाँसँग आफ्नो व्यक्तिगत समय सुरु गर्नुहोस्। बाइबलमा भएका वचनहरू र उहाँको आत्माद्वारा परमेश्वर तपाईंसँग व्यक्तिगतरूपमा बोल्नुभएको होस् भनी उहाँलाई निवेदन गर्नुहोस्। बाइबलका वचनहरूद्वारा तपाईंको जीवनलाई नवीकरण गर्न अथवा बलियो पार्नको निम्ति परमेश्वसँग निवेदन गर्नुहोस्। उदाहरणको लागि तपाईंले यसरी प्रार्थना गर्न सक्नुहुन्छ, "प्रभु, मेरा आँखा खोलिदिनुहोस्, र म तपाईंको वचनमा उदेकका कुराहरू देख्न सकूँ" (भजनसङ्ग्रह ११९:१८)।

**चरण : २ -** पढ्नुहोस्।

हरेक दिन आफूलाई दिइएको बाइबलका सात खण्डहरूमध्ये एउटा खण्ड पढ्नुहोस्।

**चरण : ३ -** उक्त खण्डबाट आफूलाई मनपर्ने सत्यता छान्नुहोस्।

तपाईंको 'मनपर्ने सत्यता' भनेको तपाईंले पढेको बाइबल खण्डको एउटा पद वा केही पदहरू वा विशेषगरी एउटा सत्यता हुन सक्छ। त्यो यस्तो विचार वा सत्यता हो, जसले तपाईंको विचारलाई उत्तेजित पारेर अथवा तपाईंको हृदयलाई छोएर परमेश्वर बोल्नुहुन्छ।

**चरण : ४ -** तपाईंको मनपर्ने सत्यतालाई मनन गर्नुहोस्।

तपाईंले परमेश्वरको वचनलाई मनन गर्नुहुन्छ किनभने तपाईंले त्यसको सत्यतालाई बुझ्न चाहनुहुन्छ, त्यसबाट नवीकरण हुन वा शक्ति प्राप्त गर्न चाहनुहुन्छ र त्यसलाई जीवनमा प्रयोग वा लागू गर्न चाहनुहुन्छ। इसाईहरूले गर्ने मननमा चार वटा भागहरू हुन्छन्।

- तपाईंको मनपर्ने सत्यताभित्र भएका फरक-फरक शब्दहरूको अर्थ विचार गर्नुहोस्। आफैलाई यस्ता प्रश्नहरू सोध्नुहोस्; जस्तै: को?, के?, कहाँ?, कहिले?, किन?, कसरी? आदि।
- तपाईंले विचार गर्दा परमेश्वरसँग प्रार्थना गर्नुहोस्। ती शब्दहरूको अर्थ खोलिदिनुहोस् अथवा त्यसबाट तपाईंले के कुरा जानेको, विश्वास गरेको अथवा के हुन र गर्न परमेश्वर चाहनुहुन्छ, सो प्रकट गरिदिनुहोस् भनी आफ्नो दिमाग र हृदयबाट परमेश्वरसँग सोध्नुहोस्। अनि परमेश्वरले तपाईंलाई भनिरहनुभएको कुराप्रति प्रतिक्रिया जनाउनुहोस्।
- तपाईंले पत्ता लगाउनुभएको मनपर्ने सत्यतासँग आफ्नो व्यक्तिगत जीवन अथवा आफू जिइरहेको संसारलाई तुलगा गरेर हेर्नुहोस्। आफैलाई यस्ता प्रश्नहरू सोध्नुहोस् : "यो सत्यताको ज्योतिमा मेरो खाँचो के हो?', "कसरी यो सत्यताले मलाई नवीकरण गर्छ अथवा बलियो पार्छ?", "यस खण्डबाट परमेश्वर मैले के कुरा जानेको, विश्वास गरेको, के भएको अथवा के गरेको चाहनुहुन्छ?"
- परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा मनन गरेको वचनबाट प्राप्त गरेको विचारहरूमध्ये सबैभन्दा महत्वपूर्ण विचारलाई कापीमा लेख्नुहोस्।

**चरण : ५ -** आफ्नो मनपर्ने सत्यताको लागि प्रार्थना गर्नुहोस्।

आफ्नो मनपर्ने सत्यता (वचन मनन गर्दा प्राप्त भएको विचार) लाई परमेश्वरसँग प्रार्थना गर्नुहोस्। चार किसिमका फरक मानिसहरूका लागि छोटकरीमा प्रार्थना गर्नुहोस्:

- आफ्नो निम्ति तपाईंको मनपर्ने सत्यता लागू होस् भनी प्रार्थना गर्नुहोस्।
- आफ्नो परिवारको कुनै सदस्यको जीवनमा उक्त सत्यता लागू होस् भनी प्रार्थना गर्नुहोस्।
- आफ्नो नजिक बस्ने व्यक्ति, कुनै छिमेकी, मण्डलीको सदस्य वा आफ्नो सहकर्मीको जीवनमा त्यो सत्यता लागू होस भनेर प्रार्थना गर्नुहोस्।
- आफूबाट टाढा बस्ने, जस्तै: अर्को सहर वा अर्को देशमा बस्ने कुनै मानिसको जीवनमा त्यो सत्यता लागू होस् भनेर प्रार्थना गर्नुहोस्।

---

## ग. परमेश्वरसँग व्यक्तिगत समय बिताउने सुझावहरू

### १. दैनिकरूपमा परमेश्वरसँग व्यक्तिगत समय बिताउनु :

**सिकाउनुहोस् -** परमेश्वरसँग दैनिक व्यक्तिगत समय बिताउनुहोस्।

हरेक दिन तपाईं एक्लै अथवा अरू मानिसहरूका साथमा परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्।

तपाईंले बिहान, दिउँसो, साँझ वा रातको समयमा परमेश्वरसँग व्यक्तिगत समय बिताउन सक्नु हुन्छ।

मनपर्ने सत्यताको विधिलाई प्रयोगमा ल्याउनुहोस्।

बाइबल पढ्ने योजनालाई प्रयोगमा ल्याउनुहोस् (निर्देशिका पुस्तक १ र परिशिष्ट २ हेर्नुहोस्)।

बाइबलमा चिनो लगाउने विधिलाई प्रयोगमा ल्याउनुहोस् (निर्देशिका पुस्तक १ र परिशिष्ट ३ हेर्नुहोस्)।

### २. परमेश्वरसँग व्यक्तिगत समयको लागि छुट्टै नोटबुक :

**सिकाउनुहोस् -** परमेश्वरसँग व्यक्तिगत समय बिताउने बेलामा लेख्नको निम्ति छुट्टै कापी (नोटबुक) लिनुहोस्।

यी कुराहरू लेख्ने बानी बसाल्नुहोस्।

- मिति र समय
- परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा तपाईंले पढेको बाइबल खण्ड
- तपाईंले मनपर्ने सत्यता पत्ता लगाएको बाइबल खण्ड
- सबै महत्वपूर्ण सत्यताहरू, जुन तपाईंले याद गरेको वा अरूलाई बाँडेको परमेश्वर चाहनुहुन्छ

परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको तपाईंको कापीले आफूले सिकेका कुराहरू अरू मानिसहरूका माझमा बाँड्न सहायता गर्नेछ। परमेश्वरले विगतमा तपाईंलाई के भन्नुभएको थियो भनी स्मरण गर्न यसले सहायता गर्नेछ। तपाईंले तपाईंले ती कुराहरू पछि पढ्नुहुँदा, कसरी परमेश्वरले तपाईंलाई डोऱ्याउँदै ल्याउनुभएको रहेछ भन्ने ढाँचा देख्न सक्नु हुन्छ।

### ३. समूहमा रहेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनु :

**सिकाउनुहोस् -** समूहमा रहेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्।

परमेश्वरसँग व्यक्तिगत समय बिताउन चाहने मानिहरूको सानो समूह बनाउनुहोस्। उक्त सानो समूहमा परिवारका सदस्यहरू, मित्रहरू अथवा छिमेकमा बस्ने विश्वासीहरूलाई राख्न सकिन्छ। सबैलाई उपयुक्त हुने समयमा भेला हुने गर्नुहोस्। केही इसाईहरू काममा जानुभन्दा अगाडि बिहानै परमेश्वरसँग व्यक्तिगत समय बिताउन र प्रार्थना गर्न एकसाथ भेला हुने गर्छन्।

**शान्त समय** - उक्त सानो समूहका मानिसहरूलाई दुई-दुई जनामा बिभाजन गर्नुहोस्। ती दुई-दुई जनाको समूहलाई मनपर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गरी परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस्। यदि व्यवहारिक हुन्छ भने शान्त समयको निम्ति तीन वा चार व्यक्तिहरूलाई एक साथ राख्नुहोस्।

**मनपर्ने सत्यता बाँड्ने समय** - अन्तमा, सबैजना एकै ठाउँमा भेला हुनुहोस् र प्रत्येक व्यक्तिले आफूसँग भएको मनपर्ने सत्यता छोटकरीमा बाँड्नुहोस् र त्यसको साथै त्यस खण्डबाट आफूले सिकेको महत्वपूर्ण कुराहरू पनि एक-आपसमा बाँड्नुहोस्।

**प्रार्थना गर्ने समय** - अन्तमा, आफूले प्राप्त गरेका कुराहरूको बारेमा पालैपालो छोटकरीमा प्रार्थना गर्नुहोस्।

### ४. परमेश्वरसँग व्यक्तिगत समयको बारेमा बाँड्नु :

**सिकाउनुहोस्** - हरेक हप्ता परमेश्वसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू बाँड्नुहोस्।

यदि तपाईंको समूहका मानिसहरू हप्तामा एकपटक मात्र भेट्ने गर्छन् भने उक्त समयको एक भागलाई 'बाँड्ने समय' को रूपमा प्रयोग गर्नुहोस्।

(समूहका अगुवाहरूको लागि बानाइएको निर्देशिका १ मा भएको कार्यक्रम समय तालिका हेर्नुहोस्)।

उक्त समूहको प्रत्येक व्यक्तिले गत हप्ताभरि परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा प्राप्त गरेका कुराहरूमध्ये एउटा कुरा मात्र बाँड्न लगाउनुहोस्।

अन्तमा, आफूले प्राप्त गरेका कुराहरूको बारेमा पालैपालो छोटकरीमा प्रार्थना गर्नुहोस्।

---

## घ. व्यवहारिक अभ्यास

### १. दैनिकरूपमा परमेश्वरसँग व्यक्तिगत समय बिताउनु :

मनपर्ने सत्यता पत्ता लगाउने तरिका र तोकिएको बाइबल खण्डहरू (अथवा बाइबल पढ्ने योजना) को प्रयोग गर्दै परमेश्वरसँग दैनिक सङ्गति गर्न सुरु गर्नुहोस्। प्रत्येक दिन परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा आफ्नो कापीमा लेख्ने गर्नुहोस्। परमेश्वरसँग व्यक्तिगत समय बिताउने काम तपाईं एक्लै अथवा समूहमा रहेर गर्न सक्नुहुन्छ।

### २. परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको कुरा समूहमा भेला हुँदा बाँड्नु :

तपाईं समूहमा दैनिक अथवा साप्ताहिकरूपमा भेला हुँदा प्रत्येक व्यक्तिले परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको कुराहरूमध्ये एउटा कुरा बाँड्नुहोस् (नोटबुक हेरेर)।

| | |
|---|---|
| ४ | **अभ्यास** (२० मिनेट)<br>परमेश्वरसँग व्यक्तिगत समय - मनपर्ने सत्यता पत्ता लगाउने तरिका |

बाइबलबाट एउटा खण्ड छान्नुहोस्, उदाहरणको लागि भजनसङ्ग्रह २३:१-६ छान्नुहोस्। तपाईंको समूहलाई दुई-दुई जनामा बिभाजन गर्नुहोस्। अनि मनपर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्दै दुई-दुई जना बसेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्।

| | |
|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट)<br>परमेश्वरको वचनप्रति प्रतिक्रियात्मक प्रार्थना |

आज तपाईंले सिक्नुभएको कुराको निम्ति परमेश्वरलाई जवाफ दिन समूहका व्यक्तिहरूले पालैपालो छोटकरीमा प्रार्थना गर्नुहोस्। अथवा समूहलाई दुई वा तीन जनाको समूहमा बिभाजन गर्नुहोस् र आज सिकेको कुराको निम्ति परमेश्वरलाई जवाफ दिन प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको निम्ति तयारी** (२ मिनेट)<br>अर्को पाठको लागि |
|---|---|

**समूहको अगुवा -** समूहका सदस्यहरूलाई घरमा गर्नुपर्ने गृहकार्यको तयारी कसरी गर्ने भनी लेखिएको कागज दिनुहोस् अथवा तिनीहरूलाई ती कुराहरू कापीमा लेख्न लगाउनुहोस्।

१. **प्रतिवद्धता -** समूहका मानिसहरूलाई नियमितरूपमा परमेश्वरसँग व्यक्तिगत समय (शान्त समय) बिताउनु पर्छ भनी प्रतिवद्धता गराउनुहोस्। यो काम गर्न तपाईंले आफूलाई उपयुक्त हुने समय छान्नुहोस्।

२. **परमेश्वरसँग व्यक्तिगत समय -** मत्ती १:१-७:२९ सम्मको खण्डलाई प्रत्येक दिन एक अध्याय अध्ययन गरी परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मनपर्ने सत्यता पत्ता लगाउने विधिलाई प्रयोग गर्नुहोस् र आफूले पत्ता लगाएका कुराहरूको टिप्पणी लेख्नुहोस्।

३. **बाइबल अध्ययन -** पहिलो बाइबल अध्ययन लूका ८:४-१५ बाट घरमै तयार गर्नुहोस्। विषय: परमेश्वरको वचनप्रति कसरी मैले प्रतिक्रिया जनाउँछु?

४. **प्रार्थना -** कुनै व्यक्ति अथवा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्र ५:३)।

५. **चेलाहरू बनाउने तपाईंको नोटबुकलाई अद्यावधिक** बनाउनुहोस्। त्यसमा आराधनाको टिप्पणी, शिक्षाको टिप्पणी र गृहकार्यको लागि तयारी गर्ने यी कुराहरू लेख्नुहोस्।

© 2009 DOTA

# पाठ २

| १ | **प्रार्थना** |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट)<br>**मत्ती** |
|---|---|

तपाईंलाई तोकिएको बाइबल खण्ड (मत्ती १:१-७:२९) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)।

सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस। उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ३ | **बाइबल पद कण्ठ** (२० मिनेट)<br>**मुक्तिको निश्चयता : यूहन्ना १०:२८** |
|---|---|

## क. बाइबल पद कण्ठको निम्ति प्रेरणा

**पढ्नुहोस्:** एफिसी ६:११,१७; मत्ती ४:२-४ (व्यवस्था ८:३)

**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस्:** बाइबलका पदहरू (खण्डहरू वा अध्यायहरू) कण्ठ गर्नु किन महत्वपुर्ण छ?

**टिप्पणीहरू:** कण्ठ गरिएका बाइबल पदहरूले दुष्टका शक्तिहरूमाथि विजय पाउन तपाईंलाई मद्दत गर्दछ।

---

## ख. मनन / ध्यान

पदहरू कण्ठ गर्ने पहिलो शृंखलाचाहिँ 'निश्चयता'को बारेमा हो। कण्ठ गर्ने पाँच पदहरूको शिर्षकहरू यी हुन् : मुक्तिको निश्चयता, प्रार्थनाको उत्तरको निश्चयता, विजयको निश्चयता, क्षमादानको निश्चयता र परमेश्वरको अगुवाइको निश्चयता।

**कण्ठ गर्नुपर्ने पद :** मुक्तिको निश्चयता: यूहन्ना १०:२८ तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुने छैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन।

### १. अनन्त जीवनको अर्थ

अनन्त जीवन भनेको के हो? अनन्त जीवन भनेको जीवनको एउटा नयाँ प्रकार हो। यो अति राम्रो जीवन, अर्थपूर्ण जीवन, चुनौतिपूर्ण जीवन, उत्तेजित जीवन र सन्तोषप्रद जीवन हो। यो एउटा यस्तो जीवन हो, जसको अन्त कहिल्यै हुँदैन। यो येशू ख्रीष्टमा भएर जीवित परमेश्वरसँगको सबै थोकभन्दा माथिको एउटा सम्बन्ध हो। यो एक मात्र सत्य परमेश्वर र येशू ख्रीष्टलाई चिन्ने व्यक्तिगत र गहिरो ज्ञान हो (यूहन्ना १७:३)।

### २. अनन्त जीवन कसरी प्राप्त गर्ने?

यो एउटा कृपापूर्ण उपहार हो! परमेश्वरले मानिसहरूलाई एउटा व्यक्तिद्वारा भएर मात्र अनन्त जीवन दिनुहुन्छ भन्ने इतिहासमा पाउँछौं, जुन येशू ख्रीष्टद्वारा भएर हो। अनन्त जीवनलाई कमाउन सक्दैनौं तर हो सित्तैमा प्राप्त गर्न सकिने एउटा उपहार हो। जब तपाईंले आफ्नो हृदय र जीवनमा येशू ख्रीष्टलाई ग्रहण गर्नुहुन्छ, तपाईंले यो अनन्त जीवन पनि ग्रहण गर्नु हुन्छ। यदि कसैले येशू ख्रीष्टलाई ग्रहण गर्दैन भने उसले अनन्त जीवन पनि प्राप्त गर्दैन।

### ३. विविश्वासीहरूको निम्ति तीन निश्चयताहरू

उसले अनन्त जीवन पहिल्यै पाइसकेको छ र यसको अन्त कहिल्यै हुनेछैन।
अन्तिम न्यायको दिनमा उसलाई दोषी ठहऱ्याइने छैन। नरकले उसलाई नष्ट गर्ने छैन।
येशू ख्रीष्टको हातदेखि उसलाई कुनै पनि  थोकले र कसैले पनि खोसेर लैनान सक्ने छैन (रोमी ८:३८-३९)।

---

## ग. बाइबल पद कण्ठ गर्नु

### १. लेख्नुहोस्

एउटा सादा कार्ड अथवा तपाईंको नोटबुकको एउटा पानामा बाइबलको पदलाई निम्नानुसार लेख्नुहोस् : पहिलो लाइनमा विषय अथवा शिर्षक लेख्नुहोस्। त्यो पदको दोस्रो लाइनबाट बाइबल खण्डलाई लेख्नुहोस्। एउटा धर्को कोर्नुहोस् र बाइबलको त्यस पदको सन्दर्भलाई त्यस धर्काको मुनि लाइन-लाइन गरेर लेख्नुहोस्। त्यो पदको बाइबलीय सहायक पदलाई पानाको सबैभन्दा मुन्तिर र कार्डको पछाडिपट्टि लेख्नुहोस्।

**उदाहरण**

| मुक्तिको निश्चयता<br>यूहन्ना १०:२८ | |
|---|---|
| तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुने छैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैनन्।<br>यूहन्ना १०:२८ | यूहन्ना १०:२८ |

### २. कण्ठ गर्नुहोस्

बाइबलको त्यस पदलाई ठीक तरिकाले कण्ठ गर्नुहोस्।
सधैँ शिर्षक, बाइबल खण्ड र बाइबलको पदको पहिलो हरफबाट सुरु गर्नुहोस्।
जब कुनै गल्तिविना नै तपाईंले यसलाई भन्न सक्नुहुन्छ, तब त्यस पदको दोस्रो हरफलाई पनि जोड्नुहोस् र सुरुदेखि नै त्यसलाई फेरि दोहोऱ्याउनुहोस्, जुन विषय, बाइबल खण्ड र त्यस पदको दुई हरफहरू हुन्।
जब कुनै गल्तिबिना नै तपाईंले यसलाई पनि भन्न सक्नुहुन्छ, तब बाइबलको त्यस पदको तेस्रो हरफलाई जोड्नुहोस् र सुरुदेखि फेरि दोहोऱ्याउनुहोस्, जुन शिर्षक, बाइबल खण्ड र त्यस पदको तिनवटै हरफहरू हुन्।

अलग-अलग हिस्सा गरेर बाइबलको पदलाई कण्ठ नगर्नुहोस्, किनभने त्यसो गर्नाले ती हिस्साहरूको बीचमा भएका सम्बन्धहरूलाई तपाईंले कण्ठ गर्न सक्नु हुन्न। सधैँ पदको सुरुदेखि सुरु गर्नुहोस्, हरेक पदलाई तपाईंले दोहोऱ्याउनुहोस्।

बाइबलको खण्डलाई फेरि एकपटक दोहोऱ्याएर मात्रै अन्त गर्नुहोस्, किनभने सम्झना गर्नको लागि सबैभन्दा कठिन भाग नै बाइबलको पद हो।

यसकारण, बाइबल कण्ठस्थ गर्नका निम्ति उचित अनुक्रम यी हुन् : शिर्षक, बाइबलको खण्ड, बाइबल पद र फेरि बाइबल खण्ड।

| ४ | **बाइबल अध्ययन** (७० मिनेट)<br>**परमेश्वरको वचनमाथि मैले कसरी प्रतिक्रिया जनाउने? (लूका ८:४-१५)** |
|---|---|

एउटा समूहको रूपमा सँगसँगै बाइबल अध्ययन गर्नुको उदेश्य येशू ख्रीष्टसँगको सम्बन्धमा तथा एक-अर्कासँगको सम्बन्धमा सँगसँगै बढ्नु हो। यो कार्य ज्ञान आर्जन गर्न, बाइबललाई बुझ्न तथा यसको सत्यतालाई अभ्यास गर्नमा एकले अर्कोलाई मद्दत गर्नको लागि हो।

यस हेतुको निम्ति समूहका सदस्यहरूले बाइबल अध्ययनको छलफलमा सहभागी हुन एकले अर्कोलाई प्रोत्साहन दिनु महत्वपूर्ण हुन्छ। समूहको प्रत्येक सदस्यको देन महत्वपूर्ण हुन्छ। यदि कसैले बोलेको कुरा पूर्णरूपले ठीक (ईश्वरशास्त्रीय रूपमा) नभए तापनि उसलाई कसैले अलग गर्ने छैन। समूहको अगुवाले बाइबलबाट सत्यताहरू पत्ता लगाउँदै र त्यसमा छलफल गराउँदै समूहका सदस्यहरूले सँगसँगै सिक्नको लागि बरु प्रोत्साहन दिनु पर्ने हुन्छ। प्रत्येक समूहको सदस्यले बोल्दा आफूले बोलेका कुराहरू अरू समूहका सदस्यहरूले सुन्छन्, ती कुराहरू गम्भीरतापूर्वक लिन्छन् र त्यसलाई स्वीकार्छन् भन्ने कुरा उसले महसुस गरेको हुनु पर्छ। समूहका सदस्यहरू बाइबलको ज्ञानमा एक अर्कासँग प्रतिस्पर्धा गरेको हुनु हुन्न, तर सो ज्ञानमा बढ्न एकले अर्कालाई प्रोत्साहन दिँदै र आत्मविश्वासका साथ त्यसलाई बाँड्न एकले अर्कालाई प्रेम गर्नुपर्छ।

जब समूहको अगुवाले बाइबल अध्ययनको लागि तयारी गर्छ अथवा जब समूहका सदस्यहरूले कठिन प्रश्नहरूमा छलफल गर्छन्, तब तिनीहरूलाई सहायता गर्न सो अगुवालाई मद्दत पुगोस् भनेर बाइबल अध्ययनको उदाहरणको केही रूपरेखा तल दइएको छ। तपाईंको बाइबल अध्ययनको छलफलमा समूहका सदस्यहरूले पत्ता लगाउने कुराहरू तथा ती सदस्यहरूले सोध्न भिन्न प्रश्नहरू र फरक-फरक कुराहरू हुन सक्छन्।

लूका ८:४-१५ लाई सँगसँगै अध्ययन गर्न बाइबल अध्ययन गर्ने पाँच चरणको विधिलाई प्रयोग गर्नुहोस्।

**चरण १ : पढ्नुहोस्** **परमेश्वरको वचन**

**पढ्नुहोस् :** लूका ८:४-१५ लाई हामि सबैले एकैसाथ पढौँ।
पढ्न नासिध्याएसम्म पालैपालो गरेर एकजनाले एउटा पदलाई पढौं।

---

**चरण २ : पत्ता लगाउनुहोस्** **अवलोकन**

**विचार गर्नुहोस् :** यो खण्डको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ?
अथवा यो खण्डको कुन सत्यताले तपाईंको मन अथवा हृदयलाई छुन्छ?
**लेख्नुहोस्** : तपाईंले बुझ्नसक्ने एउटा वा दुइटा सत्यताहरू पत्ता लगाउनुहोस्। तिनीहरूको बारेमा विचार गर्नुहोस् र तपाईको विचारहरूलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
**बाँडनुहोस् :** (समूहका सदस्यहरूले विचार गर्नमा र लेख्नमा करिब २ मिनेट लिई सकेपछी, त्यसलाई बाँड्न पालो मिलाउनुहोस्।
हामीहरूमध्ये प्रत्येकले जुन कुरा पत्ता लगाएका छौँ, त्यसलाई एक अर्कासँग पालैपालो गरेर बाँडौँ।
(यी उदाहरणहरू ती मानिसहरूका हुन्, जसले आफूले पत्ता लगाएका कुराहरू बाँड्नेछन् : याद गर्नुहोस्, प्रत्येक साना समूहमा, समूहका सदस्यहरूले फरक-फरक कुराहरू बाँड्नेछन्, तर यी कुराहरू नै हुनुपर्छ भन्ने छैन।)

**खोज १ : त्यहाँ तीनजना व्यक्तिहरू छन् जसले मेरो हृदयमा रोपिएको परमेश्वरको वचनसँग  केही गर्न चाहन्छ**

पहिलो, त्यहाँ येशू हुनुहुन्छ, जसले आफ्नो वचनलाई मेरो हृदयमा रोप्नु हुन्छ। उहाँको वचनले मेरो जीवनमा फल फलाएको उहाँ चाहनुहुन्छ। दोस्रो, त्यहाँ शैतान छ जसले मेरो हृदयबाट परमेश्वरको वचनलाई खोस्न प्रयत्न गर्छ। मेरो जीवनमा त्यो वचनले कुनै पनि प्रभाव पारेको त्यसले चाहँदैन। तेस्रो, त्यहाँ म पनि छु। परमेश्वरको त्यो वचन, जुन येशू ख्रीष्टले मेरो हृदयमा रोप्नुभएको छ, त्यसअनुसार केही कुरा गर्ने मेरो उत्तरदायित्व छ। यदि मैले यसलाई सुनेँ र असल अनि उच्च गरी हृदयमा यसलाई राखेँ भने, दृढतापूर्वक म फसल उत्पादन गर्न सक्छु। तर, यदि येशू ख्रीष्टको वचनअनुसार मैले केही गरिनँ भने, मैले यसलाई पूर्णरूपले गुमाउने छु। बाइबलको यो खण्डमा मेरो निम्ति एउटा धेरै महत्वपूर्ण सत्यता नै परमेश्वरको वचनमा रहेर केही कुरा गर्नु मेरो उत्तरदायित्व हो। बाइबलको वचनहरू हरेक समय म सुन्दछु र ती वचनहरूलाई व्यवहारमा उतार्नु मेरो उत्तरदायित्व हो।

---

**लूका ८:१२**
**खोज २ : शैतानले मेरो हृदयदेखि परमेश्वरको वचनलाई चोरेर लैजाने काम मात्र गर्दैन**

१४ पदले परमेश्वरको वचनको अरू सबै सत्रुहरूको बारेमा बर्णन गर्छ। यो पदले भन्दछ, कि जीवनका चिन्ता फिक्रिहरू, सम्पति आर्जन गर्ने चाहना तथा भोग-विलासको जीवन जिउनाले परमेश्वरको वचन निस्सासिन्छ। म बाहिरको पापपूर्ण संसारको साथै मभित्रको पापपूर्ण स्वभाव नै ख्रीष्ट अर्को ठूला सत्रुहरू हुन्। ख्रीष्टको वचनले मेरो जीवनमा फल फलाएको तिनीहरूले रुचाउँदैनन्। त्यसकारण परमेश्वरको वचनलाई मार्नको निम्ति तिनीहरूले सास थुनिदिन्छन्। बाइबलको यो खण्डमा मेरो निम्ति एउटा धेरै महत्वपूर्ण सत्यता यो छ कि मभित्रको परमेश्वरको वचनलाई मार्न नदिन चनाखो भै बस्ने र चिन्ता फिक्रीहरू, सम्पत्ति अथवा भोग-विलासलाई अनुमति नदिने मेरो उत्तरदायित्व हो।

---

**चरण ३ : प्रश्न गर्नुहोस्                    ब्याख्याहरू**

**बिचार गर्नुहोस् :** यो खण्डभित्र भएको कुनै पनि कुराको बारेमा कुन प्रश्न तपाईंले यस समूहलाई सोध्न चाहनुहुन्छ? आउनुहोस्, लूका ८:४-१५ भित्रको सबै सत्यताहरूलाई हामी बुझ्ने कोसिस गरौँ र ती कुराहरूको बारेमा सोधौँ, जसलाई अहिलेसम्म पनि हामीले बुझ्दैनौँ।
**लेख्नुहोस् :** तपाईंको प्रश्नलाई सकेसम्म स्पष्टसँग व्यक्त गर्नुहोस्। त्यसपछि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
**बाँडनुहोस् :** (समूहका सदस्यहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट बिताई सकेपछि, पहिला प्रत्येक व्यक्तिलाई आफ्नो प्रश्नको बारेमा बाँड्न दिनुहोस्।)
**छलफल गर्नुहोस् :** (तब, ती प्रश्नहरूबाट केही प्रश्नहरूको छनौट गर्नुहोस् र ती प्रश्नहरूमाथि तपाईंको समूहमा छलफल गरेर तिनीहरूको उत्तर दिने कोसिस गर्नुहोस्।)
(निम्न उदाहरणहरू ती प्रश्नहरूका हुन् जुन विद्यार्थीहरूले सोध्न सक्छन् र ती प्रश्नहरूमाथि छलफलको बारेमा केही टिप्पणीहरूका हुन्।)

**लूका ८:५**

**प्रश्न १ : 'बिउ' ले कुन कुराको प्रतिनिधित्व गर्छ?**

**टिप्पणी :** त्यो बिउले परमेश्वरको वचनलाई प्रतिनिधित्व गर्दछ (लूका ८:११), विशेष गरेर राज्यको बारेमा खबर (मत्ती १३:१९) जुन सुसामाचारबाट सुरु हुन्छ (मर्कूस १:१४-१५; प्रेरित २०:२४-२५; २८:२३)।

परमेश्वरको राज्य भनेकै विशेष गरेर उहाँका जनहरूको हृदय तथा जीवनमाथि येशू ख्रीष्टमा परमेश्वरको राजत्व अथवा आधिपत्य हो (लूका १७:२०-२१)।

यसले सुरुदेखि अन्तसम्म नै तिनीहरूको पूर्ण मुक्ति (मर्कूस १०:२५–२६), पृथ्वीमा एउटा मण्डलीजस्तो तिनीहरूको बनावट (मत्ती १६:१८–१९), मानव समाजको प्रत्येक पक्षमा तिनीहरूका असल कामहरू (मत्ती २५:३४-३६; रोमी १४:१७) र अन्तमा नयाँ स्वर्ग र नयाँ पृथ्वीको स्थापना (१ कोरिन्थी १५:२४-२६; प्रकाश ११:१५) को परिणाम ल्याउँदछ।

---

**लूका ८:५-८**

**प्रश्न २ : चार भिन्न प्रकारका माटोहरूमा प्रत्येकले केको प्रतिनिधित्व गर्छ?**

**टिप्पणी** : येशूका दिनहरूमा, किसानहरूसँग बिउ छर्नको लागि तिनिहरूसँग कुनै पनि मेशिनहरू थिएनन्। जसै तिनीहरू हिँड्थे, तिनीहरूका दाँया र बाँया बिउहरू छर्नका लागि तिनीहरूले आफ्नो हातहरूको प्रयोग गर्थे। यसर्थ, कुनै बिउहरू ती किसानहरू हिँडिरहेको बाटोमा पर्थे र कुनै बिउहरू खराब बाटोहरूमा पर्थे जहाँको माटोको मुनि पत्थरहरू हुन्थे। कुनै बिउहरू त्यस्तो बाटोमा पर्थे जहाँ काँडाहरू उम्रिरहेका थिए। र कुनै बिउहरू असल र सफा माटोमा पर्थे।

ती चार प्रकारका माटोहरूले हाम्रो हृदयको चार भिन्न अवस्था तथा मनोवृत्तिको प्रतिनिधित्व गर्दछन् (लूका ८:१२; मत्ती १३:१९) तर संसारमा भएका चार प्रकारका मानिसहरू भने होइनन्।

---

**लूका ८:१०**

**प्रश्न ३ : किन चेलाहरूलाई मात्र परमेश्वरको राज्यको गोप्य कुराहरूको ज्ञान दिइएको छ?**

**टिप्पणी :** यो हेर्दाखेरि पक्षपाती जस्तो लाग्दछ, तर त्यसो होइन! 'परमेश्वरको राज्यको गुप्त कुराहरू'चाहिँ सम्पूर्ण नयाँ करारको सन्देश हो। येशू ख्रीष्टको पहिलो आगमनपश्चात्, यो उजागर नगरिएको गोप्य कुरा रहेन तर प्रकट गरिएको सत्यता भएको छ।

जेहोस, येशू ख्रीष्टले सबै व्यक्तिहरूलाई यो सत्यता प्रकट गर्नु हुन्न। यद्यपि, धेरै मनिसहरूले सुसमाचार र नयाँ करारको शिक्षाहरू सुन्छन्, तर वास्तवमै तिनीहरूले ध्यान दिएर सुन्दैनन् र परमेश्वरतर्फ फर्कदैनन्। किनभने तिनीहरूले आफ्नो हृदयलाई कठोर बनाएका हुन्छन्। येशू ख्रीष्टले यो वचनलाई अगमवाणीको पुस्तक यशैयाबाट उद्धृत गर्नु हुन्छ।

**पुरानो करारमा**

यशैया १:२-१५ मा हामी पढ्छौँ, कि इस्राएलका छोराछोरीहरू परमेश्वरको विरुद्ध विद्रोह गरे अनि अटेरी बने। यशैया ६:९-१० मा परमेश्वरले तिनीहरूको न्याय गर्नुहुन्छ र भन्नुहुन्छ, 'यी मानिसहरूको हृदयलाई कठोर बनाऊ, तिनीहरूका कानहरू नसुन्ने पार, तिनीहरूका आँखाहरू बन्द पारिदेऊ। नत्रता तिनीहरूका आँखाले देख्लान्, तिनीहरूका कानले सुन्लान्, तिनीहरूका हृदयले बुझ्लान् र फेरि फर्केर तिनीहरू निको होलान्।' इस्राएलीहरूले धेरे आश्चर्यकर्महरू देखेका थिए र अगमवक्ताहरूबाट सुसमाचार पनि सुनेका थिए, र अझै पनि, तिनीहरूको आफ्नै छनौटमा, परमेश्वरको विरुद्धमा तिनीहरूले आफ्ना हृदयलाई कठोर बनाएका थिए। यसर्थ, तिनीहरू जस्तो हुन चाहेका थिए, परमेश्वरले तिनीहरूलाई त्यस्तै हुन दिनुभयो। परमेश्वरले तिनीहरूको आफ्नै छनौटहरूको परिणामहरूतर्फ उन्मुख हुन दिनु भयो। तिनीहरूले आफ्ना आँखाहरू र कानहरू बन्द गरेका थिए। यसकारण अहिले परमेश्वरले तिनीहरूका आँखाहरू र कानहरूलाई झन् बढ्ता गरेर कस्सिने गरी बन्द गरिदिनु भयो। तिनीहरूले त्यही कुराको कटानी गरे जुन तिनीहरूले छरेका थिए (गलती ६:७-८)।

**नयाँ करारमा**

मत्ती १२ अध्यायमा हामीले पढ्छौँ, कि फरिसीहरू तथा अरू धेरै यहूदीहरूले येशू ख्रीष्टको विरुद्धमा बिद्रोह गरे र तिनीहरू भ्रष्ट भए। तिनीहरूले येशू ख्रीष्टको आलोचना गरे (मत्ती १२:२), निष्कपट मानिसहरूको निन्दा गरे (मत्ती १२:७), शैतानको शक्तिले भूतहरूको लागि जाल र छल तय गरे (मत्ती १२:२४)। मत्ती १३:१०-१५ (लूका ८:१०) मा, येशू ख्रीष्टले पुरानो करारको जस्तै न्यायका साथ तिनीहरूको न्याय गर्नु हुनेछ। येशू ख्रीष्टको आश्‍चर्यकर्महरू तिनीहरूले देखेका थिए र उहाँको धेरै शिक्षाहरू पनि सुनेका थिए। तर अझै तिनीहरूले पनि येशू ख्रीष्टमा विश्‍वास गर्न इन्कार गरेका थिए। यसकारण, तिनीहरूलाई उस्तै प्रकारले न्याय गरियो। येशू ख्रीष्टको विरुद्धमा तिनीहरूले आफैलाई कठोर बनाए। यसर्थ अब येशू ख्रीष्टले तिनीहरूको आफ्नै छनौटको परिणाम तिनीहरूलाई भोग्न दिनु हुन्छ। तिनीहरू जस्तो हुन चाहन्छन्, येशू ख्रीष्टले तिनीहरूलाई त्यस्तै हुन दिनु हुन्छ। अझै पनि तिनीहरूले सुसमाचार तथा बाइबलका सन्देस सुन्न सक्छन्, तर तिनीहरूले लामो समयको लागि अरू बढ्ता बुझ्न र पश्‍चाताप गर्न योग्यका हुने छैनन्।

**आज पनि त्यस्तै अवस्था छ**

बाइबलमा भनेझैँ परमेश्‍वरको वचनअनुसार चल्नु प्रत्येक व्यक्तिको उत्तरदायित्व हुन जान्छ। यदि तपाईंहरूको व्यवहार गर्ने तरिका पनि फरिसीहरूको जस्तै छ र येशू ख्रीष्टलाई तपाईंले एकनासले आलोचना मात्र गर्नु हुन्छ भने तपाईंको हृदय पनि कठोर हुनेछ र तपाईंहरू परमेश्‍वरको राज्यमा प्रवेश गर्न योग्यको हुनुहुने छैन।

जेहोस्, इमान्दारीपूर्वक परमेश्‍वरको वचनलाई जसले पालना गर्छ त्यो प्रत्येक व्यक्तिले कुनै कुराको भय मान्नु आवश्यक छैन। असल र सफा हरेक हृदयले परमेश्‍वरको वचनअनुसार हिड्नेछ र त्यसले फल फलाउनेछ।

सारांशम भन्ने हो भने, प्रत्येक व्यक्ति, जसले बाइबलको परमेश्‍वर तथा बाइबलमा लेखिएको परमेश्‍वरको वचनको विरुद्ध आफ्नो हृदयलाई कठोर बनाउँछ, ऊ यति धेरै कठोर हुन जानेछ कि परमेश्‍वरको वचनलाई उसले अरू बढ्ता सुन्न सक्ने छैन।

तर प्रत्येक व्यक्ति, जसले इमान्दारीपूर्वक परमेश्‍वर तथा उहाँको वचनप्रति आफ्नो प्रतिक्रिया जनाउँछ, उसले यसलाई बुझ्नेछ, बढ्नेछ र फल फलाउनेछ। इमान्दारीपूर्वक येशू ख्रीष्टलाई खोजी गर्ने व्यक्ति कहिल्यै पनि त्यागिने छैनन् (यूहन्ना ६:३७)।

---

**लूका ८:१२**

**प्रश्‍न ४ : बाटो जतिकै साह्रो माटोले के कुराको प्रतिनिधित्व गर्छ?**

**टिप्पणी :** त्यो बाटोचाहिँ कठोर पारिएको, अनभिज्ञ तथा प्रतिक्रियाशील नभएको हृदयको एउटा चित्र हो।

जब मेरो हृदयको अवस्था र व्यवहार यस्तो हुन्छ, म कुनै पनि हालतमा परमेश्‍वरको वचनअनुसार हिँड्दिन। मैले एकनासले यही विचार गर्छु, कि परमेश्‍वरको वचनमा मेरो निम्ति महत्वपूर्ण कुरा केही छैन। मैले बाइबलको सन्देशलाई बुझ्नु कुनै पनि प्रयास गर्दिनँ (मत्ती १३:१९) अथवा परमेश्‍वरको वचनमा प्रतिक्रिया जनाउन नै छोडिदिन्छु। फलस्वरूप, मेरो हृदय चासो नदेखाउने र कठोर हुँदै जान्छ। परमेश्‍वरको वचनको लुकेर बसेको शक्तिको बारेमा शैतानलाई थाहा छ र हामीले अस्वीकार गरेर छोडिएका कुराहरू खोसेर लैजानको लागि ऊ सधैँ तयार भएर बस्छ।

यसको मुख्य शिक्षा नै परमेश्‍वरको वचन (बाइबलको सन्देश) लाई जब म सुन्छु, पढ्छु वा यसको अध्ययन गर्छु, यसलाई बुझ्न हर सम्भव प्रयास गर्ने (मत्ती १३:२३) र त्यसपछि यसलाई स्वीकार गर्ने (मर्कूस ४:२०) हो। मैले तत्कालै तुच्छ प्रकारको, टार्ने, विलम्व गर्ने तथा सत्रुता उत्पन्न गराउने मेरो स्वभावलाई सम्हाल्नै पर्छ।

---

**लूका ८:१२**

**प्रश्न ५ : किन शैतानले हाम्रो हृदयबाट परमेश्वरको वचनलाई खोसेर लैजान चाहन्छ?**

**टिप्पणी** : शैतानले हाम्रो हृदयबाट परमेश्वरको वचनलाई खोसेर लैजान चाहन्छ, किनभने परमेश्वरको वचन नै हामीलाई सुरक्षित राख्ने र हामीलाई परिवर्तन गर्ने एउटा शक्तिशाली साधन हो। परमेश्वरको वचनमा विश्वास गर्ने प्रत्येक व्यक्ति बचाइने छ (रोमी १०:१७)। यसको अर्थ हो कि उसलाई शैतान र शैतानको राज्यबाट खोसेर ल्याइनेछ। हाम्रा प्रभू येशू ख्रीष्टले बलियो शैतानलाई त्यसको अधिन क्षेत्रबाट बाहिर फाल्नुहुन्छ (मत्ती १२:२८-२९; यूहन्ना १२:३१-३२)। बाइबलले भन्दछ, "उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनु भयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नु भएको छ (कलस्सी १:१३)।" किनभने परमेश्वरको वचन (बाइबल) नै मानिसहरूलाई बचाउने र परिवर्तन गर्ने परमेश्वरको माध्यम हो। मानिसहरूको हृदयबाट परमेश्वरको वचनलाई खोसेर लैजान शैतानले हरेक युक्तिको प्रयोग गर्नेछ। सतर्क बस भनी येशूले हामीलाई चेतावनी दिनुभएको छ।

---

**लूका ८:१३**

**प्रश्न ६ :  ढुङ्गेनी माटोले के कुराको प्रतिनिधित्व गर्छ?**

**टिप्पणी :** ढुङ्गेनी माटो हल्का विचार, जरा नगाडिएको र आबेगशील हृदयको चित्र हो।

जुनबेला मेरो हृदयको अवस्था र मनोवृत्ति यस्तो हुन्छ, सोच विचार नै नगरी परमेश्वरको वचनलाई म पालन गर्छु। मण्डली भेलाको समयावधिभर म उत्तेजित हुन्छु र वक्ताको सन्देश तथा व्यक्तिगत निवेदनद्वारा म प्रभावित हुन्छु। आवेगमा आएर येशूलाई स्वीकार्न, सन्देशलाई स्वीकार्न अथवा कुनै निर्णय गर्नलाई म उफ्रन्छु।

तर वचनको अर्थको बारेमा म सोच्दिनँ र परमेश्वरको वचनको परिणामहरूलाई म विचार गर्दिनँ। बाइबलमा भएको सन्देशको कारणले जब संसारका मानिसहरूले मलाई धम्काउन अथवा सताउन सुरु गर्छ, तब परमेश्वरको वचनप्रतिको रुचि म गुमाउँछु, अनि येशूलाई पछ्याउन छोड्छु र पछाडि हट्छु। तब मसँग 'जराहरू छैनन्', त्योचाहिँ, सन्देशलाई म स्वीकार त गर्छु, तर विना दृढ विश्वासको। मभित्रको दृढ विश्वासबाट मेरो विश्वासको स्वीकार प्रकट हुँदैन। यसकारण परमेश्वरको वचनप्रति म दृढ रहन्नँ र आफ्नो स्मृतिमा पनि राख्दिनँ। म यो विचार गर्नमा असफल भएँ कि साँचो चेलापनले आत्म-समर्पण, आत्म-खण्डन, बलिदान, सेवा र कष्ट भोगाइलाई सङ्केत गर्छ। विश्वासी हुन् अथवा विश्वासी भएर रहनुको मूल्यलाई मैले महत्वको ठान्दिनँ। मैले यो महसुस गर्न पनि असफल भएँ, कि परमेश्वरतर्फको बाटो क्रूसबाट भएर मात्र जान्छ। र क्रूसले दुख भोगाइलाई जनाउँछ। यसकारण केही समयको लागि मात्र म स्थिर छु।

यसको मुख्य शिक्षा नै परमेश्वरको वचनलाई आफ्नो स्मृतिमा राख्नु (लूका ८:१५) र जस्तोसुकै परिस्थितिमा पनि त्यसलाई निरन्तररूपमा विश्वास गर्नु तथा पालन गर्नु हो। जब परमेश्वरको वचन सुन्छु, केवल भावनात्मकरूपमा सम्बन्ध राखेको हुनलाई मेरो प्रवृत्तिलाई मैले तत्कालै सम्हाल्नै पर्छ।

---

**लूका ८:१४**

**प्रश्न ७ : काँडा भएको माटोले के कुराको प्रतिनिधित्व गर्छ?**

**टिप्पणी :** काँडा भएको माटोचाहिँ एउटा विभाजित र अरू कुराले पहिले नै भरिएको हृदयको एउटा चित्र हो।

जब-जब मेरो हृदयको अवस्था र मनोवृत्ति यस्तो हुन्छ, परमेश्वरको वचनबाट बाहिर अरू कुराहरूलाई पछ्याउँछु। मेरो हृदय यो संसारका थोकहरू र परमेश्वरका कुराहरूको बीचमा विभाजन भएको छ। मेरो दैनिक जीवन र दैनिक कामको बारेमा अथवा कसरी रुपैयाँ-पैसा धेरै कमाउने भन्ने सपना अनि योजनाको बारेमा अथवा जीवनको हरेक खुसियालीहरूमा रमाउने

बारेमा चिन्ता-फिक्री गर्नका लागि मेरो हृदयभित्र म धेरै कोठाहरूको ढोका खोलिदिन्छु, कि परमेश्वरको वचनको निम्ति वास्तवमै मेरो हृदयभित्र कुनै कोठा खाली छैन। तब निरन्तररूपले संसारिक कुराहरूद्वारा म खिँचिएको छु र मैले गलत कुरालाई प्राथमिकता दिएको छु। तब संसारका थोकहरूले यसरी मलाई पहिला नै कब्जा गरेको छ। यसरी परमेश्वरको वचनमा ध्यान लगाउन अथवा परमेश्वरको वचनअनुसार चल्न मैले कुनै समय नै दिन्नँ। यसको नतिजा यो हो कि मेरो हृदयमा परमेश्वरको वचन निस्सासिएको छ। म परिपक्वतातर्फ बढ्न सक्दिनँ र परमेश्वरको निम्ति म कुनै फल पनि फलाउन सक्दिनँ।

यसको मुख्य शिक्षा नै मेरो हृदयलाई सफा, इमान्दार तथा असल बनाई राख्नु हो (लूका ८:१५)। यसलाई मैले जीवनको चिन्ता-फिक्रीदेखि स्वतन्त्र राख्नुपर्छ, सम्पतिको छलदेखि, संसारको आनन्द दिने कुरादेखि र गलत इच्छादेखि स्वतन्त्र राख्नुपर्छ। मैले आफ्नो चिन्ता-फिक्रीलाई, भौतिक कुराहरूबाट सम्पन्न हुने मेरो झुकाउलाई र मेरो गलत इच्छा तथा प्राथमिकतालाई तत्कालै सम्हाल्नै पर्छ।

---

**लूका ८:१५**

## प्रश्न ८: असल माटोले के कुराको प्रतिनिधित्व गर्छ?

**टिप्पणी :** असल माटो प्रतिक्रियाशील हृदय, आफ्नो स्मृतिमा राख्ने हृदय, राम्ररी तयार पारिएको हृदय र फलदायी हृदयको एउटा चित्र हो। जहिले-जहिले मेरो हृदयको अवस्था र मनोवृत्ति यस्तो हुन्छ, मैले जस्तो गरोस् भन्ने येशू ख्रीष्ट चाहनु हुन्छ, त्यसरी नै परमेश्वरको वचनलाई मैले पालना गर्छु। जब मेरो हृदयको अवस्था र मनोवृत्ति यस्तो हुन्छ, तब मेरो हृदय पहिलो ती तीन हृदयहरूको अवस्था र मनोवृत्तिको विपरित हुन्छ।

## मुख्य शिक्षाहरू यी नै हुन् :

**पहिलो माटोको तुलनामा :** जहिले-जहिले म परमेश्वरको वचन सुन्छु, पढ्छु र अध्ययन गर्छु, म यसलाई ध्यानसित सुन्छु, बुझ्छु र यसलाई स्वीकार गर्छु (मत्ती १३:२३; मर्कूस ४:२०)। म यसो गर्छु, ताकि परमेश्वरको वचनले मलाई रक्षा गरून् र मलाई परिवर्तन गरून् (लूका ८:१२)।

**दोस्रो माटोको तुलनामा :** जहिले-जहिले म परमेश्वरको वचनलाई सुन्छु, सबैभन्दा पहिले म ती वचनहरूमा विश्वास गर्दा र त्यसलाई पालन गर्दाखेरिको त्यो मूल्यलाई विचार गर्छु। म त्यो मूल्यलाई हिसाब गर्छु, किनभने एउटा विश्वासी भएर म दृढ रहन चाहन्छु, यद्यपि मैले कठिनाइहरू र अत्याचारहरूको सामना नै किन गर्न नपरोस्। परमेश्वरको वचनलाई मेरी हृदयको गहिराइमा जोगाएर राख्छु र सबै कठिन परिस्थितिको मुनि यसलाई टाँगेर राख्छु (लूका ८:१५)।

**तेस्रो माटोको तुलनामा :** म मेरो हृदयलाई सफा र परमेश्वरको वचनलाई सास थुनिदिने जे जस्ता कुराहरू भएपनि त्यसदेखि स्वतन्त्र राख्छु (लूका ८:१५)। उदाहरणको लागि, म यसलाई चिन्ता-फिक्री, रुपैयाँ-पैसा र संसारिक आनन्ददेखि सफा राख्छु। परमेश्वरको वचनले मेरो हृदयमा तब मात्रै काम गर्न सक्छ, जब मैले परमेश्वरको वचनलाई पालना गर्छु, जब दृढ विश्वासको साथमा मैले परमेश्वरको वचनलाई स्मृतिमा राख्छु र जब मैले आफ्नो हृदयलाई सफा राख्छु। यसरी, मेहनत र दृढतासाथ परमेश्वरको निम्ति म फल फलाउँछु (लूका ८:१५)। कहिलेकाँही म तीस गुणा बढी र कहिलेकाहिँ सय गुण बढी फल फलाउनेछु (मत्ती १३:२३; मर्कूस ४:२०)।

---

**लूका ८:१५**

## प्रश्न ९ : के यो परमेश्वरको वचनका प्रचारकहरूको निम्ति एउटा शिक्षा दिने सन्देश हो अथवा परमेश्वरको वचन पाउनेहरूका निम्ति एउटा सन्देश हो?

**टिप्पणी :** यो शिक्षा दिने कथा पहिलो स्थानमा छ, परमेश्‍वरको वचनको प्रचारकहरूको निम्ति एउटा सन्देश होइन, तर परमेश्‍वरको वचन प्राप्त गर्नेहरूको निम्ति एउटा सन्देश हो। शिक्षा दिने कथाले साधारणरूपले हामीलाई यो भन्दैन कि प्रचारकले सुसमाचारको सन्देशलाई चार भिन्न प्रकारका प्रतिक्रियाका साथमा चार भिन्न प्रकारका मानिसहरूको आशा गर्नै पर्छ। यो शिक्षा दिने कथाले योभन्दा बढ्ता गरेर बताउँछ।

यो शिक्षा दिने कथाले हामीलाई सिकाउँछ, कि प्रचारकहरू र संसारका सबै मानिसहरूले तिनीहरूको जीवन कालमा फरक-फरक समयमा परमेश्‍वरको वचनतर्फ चारै प्रकारका व्यवहारहरू धारण गर्न सक्छन् । श्रोताको व्यवहार र कुनै दिइएको अवधिमा उसको हृदयको अवस्थाले त्यसको प्रभावलाई निर्धारण गर्दछ, कि उमाथि परमेश्‍वरको वचन हुनेछ। परमेश्‍वरको वचनतर्फ हाम्रो उत्तरदायित्व हामीलाई महसुस गराउनका लागि येशूले हामीलाई शिक्षा दिने यो कथा भन्नु हुन्छ। परमेश्‍वरको वचनतर्फ हाम्रो उत्तरदायित्व यो हो :

यसलाई पालना गर्नका लागि, जुन यसलाई सुन्नु, यसलाई बुझ्नु र यसलाई स्वीकार गर्नु हो (मत्ती १३:१९; मर्कूस ४:२०)। 'स्वीकार गर्नु'को अर्थ यसलाई त्रुटिहीनजस्तो गरेर स्वीकार्नु हो (प्रेरीत १६:२१), अनुकूलतापुर्वक प्राप्त गर्नु, जुनचाहिँ प्रेमसित हो (हिब्रू १२:६)।

दृढ विश्‍वास र दृढतासाथ गम्भिर भएर यसलाई पालना गर्नु नै यसलाई स्मृतिमा राख्नु (लूका ८:१५) हो। यसलाई 'स्मृतिमा राख्नु'को अर्थ कसैको सम्झनामा राख्नु (१ कोरिन्थी १५:२), यसलाई कहिल्यै फुस्किन नदिनु (लूका ८:१५; १ थेसलोनिकी ५:२१}, सुरक्षा दिनलाई ताकि यो गुम्ने छैन (१ कोरिन्थी ११:२)।

यसलाई सफा र विभाजित नभएको हृदयले प्रतिक्रिया जनाउन (लूका ८:१५)।

र मेहनत र दृढतासाथ फल फलाएर यसमा प्रतिक्रिया जनाउन (लूका ८:१५)।

प्रत्येक समय बाइबलबाट म सुन्छु, पढ्छु र अध्ययन गर्छु। मेरो जीवनमाथि परमेश्‍वरको वचनको प्रभाव कस्तो हुनेछ भन्ने कुरा मेरो हृदयको अवस्था र व्यवहारले निर्धारण गर्छ। प्रत्येक समय मेरो हृदय प्रतिक्रियाशील, गम्भीर तथा राम्ररी तयार पारिएको हुन्छ, तब म परमेश्‍वरको वचन सुन्न र बुझ्नका लागि उत्सुक हुनेछु, कठिन परिस्थितिमा पनि परमेश्‍वरको वचनलाई थामिराख्ने निधो म गर्नेछु, र बढ्न तथा फल फलाउनलाई म समय निकाल्नेछु।

**सारांश :** मेरो जीवनको कुनै दिनमा मेरो हृदयको अवस्थाले मेरो जीवनमा परमेश्‍वरको वचनको प्रभावलाई निर्धारण गर्नेछ। त्यो व्यवहारले यस कुराको निर्धारण गर्छ कि म बढ्नेछु कि बढ्नेछैन अनि मैले फल फलाउनेछु कि फलाउने छैन जुन व्यवहारको साथमा म बाइबलबाट सुन्छु, पढ्छु, र अध्ययन गर्छु।

---

## प्रश्‍न १० : यो शिक्षा दिने कथाको सन्देशको सार के हो?

**टिप्पणी :** शिक्षा दिने यो कथाको सन्देशको सार यो हो, कि मेरो हृदयको अवस्था अथवा व्यवहारले परमेश्‍वरको वचनलाई मैले दिने प्रतिक्रियालाई निर्धारण गर्छ। अनि परमेश्‍वरको वचनलाई दिने मेरो प्रतिक्रियाले परमेश्‍वरको निम्ति मैले कति धेरै फल फलाउनेछु भन्ने कुराको निर्धारण गर्छ।

जीवनमा मेरो असल कार्यहरू (प्रभाव) परमेश्‍वरको वचनप्रतिको मेरो आज्ञाकारीता माथि निर्भर हुन्छ। अनि परमेश्‍वरको वचनप्रतिको मेरो आज्ञाकारिता मेरो हृदयको अवस्था र व्यवहारमाथि निर्भर हुन्छ।

ती मानिसहरूको निम्ति यो एउटा चुनौति हो, जसले परमेश्‍वरको वचनलाई पालना गर्दैन। तर ती मानिसहरूको निम्ति यो एउटा ठूलो उत्साह र आशा पनि हो, जसले आफ्ना हृदयको व्यवहारलाई परिवर्तन गर्न चाहन्छ। हरेक समय म बाइबलबाट सुन्छु, पढ्छु र अध्ययन गर्छु। मेरो व्यवहारलाई म तुरुन्तै परिवर्तन गर्न सक्छु र सफा हृदयले सुन्न, बुझ्न, स्वीकार गर्न, र स्मृतिमा राख्न सक्छु, अनि दृढताको साथमा फल फलाउन सक्छु।

---

लूका ८:१५

**प्रश्न ११ : अन्न उत्पादन गर्नलाई म कसरी दृढ रहन सक्छु?**

**टिप्पणी:** मेरो वरिपरि शैतान छ, मबाहिर भौतिकवाद संसार छ र मभित्र पापपूर्ण स्वभाव छ। किनभने ती सबैले मेरो विरुद्धको लडाइँ लड्छन्। मैले त्यो लडाइँ निरन्तर लड्नु नै पर्छ। म कसरी दृढ रहने?

- जब म बाइबलमा परमेश्वरको वचनहरूलाई निरन्तररूपमा सुन्छु, पढ्छु, अध्ययन गर्छु, याद गर्छु, मनन गर्छु र मेरो आफ्नै जीवनमा लागू गर्छु तथा जब म ती वचनहरूलाई अरू मानिसहरूमा बाँड्छु, त्यस समयमा म दृढ हुनेछु।
- जब मेरो हृदयको अवस्था र व्यवहार ठीक हुन्छ तब म दृढ हुनेछु र जब म सँग सफा र विभाजित नभएको हृदय हुन्छ।
- मेरो सोचाइ, अनुभव र वानी-व्यहोरालाई परिवर्तन गर्नका लागि परमेश्वरलाई जब म अनुमति दिन्छु, म दृढ हुनेछु।
- मैले दृढतालाई नत्याग्ने निर्णय गर्नैपर्छ। म दृढ हुनैपर्छ। म दृढ हुन सक्छु किनभने परमेश्वरले मेरो साथमा रहने प्रतिज्ञा गर्नुभएको छ।

**चरण ४ : लागू गर्नु** **प्रयोगहरू**

**सोच्नुहोस् :** इसाईहरूको निम्ति यो खण्डमा कुन सत्यताहरूको प्रयोग सम्भव छन्?

**बाँडनुहोस् र टिपोट बनाउनुहोस् :** विचारको बारेमा एक अर्कासँग छलफल गरौं र लूका ८:४-१५ बाट सम्भावित प्रयोगहरूको सूचिको टिपोट बनाऔं।

**सोच्नुहोस्** : कुनचाहिँ सम्भावित प्रयोगलाई तपाईंले व्यक्तिगत प्रयोगमा बदल्नु भएको परमेश्वर चाहनुहुन्छ?

**टिपोट बनाउनुहोस् :** तपाईंको नोटबुकमा यो व्यक्तिगत प्रयोगलाई लेख्नुहोस्। तपाईंको व्यक्तिगत प्रयोगलाई बाँडनमा स्वतन्त्र महसुस गर्नुहोस्।

(याद गर्नुहोस् कि प्रत्येक समूहका मानिसहरूले फरक-फरक सत्यताहरूको प्रयोग गर्नेछन अथवा उही सत्यताको फरक-फरक प्रयोग पनि गर्न सक्नेछन। सम्भावित प्रयोगहरूको सुची निम्न अनुसार छ :

**१. लूका ८:४-१५ बाट सम्भावित प्रयोगहरूका उदाहरणहरू :**

| | |
|---|---|
| ८:८ख-१० : | बाइबलको प्रचारलाई धेरै राम्रोसँग सुन्नुहोस्।<br>बाइबलको सन्देशहरूलाई पारख गर्नुहोस् र बुझ्नुहोस् (मत्ती १३:१९, २३: मर्कूस ४:१३)। |
| ८:११ | बाइबललाई धेरै गम्भीरतासाथ लिने निर्णय गर्नुहोस् र यसका सन्देशहरूलाई पालन गर्नुहोस्। |
| ८:१२ | सुरक्षित हुनकालागि बाइबलका सन्देशहरूमाथि विश्वास गर्नुहोस्। |
| ८:१३ | बाइबलका सन्देशहरूबाट व्यक्तिगत दृढ विश्वासको विकास गर्नुहोस्। बाइबलको बारेमा साधारण ज्ञान मात्र लिएर नबस्नुहोस्। |
| ८:१५ | तपाईंको जीवनमा बाइबलका केही पदहरूलाई प्रतिधारण गर्नलाई तिनीहरूमाथि मनन गर्नुहोस् र तिनीहरूको सम्झना गर्नुहोस्। |
| ८:१५ | तपाईंले बाइबल पढ्ने वा अध्ययन गर्ने हरेक समयमा तपाईंको हृदय सफा र विभाजित नभएको कुरामा निश्चित हुनुहोस्। |
| ८:१५ | बाइबलका सन्देशहरूलाई नियमित रूपमा आफ्नो जीवनमा लागू गरेर फल फलाउनुहोस्। |

**२. लूका ८:४-१५ बाट व्यक्तिगत प्रयोगका उदाहरणहरू :**

हरेक समय जब मा बाइबलबाट सुन्छु, त्यसलाई मैले बुझोस् भन्ने परमेश्वर चाहनु हुन्छ, ताकि मेरो हृदयबाट शैतानले त्यसलाई खोसेर लैजान नसकोस्। यसकारण प्रत्येक हप्ता म एउटा बाइबल अध्ययन गर्न चाहन्छु। प्रत्येक हप्ता बाइबल अध्ययन गर्नाले परमेश्वरको वचन अझ राम्ररी बुझ्न मलाई मद्दत मिल्नेछ।

म बढेको र फल फलाएको परमेश्वर चाहनु हुन्छ। यसकारण, मैले बाइबल पढ्ने र अध्ययन गर्ने प्रत्येक समय आफैले आफैलाई यो प्रश्न सोध्नेछु, “यो वचनले मलाई कसरी परिवर्तन गर्छ अथवा अरूहरूलाई प्रभाव पार्छ?” र त्यसपछि म यसलाई अभ्यास गर्ने कोसिस गर्नेछु।

| चरण ५ : प्रार्थना गर्नुहोस् प्रतिक्रिया |
|---|
| लूका ८:४-१५ मा परमेश्वरले हामीलाई सिकाउनु भएको एउटा सत्यताको बारेमा प्रार्थना गर्नको लागि पालो मिलाउनुहोस्। (यो बाइबल अध्ययनको समयावधिभर तपाईंले जे सिक्नु भएको छ त्यसलाई तपाईंको प्रार्थनामा प्रतिक्रिया जनाउनुहोस्। एक वा दुई वाक्यहरूमा मात्र प्रार्थना गर्ने अभ्यास गर्नुहोस्। याद गर्नुहोस् कि प्रत्येक समूहका मानिसहरूले भिन्न-भिन्न बिषयमा प्रार्थन गर्नेछन्।) |

| ५ | **प्रार्थना** (८ मिनेट)<br>**अन्तरबिन्ती प्रार्थना** |
|---|---|

दुई या तीन जनाको समूहहरूको प्रार्थनालाई निरन्तरता दिनुहोस्। एकले अर्काको निम्ति तथा विश्वभरिका मानिसहरूको निम्ति प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |
|---|---|

(**समूहको अगुवा:** समूहका सदस्यहरूलाई यो तयारीको निम्ति घरमा गएर लेख्न वा यसलाई अर्कोमा सार्ने काम दिनुहोस्।)

**१. प्रतिवद्धता** : बाइबलमा परमेश्वरले तपाईंलाई जुन कुराहरू भन्नुहुन्छ त्यसमा प्रतिक्रिया जनाउने प्रतिवद्धता गर्नुहोस्। नियमित रूपमा बाइबल अध्ययन गर्नकालागि प्रतिवद्धता गर्नुहोस्।

**२. परमेश्वरसितको व्यक्तिगत समय :** प्रत्येक दिन मत्ती ८:१ – ११:२४ को आधा अध्यायबाट परमेश्वरसितको व्यक्तिगत समयलाई प्राप्त गर्नुहोस्। मनपर्ने सत्यता विधिलाई प्रयोगमा ल्याउनुहोस्। सिकेका कुराहरूको टिप्पणी बनाउनुहोस्।

**३. सम्झना :** बाइबलका नयाँ पदहरूमा मनन गर्नुहोस् र याद गर्नुहोस्। मुक्तिको निश्चयता: यूहन्ना १०:२८

**४. प्रार्थना :** कोही व्यक्ति वा यो हप्ता कुनै निश्चित कुराको निम्ति प्रार्थना गर्नुहोस् र हेर्नुहोस परमेश्वरले के गर्दैहुनुहुन्छ (भ. सं. ५:३)।

**५.** चेलाहरूको निर्माण कार्यमा तपाईंको नोटबुकलाई अद्यावधिक बनाउनुहोस्। परमेश्वरसितको तपाईंको व्यक्तिगत समयमा सम्झनाका टिप्पणीहरू, बाइबल अध्ययनका नोटहरू तथा यो तयारी जस्ता टिप्पणीहरूलाई समावेश गर्नुहोस्।

# पाठ : ३

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गरेर प्रभुको चेला बनाउने तपाईंको समूह र यो पाठ्यक्रमलाई प्रभुको हातमा सुम्पनुहोस्।

| २ | **आराधना** (२० मिनेट)<br>परमेश्वर महान् अनि शक्तिशाली हुनुहुन्छ |
|---|---|

**शिक्षा दिनुहोस् -** 'आराधना' के हो? 'आराधना'को परिभाषा यस्तो छ :

आराधना भनेको परमेश्वरप्रतिको श्रद्धा, उपासना, अधिनता र समर्पणताको मनोवृत्ति हो। आराधनालाई विभिन्न किसिमको प्रार्थाना र हाम्रो दैनिक जीवन जिउने तरिकाद्वारा व्यक्त गरिन्छ।

परमेश्वरको आराधना गर्नको निम्ति उहाँ को हुनुहुन्छ भनी हामीले जान्नु आवश्यक छ। आराधना गर्ने हरेक समयमा हामी परमेश्वरको एउटा विशेषता सिक्छौं।

(समूहको अगुवा - 'परमेश्वर महान् अनि शक्तिशाली हुनुहुन्छ' भन्ने बारेको शिक्षा पढ्नुहोस्।)

## विषय : परमेश्वर महान् अनि शक्तिशाली हुनुहुन्छ

यी बाइबल खण्डहरू पढ्नुहोस् : - अय्यूब ३८:४-५ (पृथ्वी), ३८:८-११ (समुद्र), ३८:३१-३३ (तारामण्डल); यशैया ४०:१२ (नाप्नु, जोख्नु), २५-२६ (तारापुञ्ज)।

आफ्नो महानता र शक्तिको बारेमा जाँच गर्न र बुझ्न परमेश्वरले मानिसहरूलाई चुनौति दिनुहुन्छ! परमेश्वरको शक्तिसँग तुलना गर्नको निम्ति यस पृथ्वीमा कुनै थोक छैन। हिमाल, पहाड र प्रशान्त महासागर अति नै साना छन्। सौर्य परिवारमा त्यस्तो कुनै कुरा छैन, जसलाई परमेश्वरको महानतासँग तुलना गर्न सकियोस्। यद्यपि सूर्य पनि निकै सानो छ। त्यसो हो भने मानिसहरूले केसँग परमेश्वरको महानता र शक्तिको तुलना गर्न सक्छन् त? परमेश्वरसँग तुलना गर्नलायक ठूलो कुराको बारेमा मानिसहरूलाई कुनै थोक थाहा छैन। त्यसकारण सबै मानिसहरू यस कुरामा चुपचाप छन्। त्यसपछि मानिसहरूलाई माथि आकाशका ताराहरू हेर्न र तिनीहरूलाई कसले बनाएका हुन् भनी विचार गर्न लगाउनुहुन्छ। ताराहरूका बारेमा केही तथ्यहरू विचार गर्नुहोस्।

### १. ताराहरूको सङ्ख्या [1] :

आकाश सफा भएको रातमा तपाईंको आँखाले टिलिस्कपको सहायताबिना नै ६,००० ताराहरू देख्न सक्नुहुन्छ। प्राय: ती ताराहरू हाम्रै आकाशगंगाका हुन्, जसलाई मिल्की वे आकाशगंगा (Milky Way Galaxy) भनिन्छ। यस मिल्की वे आकाशगंगामा करिब १,००,००,००,००,००० ताराहरू छन्।

खगोलबिद्हरूले सबैभन्दा ठूलो दूरबिन प्रयोग गरी सारा ब्रह्माण्डमा भएका ताराहरू गन्ने प्रयास गरे। तिनीहरूले ब्रह्माण्डमा १०००००००००००००००००००००० ताराहरू र १०००००००००० आकाशगंगाहरू हुन सक्छन् भनी अनुमान लगाए।

ताराहरूको सङ्ख्या यति धेरै छ, कि कुनै मानिसले जीवनभरि लगाएर पनि त्यसलाई गन्न सक्दैन।

### २. ताराहरूबीचको दूरी : -

[1] British million is 6 zero's, billion is 12 zero's trillion is 18 zero's. American million is 6 zero's, billion is 9 zero's, trillion is 12 zero's.

हाम्रो सौर्य परिवारभित्र रहेको नजिक एउटै मात्र तारा सूर्य हो। त्यो पृथ्वीबाट १५,००,००,००० किलोमिटर टाढा छ। यो कति टाढा होला? यदि तपाईंले अहिलेको अत्याधुनिक हवाइजहाज प्रयोग गरी १,००० किलोमिटर प्रति घण्टाको गतिमा सूर्यतिर यात्रा गर्नुभयो भने तपाईंलाई त्यहाँ पुग्न १७ वर्ष लाग्नेछ।

ब्रह्माण्डमा भएका ताराहरूका दूरी यति विशाल छन्, कि तिनीहरूको दूरी नाप्नको लागि वैज्ञानिकहरूले 'प्रकाश वर्ष' भन्ने इकाइको प्रयोग गर्ने गर्छन्। अहिलेसम्म मानिसलाई थाहा भएको सबैभन्दा द्रूत गतिमा यात्रा गर्ने कुरा प्रकाश नै हो। प्रकाश प्रति सेकेण्ड ३,००,००० किलोमिटरको गतिमा यात्रा गर्छ। यो यति छिटो हो, कि एक सेकेण्डमा प्रकाशले पृथ्वीलाई साढे सातपटक परिक्रमा गरिसक्छ। एक प्रकाश वर्ष भनेको प्रकाशले एक वर्षभरिमा पार गरिसक्ने दूरी हो र त्यसको लम्बाइ ९४,५४,००,००,००,००० किलोमिटर हुन्छ। अहिलेको छिटो उड्ने अत्याधुनिक हवाइजहाजलाई यति दूरी पार गर्न १०,००,००० वर्ष लाग्छ!

सबैभन्दा नजिक रहेको चन्द्रमा पृथ्वीबाट एक-तिहाइ प्रकाश-सेकेण्ड टाढा छ। मङ्गल ग्रह पाँच प्रकाश-मिनेट टाढा छ। सूर्यचाहिँ आठ प्रकाश-मिनेट टाढा छ र त्यसैगरी प्लुटो ग्रह पाँच प्रकाश-घण्टा टाढा छ। हाम्रो सौर्य परिवारबाट सबैभन्दा नजिको तारा (???) ४.३ प्रकाश-वर्ष टाढा छ! तपाई अत्याधुनिक हवाइजहाजमा उडेर त्यहाँ जान चाहनुभयो भने ४५ लाख वर्षभन्दा बढी समय लाग्छ!

मिल्की वे नामको हाम्रो आकाशगंगाको ब्यास १,२०,००० प्रकाश-वर्ष छ। यो आकाशगंगाको नजिकको अर्को आकाशगंगाको नाम Spiral Nebula N-1 हो, यसमा पनि अरबौँ-खरबौँ ताराहरू छन्। हाम्रो आकाशगंगाबाट त्यसको दूरी १० लाख प्रकाश-वर्षभन्दा टाढा छ! खगोलबिद्हरूले यस्तो अनुमान लगाएका छन्, कि ब्रह्माण्डमा सबैभन्दा टाढाको नाप्न सकिने दूरी भनेको १७०००००००० प्रकाश-वर्ष हो, यसमा दुई-तीन हजार प्रकाष-वर्ष थप्दा वा घटाउँदा केही फरक पर्दैन। यो अति विशाल ब्रह्माण्डमाथि मानिसले कहिल्यै विजय पाउनेछैन!

### ३. ताराहरूका आकार :

हाम्रो 'पृथ्वी' ग्रहको ब्यास १२,७५६ किलोमिटर छ। सूर्यको ब्यास पृथ्वीको भन्दा १०९ गुणा बढी छ। तर अरू यस्ता ताराहरू छन्, जसको ब्यास सूर्यको ब्यासभन्दा १०० गुणा अनि १००० गुणा बढी छ!

ती विशाल ताराहरूको आकार यति ठूलो छ, कि हाम्रो सौर्य परिवारको एक भाग; जस्तैः सूर्य, बुध, सुक्र, पृथ्वी र मङ्गल ग्रह सबै एउटा ताराभित्र सजिलै परिक्रमा गर्न सक्छन्।

यदि पृथ्वीको ब्यासलाई १ मिलिमिटर मान्ने हो भने, त्यसलाई सूर्यको ब्याससँग तुलना गर्ने हो भने त्यो ११ सेन्टिमिटर हुनजान्छ र सबैभन्दा ठूलो ताराको ब्यासचाहिँ १०० मिटर हुनजान्छ!

ठूला-ठूला दूरबीनहरूको सहायताद्वारा हामी ब्रह्माण्डमा भएका ताराहरूको अध्ययन गर्नसक्छौँ। तर ब्रह्माण्डका ती विशाल ताराहरूलाई कसले सृष्टि गऱ्यो? परमेश्वरले नै सबै ताराहरूको सृष्टि गर्नुभएको हो भनी बाइबलले बताउँछ, र उहाँले तिनीहरूको चाल र गतिलाई नियन्त्रण गर्नुहुन्छ, त्यतिमात्र होइन उहाँले प्रत्येक तारालाई नाउँ दिनुहुन्छ! यदि मानिसले ताराहरूको सङ्ख्या, दूरी र आकारलाई बुझ्नसक्दैन भने कसरी उसले ती ताराहरूका सृष्टिकर्तालाई बुझ्न सक्छ? ती अचम्मका ताराहरूका अस्तित्वले अति महान् अनि अचम्मका परमेश्वरको अस्तित्वलाई देखाउँछ।

**समूहको अगुवा -** अति महान् र शक्तिशाली विशेषता हुनुभएको परमेश्वरको आराधना गर्नुहोस्। तीन-तीन जनाको सानो समूह बनाएर आराधना गर्नुहोस्।

| ३ | **बुझेको कुरा बाँड्ने** (२० मिनेट)<br>मत्ती |
|---|---|


अध्ययन गर्न दिइएको बाइबल खण्ड (मत्ती ८:१ - ११:२४) बाट तपाईंले परमेश्वरसँग व्यक्तगत समय बिताउँदा के सिक्नुभएको छ भनी छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा आफूले लेखेको कापीबाट पढ्नुहोस्)।

| ४ | **शिक्षा** (७० मिनेट) |
|---|---|
| | [सुसमाचार] - सुसमाचारको अवधारणाहरू (भाग-१) |

हामीले मानिसहरूलाई सुसमाचार सुनाउँदा, हामीले प्रयोग गर्ने शब्दहरूका अर्थ व्याख्या गर्नैपर्छ। 'पाप', 'मृत्यु' र 'न्याय' अनि किन येशू ख्रीष्ट पिता परमेश्वरकहाँ जाने एउटा मात्र बाटो हुनुहुन्छ' र 'येशू ख्रीष्टमा विश्वास गर्नु' भनेको के हो- यी सबैको अवधारणाहरू बुझ्नको निम्ति हामीले मानिसहरूलाई सहायता गर्नुपर्छ।

## क. सुसमाचारको सन्देश

'सुसमाचार' भनेको मानिसको निम्ति परमेश्वरको सबैभन्दा ठूलो उपहारको बारेमा बताउने असल खबर हो। सुसमाचारको सन्देशलाई विभिन्न तरिकाहरूद्वारा प्रस्तुत गर्न सकिन्छ; जस्तै: घोषना गरेर, गीत-भजन गाएर, अभिनयद्वारा, चित्रहरूद्वारा र दृष्टान्तहरूद्वारा (तल हेर्नुहोस्)।
तपाईंले कुनै मानिसलाई सुसमाचारको सन्देश व्याख्या गर्दा तलको चित्र कोर्नुहोस्।
**समूहको अगुवा -** विद्यार्थीहरूलाई यो गर्नको निम्ति सिक्न सहायता गर्नुहोस्।



**परमेश्वरद्वारा मानिसको सृष्टि**

(१) उत्पत्ति १:२७ - सुरुमा परमेश्वरले पहिलो पुरुष र महिलालाई आफ्नै स्वरूपममा सृष्टि गर्नुभयो। यसको अर्थ के हो भने तिनीहरूले परमेश्वरलाई जान्थे र उहाँसँग प्रेमिलो सम्बन्ध राख्थे। त्यतिबेला तिनीहरू पापरहित थिए र तिनीहरूसँग अनन्त जीवन थियो। परमेश्वरले तिनीहरूको आज्ञाकारिताको जाँच लिनुभयो (उत्पत्ति २:१५-१७), तर तिनीहरू आज्ञाकारी हुन नसकेर जाँचमा असफल भए। तिनीहरू पापमा पतन भए। त्यसैले परमेश्वरले तिनीहरूलाई स्वर्गलोकबाट (पृथ्वीको अदनको बगैँचाबाट) धपाइदिनुभयो र जीवनको रूखतिर आउनबाट रोक्न बार लगाउनुभयो (उत्पत्ति ३:२४)।

**मानिसको पापमा पतन**

(२) यशैया ५९:१-२ हेर्नुहोस्। पापले मानिसलाई परमेश्वरबाट अलग गर्छ, र त्यसैगरी त्यसले पवित्र परमेश्वरलाई पापपूर्ण मानिसबाट अलग गर्छ। त्यसैकारणले गर्दा परमेश्वरले तिनीहरूको प्रार्थना सुन्नुहुन्न अथवा तिनीहरूलाई बचाउनुहुन्न। आदम पतन भएका सबै मानव जगतको प्रतिनिधि हुन्। आदमको सबै सन्तानहरूमा त्यो पापपूर्ण स्वभाव छ र त्यसको परिणामस्वरूपम मृत्यु भोग्नुपर्छ (रोमी ५:१२, १७-१९)।

(३) रोमी ३:२३ हेर्नुहोस्। सबै मानिसले पाप गरेका छन् र परमेश्वरको पवित्र चरित्र अनि उपस्थितिबाट पतन भएका छन्।

(४) रोमी ६:२३क हेर्नुहोस्। अब सबै स्वभाविक मानिसहरू पाप र मृत्युको व्यवस्थामुनि छन् (रोमी ८:२-३), परमेश्वरको क्रोधको मुनि छन् (रोमी १:८), तिनीहरू पूर्णरूपमा हराएका छन् र अनन्त मृत्यको (नरकको) बाटोतिर गइरहेका छन्।

**मानिसले आफूलाई बचाउनको निम्ति गर्ने प्रयास**

तर मानिसहरूले आफूलाई बचाउन सक्छौँ भनी विचार गर्छन्। तलका तरिकाहरू अपनाएर तिनीहरू परमेश्वरकहाँ उक्लन सकिन्छ भनी तिनीहरूले विश्वास गर्छन्।

(५) गलाती ३:१०-११ र याकूब २०:१० हेर्नुहोस्। केही मानसिहरू यसरी विश्वास गर्छन्, कि व्यवस्था पालन गर्न कोसिस गऱ्यो भने परमेश्वरले तिनीहरूलाई धर्मी ठहऱ्याउनुहुन्छ (बचाउनु हुन्छ)। तर कसैले पनि व्यवस्था ठीकसँग पालन गर्न सक्दैन र व्यवस्था पालन गर्न कुनै व्यक्त सक्षम छैन भनी बाइबलले बताउँछ (रोमी ८:७-८)।

(६) एफिसी २:८-९ हेर्नुहोस्। केही मानिसहरू विश्वास गर्छन्, कि तिनीहरूले असल कामहरू गरे भने परमेश्वरले तिनीहरूलाई धर्मी ठहऱ्याउनुहुन्छ (बचाउनु हुन्छ)। तर कुनै मानिसले परमेश्वरको उपस्थितिमा घमण्ड गर्न सक्दैन भनी बाइबलले बताउँछ। परमेश्वरको अनुग्रह र विश्वासद्वारा मात्र मानिसहरू बचाइन सकिन्छ।

(७) यूहन्ना १४:६ हेर्नुहोस्। अरू मानिसहरू विश्वास गर्छन्, कि धर्मको अभ्यासद्वारा तिनीहरू धर्मी ठहरिन्छन्। तर येशूले भन्नुभयो: "म बाटो हुँ। मबाहेक अरू कोहीद्वारा पिताकहाँ आउन सक्दैन।" कुनै धर्मले पापको समस्यासँग सामन गर्न सक्दैन। त्यसकारण, येशू ख्रीष्टद्वारा नबचाइएमा मानसिहरूलाई परमेश्वरको पवित्रता र धार्मिकताले दण्ड दिनै पर्छ र मानिसहरूको दण्ड भनेको अनन्त मृत्यु नै हो।

**मानिसलाई बचाउने परमेश्वरको पहल**

(८) रोमी ५:८ हेर्नुहोस्। परमेश्वरको प्रेमले मुक्तिको एकमात्र बाटोलाई सम्भव तुल्याउँछ। आफ्नो ईश्वरीय स्वाभाबलाई नत्यागीकन परमेश्वरले मानव स्वभाव धारण गर्नुभयो र येशू ख्रीष्टमा उहाँ मानिस बन्नुभयो। उहाँ आफ्नो सृष्टमा र मानव इतिहासमा यस पृथ्वीका हराएका मानिसहरूसँग वास गर्न मात्र यहाँ आउनुभएन तर उहाँ मानिसको पापको निम्ति तिनीहरूको सट्टामा मर्न आउनुभयो (यूहन्ना १:१, १४, १८; फिलिप्पी २:५-८)। उहाँको प्रेमले आफैलाई क्रूसमा पापको निम्ति प्रायश्चितको सिद्ध बलि तुल्याउनुभयो।

(९) १ पत्रुस २:२४ हेर्नुहोस्। क्रूसमा मर्नुभएर येशू ख्रीष्टले परमेश्वरको हामीप्रतिको पवित्र र धार्मिक रीसलाई हटाएर त्यो उहाँले आफूमाथि राख्नुहुन्छ।

(१०) १ पत्रुस ३:१८ हेर्नुहोस्। क्रूसमा मर्नुभएर येशू ख्रीष्टले हाम्रो पापको परिणामहरूलाई हटाउहुन्छ र हामीलाई परमेश्वरसँग पुनर्मिलाप गराउनुहुन्छ। परमेश्वरकहाँ जाने पुल अथवा बाटो येशू ख्रीष्ट हुनुहुन्छ।

**ख्रीष्टको निमन्त्रणा अनि मानिसले गर्नैपर्ने छनौट**

(११) मत्ती ११:२८-३० हेर्नुहोस्। येशूले भन्नुहुन्छ: हे सबै थाकेका र बोझले दबिएका होमकहाँ आऊ, म तिमीहरूलाई विश्राम दिनेछु।" उहाँको यो निमन्त्रणाप्रति कस्तो प्रतिक्रिया जनाउने भन्ने मानिसको जिम्मेवारी हो।

**समस्या (पाप) र त्यसको परिणामहरू (अलग हुनु) स्थाईरूपमा हटाइएको छन्।**

(१२) यूहन्ना ५:२४ ले यसो भन्छ: "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ।" यहाँ दुई शर्तहरू छन् र तीन नतिजाहरू छन्। हरेक व्यक्ति जसले सुसमाचार सुन्छ, उसले व्यक्तिगत छनौट अथवा निर्णय गर्नैपर्छ: कि येशू ख्रीष्टद्वारा प्रकट हुनुभएको परमेश्वरमाथि विश्वास गर्नुपर्छ, होइन भने ख्रीष्टबाट स्वतन्त्र रही अनन्तको मृत्युलाई निरन्तरता दिनुपर्छ (२ थेसलोनिके १:८-९)। हरेक विश्वास गर्नेहरूका लागि तीन वटा नतिजाहरू छन्: उसले तुरुन्तै अनन्त जीवन धारण गर्छ; ऊ कहल्यै दोषी ठहरिएर (दण्डाज्ञा पाएर) नरक जानुपर्दैन।; र ऊ पहिले नै अनन्त मृत्यको बाटोबाट अनन्त जीवनको बाटोमा सरिसकेको हुन्छ। उहाँको हातबाट कसैले उसलाई खोसेर लानेछैन भनी येशूले प्रतिज्ञा गर्नुहुन्छ (यूहन्ना १०:२८)।

**सारंशको सन्देश**

यूहन्ना ३:१६ हेर्नुहोस्। बाइबलले यसरी निष्कर्ष दिन्छ: "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।"


---

## ख. बाइबलमा 'पाप' भन्ने शब्दको अर्थ

सुसमाचारले यसो भन्छ, " सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेके छन्" (रोमी ३:२३)।

शिक्षा दिनुहोस्। सुरुको भाषामा हेर्ने हो भने भजनसङ्ग्र ५१:१-४ मा 'पाप'को निम्ति तीन वटा शब्दहरू प्रयोग गरिएका छन्: पाप (sin), अपराधहरू (transgressions), अधर्म (iniquity)।

**१. 'पाप' भन्ने शब्दको अर्थ: -**




**पाप भनेको तपाईंको जीवनको निम्ति परमेश्वरको लक्ष्य (निसाना) चुक्नु हो।**


बाइबलद्वारा हामीमा प्रकट हुनुहुने परमेश्वरको लक्ष्य भनेको यस पृथ्वीका सबै मानिसहरूले उहाँसँग ठीक (सही) सम्बन्ध राखोस् भन्ने हो। त्यसको फलस्वरूप तिनीहरूले अरू मानिसहरूसँग पनि सही किसिमकोक सम्बन्ध कायम राख्छन् र परमेश्वरको नजरमा सही ठहरिने कामहरू गर्छन्। 'पापी' चाहिँ यस्तो व्यक्ति हो, जसले उसको जीवनमा परमेश्वरले राख्नुभएको लक्ष्यबाट ऊ चुक्छ, र उसले परमेश्वरसँग सही सम्बन्ध राख्दैन र फलस्वरूपम अरू मानिसहरूसँग पनि सही सम्बन्ध राख्दैन!

**पापको अर्को अर्थ भनेको परमेश्वरको सिद्ध मामदण्डसम्म पुग्नबाट चुक्नु हो।**

सही जीवन जिउन र सही काम गर्नको निम्ति परमेश्वरको सिद्ध मामदण्ड भनेको येशू ख्रीष्ट र बाइबलमा भएका उहाँका शिक्षाहरू हुन्। तपाईंले जुनसुकै भाषा बोले तापनि वा जुनसुकै धर्म माने तापनि कुनै मतलब छैन, तपाईंको जीवन र तपाईंका कामहरू परमेश्वरको यस सिद्ध मामदण्डको विरुद्धमा नापिन्छन्।

तर यस संसारका सबै मानिसहरू परमेश्वरको उक्त सिद्ध मापदण्डसम्म पुग्नबाट चुकेका हुनाले तिनीहरू हराएका छन् र तिनीहरूलाई मुक्तिदाताको खाँचो छ। उदाहणीय जीवन जिएर जीवनमा थुप्रै असल कामहरू गर्ने मानिसहरू पनि परमेश्वरको उक्त सिद्ध मामदण्डसम्म पुग्नबाट चुकेका छन् (रोमी ३:१०-१२, २३)। त्यसको निम्ति कोही पनि योग्य छैन्! आफूले मानिआएको धर्म, व्यवस्था र नियम पालन अनि असल कामहरू गरेर कोही पनि बचाइनेछैन। कोही पनि पर्याप्तरूपमा असल छैन! पापको अर्थ साधारणरूपमा 'अपराध गर्नु' वा 'केही खराब काम गर्नु' मात्र होइन। यसको सही अर्थ परमेश्वरको लक्ष्यबाट चुक्नु र परमेश्वरको सिद्ध मामदण्डसम्म पुग्नबाट चुक्नु हो।

**२. 'अपराध' भन्ने शब्दको अर्थ: -**




**अपराध भनेको परमेश्वरले तोक्नुभएको सीमा वा रेखा (परिधी) लाई नाघेर जानु हो।**


मानवीय जियाइ र मानवीय आचरणको सीमाहरू र परिधिहरू बाइबलद्वारा आफूलाई प्रकट गर्नुहुने परमेश्वरको आज्ञाहरू, निषेधहरू र शिक्षाहरूमा प्रकट गरिएको छ। कहिलेकाहिँ सबै मानसिहरूले परमेश्वरले मनाही गर्नुभएको कुराहरू गर्छन् र कहिलेकाहिँ परमेश्वरको आज्ञाहरूलाई वेवास्ता (लापरवाही) गर्छन्, यस्तै कुराहरूलाई 'अपराधहरू' भनिन्छ। अपराध भनेको साधारणरूपमा धार्मिक शिक्षकहरूले दिएका व्यवस्थाहरू (नियमहरू)लाई नमान्नु होइन, तर बाइबलद्वारा आफूलाई प्रकट गराउनुहुने परमेश्वरले दिनुभएको व्यवस्थाहरू र परिधिहरूलाई नमान्ने (उलङ्घन गर्नु) अपराध हो।

**अपराध भनेको जानीजानी परमेश्वरको विरुद्धमा विद्रोह गर्नु पनि हो।**

पुरानो करारका समयका मानिसहरूले बाइबलको परमेश्वरको विरुद्धमा विद्रोह गरेर आफ्नो दृष्टिमा जे ठीक लाग्यो त्यही काम गरे (न्यायकर्ता २१:२५)। अहिले मानिसहरूले बाइबलद्वारा आफूलाई प्रकट गराउनुहुने परमेश्वरको बारेमा जानीजानी झूटा कुराहरू फैलाउने गर्छन्। तिनीहरूले अटरी भएर बाइबलका परमेश्वरको सन्देशलाई इन्कार गर्छन्। तिनीहरूले बाइबलद्वारा आफूलाई प्रकट गराउनुहुने परमेश्वरले दिनुभएको नैतिक मान्यताहरू, बुद्धि र चरित्रलाई लत्याउँछन्। तिनीहरूले यस पृथ्वीमा विद्रोह भड्काउछन् र भ्रष्टाचार र विकृतिलाई प्रोत्साहन दिन्छन्। तिनीहरूले बाइबलका परमेश्वरको विरुद्धमा आफूलाई कठोर तुल्याउँछन्। यो विद्रोह हो। अपराध र विद्रोह देखिनेखालका खराब कामहरू हुन्।

**३. 'अधर्म' भन्ने शब्दको अर्थ :**

क. परमेश्वरको विरुद्धमा विद्रोह गर्नु




**अधर्म भनेको परमेश्वरले हेर्नुहुने वास्तविकतालाई सुक्ष्मरूपमा परिवर्तन गर्नु हो।**

सबै मानिसहरूसँग विश्व-दृष्टिकोण हुन्छ। तिनीहरूका विश्व-दृष्टिकोण तिनीहरूको वास्तविकताको अस्तित्वको दृष्टिकोण, तिनीहरूको विचारधाराहरू र मनोवृत्तिहरू, तिनीहरूको विश्वास र मूल्य-मान्यताहरू साथै तिनीहरूको सँस्कृति र प्रथाहरूद्वारा अभव्यक्त भएका हुन्छन्। बाइबलका परमेश्वरले साँचो विश्व-दृष्टिकोणलाई येशू ख्रीष्ट र बाइबालद्वारा प्रकट गर्नुभएको छ। यो विश्व-दृष्टिकोणलाई 'परमेश्वरको राज्यको सृस्कृति' भन्न सकिन्छ! परमेश्वरको राज्यमा अति धेरै किसिमका ढाँचाहरू छन्, तर ती ढाँचाहरूलाई ख्रीष्ट र बाइबलको दृष्टिकोणहरूद्वारा अभिव्यक्त गरिनुपर्छ! परमेश्वरको राज्यको सँस्कृति सबै मानिहरूले जानून् र तिनीहरूले यसलाई विश्वास गरी त्यसैअनुसार जिऊन् भनी बाइबलका परमेश्वर चाहनुहुन्छ। तथापि, जब मानिसहरूले आफ्नै विश्व-दृष्टिकोण बनाउँछन् र आफ्नै किसिमका विश्वास (आस्था) र मूल्य-मान्यताहरू निर्माण गर्छन्, तब तिनीहरूले परमेश्वरले देख्नुहुने वास्तविकतालाई परिवर्तन गरेका हुन्छन्। यो नै अधर्म हो।

**अधर्मको अर्को अर्थ बाइबलमा परमेश्वरले प्रकट गरिदिनुभएको परमेश्वरको सत्यलाई बङ्ग्याउनु वा विकृत तुल्याउनु हो।**

परमेश्वरले सत्यलाई बाइबलमा स्पष्टसँग प्रकट गरिदिनुभएको छ। तैपनि, मानिसहरूले जानीजानी बाइबलको सत्यलाई गलत किसिमले व्याख्या गर्छन् (यशैया ५:२०)। केही मानिसहरूले आफूलाई मन परेका कुराहरू बाइबललाई बोल्न लगाउँछन् (२ कोरिन्थी २:१७; ४:२), जब कि अरू मानिसहरूले चाहिँ तिनीहरूले ध्यान दिनुपर्ने बाइबलका केही सत्यताहरूलाई वेवास्ता गर्ने गर्छन् (मत्ती १५:६-९; प्रकाश २२:१८-१९)। त्यसको फलस्वरूप, धेरै झूटा अगमवक्ताहरू निस्किआएका छन् र थुप्रै मानिसहरू ती झूटा अगमवक्ताहरूद्वारा भ्रममा परी गलत बाटोमा हिँडिरहेका छन् (मत्ती २४:११)। यो अधर्म हो। अधर्म कहिलेकाहिँ अति सुक्ष्म हुन्छ र यसले गुप्तरूपमा गलत काम गर्छ। यसले गतल कामलाई लूकाउने वा अर्कै रूप दिने गर्छ । कहिलेकाहिँ यसले धर्मको वेशमा यस्तो काम गर्छ।

## ४. सारंश - पापको 'जरा' र 'फल' :



**ख. पापको फल-**

- परमेश्वरले मनाही गर्नुभएको कुरा गर्नु
- परमेश्वरले आज्ञा गर्नुभएको काम नगर्नु

**क. पापको जरा-**

- परमेश्वरमा भर नपर्नु, आफैमा केन्द्रित र यथेष्ठ हुनु
- बाइबलको परमेश्वरलाई प्रेम नगर्नु
- परमेश्वरसँगको सम्बन्ध तोडिएको
- परमेश्वरको लक्ष्य गुमाउनु
- परमेश्वरको घेरा नाघेर अपराध गर्नु
- परमेश्वरको विरुद्धमा विद्रोह गर्नु
- परमेश्वरको वचनलाई बङ्ग्याउनु

## ग. बाइबलमा भएको 'मृत्यु' शब्दको अर्थ

सुसमाचारले यसो भन्छ, "पापको ज्याला मृत्यु हो" (रोमी ३:२३)।

शिक्षा दिनुहोस्। बाइबलमा भएको 'मृत्यु' भन्ने शब्दको तीन वटा अर्थहरू छन्: आत्मिक अर्थ, शारिरिक अर्थ र अनन्त अर्थ।

१. **आत्मिक मृत्यु:**
   आत्मिक मृत्युको अर्थ के हो?
   यूहन्ना ८:२४ र एफिसी २:१-३ पढ्नुहोस्। उत्तर पत्त लगाउनुहोस् र त्यसबारे छलफल गर्नुहोस्।

नोट (टिप्पणी) : आत्मिम मृत्यु भनेको यस्तो अवस्था हो, जहाँ मानिसको आत्मा मरेको हुन्छ। आत्मिक मृत्यु भनेको बाइबलमा आफूलाई प्रकट गराउनुहुने एकमात्र साँचो अनि जीवित परमेश्वरको जीवनबाट अलग हुनु हो। हरेक मानिस 'जीवित प्राणी' हो (उत्पत्ति २:७) र मानिसले आफूलाई दृश्य शरीर र अदृश्य आत्मामा अभिव्यक्त गर्छ। मानवीय आत्माको एउटा काम भनेको एउटैमात्र साँचो अनि जीवित परमेश्वरलाई जान्नु र उहाँसँग सङ्गति गर्न सक्षम हुनु हो।

जबसम्म मानिसहरूले पवित्र आत्माद्वारा नयाँ जन्म पाउँदैनन्, तिनीहरू आत्मिकरूपमा मरेका हुन्छन्। तिनीहरूले परमेश्वरको अस्तित्व छैन भनी विचार गर्छन् अथवा यदि तिनीहरूले उहाँको अस्तित्वलाई विश्वास गरिहाले तापनि उहाँ धेरै माथि र धेरै टाढा हुनुहुन्छ भनी ठान्छन्। तिनीहरूले परमेश्वरलाई व्यक्तिगत र घनिष्ठरूपमा जान्दैनन् र साथै तिनीहरूले परमेश्वरसँग सङ्गति गर्न सक्दैनन्।

तर जब तिनीहरूले सुसमाचार सुनेर विश्वास गर्छन्, जसको अर्थ तिनीहरूले आफ्नो हृदय र जीवना येशू ख्रीष्टलाई मुक्तिदाता भनी ग्रहण गर्छन्, तब पवित्र आत्मा (परमेश्वरको आत्मा) आउनुहुन्छ र तिनीहरूका जीवनमा वास गर्नुहुन्छ (एफिसी १:१३; रोमी ८:९-१०)। त्यसपछि पवित्र आत्माले तिनीहरूको मानवीय आत्मालाई जीवित पार्नुहुन्छ ताकि तिनीहरूले परमेश्वरलाई व्यक्तिगतरूपमा जान्न र उहाँसँग सङ्गति गर्न सक्षम हुन्छन्।

२. **शारीरिक मृत्यु :**
   शारीरिक मृत्युको अर्थ के हो?
   भजनसङ्ग्रह ४९:१०, १७ (उपदेशक ९:५-६,१०; १२:७) पढ्नुहोस्। उत्तर पत्ता लगाउनुहोस् र त्यसबारे छलफल गर्नुहोस्।

नोट (टिप्पणी) : शारीरिक मृत्यु यस्तो अवस्था, जुनबेला मानिसको भौतिक शरीर मर्छ। शारीरिक मृत्यु हुँदा मानिसको आत्मा उसको शरीरबाट अलग हुन्छ र त्यसबले उक्त व्यक्ति यस पृथ्वीको (संसारको) जीवनदेख अलग हुन्छ। त्यसैगरी त्यसबेला ऊ आफ्नो प्रिय परिवार र मित्रहरूबाट अलग हुन्छ साथै आफ्नो धन-सम्पत्ति र काला-कौशल अनि उपलब्धीहरूबाट पनि अलग हुन्छ।

मानिसहरू शारीरिकरूपमा मर्दा, तिनीहरूका शरीर चिहानमा कुहिएर धुलोमा (माटोमा) मिल्छ। त्यसपछि तिनीहरू यो वर्तमान् संसारमा कहिले पनि फर्केर आउँदैनन् र कहिले पनि यो वर्तमान संसारमा भएका हुने कुनै कुरामा फेरि भाग लिँदैनन्।

३. **अनन्त मृत्यु :**

   अनन्त मृत्युको अर्थ के हो?

   प्रकाश २१:८ (लूका १६:२२-२३; मत्ती १०:२८; २५:४६; प्रकाश २०:१४-१५; २ थेसलोनिके १:८-९) पढ्नुहोस्।

   उत्तर पत्ता लगाउनुहोस् र त्यसबारे छलफल गर्नुहोस्।

नोट (टिप्पणी) : अन्तिम न्यायभन्दा अघि, अनन्त मृत्यु भनेको नरकमा अविश्वासीहरूका आत्माले (अथवा प्राणले) भोग्ने अनन्त दु:ख-कष्ट हो। अन्तिम न्यायको दिनपछि, अनन्त मृत्यु भनेको नरकमा अविश्वासीहरको आत्मा (वा प्राण) र शरीरले भोग्ने अनन्त दु:ख-कष्ट (सजाय) हो। अनन्त मृत्यु भनेको परमेश्वरको उपस्थिति र वास्ताबाट अनन्तको लागि अलग हुनु हो।

## घ. बाइबलमा भएको 'न्याय' भन्ने शब्दको अर्थ:

सुसमाचारले यसो भन्छ, "विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ" (यूहन्ना ३:१८)। "जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ" (हिब्रू ९:२७)।

शिक्षा दिनुहोस्। बाइबलमा उल्लिखित न्यायले दुई निश्चित किसिमका न्यायहरूप्रति सङ्केत गर्छ: परमेश्वरको वर्तमान अस्थायी न्यायहरू र भविष्यमा हुने परमेश्वरको अन्तिम न्याय। वर्तमान समयमा परमेश्वरको अस्थायी न्यायहरू दुई किसिमले आउँछ: मानिसहरूमाथि परमेश्वरले आफ्नो अस्थायी न्यायहरू आउन अनुमति दिनुहुन्छ र कहिलेकाहिँ परमेश्वरले आफ्नो अस्थायी न्यायहरू मानिसहरूमाथि ल्याउनुहुन्छ।

### १. परमेश्वरको वर्तमान अस्थायी न्यायहरू :

किन परमेश्वरले केही न्यायको वर्तमान स्वरूपहरूलाई अनुमति दिनुहुन्छ?
गलाती ६:७-८ (रोमी १:२८-३२) पढ्नुहोस्। उत्तर पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस्।

नोट (टिप्पणी): यो पृथ्वी र यसका मानिसहरू परमेश्वरले नै सृष्टि गर्नुभएकोले गर्दा यहाँका मानिसहरू कसरी जिउनुपर्छ भनी निधो गर्ने हक उहाँसँग छ। परमेश्वरले आफ्नो सृष्टिको निम्ति भौतिक नियमहरू (व्यवस्थाहरू) बनाउनुभएको छ; जस्तै: यदि तपाईंले गुरुत्वाकर्षणको नियम उलङ्घन गर्नुभयो भने तपाईं नराम्रोसँग लड्नुहनेछ। त्यसैगरी परमेश्वरले आफ्नो सृष्टिको निम्ति आत्मिक र नैतिक नियमहरू बनाउनुभएको छ। जब मानिसहरूले परमेश्वरको आत्मिक र नैतिक नियमहरू उल्लङ्घन गर्छन्, तब तिनीहरूको आफ्नै पापहरूको परिणामस्वरूप दु:ख-कष्ट पाउन परमेश्वरले अनुमति दिनुहुन्छ। 'जे तिनीहरूले रोप्छन्, त्यसैको कटनी गर्छन्।' कुनै मानिसले पापहरू रोप्छ भने, न्यायको कटनी गर्छ। उदाहणको लागि, कुनै मानिसले अल्छेपना रोप्छ भने गरिबीको कटनी गर्छ। घृणा रोप्ने मानिसले तोडिएका सम्बन्धहरूको कटनी गर्छ। अत्याचार र निरङ्कुशता रोप्ने मानिसले लडाइ-झगडाको कटनी गर्छ। त्यसैगरी जीवनमा लागू औषधि रोप्ने मानिसले दुर्व्यसनको कटनी गर्छ।

रोमी १:१८-३२ ले सिकाउँछ, कि ईश्वर भक्तिहीनताले मानिसलाई नैतिक भ्रष्टता र हरेक किसमका दुष्टतातिर डोऱ्याउँछ। धेरै अवस्थाहरूमा मानिसले गर्ने पापहरूको परिणामहरूले उसलाई पृथ्वीको उसको जीवनअवधिमा नै भेट्टाउँछ। कुनै व्यक्तिको खराब विश्वासहरू (आस्थाहरू), खराब छनौटहरू (रोजाइहरू), खराब निर्णयहरू र खराब कामहरूका परिणामहरू प्राय: स्वभाविकरूपमा दु:ख-कष्टलाई निम्त्याउँछ।

**किन परमेश्वरले यो संसारमाथि न्यायको केही वर्तमान स्वरूपहरू ल्याउनुहुन्छ?**

इजकिएल १४:२१ (लेवी २६:१४-२५; आमोश ४:६-१२; हाग्गै १:३०११; मत्ती २४:४०१४; प्रकाश ९:२०-२१; १६:९) पढ्नुहोस्। उत्तर पत्ता लगाउनुहोस् र त्यसबारे छलफल गर्नुहोस्।

नोट (टिप्पणी): परमेश्वरले सम्पूर्ण संसारमाथि शासन गर्नुहुन्छ। उहाँले प्रकृतिको सबै शक्तिहरू र मानव इतिहासको सबै घटनाहरूलाई नियन्त्रण गर्नुहुन्छ। मानिसहरू जीवित परमेश्वरप्रति अनाज्ञाकारी भएको अथवा तिनीहरूले परमेश्वरतिर आफ्ना पीठ फर्काएका समयहरूमा परमेश्वरले तिनीहरूप्रतिको वास्ता र सुरक्षा फिर्ता लिनुहुन्छ अनि तिनीहरूमा उहाँले आफ्नो वर्तमान अस्थायी न्यायहरू ल्याउनुहुन्छ। उदाहरणको लागि, त्यस्ता समयहरूमा तिनीहरूको फसलहरू विनास हुन्छन्, युद्धहरूले तिनीहरूको देशलाई अलग पारिदिन्छ, तिनीहरूका मानिसहरूले ठूलो नोक्सानी व्यहोर्नुपर्छ र यस पृथ्वीमा कुनै कुराहरू सन्तोषजनक हुनेछैन् इत्यादि। त्यसको लागि परमेश्वरले मानव इतिहासभरि भूकम्प, बाडी-पेह्रो, खडेरी, अनिकाल र महामारीहरू प्रयोग गर्नुहुन्छ किनभने मानिसहरूका पापहरूको कारण उहाँ अप्रसन्न भएको देख्नसकून्। तिनीहरूले पश्चाताप गरी उहाँप्रति फर्किआउन भनी यो उहाँको चेतावनी हो।

**परमेश्वरले मानिहरूमा उहाँको वर्तमान अस्थायी न्यायहरू ल्याउनुको साँचो कारण के हो?**

१ कोरिन्थी ११:३२ (हिब्रू १२:४-११) पढ्नुहोस्। उत्तर पत्ता लगाउनुहोस् र यसबारे छलफल गर्नुहोस्।

नोट (टिप्पणी): भविष्यमा हुने अनन्तको न्यायबाट बचाउनको लागि परमेश्वरले मानिसहरूमाथि उहाँको वर्तमान अस्थायी न्याय ल्याउनुहुन्छ! उहाँको वर्तमान अस्थायी न्यायहरूको उद्देश्य मानिसहरूलाई अनुशासानमा राख्न, तिनीहरूलाई चेतावनी

दिन, मानिसहरूलाई तिनीहरूका पाप देखाइदिन र तिनीहरूका पापको लागि हप्कानु हो। मानिसहरूको लागि सधैँ उत्तम कुरा गर्न लगाउनु नै परमेश्वरको लक्ष्य हो। मानिसहरूले निरन्तर तिनीहरूको वरत्मान् पापहरू गर्न अनुमति पाउनाले तिनीहरूलाई अन्तिमसम्म पापको दासत्वमा डोऱ्याउनु हो र त्यसको फलस्वरूप तिनीहरूका पापहरूको कारण परमेश्वरको अनन्त दण्डमा पर्नेछन्। परमेश्वरको वर्तमान अस्थायी न्याहरूको उद्देश्य मानिसहरूलाई आफ्ना भक्तिहीनता र दुष्टताबाट फर्कन लगाउनु र त्यसको सट्टामा  परमेश्वरको पवित्रता र धार्मिकतामा सहभागी (भागीदार) गराउनु हो!

## २. परमेश्वरको भविष्यको अनन्त न्याय :

ईश्वरभक्त मानिसहरू र दुष्ट मानिसहरूको जीवनशैलीहरू हेर्दाखेरि जीवनलाई न्यायपूर्ण र अन्यायपूर्ण भनी किन व्याख्या गर्नुहुन्छ?

उपदेशक १२:१४ (भजनसङ्ग्रह ७३:२-१६) पढ्नुहोस्। उत्तर पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस्।

शिक्षा दिनुहोस्। जीवन स्पष्टरूपमा अन्यायपूर्ण देखिन्छ। असल मानिसहरूले दु:ख-कष्ट भोग्छन्, सोझा-सीधा अनि स्वार्थरहित मानिसहरूलाई शोषण गरिन्छ, नम्र मानसहरूलाई दबाएर आतंकित पारिन्छ र गरिब मानसिहरूलाई बञ्चित पारिन्छ। अर्कोतिर हेर्ने हो भने दुष्ट मानिसहरूले उन्नति-प्रगति गर्दै समृद्ध भएका छन्, स्वार्थीहरू समृद्ध र सफल छन्, निर्दयी र क्रूर मानिसहरूले सोझा-सीधा र नम्रहरूलाई अत्याचार गर्छन्, र धनीहरूले गरिबलाई झन् गरिब बनाइरहेका छन्। अत्याचारी र निरंकुशहरू आफ्ना ओच्छ्यानामा शान्तिपूर्वक मर्छन् तर सन्तहरूलाई यातना दिएर मारिन्छन्। यदि हामी परमेश्वर सर्वशक्तिमान र भलो हुनुहुन्छ भनी ठान्छौँ भने कसरी उहाँले यो संसारमा यस्ता अन्यापूर्ण कामहरू निरन्तर हुन अनुमति दिनुहुन्छ त? यस किसिमको अभद्र अन्यायको क्षतिपूर्ति भराउन र अनियन्त्रित रूपमा चारैतिर फैलिएको दुष्टतालाई अन्त गर्न यदि परमेश्वरले अहिको जीवन वा यसपछिको जीवनमा केही पनि गर्नुहुन्न भने, के उहाँ सर्वशक्तिमान हुनुहुन्न र यसो गर्न सक्नुहुन्न अथवा उहाँ त्यति भलो हुनुहुन्न र उहाँले यस्ता नराम्रा कुराहरूलाई वास्ता गर्नुहुन्न!

तैपनि, परमेश्वर जीवित हुनुहुन्छ, शक्तिशाली हुनुहुन्छ र सारा ब्रह्माण्डमा उहाँले न्याय गर्नुहुनेछ भनी बाइबलले स्पष्टसँग सिकाउँछ। यो संसारमा आएर जिएका सबै मानिसहरू भविष्यमा हुने अन्तिम न्यायमा उपस्थित हुनेछन्!

भविष्यमा हुने परमेश्वरको न्याय केजस्तो (कस्तो) हुनेछ?

हिब्रू ९:२७ (मत्ती २५:३१-३३) पढ्नुहोस्। उत्तर पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस्।

शिक्षा दिनुहोस्। मानिसको शारीरिक मृत्यु सबै कुराको अन्त होइन भनी बाइबलले सिकाउँछ! शारीरिक मृत्युपछि मानिसहरूले त्योभन्दा अझ गम्भीर र ठूलो दु:ख-कष्ट भोग्नुपर्नेछ!

येशू ख्रीष्ट यो संसारमा फर्किआउनुहुनेछ। अनि यो संसारमा जिएका हरेक मानिसहरूको एक-एक गरी न्याय हुनेछ। उहाँले हरेक काम र हरेक लूकाइएका कुराको न्याय गर्नुहुनेछ (उपदेशक १२:१४)। दुष्ट काम गर्ने मानिसहरू र पाप गर्न लगाउने हरेक कुरा उहाँले आफ्नो राज्यबाट हटाउनुहुनेछ। उहाँमा विश्वास नगर्ने मानिसहरूलाई उहाँले विश्वास गर्नेहरूबाट अलग गर्नुहुनेछ र तिनीहरूको येशू ख्रीष्टसँगको सम्बन्धअनुसार उहाँले तिनीहरूकोन्याय गर्नुहुनेछ (मत्ती २५:१२)। येशू ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनी विश्वास नगर्नेहरूलाई उहाँले परमेश्वरको व्यवस्थाबारे तिनीहरूको ज्ञान (रोमी २:१०-१६), तिनीहरूका अविश्वास (यूहन्ना ३:१८-२१, ३६), तिनीहरूका कमजोरीहरू (मत्ती २५:४१-४६), तिनीहरूका दुष्ट कामहरू (प्रकाश २१:८), तिनीहरूले येशूलाई खुट्टामुनि राखेर कुल्चिएको र अनुग्रहको आत्मालाई बदनाम गरेको (हिब्रू १०:२६-३१)-कामहरूका आधारमा तिनीहरूको न्याय गरिनेछ। हरेक मानिस, जसले येशू ख्रीष्टको सुसमाचारको सन्देशलाई इन्कार गरे, तिनीहरूलाई पनि उक्त अनाज्ञाकारिताको निम्ति सजाय हुनेछ (२ थेसलोनिके १:८)।

जे भए तापनि, परमेश्वरले सिद्ध (सम्पूर्ण) न्यायद्वारा हरेक मानिसलाई न्याय गर्नुहुनेछ (लूका १२:४७-४८)। उहाँले अत्याचारमा परेकाहरूलाई न्याय दिलाएर र गरिबलाई दयाको आत्माद्वारा न्याय गर्नुहुनेछ (मत्ती ५:३-१२)। तर उहाँले लोभ गर्ने धनी मानिसहरूलाई रित्तो हात टाढा पठाउनुहुनेछ (याकूब ५:१-६) अनि सबै दुष्ट मानिसहरूलाई नास गर्नुहुनेछ। उहाँले यो पूरा संसार र यहाँ जिउने हरेक मानिसले परमेश्वरको यो पृथ्वीमा गरेका सबै दुष्ट कामहरूको निम्ति न्याय गर्नुहुनेछ! उहाँले सबै अहङ्कारी र घमण्डी मानिसहरूको अन्त गर्नुहुनेछ (यशैया १३:११)। अनि उहाँले यस पृथ्वीका शक्तिशाली शासकहरूलाई तिनीहरूका सिंहासनहरूबाट हटाइदिनुहुनेछ (दानिएल २:४४; १ कोरिन्थी १५:२५)।

अनन्त विनासको स्थान (तर मानिसहरूलाई मार्ने अनन्त विध्वंस होइन) लाई बलिरहेको गन्धकको भट्टी वा नरक भनिन्छ। नरक भनेको आगो बलिरहने र यातना दिइरहने ठाउँ हो (लूका १६:२३-२६)। यो स्थानमा आगो बलिरहन्छ तर त्यहाँ परेका मानिसहरू नास हुँदैन, यो निरन्तर रोइकराई गरिरहने ठाउँ हो (मर्कूस ९:४२-४९)। यो यस्तो ठाउँ हो, कि यहाँबाट कोही बाहिर निस्कन सक्दैन (लूका १६:२६)। त्यहाँ परेका भक्तिहीन अधार्मिक मानिसहरूले अनन्त विनासको लागि सजाय पाउनेछन् र तिनीहरू परमेश्वरको उपस्थिति, प्रेम र वास्तामा प्रवेश गर्न पाउँदैनन् (२ थेसलोनिके १:८-९)। हरेक व्यक्ति, जसको नाउँ जीवनको पुस्तकमा भेट्टाइने छैन, तिनीहरूलाई आगोको भट्टीमा फालिनेछ (प्रकाश २०:१५)।

इसाईहरूलाई अनन्त दण्डको निम्ति दोषी ठहऱ्याइनेछैन (यूहन्ना ५:२४, २९), तर तिनीहरूले यस पृथ्वीमा कसरी जिएका थिए भनेर तिनीहरूका न्याय हुनेछ (२ कोरिन्थी ५:१०; १ कोरिन्थी ३:१०-१५)।

| ५ | **प्रार्थना** (८ मिनेट)<br>परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना |
|---|---|

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्।

अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज के सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रियात्मक प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको निम्ति तयारी** (२ मिनेट)<br>अर्को पाठको निम्ति |
|---|---|

(**समूहको अगुवा -** तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

१. प्रतिवद्धता - मानिसहरूलाई स्पष्टसँग सुसमाचार बताउने समर्पण गराउनुहोस्।
२. परमेश्वरसँगको व्यक्तिगत समय - प्रत्येक दिन आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (मत्ती ११:२५-१४:३६ सम्म)। पढेको खण्डबाट आफूलाई मनपर्ने सत्यता पत्ता लगाउने तरिका प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।
३. बाइबल अध्ययन - घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। उत्पत्ति १:१-२:४क (विषय: म कहाँबाट आएको हुँ?) बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।
४. प्रार्थना - कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
५. चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्। आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।

# पाठ : ४

| १ | **प्रार्थना** |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गरेर तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट)<br>**मत्ती** |
|---|---|

तपाईंलाई दिइएको बाइबल खण्डद्वारा (मत्ती ११:२५-१४:३६) परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा आफूले सिकेको एउटा कुरा समूहमा पालैपालो छोटकारीमा बाँड्नुहोस् (अथवा तपाईंको नोटकापीमा लेखिएको एउटा कुरा पढ्नुहोस्)।

त्यसरी आशिष् बाँड्ने व्यक्तिको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस्। उसले बाँडेको कुरामा छलफल (अथवा तर्क-बितर्क) नगर्नुहोस्।

| ३ | **बाइबल पद कण्ठ गर्नु** (२० मिनेट)<br>प्रार्थनाको उत्तरमा निश्चयता - यूहन्ना १६:२४ |
|---|---|

## क. बाइबल पद कण्ठ गर्ने प्रेरणा

भजनसङ्ग्रह ११९:९,११ पढ्नुहोस्।

**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** बाइबल पदहरू (खण्डहरू अथवा अध्यायहरू) कण्ठ गर्नु किन महत्वपूर्ण छ?

**टिप्पणी -** कण्ठ गरिएका बाइबल पदहरूले तपाईंलाई धूर्त र विकृत (भ्रष्ट) संसारमा साँचो, शुद्ध र पवित्र जीवन जिउन सहायता गर्नेछ।

---

## ख. मनन / ध्यान

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

| प्रार्थनाको उत्तरमा निश्चयता<br>यूहन्ना १६:२४ |
|---|
| अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौ। माग, अनि तिमीहरूले पाउनेछौ। यसरी तिमीहरूको आनन्द पूर्ण होओस्।<br>यूहन्ना १६:२४ |

यो बाइबल पदलाई तपाईंको कार्डको पछाडिपट्टि लेख्नुहोस्।

## १. बाइबलमा भएको परमेश्वरको नाउँहरूको अर्थ :

पुरानो करारको समयमा विश्वासीहरूले परमेश्वरलाई सीधै 'परमप्रभु' अथवा 'परमेश्वर' भन्ने नाउँद्वारा पुकार्थे (भजनसङ्ग्रह ५:१-२)। तिनीहरूले परमेश्वरको नाउँमा प्रार्थना अन्त गर्दैनथे। बाइबलमा भएका नाउँहरूको अर्थ छ। परमेश्वरका नाउँहरूले उहाँको मूल तत्व (व्यक्तित्व) र चरित्रलाई प्रकट गर्दछ! परमेश्वर ठ्यक्कै ती नाउँहरूले बताएजस्तै हुनुहुन्छ। परमेश्वरको नाउँहरू छन् भन्ने तथ्यको अर्थ परमेश्वरले आफूलाई जान्नु हुन्छ अनि उहाँ मानिसहरूकहाँ प्रकट हुनुहुन्छ भन्ने हो। मानिसहरूले परमेश्वर को हुनुहुन्छ भनी जानेको र प्रार्थनाद्धारा तिनीहरूले उहाँसँग सम्बन्ध राखेको उहाँ चाहनुहुन्छ।

परमेश्वर (English: God; Hebrew: Elohim) भन्ने नाउको अर्थ 'आदर र भयमा आज्ञा दिनुहुने सर्वशक्तिमान' हो (यशैया ४०:१८; ४६:९-११)। प्रभु (English: LORD; Hebrew: JaHWeH) भन्ने नाउँको अर्थ 'म हुँ, जो म हुँ' अथवा 'म हुनेछु, जो म हुनेछु' हो। यो परमेश्वरको करार बाँध्ने नाउँ हो, यस नाउँद्वारा करार बाँधेका आफ्ना मानिसहरूप्रति उहाँ विश्वासयोग्य हुनुहुन्छ (प्रस्थान ३:१४-१५; ३४:६-७)।

येशू ख्रीष्ट अदृश्य परमेश्वरको दृश्य प्रकटिकरण हुनुहुन्छ (यशैया ९:६; कलस्सी १:१५; २:९)। उहाँको नाउँको पनि अर्थ छ। 'येशू' (Jesus) नाउँको अर्थ 'उद्धारकर्ता' (Saviour) हो (मत्ती १:२१) अनि 'मसिह' (Messiah) अथवा 'ख्रीष्ट' (Christ) नाउँको अर्थ 'अभिषित्त जन' (Anointed One) हो। उहाँसँग उक्त नाउँ छ किनभने पवित्र आत्माको अभिषेकद्वारा उहाँ 'अन्तिम अगमवक्ता', 'प्रधान पूजाहारी' र 'अनन्तको राजा' हुनुभएको छ। अगमवक्ता हुनुभएकोले गर्दा, उहाँले परमेश्वरको वचनहरू हामीमा प्रकट गर्नुहुन्छ। पूजाहारी हुनुभएकोले गर्दा, ख्रीष्टले हाम्रो पापको दण्डको मूल्य तिरिदिनु हुन्छ र हाम्रो लागि प्रार्थना गर्नुहुन्छ। राजा हुनुभएकोले गर्दा, सार्वभौमिकतामा उहाँले हाम्रो जीवनमा शासन गर्नुहुन्छ र हामीलाई दुष्टबाट बचाउनु हुन्छ।

## २. येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्नु :

इसाईहरूले येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्छन् किनभने उहाँ परमेश्वर र मानिसबीचको मध्यस्थकर्ता हुनुहुन्छ। येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्नुको तीन वटा महत्वपूर्ण अर्थहरू छन्।

### (१) ... किनभने येशू ख्रीष्टले परमेश्वरको चरित्र, वचन र कामहरू हामीमा प्रकट गर्नुभयो

इसाईहरूले परमेश्वरलाई व्यक्तिगत अनि घनिष्ठरूपमा जान्न सक्छन् किनभने तिनीहरूले येशू ख्रीष्टलाई जान्छन्। जसले येशू ख्रीष्टलाई देखेको छ, त्यसले अदृश्य परमेश्वरलाई देखेको हुन्छ (यूहन्ना १४:९-१०)। जसले येशू ख्रीष्टलाई चिन्छ, त्यसले परमेश्वरलाई चिन्छ (यूहन्ना ८:१९ र मत्ती ११:२७ तुलना गर्नुहोस्)। जसले येशू ख्रीष्टमा विश्वास गर्छ, त्यसले परमेश्वरमा विश्वास गर्छ (यूहन्ना १२:४४); त्यसैगरी जसले येशू ख्रीष्टलाई ग्रहण गर्छ, त्यसले परमेश्वरलाई ग्रहण गर्छ (यूहन्ना १२:२०)। इसाईहरूले येशू ख्रीष्टको नाउँमा गरेको प्रार्थना परमेश्वरले सुन्नुहुन्छ।

### (२) ... किनभने येशू ख्रीष्ट विश्वासीहरूको धार्मिकताको पूर्णता र सिद्धताको निम्ति योग्य हुनुहुन्छ

विश्वासीको धार्मिकता परमेश्वरबाट आउँछ र यो ख्रीष्टको बलिदानपूर्ण मृत्यु र पुनरुत्थानमा आधारित छ (२ कोरिन्थी ५:२१)। परमेश्वरले विश्वासीलाई येशू ख्रीष्टमा हेर्नुहुँदा, उसमा येशू ख्रीष्टको धार्मिकता मात्र देख्नुहुन्छ! येशू ख्रीष्टमा धार्मिक ठहरिएको इसाईहरूको प्रार्थनाहरू परमेश्वरले सुन्नुहुन्छ (१ पत्रुस ३:१२)।

### (३) ... किनभने येशू ख्रीष्टले परमेश्वरको इच्छा र मार्गहरू हामीमा प्रकट गर्नुभएको छ

येशू ख्रीष्टमा प्रकट गर्नुभएको अनि उहाँको इच्छासँग मिल्ने गरी इसाईहरूले गरेको प्रार्थना परमेश्वरले सुन्नुहुन्छ (१ यूहन्ना ५:१४)।

यसर्थ, येशू ख्रीष्टको कारणले गर्दा इसाईहरू स्वर्गमा हुनुहुने परमेश्वरकहाँ पुग्न सक्छ (एफिसी २:१८), र त्यसैगरी इसाईहरू जुनसुकै समयमा स्वतन्त्र र निश्चयसाथ परमेश्वरको पहुँचमा जान सक्छन् (एफिसी ३:१२; हिब्रू ४:१४-१६)।

## ग. पद कण्ठ र पुनरवलोकन

१. बाइबल पदलाई खाली कार्ड अथवा तपाईंको नोटबुकको एउटा पृष्ठमा लेख्नुहोस।

२. उक्त बाइबल पदलाई सही किसिमले कण्ठ गर्नुहोस्। प्रार्थनाको उत्तरमा निश्चयता : यूहन्ना १६:२४

३. पुनरवलोकन गर्नुहोस्। दुई-दुई जना बसेर भर्खरै कण्ठ गरेको बाइबल पद पालैपालो जाँच्नुहोस्।

| ४ | **बाइबल अध्ययन** (७० मिनेट)<br>म कहाँबाट आएको हुँ? उत्पत्ति १:१-२:४क |
|---|---|

उत्पत्ति १:१-२:४क सम्म सबै मिलेर अध्ययन गर्दा बाइबल अध्ययन गर्ने पाँच वटा चरणहरूलाई प्रयोग गर्नुहोस्।

**चरण: १ - पढ्नुहोस्।** **परमेश्वरको वचन**
आउनुहोस्, हामी सबै मिलेर उत्पत्ति १:१-२:४क पढौँ।
हामी पालैपालो एक-एक पद पढी यस खण्डलाई पूरा गरौँ।

---

**चरण: २ - पत्ता लगाउनुहोस्।** **अवलोकनहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ?
अथवा, यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
**लेख्नुहोस् -** यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौं।
(मानिसहरूले पत्ता लगाएर बाँडेका कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक हुन्छन् र यी कुराहरूसँग मिल्नैपर्छ भन्ने छैन भनी याद गर्नुहोस्।

उत्पत्ति १:२७

**खोज-१ :** परमेश्वरले पुरुष र महिलालाई आफ्नै स्वरूपमा बनाउनुभयो।

म पशुहरूभन्दा फरक छु किनभने तिनीहरूमा परमेश्वरको स्वरूप छैन। परमेश्वरको स्वरूप भएकोले म परमेश्वरको व्यक्तित्वको प्रतिलिपिको रूपमा चिनिन्छु। मलाई परमेश्वरसँग भएको जस्तै विशेषता र गुणहरू दिइएको छ।

---

उत्पत्ति १:२८

**खोज-२ :** मलाई परमेश्वरले विशेष कामको निम्ति सृष्टि गर्नुभयो।

परमेश्वर, अन्य मानिसहरू र प्रकृतिसँग सम्बन्ध राख्नको निम्ति मलाई सृष्टि गरिएको हो। परमेश्वरको सम्बन्धमा भन्ने हो भने, मैले उहाँको स्वरूपलाई योग्य किसिमले लिनु पर्छ। अन्य मानिसहरूको सम्बन्धमा भन्ने हो भने, मैले पुरुष र महिलाको भिन्नतालाई आदर गर्नै पर्छ। प्रकृतिको सम्बन्धमा भन्ने हो भने, मैले त्यसलाई वशमा राखी त्यसमाथि शासन गर्नै पर्छ।

---

**चरण: ३ - प्रश्न** **व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यस खण्डमा भएको त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
उत्पत्ति १:१-२:४क मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यसमा हामीले अझै नबुझेका कुराहरूमा प्रश्न सोधौँ।
**लेख्नुहोस् -** आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अति तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट जति दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्नसक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालेका टिप्पणी तल दिइएको छ।)

**उत्पत्ति २:४**

**प्रश्न : १ - उत्पत्ति १:१-२:४क सम्म लेखिएको कुरा कुन किसिमको साहित्यको शैली हो?**

**टिप्पणी -** सृष्टिको समयमा मानिस त्यहाँ उपस्थित नभएकोले गर्दा, परमेश्वरले मानिसलाई आफ्नो सृष्टिको प्रकाश वैज्ञानिक शोध-पत्र, दर्शन वा कविताको रूपमा दिनुभएन तर ती कुराहरूलाई ऐतिहासिक विवरणको रूपमा दिनुभयो (उत्पत्ति २:४)।

---

**उत्पत्ति १:३१-२:१**

**प्रश्न : २ - सृष्टिको काम गर्न कति समय लाग्यो?**

**टिप्पणी -** सृष्टिको काम 'छ दिनहरूमा' गरियो भनी बाइबलले बताउँछ। अब ती 'छ दिनहरू'लाई कसरी व्याख्या गर्ने?

हिब्रू भाषामा 'दिन'लाई 'योम' (yom) भनिन्छ र उत्पत्ति १ अध्यायमा लेखकले शाब्दिकरूपमा अहिलेजस्तो २४ घण्टाको एक दिन हो भनी बताउन खोजेका होइन जस्तो देखिन्छ, किनभने सृष्टिको चौथो दिनबाट मात्र समयलाई नाप्न (हिसाब गर्न) सम्भव भयो (उत्पत्ति १:१४)! ५ पदमा उल्लेखित दिनले पहिले सृष्टिको दिनको उज्यालो भागलाई मात्र बुझाउँछ र त्यसपछि त्यहाँ उल्लेखित सम्पूर्ण सृष्टिको दिनलाई बुझाउँछ। १४ पदमा उल्लेखित दिनले पहिले २४ घण्टाको उज्यालो भागलाई बुझाउँछ र त्यसपछि २४ घण्टाको सम्पूर्ण दिनलाई बुझाउँछ। अनि उत्पत्ति २:४ मा उल्लेखित दिनले सृष्टिको सम्पूर्ण अवधिलाई बुझाउँछ र यसमा सृष्टिको सबै ६ दिनहरू पर्दछन्! यसर्थ, 'दिन' भन्ने शब्दलाई ५ फरक अर्थहरूमा प्रयोग गरिएको छ।

उत्पत्ति १:२७ को छैठौँ दिनमा परमेश्वरले जमिनमा चलहल गर्ने सबै जीवजन्तुहरू सृष्टि गरिसकेपछि मानिसलाई पुरुष र स्त्री गरी सृष्टि गर्नुभयो। उक्त छैठौँ दिनमा परमेश्वरले आफ्नो सृष्टिको काम सकाउनुभयो। तर उत्पत्ति २:१५-२२ लाई ध्यान दिएर हेर्ने हो भने आदमको सृष्टि र हव्वाको सृष्टिको बीचमा पक्कै केही समय बितेको देखिन्छ। हव्वाको सृष्टि हुनुभन्दा पहिले आदमले अदनको विशाल बगैँचामा काम गरी त्यसको हेरचाह गर्नुपर्थ्यो। आदमको लागि सुहाउँदो सहयोगी बनाइदिने परमेश्वरको निर्णयले, आदमले उक्त बगैँचामा लामो समयसम्म काम गरेपछि उसको सुरुको उत्साह र उत्तेजना गुमाएको हुनुपर्छ भन्ने कुराप्रति सङ्केत गर्छ। आदमको लामो एक्लोपनलाई पूर्ति गरिदिन परमेश्वरले हरेक जनावर र पक्षीहरूको वर्ग विभाजन गरी तिनीहरूको नाम राख्ने ठूलो काम दिनभयो। ती सबै जनावरहरू, चराहरू र किराहरूको सूची बनाउने व्यापक काम पूरा गर्न निकै लामो समय लागेको हुनुपर्छ। अन्तमा, आदमको पहिलेदेखिको एक्लोपनलाई हटाउन परमेश्वरले उसको शरीरमा हृदयको नजिकको करङबाट स्वास्नी सृष्टि गरिदिनुभयो। त्यसकारण, उत्पत्ति १ अध्यायले सृष्टिका ती ६ दिनहरू २४ घण्टाको दिन थियो भनी कहिले पनि सिकाउँदैन।

उत्पत्ति १ अध्यायको उद्देश्य परमेश्वरले सारा ब्रह्माण्ड र पृथ्वी कति समय लगाएर सृष्टि गर्नुभयो अथवा परमेश्वरले कति चाँडो-चाँडो आफ्नो काम गर्नुभयो भनी बताउनु होइन, तर त्यसको उद्देश्य सारा ब्रह्माण्ड कसले सृष्टि गऱ्यो, यसलाई कसरी सृष्टि गरिएको थियो र कुन उद्देश्यले उहाँले सृष्टि गर्नुभयो भनी बताउनु हो।

**उत्पत्ति १:१-२**

**प्रश्न : ३ - कसरी परमेश्वरले सारा ब्रह्माण्ड सृष्टि गर्नुभयो?**

**टिप्पणी -** आदिमा ...

आदिमा (in the beginning) सर्वशक्तिमान परमेश्वरले स्वर्गहरू र पृथ्वी सृष्टि गर्नुभयो। यसले ब्रह्माण्डको जन्मतिर सङ्केत गर्छ, र त्यसबेलामा परमेश्वरले अदृश्य कुराबाट वस्तु, शक्ति, अन्तरिक्ष र समय बनाउनुभयो (हिब्रू ११:३)। ब्रह्माण्डमा भएका सूर्य, चन्द्रमा, ताराहरू र पृथ्वी पछि गएर मानिसको लागि कसरी महत्वपूर्ण हुनेछ भन्ने कुरातिर बाइबलीय प्रकाशले हाम्रो ध्यान केन्द्रित गराउँछ। परमेश्वरले 'समय' सृष्टि गर्नुभन्दा पहिलादेखि नै उहाँको अस्तित्व थियो भन्ने कुरालाई ध्यान दिनुहोस्। सृष्टि (English: creat; Hebrew: bara) भन्ने शब्द परमेश्वरको लागि मात्र प्रयोग गरिन्छ तर मानिसको लागि त्यो शब्द कहिले पनि प्रयोग गरिँदैन। सुरुमा पृथ्वी आकारविनाको, सुन्य र अन्धकार थियो। यसको कुनै व्यवस्थित स्वरूप थिएन। त्यो थुप्रै पानीको बाढीजस्तो देखिन्थ्यो। त्यतिबेला पृथ्वीमा कुनै उज्यालो थिएन, सुख्खा भूमि पनि थिएन अनि कुनै जीवित कुरा पनि थिएन। धेरै लामो समयपछि सही किसिमले 'मिल्की वे आकाशगंगा' (Milky Way Galaxy) निर्माण भयो। त्यहाँ ताराहरू ठीक-ठीक दूरीमा अवस्थित भए। हाम्रो सौर्य परिवार पनि सूर्य, विभिन्न ग्रहहरू र उपग्रहहरू सबै ठीक-ठीक दूरीमा रही परिक्रमा गर्न थाले। हाम्रो ग्रह पृथ्वीचाहिँ सूर्यबाट ठीक दूरीमा अवस्थित भयो र यसमा जीवन सम्भव हुन आयो।

उत्पत्ति १:१-२ सृष्टिको ६ दिनहरूका परिचयात्मक भाग हो, र त्यसपछि परमेश्वरले क्रमैसँग अनि व्यवस्थित ढङ्गमा आफ्नो सृष्टिको काम पूरा गर्नुभयो (उत्पत्ति २:१) ताकि उहाँको उक्त सुन्दर सृष्टिको कामस्वरूप अहिले हामीले देख्ने गरी परमेश्वरले ब्रह्माण्डमा पृथ्वी ग्रह यस्तो स्वरूपमा जान्दछौँ।

**सृष्टिको पहिलो दिन**

उत्पत्ति १:३-५ ले पृथ्वीमा आइपुग्ने भौतिक ज्योतिको सृष्टिलाई स्पष्टसँग व्याख्या गर्छ।
जीवन र ज्योति परमेश्वरका विशेषता / गुण हुन्। जीवन र ज्योति परमेश्वरको स्वभावको अन्तरनिहित तत्वहरू हुन्। 'जीवन' भनेको परमेश्वरको सबै गुण र विशेषताहरूको सारंश हो, र यसमा धार्मिकता, पवित्रता, प्रेम, विश्वासयोग्यता, कृपा र अनुग्रहजस्ता कुराहरू पर्दछन्। उक्त जीवनको दृश्य अभिव्यक्तिचाहिँ 'ज्योति' हो (यूहन्ना १:४-५)! त्यसैले गर्दा जीवन र ज्योति सधैँ आत्मिक अर्थमा लागू हुने गर्छ!

ब्रह्माण्डको जन्म हुँदा परमेश्वरले आकाशगंगाहरूमा भएका ताराहरूबाट उत्पन्न हुने भौतिक प्रकाश (शक्ति) सृष्टि गर्नुभयो। बलिरहेको सूर्यहरूबाट निस्केका प्रकाश ग्रहहरू र उपग्रहहरूद्वारा (अथवा चन्द्रमाद्वारा) प्रतिबिम्बित हुन्छ (उत्पत्ति १:३-५)। तर सूर्य, चन्द्रमा र ताराहरूबाट निस्केको उक्त भौतिक प्रकाश सृष्टिको चौथो दिनमा मात्र देखियो र त्यसपछि तिनीहरूमा मानिसको लागि समय, ऋतु र मौसमलाई देखाइदिने क्षमता रहिआएको छ (उत्पत्ति १:१४)।

भविष्यको नयाँ पृथ्वीमा येशू ख्रीष्ट भौतिक र आत्मिक प्रकाशको स्रोत हुनुहुनेछ। येशू ख्रीष्ट परमेश्वरको अदृश्य जीवनको दृश्य प्रकटिकरण हुनुहुन्छ। उक्त नयाँ पृथ्वीमा भौतिक र आत्मिक दुवै रूपमा रात वा अन्धकार हुनेछैन (प्रकाश २१:२३; २२:५)।

**सृष्टिको दोस्रो दिन**

उत्पत्ति १:६-८ ले वायुमण्डल अथवा आकाशमा बादलको रूपमा झुण्डिरहेको पानीको आद्रता र पृथ्वीको सतहमा भएको चिसो आद्रताको सृष्टिलाई व्याख्या गर्छ। त्यतिबेला सम्पूर्ण पृथ्वीलाई बाक्लो बादलले ढाकिरहेको थियो; त्यही कारणले पृथ्वीबाट सूर्य, चन्द्रमा र ताराहरू देखिँदैनथे।

**सृष्टिको तेस्रो दिन**

उत्पत्ति १:९-१३ ले महादेशहरूको सुख्खा जमिन र समुद्रहरूको सृष्टिलाई व्याख्या गर्छ। महासागरहरू, समुद्रहरू र तालहरूका पानीहरू तल गहिरोतिर थियो भने जमिनको सुख्खा भागहरूचाहिँ तिनीहरूभन्दा माथि थिए। पृथ्वी बिस्तारै सेलाउँदै गएपछि वाफबाट तरल पानी बन्न थाल्यो र भूकम्पीय दवावहरूद्वारा जमिनमा पहाडहरू उत्पन्न भए। परमेश्वरको सृजनात्मक आज्ञाद्वारा सुख्खा जमिनमा विभिन्न जातिका बोट-विरुवाहरू र रूखहरू उत्पन्न भए। सूर्यले पृथ्वीलाई घेर्ने

बाक्लो बादलद्वारा चम्किलो प्रकाश दिन्थ्यो र त्यो पानीसँग मिलेर प्रकाश-संस्लेषण (photosynthesis) प्रक्रिया सम्भव भएको थियो।

### सृष्टिको चौथो दिन

उत्पत्ति १:१४-१९ मा पृथ्वीलाई ढाक्ने बादललाई परमेश्वरले अलग गर्नुभयो, र सूर्यको प्रकाश सीधा पृथ्वीमा आउन सक्यो अनि सूर्य, चन्द्रमा र ताराहरूको चाललाई अवलोकन गर्न सकियो।

उत्पत्ति १:१६ मा भएको क्रियापदलाई 'बनाउनु भयो' भन्दा पनि 'हुन आयो' (Hebrew: asah) भनी अनुवाद गर्नु राम्रो हुन्छ। परमेश्वरले उक्त सृष्टिको दिनमा सूर्य, चन्द्रमा र ताराहरू बनाउनु भएको होइन तर त्यो दिन ती प्रकाशहरूलाई पृथ्वीबाट देखिने सकिने हुन आयो, र त्यसैद्वारा समय र मौसम नियन्त्रित हुनथाल्यो। परमेश्वरले सुरुमा नै (उत्पत्ति १:१) वस्तु, शक्ति र अन्तरिक्षका सूर्य, चन्द्रमा र ताराहरू सृष्टि गरिसक्नुभएको थियो, तर सृष्टिको चौथो दिनमा चाहिँ ती ज्योतिहरूलाई पृथ्वीबाट देख्न सकिने हुन आयो। त्यसपश्चात् ताराहरूको सहायताले यात्रा गर्न सजिलो हुन थाल्यो, मौसमहरू निर्धारण गर्ने कृषिजन्य पात्रो र ऐतिहासिक पात्रो पनि निर्माण भयो, जसद्वारा २४ घण्टाको दिन, हप्ता, महिना र वर्षहरू हिसाब गर्न सकियो।

यसले यो तथ्य स्पष्टसँग हुन्छ, कि वास्तवमा परमेश्वरले मानिसको लागि यो पृथ्वी सृष्टि गर्नुभएको हो! आकाशमा भएका प्रकाश दिने वस्तुहरूका आकारहरूद्वारा वैज्ञानिक तथ्यहरू बताउन होइन तर पृथ्वीका मानिसहरूले अवलोकन गर्ने तरिकाद्वारा तिनीहरूलाई व्याख्या गरिएको छ।

### सृष्टिको पाँचौँ दिन

उत्पत्ति १:२०-२३ मा उल्लेखित कुराहरू समुद्रको नुनिलो पानीमा हुने जीव-जन्तु, सफा पानीमा हुने जीव-जन्तु र आकाशमा उड्ने जीव-जन्तुहरूका सृष्टिसँग सम्बन्धित छन्। यसअन्तर्गत समुद्रमा हुने विशाल जीवहरू, माछा, सिपी वा खपडा भएको जीवहरू र झिँगेमाछा एकातर्फ पर्छन् भने अर्कोतर्फ किराहरू, उड्ने छेपारो र चराहरू पर्छन्। यहाँ रोचक कुरा के छ भने मेरुदण्ड नभएका जीवहरूको अस्तित्व पहिलो हो भनी भूगोलमा क्याम्ब्रियन समयले (Cambrian period) छक्क पार्ने प्रमाण देखाउँछ। प्यालेजोइक समयको (Palaeozoic era) ५००० जातिका सामुद्रिक र जमिनमा बस्ने जनावरहरूको जिवाशेषहरू क्याम्ब्रियन समयको तहहरूभन्दा पहिलेको हो भन्ने कुनै लेखा पाइँदैन। ती जनावरहरूलाई सम्बोधन गरेर वृद्धि हुँदै जानको निम्ति परमेश्वरले आज्ञा दिनुभएन, तर उहाँको सृजनात्मक वचनले तिनीहरूलाई वृद्धि हुँदै जान सक्षम तुल्यायो।

### सृष्टिको छैठौँ दिन

उत्पत्ति १:२४-२६ मा उल्लेखित कुराहरू जमिनमा बस्ने जाति-जातिका जनावरहरू र मानिसको सृष्टिसँग सम्बन्धित छ। २४ पदमा लेखिएको कुरालाई पृथ्वीसँग जनावरहरू उत्पादन गर्ने क्षमता छ भनी बुझ्नुहुँदैन। आफ्नो सृजनात्मक आज्ञाद्वारा परमेश्वरले पृथ्वीमा भएका तत्वहरूबाट जनावरहरू सृष्टि गर्नुभयो। जमिनमा चलहल गर्ने जनावरहरूमा भेडा र गाईजस्ता घरपालुवा जनावारहरू, जमिनमा चलहल गर्ने साना जनावरहरू र सिंह र हात्तीजस्ता विशाल जङ्गली जनावरहरू पर्छन्। यसलाई वैज्ञानिकरूपमा वर्गिकरण गरिएको होइन तर मानिसले ती जनावारहरूलाई हेर्ने तरिकाअनुसार वर्णन गरिएको छ।

सृष्टिका ती ६ दिनहरूमध्ये प्रत्येक दिनलाई पूर्ण चक्रमा सङ्केत गरिएको थियो, जस्तै: ती सृष्टिको दिनहरू अँध्यारोको सुरुवातदेखि लिएर अर्को सृष्टिको दिनको अँध्यारोको सुरुवातसम्म थिए। 'साँझ पऱ्यो, बिहान भयो- पहिलो दिन' भन्ने सुत्रजस्तो भनाइको वास्तविक उद्देश्य सृष्टिमा परमेश्वरको प्रक्रियामा विशेष अनि निश्चित तहहरू थिए भनी देखाइदिनु हो। उक्त सुत्रजस्तो भनाइद्वारा लेखकले २४ घण्टाको एक दिन हुन्छ भन्ने अवधारणालाई प्रमाणित गर्न खोजेका होइनन्। ती सृष्टिका ६ दिनहरूमध्ये एक दिन कति लामो थियो भनी परमेश्वरले हामीलाई प्रकट गर्नुभएको छैन!

उत्पत्ति २:१ मा यस्तो सारंश छ: सारा ब्रह्माण्डको व्यवस्थित सृष्टिको काम अब पूरा भएको छ (उत्पत्ति २:१)। परमेश्वरले आफ्नो सृष्टिको काम सकाउनुभएपछि तुरुन्तै सातौँ दिन सुरु भयो भनी उत्पत्ति २:२ ले बताउँछ।

उत्पत्ति २:२-३

**प्रश्न : ४ - परमेश्वरले सुरुको सृष्टिको काम सकाउनुभएपछि निचोडमा सातौँ दिनलाई मैले कसरी बुझ्नुपर्छ?**

**टिप्पणी -**

**बन्द गर्ने सुत्र छैन**

सृष्टिको सम्पूर्ण काम सकेपछि परमेश्वरले एक दिन (२४ घण्टा) मात्र विश्राम गर्नुभयो भनी बाइबलले सिकाउँदैन। सातौँ दिनलाई बन्द गर्ने कुनै सुत्र छैन! सातौँ दिन भनेको कुनै निश्चित अवधिमा सकिने सृष्टिका अरू ६ दिनहरूजस्तो होइन। परमेश्वरसँग सृष्टि गर्न ६ दिनहरू थिए, र अर्को एक दिन उहाँले विश्राम लिनुभयो र त्यो दिनमा उहाँले सृष्टिको कुनै काम गर्नुभएन।

त्यही सातौँ दिन 'परमेश्वरको विश्राम' हो भनी मण्डली युगमा त्यसले निरन्तरता पाएको नयाँ करारले सिकाउँछ। आफ्नो सृष्टिको काम पूरा भएपछि परमेश्वरले विश्राम लिनुभयो भनी हिब्रू ४:१-११ ले स्पष्टसँग सिकाएको छ। जे भए तापनि, सृष्टिको काम गरेपछि परमेश्वरले विश्राम लिनुभयो भन्नुको अर्थ त्यतिबेला उहाँ थाक्नुभयो र अहिले उहाँले केही गरिरहनुभएको छैन भनेर अर्थ लगाउनु हुँदैन। त्यसको अर्थ, अब परमेश्वरले अरू सृष्टि काम गरिरहनुभएको छैन भन्ने हो। परमेश्वर सार्वभौम सम्पन्न भई आफ्नो सृष्टिको संरक्षण र शासन गरिरहनुभएको छ (यूहन्ना ५:१७; हिब्रू १:३)।

त्यस्तै गरी परमेश्वरका जनहरूले पृथ्वीमा आफ्नो सेवा पूरा गरेपछि परमेश्वरको विश्राममा प्रवेश गर्नेछन्। यो 'शबाथ विश्राम'ले परमेश्वरका जनहरूको मृत्युपश्चात् तुरुन्तै स्वर्गमा परमेश्वरको उपस्थितिको जीवन अथवा पनरुत्थानपछिको नयाँ पृथ्वीको जीवनलाई बुझाउँछ (हिब्रू ४:९)।

**साप्ताहिक विश्राम दिनको उद्देश्य**

परमेश्वरको सृष्टिको कामको ढाँचा अहिले मानिसको साप्ताहिक कामको ढाँचा भएको छ।

हप्ताको सातौ दिनको उद्देश्य यस्तो थियो:

- प्रस्थान २३:१२ पढ्नुहोस्। आफ्नो हप्ताभरिको कामबाट विश्राम लिएर आफूलाई ताजा पार्ने कामहरू गर्नु।
- लेवी २३:३ पढ्नुहोस्। अरू विश्वासीहरूसँग पवित्र सभामा गएर भेट गर्नु।
- मर्कूस ३:४ पढ्नुहोस्। असल काम गर्नु र जीवनहरू बचाउनु।

---

उत्पत्ति १:२६-२७

**प्रश्न : ५ - हजारौँ वर्ष अगाडि बाँचेका विभिन्न किसिमका डायनासोहरू र मानिसजस्तै देखिन जीवहरूलाई मैले कसरी विचार गर्नुपर्छ?**

**टिप्पणी-**

**डायनासोरहरू र मानिसजस्ता जीवहरूको सृष्टि छैठौँ दिनमा भएको थियो**

पेलियो-मानवशास्त्रीहरूले (Palaeo-anthropologists) मानिसजस्तै देखिने जीवहरूको जीवाशेष भेट्टाएका छन्, जसलाई सामन्यरूपाम एप-मानव (ape-men) अथवा 'गुफा मानव' (cave-men) भनिन्छ। ती जीवहरू आजभन्दा १७,५०,००० देखि २०,००० वर्षपहिले पृथ्वीमा जिएका हुनुपर्छ तिनीहरूले अनुमान लगाएका छन्। ती प्राचीन जीवहरूलाई केवल तिनीहरू 'एप' हुन भनी तिनीहरूको मनस्थितिलाई उपेक्षा गरी बर्खास्त गर्न सकिँदैन, किनभने तिनीहरूका जीवाशेषहरूका नजिक धनुको तीर र बन्चरोजस्ता चट्टानबाट बनेका औजारहरू भेट्टाइएका छन्। ती ठाउँहरूमा भेट्टाइएको कोइलाले खाना पकाउन तिनीहरूले आगोको प्रयोग गरेको हुनुपर्छ भनी सङ्केत गर्छ। नियान्दरथलहरूको (Neanderthal) चिहानमा भेटिएका जीवाशेषहरूको नजिकै तिनीहरूले प्रयोग गर्ने औजारहरूले तिनीहरूले मृत्युपछिको जीवनमा विश्वास गर्थे होलान्

भन्न सकिन्छ। त्यसरी भेट्टाइएका केही अपरिष्कृत कुँदिएका मूर्तिहरूले मानवीय सम्प्रदायलाई सङ्केत गर्छ। नियान्दरथल युगका केही गुफाहरूमा हातले कोरिएका चित्रहरू पनि भेटिएका छन्। त्यस किसिमका क्रो-म्यागनोन (Cro-Mangno) देखि जिन्ज्यन्थ्रोपस (Zinjanthropus) जातिका विकसित जीवहरूसँग यथेष्ठ बुद्धि र आवश्यक स्रोत-साधनहरू थिए।

यस्ता जीवहरूको अस्तित्व कहिले थियो भनी मिति पत्ता लगाउने आधुनिक प्रविधिबारे वैज्ञानिकहरू फरक-फरक विचारधारा व्यक्त गर्छन्। सृष्टिको छैठौँ दिनमा मानिसको सृष्टि हुँदा, त्यस्ता प्राचीन जीवहरूको पनि सृष्टि भएको थियो भनी उत्पत्ति १:२४-२७ ले सिकाउँछ, तर उक्त सृष्टिको छैठौँ दिन कति लामो थियो भनी कसैले भनी हिसाब गर्न सक्दैन!

### बोट-बिरुवा, वनस्पति, जनावरहरू र मानिसजस्ता देखिन जीवहरूको मृत्यु

परमेश्वरको स्वरूपमा सृष्टि गरिएका मानिसहरूको 'मृत्यु' तिनीहरूका पापको (अनाज्ञाकारिताको) निम्ति परमेश्वरको न्यायचाहिँ थियो (उत्पत्ति २:१५-१७)। पापको कारणले गर्दा मानिस पतन भएपछि बोट-बिरुवा, रूख, चराहरू, माछाहरू, जनावरहरू र घस्रने जन्तुहरू शारीरिकरूपमा मर्न थालेका होइनन्। मानिस पापद्वारा पतन हुनुभन्दा पहिले नै तिनीहरूको शारीरिक मृत्यु हुन्थ्यो, किनभने तिनीहरूका खाना खपतको लागि बोट-बिरुवा र घाँसको शारीरिक मृत्यु आवश्यक हुन्छ (उत्पत्ति १:२९-३०)! यस्ता धेरै जीवहरू छन्, जोहरू अरू जीवहरूलाई मारेर खाएन भने केही घण्टा पनि जीवित रहन सक्दैनन्।

केवल मानिस परमेश्वरको स्वरूपमा सृष्टि गरिएको थियो। केवल मानिस परमेश्वरसँग सम्बन्ध स्थापित गर्न सक्षम थियो। केवल मानिसले परमेश्वरको आज्ञालाई पालना नगरी परमेश्वरको विरुद्धमा पाप गर्‍यो। त्यसैले केवल मानिस मात्र परमेश्वरको न्यायमा परी मर्नु पर्ने भयो! उत्पत्ति २:१७ र रोमी ५:१२, १८ मा चर्चा गरिएको पापले आत्मिक मृत्य हुने र पछि गएर अनन्त मृत्यु हुने कुरालाई बुझाउँछ। सुरुका मानिसहरूले पाप गरेपछि, परमेश्वरले जीवनको रूखतिर जाने बाटो बन्द गर्न स्वर्गदूतलाई पठाउनुभयो। यो कुरा हामीले स्पष्टसँग बुझ्नु पर्छ, कि पतनभन्दा अघि मानिसँग अनन्त शारीरिक जीवन थियो, र पतनपछि पनि ऊ अनन्तसम्म शरीरमा जिउन सक्थ्यो, यदि उसले उक्त जीवनको रूखको फल खान पाएको भए! जीवनको रूखतिर जाने बाटो बन्द भएकोले गर्दा नै आफ्नो पापको कारणले गर्दा मानिस शरीरमा मर्नुपर्ने भयो।

त्यसकारण, मानिसबाहेक अरू धेरै जातिका जीव-जन्तु र वनस्पतिहरूको शरीरिक मृत्यु आदम पापमा पतन हुनुभन्दा धेरै समय अघिदेखि नै हुन सुरु भइसकेको थियो। मांशहारी क्रियाकलाप तापगति विज्ञानको भौतिक नियमको (physical laws of thermodynamics) नतिजा हो, तर त्यो मानिसको पापबाट सुरु भएको होइन। अहिले मानिसहरूले जनावरहरूलाई पनि मानिसलाई झैँ गरी हेर्न थालेका छन् र त्यसको परिणामस्वरूप जनावरहरूको मृत्युलाई मानिसको मृत्युजस्तै गरी हेर्न खोज्छन्। तर केवल मानिसलाई मात्र परमेश्वरको स्वरूपमा सृष्टि गरिएको थियो। केवल तिनीहरूको दु:ख-कष्ट र मृत्युलाई मात्र देखाइएको छ (उत्पत्ति ३:१६-१९)।

### मानिसजस्ता देखिने जीवहरू बाइबलीय वचनअनुसार मानव होइनन्

प्रेरित १७:२६ ले 'एक जना मानसिबाट', शाब्दिकरूपमा 'एउटा रगतबाट' परमेश्वरले मानिसको हरेक जाति बानउनुभयो। त्यसैगरी रोमी ५:१२-२१ अनुसार आदमको समयपछिका सबै मानवजातिहरू उबाट नै निस्केको हुनुपर्छ। सम्पर्ण मानवजातिको प्रतिनिधिको रूपमा आदम नै परमेश्वरको करारमा प्रवेश गरेको थियो। यसले आदम र ती मानसिजस्ता देखिने जीवहरूको बीचमा कुनै वंशानुगत सम्बन्ध हुन सक्दैन भन्नेतिर सङ्केत गर्छ। तसर्थ, त्यस्ता जीवहरू वंशानुगतरूपमा आदमको पूर्खाहरू होइनन् र परमेश्वरले आदमसँग बाँध्नुभएको करारमा तिनीहरू सहभागी पनि थिएनन् (उत्पत्ति १:२८-३०; २:१५-१७)।

तैपनि, ती मानिसजस्ता देखिने जीवहरूको अस्थिपञ्जरको बनावट आधुनिक मानिससँग मिल्दो-जुल्दो भएको तथ्यले सायद यस्तो सैद्धान्ति प्रश्न उब्जाउन सक्छ: के त्यस्ता जीवहरूसँग साँचो मानवीय आत्मा वा व्यक्तित्व थियो त? उत्पत्ति १:२६-२७ को तात्पर्य के हो भने आदमलाई बनाउनुहुँदा परमेश्वरले अति फरक गुण भएको जीव सृष्टि गर्दैहुनुहुन्थ्यो, जसलाई सुरुको भाषामा 'मानिस' भनियो। परमेश्वरको आत्मिक स्वरूपमा सृष्टि गरिएको पहिलो मानिस आदम नै थियो! आधुनिक शब्दअनुसार 'जीवित प्राणी' भनेर चिनेने पहिलो मानव आदम नै हो र ऊ परमेश्वरको अदृश्य प्रतिरूप लिएर दृश्य मानव शरीरमा प्रकट भयो! यस तथ्य गलत हो भनी प्रमाण गर्न सक्ने अहिलेसम्म कुनै वैज्ञानिक प्रमाण मानिससँग छैन!

**उत्पत्ति १:२६-२७**

**प्रश्न : ६ - परमेश्वरको स्वरूपमा सृष्टि गरिनु भनेको के हो?**

**टिप्पणी -**

**मानिससँग अद्वितीय भौतिक (शारीरिक) जीवन छ।**

परमेश्वरले मानिसलाई जमिनको धुलोबाट बनाउनुभयो र त्यसको नाकमा जीवनको सास फुकिदिनुभयो, अनि मानिस 'जीवित प्राणी' भयो भनी उत्पत्ति २:७ ले बताउँछ। पृथ्वीमा भएका जनावरहरूको शरीरमा पाइने तत्वहरू मानव शरीरमा पनि पाइन्छ। तैपनि, जनावरको सृष्टि र मानिसको सृष्टिको मुख्य भिन्नता के हो भने, जनावरहरूलाई परमेश्वरले आफ्नो मुखको सृजनात्मक आज्ञाद्वारा बनाउनुभयो तर मानिसलाई चाहिँ उहाँले आफ्नै हातले बनाउनुभयो। जनावरहरूलाई जस्तै गरी मानिसलाई जीवनको सास दिइएको थियो (उत्पत्ति २:७: ७:२२)। तर त्यहाँ भिन्नता के थियो भने जनावरहरूलाई परमेश्वरले आफ्नो सृजनात्मक आज्ञाद्वारा जीवनको सास दिनुभएको थियो भने मानिसलाई चाहिँ उहाँले प्रत्यक्ष उसको नाकमा जीवनको सास फुकिदिनुभएर जीवित बनाउनुभएको थियो। यसको अर्थ के भने परमेश्वरले पहिले मानिसलाई स्वास-प्रस्वास प्रक्रिया दिनुभयो अनि त्यसपछि उसलाई जीवन दिनुभयो।

**मानिससँग अद्वितीय आत्मिक स्वभाव छ।**

मानिसको सृष्टि माथि उल्लेखित गरेभन्दा अझै धेरै विशेष भएको कुरा उत्पत्ति १:२६-२७ ले बताउँछ। मानिसको सृष्टि विशेष गरी त्रिएक परमेश्वरको निर्णयद्वारा घोषणा गरिएको हो: "मानिसलाई आफ्नै स्वरूपमा अनि हाम्रै प्रतिरूपमा बनाऔँ।" त्यसपछि परमेश्वरले मानिसलाई उहाँको आफ्नै स्वरूप र प्रतिरूपमा बनाउनुभयो। मानिसलाई दिइएको आत्मिक स्वभाव परमेश्वरको आत्मिक स्वभावसँग मिल्दो-जुल्दो थियो। उसँग परमेश्वरको वास्तविक गुण र विशेषताहरू थिए। ऊ परमेश्वरको व्यक्तित्वको प्रतिलिपिको अर्को अंश थियो। यसलाई विचार गर्दा, मानिस परमेश्वरको अद्वितीय सृष्टि थियो। मानिसबाहेक अरू कुनै सृष्टिसँग परमेश्वरको स्वरूप छैन!

तसर्थ, मानिससँग शारीरिक र आत्मिक अस्तित्व छ, अथवा यसलाई छोटकरीमा भन्नुपर्दा मानिससँग शरीर र आत्मा छ। मानिसको शरीर अति विशेष छ, किनभने यसलाई परमेश्वरले आफ्नै हातले बनाउनुभयो। त्यसै गरी मानिसको आत्मा अद्वितीय सृष्टि हो किनभने केवल मानिससँग मात्र परमेश्वरको स्वरूप छ।

**परमेश्वरसँग मानिसको अद्वितीय सम्बन्ध छ।**

परमेश्वर मानिससित प्रत्यक्षरूपमा बोल्नुभयो भनी उत्पत्ति १:२८-२९ ले बताउँछ। यो मानिसको सामु परमेश्वरको सबैभन्दा पहिलो प्रकटिकरण हो! यसको अर्थ के हो भने मानिससँग परमेश्वरलाई जान्ने र उहाँसँग सञ्चार गर्ने क्षमता छ। त्योभन्दा ठूलो कुरा के हो भने, सबै जीवित जन्तुहरूमाथि शासन गरेर अनि सबै बोट-बिरुवा र रूखहरूलाई उपयोग गरेर यस पृथ्वीलाई वशमा राख्ने काम परमेश्वरले मानिसलाई दिनुभयो। तसर्थ, परमेश्वरले यो कुरा प्रकट गर्नुहुन्छ- मानिसकै लागि उहाँले पृथ्वी सृष्टि गर्नुभयो र मानिसलाई नै आफ्नो सृष्टिको रेखदेख र संरक्षण गर्ने भण्डारे बनाउनुभयो।

**चरण : ४ - प्रयोग लागू गर्नु**

**ध्यान दिनुहोस्-** यस खण्डको कुन-कुन सत्यताहरू इसाईहरूमा लागू गर्न सम्भव छ?
**बाँड्नुहोस् र लेख्नुहोस्-** उत्पत्ति १:१-२:४क मा एकले अर्कोको दिमाग खियाउन लगाएर सम्भाभित प्रयोगहरूको सूची लेख्नुहोस्।
**ध्यान दिनुहोस्-** यीमध्ये कुनचाहिँ प्रयोगलाई परमेश्वरले तपाईंको व्यक्तिगत जीवनमा प्रयोग गरेको चाहनुहुन्छ?
**लेख्नुहोस्-** उक्त व्यक्तिगत प्रयोगलाई तपाईंको नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरूको प्रयोग गर्नेछन् अथवा उही सत्यतालाई फरक किसिमको प्रयोग गर्न सक्छन्। केही सम्भावित प्रयोगहरूको सूची तल राखिएको छ।)

## १. उत्पत्ति १:१-२:४क मा भएका सम्भावित प्रयोगहरूको केही उदाहरणहरू

**उत्पत्ति १:१,२८** परमेश्वरले कति लामो समय लगाएर सारा ब्रह्माण्ड र पृथ्वी सृष्टि गर्नुभयो भनी बाइबलको सुरूका दुई अध्यायहरूले हामीलाई बताउँदैन तर ती कसले र कसको लागि ती सबै कुरा सृष्टि गरिएको हो भनी स्पष्टसँग बताउँछ। मानिसलाई परमेश्वरले आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो!

**उत्पत्ति १:१-२** सृष्टिका ती विशेष ६ दिनहरूभन्दा पहिले नै परमेश्वरले स्वर्गहरू र पृथ्वी सृष्टि गरिसक्नुभएको थियो। ती सृष्टिका विशेष ६ दिनहरूमा, पृथ्वीका हरेक कुरालाई व्यवस्थित पार्नुभएर उहाँले ब्रह्माण्डको सृष्टिलाई पूर्णता दिनुभयो।

**उत्पत्ति १:११,२१,२४** पृथ्वीका सबै जीव-जन्तु र वनस्पतिहरूका जातिहरू सुरुमा सृष्टि गरिएको वस्तुबाट निस्केका होइनन् तर ती सबैलाई परमेश्वरले सृष्टि गर्नुभएको हो भन्ने कुरा यहाँ प्रकट गरिएको छ।

**उत्पत्ति १:२७-२८** 'आफ्नै स्वरूपमा बनाइएका' मानिसहरूद्वारा यो पृथ्वी भर्ने परमेश्वरको उद्देश्य हो!

**उत्पत्ति १:२८** मानिसहरूप्रति परमेश्वरको साँस्कृतिक आज्ञाचाहिँ तिनीहरूले उहाँको सृष्टिको वास्ता र रेखदेख गरून् भन्ने हो।

**उत्पत्ति १:३१** सृष्टिको काम पूरा भइसक्दासम्म, परमेश्वरको सृष्टिमा कुनै थोक खराब थिएन! 'परमेश्वरले बनाउनुभएको सबै कुरा अति असल थियो!'

**उत्पत्ति २:२-३** मानिसहरूले हप्तामा ६ दिनसम्म काम गरून् र सातौँ दिन 'विश्राम' गरून् भन्ने परमेश्वरको चाहना हो।

**उत्पत्ति २:४** बाइबलको पहिलो दुई अध्यायहरू प्राचीन मानिसहरूले हरेक कुरा कसरी सुरु भनी बनाएका काल्पनिक कथा होइन, यो त परमेश्वरले ती सुरुका मानिसहरूलाई प्रकट गरिदिनुभएको सृष्टिको इतिहास हो। उत्पत्ति २:४ ले यसो भन्छ: "आकाश र पृथ्वीका सृष्टिको वृत्तान्त यही हो।"

## २. व्यक्तिगत प्रयोगहरूको उदाहरणहरू

क. म परमेश्वरको विशेष सृष्टि हुँ। मेरो शरीर र आत्मा परमेश्वरका लागि अति बहुमूल्य छन्। त्यसकारण, म कहिले पनि आफूलाई तुच्छ ठान्दिनँ, घृणा गर्दिनँ र तिरस्कार गर्दिनँ। म आफ्नो शरीर र आत्माको राम्रो किसिमले हेरचाह र वास्ता गर्न चाहन्छु।

ख. परमेश्वरले दिनुभएको कामलाई म गम्भीररूपमा लिन चाहन्छु। परमेश्वरको सृष्टि भएको हुनाले म परमेश्वरलाई जान्न चाहन्छु र उहाँको स्वरूपलाई योग्य तरिकामा लिन चाहन्छु। पुरुष र महिलाको भिन्नातालाई म गम्भीररूपमा लिन चाहन्छु। त्यस्तै गरी म प्रकृतिको रेखदेख र वास्ता गर्ने काममा सहायता गर्न चाहन्छु।

---

**चरण : ५ - प्रार्थना** **प्रतिक्रिया**

उत्पत्ति १:१-२:४क मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा प्रतिक्रिया दिनुहोस्। प्रार्थनामा एक वा दुई वाक्यहरू मात्र बोल्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

| ५ | **प्रार्थना** (८ मिनेट)<br>**अन्तरबिन्ती प्रार्थना** |
|---|---|

दुई वा तीन जनाको समूहमा बसेर निरन्तर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति प्रार्थना गर्नुहोस् र साथै संसारका मानिसहरूका निम्ति पनि प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |
|---|---|

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** एउटा कुरालाई जीवनमा लागू गर्न प्रतिवद्ध गराउनुहोस्।

२. **परमेश्वरसँग व्यक्तिगत समय -** प्रत्येक दिन मत्ती १५:१-१८:२० बाट आधा घण्टा परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मनपर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। कापीमा टिप्पणीहरू बनाउनुहोस्।

**३. पद कण्ठ गर्नु -** नयाँ बाइबल पद कण्ठ गरेर त्यसलाई मनन गर्नुहोस्। प्रार्थनाको उत्तरमा निश्चयता - यूहन्ना १६:२४

दैनिकरूपमा पहिले कण्ठ गरेको दुई वटा बाइबल पदहरूलाई पनरावलोकन गर्नुहोस्।

**४. प्रार्थना -** कुनै व्यक्ति अथवा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

**५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्।** तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।

# पाठ : ५

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गरेर तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **आराधना** (२० मिनेट)<br>**परमेश्वर जीवित व्यक्ति हुनुहुन्छ** |
|---|---|

**शिक्षा दिनुहोस् -** 'आराधना' के हो? 'आराधना'को परिभाषा यस्तो छ :

आराधना भनेको परमेश्वरप्रतिको श्रद्धा, उपासना, प्रतिवद्धता र समर्पणताको मनोवृत्ति हो। आराधनालाई विभिन्न किसिमको प्रार्थाना र हाम्रो दैनिक जीवन जिउने तरिकाद्वारा व्यक्त गरिन्छ।

परमेश्वरको आराधना गर्नको निम्ति उहाँ को हुनुहुन्छ भनी हामीले जान्नु आवश्यक छ। आराधना गर्ने हरेक समयमा हामी परमेश्वरको एउटा विशेषता सिक्छौं।

(समूहको अगुवा - परमेश्वर जीवित व्यक्ति हुनुहुन्छ भन्ने बारेको शिक्षा पढ्नुहोस्।)

## विषय : परमेश्वर जीवित व्यक्ति हुनुहुन्छ

### १. मूर्तिहरूको स्वभाव

भजनसङ्ग्रह ११५:२-८ पढ्नुहोस्।

**मूर्तिहरूको स्वभाव :**

केही मानिसहरूले मानिसजस्तै मूर्तिहरू बनाउने गर्छन्। ती मूर्तिहरूका आँखा भए तापनि तिनीहरूले देख्न सक्दैनन् अनि कान भए तापनि सुन्न सक्दैनन्। पत्थर वा काठबाट बनेका त्यस्ता मृत मूर्तिहरूले बोल्न वा काम गर्न सक्दैनन्। केही अर्का खालका मानिसहरू पनि छन्, जसले आफ्नो दर्शनशास्त्रीय अथवा धार्मिक दिमागले एक मात्र परमेश्वर कस्तो होला भनी विचार गर्ने गर्छन्। तैपनि, चाहे त्यो एक-ईश्वरवादी (monotheistic) होस् वा बहु-ईश्वरवादी (polytheistic) होस्, मानवीय दिमागद्वारा रचना गरिएका हरेक 'ईश्वर'सँग साँचो जीवन हुँदैन।

**मूर्तिहरूको प्रभाव :**

मानिसले बनाएको मूर्ति अथवा मानिसले आविष्कार गरेको ईश्वर पूर्णरूपमा व्यर्थ छ। त्यस किसिमका मूर्ति वा देवताले कहिले पनि जवाफ दिँदैन। त्योभन्दा खराब कुरा के हो भने, आफ्नो दिमाग, भावना, सृनानात्मक कला र इच्छा-अभिलाषाले त्यस्ता मूर्ति बनाउनेहरू वा त्यस्ता देवतालाई आविष्कार गर्नेहरू आफूले बनाएका मूर्ति वा त्यसरी आविष्कार गरेका देवताजस्तै हुनेछन् भनी बाइबले मानिसलाई चेताउनी दिन्छ (भजनसङ्ग्रह ११५:८)! यस किसिमका मानव-निर्मित मूर्ति अथवा मानिसले आविष्कार गरेको देवतालाई पुज्ने मानिसहरू तिनीहरूका मूर्ति वा देवताजस्तै हुनेछन्। रुपैयाँ-पैसा र धन-सम्पत्तिको आराधना गर्नेहरू भौतिकवादी बन्छन्। सौन्दर्य र यौनको देवी सुक्रलाई पुज्नेहरू यौन क्रियाकलापमा अनैतिक बन्छन्।

त्यस्तै गरी हरेक व्यक्तिको चरित्र र आचरणले उसले पुज्ने देवतालाई प्रतिबिम्बित गर्छ! बदलापूर्ण भावना भएको आतंकवादीले बदलापूर्ण देवताको पूजा गर्छ। अरूलाई सतावट दिने व्यक्तिले पुज्ने देवताले निरन्तर सतावट दिइरहन्छ। अनि क्षमा नदिने तीतो हृदय भएको व्यक्तिले क्षमा नदिने र क्षमा गर्न नसक्ने देवतालाई पुज्छ।

**बाइबलीय सिद्धान्त :**

मानिसले बनाएको मूर्ति वा मानिसले आविष्कार गरेको देवतालाई पुज्नुको सट्टामा बाइबलको जीवित परमेश्वरको आराधना गर्ने मानिसहरू झन्-झन् बढी जीवित परमेश्वरजस्तै हुँदैजानेछन्! हामी को हौँ अनि कस्ता छौँ भन्ने क्षेत्रहरूबाट हामीलाई आराधनाले परिवर्तन गर्छ! तसर्थ, हामीले पवित्र र धार्मिक परमेश्वरको आराधना गर्दछौँ भने हामी पनि झन्-झन् बढी पवित्र र धार्मिक हुँदैजानेछौँ! त्यसै गरी जब हामीले प्रेमिलो र दयालु परमेश्वरको आराधना गर्दछौँ, तब हामी झन्-झन् बढी प्रेमिलो र दयालु हुँदैजानेछौँ!

## २. जीवित परमेश्वरको स्वभाव

प्रस्थान ३:१-१२ पढ्नुहोस्।

**परमेश्वर व्यक्तिगत कामहरू गर्ने जीवित व्यक्ति हुनुहुन्छ।**

- परमेश्वर व्यक्तित्वहीन शक्ति हुनुहुन्न, उहाँ त जीवित व्यक्ति हुनुहुन्छ। उहाँ जिउनुहुन्छ!
- परमेश्वरले बलिरहेको आगोको ज्वाला र परमप्रभुको दूतद्वारा आफूलाई प्रकट गर्नुहुन्छ।
- परमेश्वर हामीसँग स्पष्ट र बुझ्ने गरी बोल्नुहुन्छ। त्यसैले परमेश्वरले बोल्नुहुने कुरा हामी जान्न सक्छौँ। परमेश्वरले जति मात्रामा आफ्ना विचारहरू, भावनाहरू, चाहनाहरू र इच्छाहरू हामीप्रति प्रकट गर्न चाहनुहुन्छ, त्यति मात्र हामी बुझ्न सक्छौँ।
- परमेश्वरले हरेक कुरा देख्नुहुन्छ। हामीले गर्ने दृश्य कुराहरू मात्र उहाँले देख्नुहुन्न, तर उहाँले अदृश्य कुराहरू पनि देख्नुहुन्छ। उहाँले हाम्रो निराशा, पीडा र आन्तरिक जीवन देख्नुहुन्छ।
- परमेश्वरले हरेक कुरा सुन्नुहुन्छ। उहाँले हाम्रो कुराकानी र सुस्केरा सुन्नुहुन्छ, र त्यसरी नै सहायताको निम्ति हामीले गरेको पुकार र प्रार्थना पनि उहाँले सुन्नुहुन्छ।
- परमेश्वरसँग भावनाहरू भएको हृदय छ। उहाँ हाम्रो दुःख-कष्ट र भलाइको बारेमा वास्ता गर्नुहुन्छ। बाइबलले भन्दछ, कि परमेश्वरले आफ्ना जनहरूलाई प्रेम गर्नुहुन्छ र उहाँको विरोध गर्नेहरूलाई उहाँले आफ्नो पवित्र क्रोध देखाउनुहुन्छ। त्यसैगरी परमेश्वर शोक गर्नुहुन्छ अनि आनन्द पनि मनाउनुहुन्छ।
- हामीलाई बचाउन यस पृथ्वीमा ओर्लिआउनुभएर परमेश्वरले एक व्यक्तिको हैसियतले हाम्रो पक्षबाट काम गर्नुहुन्छ। त्योभन्दा अझ बढी भन्ने हो भने जसरी उहाँले मोशालाई दिनुभयो, त्यसरी नै हामीलाई अर्थपूर्ण काम गर्न दिनुभएर हामीसँग सहभागी हुनुहुन्छ। परमेश्वरले हामीलाई एक्लै त्यो काम गर्न बाहिर पठाउनुहुन्न, तर उक्त काम पूरा गराउनको लागि उहाँ हामीसँगै जानुहुन्छ। उहाँ मोशाको सँगसँगै हुनुभएर आफ्नो काम पूरा गर्नुभयो।

**परमेश्वर मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुहुने जीवित व्यक्ति हुनुहुन्छ।**

बाइबलद्वारा आफूलाई प्रकट गराउनुहुने एक मात्र परमेश्वर मानिसको दिमागको सृष्टि (रचना) हुनुहुन्न। हामी मानिसमा बोल्ने, हेर्ने, सुन्ने, महसुस गर्ने, तर्क गर्ने, इच्छा गर्ने र काम गर्ने क्षमताहरू भएको कारणले गर्दा परमेश्वरसँग ती व्यक्तिगत कामहरू भएको होइन। परमेश्वर मानव समझको निकास (अनुमान) हुनुहुन्न। उहाँ मानिसहरूका विचारहरूअनुसार सृजना गरिएको देवता हुनुहुन्न। बरु, उहाँ त स्वभावैले जीवित व्यक्ति हुनुहुन्छ। उहाँको सम्पूर्ण अस्तित्व व्यक्तिगत हो।

परमेश्वरलाई मानिसहरूले आफ्ना स्वरूपमा सृष्टि गरेका होइनन् बरू परमेश्वरले मानिसहरूलाई आफ्नो स्वरूपमा सृष्टि गर्नुभएको थियो! परमेश्वरले मानवजातिलाई आफ्नै प्रतिरूपमा सृष्टि गर्नुभयो। परमेश्वर बोल्नुहुने भएकोले गर्दा मानिसले बोल्न सक्छ। परमेश्वरले देख्नुहुने भएकोले गर्दा नै हामी देख्छौँ। परमेश्वरले विवेकपूर्ण तवरले विचार गर्नुहुने भएकोले गर्दा नै हामी विविकपूर्ण ढङ्गमा विचार गर्दछौँ। परमेश्वरले छनौट र निर्णयहरू गर्नु हुन्छ, त्यसैले हामीले पनि छनौट र निर्णयहरू गर्दछौँ। परमेश्वर जीवित हुनुभएकोले नै हामी मानिसहरूसँग उस्तै किसिमका व्यक्तिगत कामहरू छन्। जेजस्तो भए तापनि उहाँको तुलनामा हाम्रा व्यक्तिगत कामहरू अति नै सीमित छन।

**परमेश्वर मानवीय व्यक्तिहरूसँग सम्बन्ध राख्नुहुने जीवित व्यक्ति हुनुहुन्छ।**

परमेश्वर र मानिस दुवै 'जीवित व्यक्तिहरू' भएकोले गर्दा, परमेश्वर र मानिस एक-अर्कामा सम्बन्ध राख्न र सङ्गति गर्न सक्छन्! हामी 'व्यक्तिहरू' भएको कारणले नै परमेश्वर र हामी एक-आपसमा कुराकानी गर्न सक्छौँ, एकले अर्कोलाई जान्न

सक्छौँ, र त्यसैगरी हामी एकले अर्कोलाई बुझ्न सक्छौ, महसुस गर्न सक्छौँ र साथै एक साथ मिलेर काम गर्न पनि सक्छौँ। यदि परमेश्वर केवल व्यक्तित्वहीन शक्ति मात्र हुनुभएको भए उहाँ र हामीबीचको व्यक्तिगत सम्बन्ध र घनिष्ठ सङ्गति सम्भव हुने थिएन। जे भए पनि परमेश्वर जीवित व्यक्ति हुनुभएकोले गर्दा, यस किसिमको व्यक्तिगत सम्बन्ध र घनिष्ठ सङ्गति सम्भव मात्र हुने होइन, तर यो त वास्तविक रूपमा हामीबीच भइरहेको छ!

समूहको अगुवा - परमेश्वरसँग हामीले जान्न सक्ने र सम्बन्ध राख्न सक्ने विशेषता भएको जीवित व्यक्ति हुनुभएकोले उहाँको आराधना गर्नुहोस्। तीन-तीन जना मानिसहरूको सानो समूह बनाएर आराधना गर्नुहोस्।

| ३ | **सिकेका कुरा बाँड्ने** (२० मिनेट)<br>**मत्ती** |
|---|---|

तपाईंलाई तोकिदिएको बाइबल खण्ड (मत्ती १५:१-१८:२०) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा तपाईंले सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकारीमा बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेखेको तपाईंको नोटबुक हेरेर एउटा कुरा पढ्नुहोस्)।

बोलिरहेको व्यक्तिको कुरा ध्यानसित सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस्। उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ४ | **शिक्षा** (७० मिनेट)<br>**[बाइबल] - बाइबल प्रयोग गर्ने सात वटा तरिकाहरू** |
|---|---|

## क.. प्रेरणा - बाइबल किन प्रयोग गर्ने?

### १. प्रभु येशूको उदाहरण

**बाइबलको बारेमा उहाँको दृढ विश्वास**

येशूले बाइबललाई परमेश्वरको प्रेरणा भएको वचन हो भनी मान्नुभयो। बाइबलका पुस्तकहरू पवित्र आत्माको प्रेरणाको अधिनमा छ भनी लेखकहरूले लेखे (मत्ती २२:४३)। बाइबल परमेश्वरको आधिकारिक वचन भनी उहाँले मान्नुभयो। हरेक परिस्थितिमा उहाँले यसलाई परमेश्वरको अन्तिम (परिवर्तन नहुने) वचनको रूपमा उद्धृत गर्नुभयो (मत्ती ४:१-१०)। बाइबललाई सुनेर त्यसप्रति आज्ञाकारी हुने मानिसहरूलाई उहाँले आशिषित हुन भनी सम्मान गर्नुभयो (लूका ११:२८; प्रकाश १:३)।

**बाइबललाई प्रेरणा दिने स्वयम् येशू ख्रीष्ट हुनुहुन्छ र उहाँ नै बाइबलको विषयवस्तु हुनुहुन्छ।**

१ पत्रुस १:१०-११; प्रकाश १९:१० पढ्नुहोस्।

टिप्पणी - पुरानो करार बाइबल लेख्नको निम्ति येशू ख्रीष्टको आत्माले पुरानो करारको समयको अगमवक्ताहरूलाई प्रेरणा दिनुभयो भनी प्रेरित पत्रुसले भनेका छन्। पुरानो करारमा येशू ख्रीष्टको आत्माले सिकाउनुभएका जेजति कुराहरू छन् (१ पत्रुस १:१०-१२) र नयाँ करारमा येशू ख्रीष्टले सिकानुभएको र गर्नुभएको जेजति कुराहरू छन् (मत्ती ५:१७; यूहन्ना ३:११-१३; ५:३९; ८:१८-१९, २४,३१-३२,५१,५८), ती सबै कुराहरू 'अगमवाणी'को साँचो आत्मा र विषयवस्तु हुन भनी येशूले भन्नु हुन्छ! यसलाई अर्को तरिकाले भन्ने हो भने, येशूले आफ्नो बारेमा अनि बाइबलमा भएको उहाँका वचनहरू र कामहरूका बारेमा जेजति प्रकट गर्नुभयो, त्यसलाई घोषणा गर्नु नै 'अगमवाणीको आत्मिक वरदान' हो (प्रकाश १९:१०) (Dictionary: Bauer, Arndt, Gingrich, page 730)। त्यसकारण, बाइबलीय अगमवाणी भनेको मनमानी ढङ्गमा अरू मानिसहरूका बारेमा भविष्यवाणी गर्नु होइन, तर येशू ख्रीष्ट र उहाँ क्रूसमा टाँगिएको घोषणा गर्नु हो (१ कोरिन्थी २:२ र ४:६ तुलना गर्नुहोस्)!

### बाइबललाई (परमेश्वरको वचनलाई) येशूले कसरी प्रयोग गर्नुभयो?

लूका २:४६-४७ पढ्नुहोस्।

टिप्पणी - येशूले आफ्नो मानवीव स्वभावमा कलिलै उमेरदेखि परमेश्वरको वचन अध्ययन गर्न सुरु गर्नुभयो। अरू मानिसहरूसँग बसेर परमेश्वरको वचन सुनेर, प्रश्नहरू सोधेर अनि छलफले गरेर उहाँले सिक्नुभयो।

त्यतिबेला परमेश्वरक वचन पपाइरस (papyrus) अथवा जनावरको छालाले बनेका मुठ्ठाहरूमा लेखिएका हुन्थे। येशूले परमेश्वरको वचन निकै प्रयोग गर्नुभयो। उहाँले परमेश्वरो वचनलाई आफ्नो व्यक्तिगत जीवनमा प्रयोग गर्नुभयो (लूका ४:२१, २४:२५-२७,४४-४५)। आफ्नो सत्रु, दुष्टको विरुद्धमा उहाँले परमेश्वरको वचन उद्धृत गर्नुभयो (मत्ती ४:४,७,१०)। उहाँले परमेश्वरको वचन यी कामहरूका लागि प्रयोग गर्नुभयो: सत्यता सिकाउन (मत्ती ५:२१-२२,२७,३१-३४,३८-३९,४३-४४), प्रश्नहरूको उत्तर दिन (मत्ती १९:३-६), झूटो शिक्षाको खण्डन गर्न (मत्ती २२:४१-४६), मानिसहरूको कपटपूर्ण जीवन प्रकट गर्न (मर्कूस ७:५-९) र अगमवाणी गर्न (मत्ती २६:३१) आदि।

### उहाँको शिक्षाको बारेमा मानिसहरूले र स्वयम् येशूले के भन्नुभयो?

यूहन्ना ७:१४-१८ पढ्नुहोस्।

टिप्पणी - यद्यपि येशू ईश्वरशास्त्रीय तालिम लिन यहूदी गुरुहरूले पढ्ने विद्यालय (rabbinical school) नगएको भए तापनि, उहाँलाई परमेश्वरको वचनको राम्रो ज्ञान थियो। येशू ख्रीष्टको सिकाइ र शिक्षा उहाँलाई पठाउनुहुने एकमात्र साँचो अनि जीवित परमेश्वरबाट आएको थियो। आफूले बोलेको कुरा सत्य हो जसमा एउटा पनि झूट कुरा छैन भनी स्वयम् येशूले दाबी गर्नुभयो।

### कसरी येशूले मानिसहरूमा दृढ विश्वास विकास गर्नुभयो?

लूका १०:२५-२८ पढ्नुहोस्।

टिप्पणी - मानिसहरूले येशूलाई प्रश्न सोध्दा, उहाँले तिनीहरूलाई अर्को प्रश्न सोधेर त्यसको उत्तर दिनुहुन्थ्यो - प्रश्नलाई प्रश्नको प्रहार (ping-pong principle)। त्यसो गर्दा आफैले बाइबलका सत्यतालाई खोज्नुपर्ने हुन्थ्यो। त्यसरी बाइबलमा आफैले खोजेर पत्ता लगाएको सत्यता मानिसहरूको व्यक्तगत दृढ विश्वास बन्दछ। तसर्थ, प्रश्नको उत्तर दिनुको सट्टामा मानसिहरूलाई बाइबल खण्ड दिनुहोस् र तिनीहरूलाई त्यो खण्ड पढ्न लगाएर बाइबलमा भएको सत्यता तिनीहरूलाई नै पत्ता लगाउन दिनुहोस्।

## २. प्रेरित पावलको उदाहरण

### बाइबलको बारेमा तिनको दृढ विश्वास

प्रेरित पावलले बाइबललाई परमेश्वरको प्रेरणा भएको वचन हो भनी ठान्थे। बाइबलको हरेक वचन पवित्र आत्माद्वारा प्रेरणा भएको थियो (२ तिमोथी ३:१६-१७)। बाइबल परमेश्वरको आधिकारिक वचना हो भनी तिनले मान्थे। यसलाई तिनले हरेक परिस्थितिम परमेश्वरको अन्तिम अनि परिवर्तन नहुने वचनको रूपमा उद्धृत गर्थे (प्रेरित १३:३४-३५)। प्रेरित पावललाई तेह्र वटा पत्रहरू लेख्न परमेश्वरले आफ्नै बुद्धि दिनुभयो भनी प्रेरित पत्रुसले भनेका छन् (२ पत्रुस ३:१५-१६)।

### पावलले सानो समूहमा कसरी बाइबल अध्ययन गर्थे?

प्रेरित १७:२-४ पढ्नुहोस्।

टिप्पणी - परमेश्वरको वचन, बाइबल अध्ययन गर्न चाहने मानिसहरूको समूह पत्ता लगाउने पावलको बानी थियो। उक्त समूह हरेक हप्ता एकसाथ भेला हुन्थे। पावलले तिनीहरूसँग बाइबलबाट तर्क गर्ने गर्थे। 'तर्क गर्नु' (English:to reason; Greek: dialegomai) को शाब्दकि अर्थ मानिसको दिमागले बाइबलको सत्यताहरूलाई 'ध्यानपूर्वक विचार र चिन्तन-मनन गर्नु' र त्यसपछि समूहमा भएका अरू मानिसहरूसँग छलफल (कुराकानी) गर्नु हो। बाइबलको बारेमा बहस गर्नु त्यसको अर्थ होइन। त्यसरी बाइबलबाट छलफल गर्ने समयमा, समूहको अगुवाक हैसियतमा पावलले उक्त समूहका मानिसहरूलाई

बाइबलको निश्चित सत्यताहरूलाई व्याख्या गरेर प्रमाणित गर्ने गर्थे। 'व्याख्या गर्नु'को शाब्दिक अर्थ बाइबललाई 'पूर्णरूपमा खोलिदिनु' हो, जसको मतलब बाइबलको कठिन खण्डहरूको अर्थलाई व्याख्या गर्नु हो। 'प्रमाणित गर्नु' भन्ने शब्दको अर्थ तपाईंले सिकाउनुहुने कुरा बाइबलमा स्पष्टसँग लेखिएको छ भनी देखाइदिनु हो। सानो समूहमा बाइबल अध्ययन गर्नुको पछाडि पावलको लक्ष्य भनेको बाइबलमा लेखिएका सत्यताहरूमा विश्वास गर्न मानिसहरूलाई सम्झाइ-बुझाइ गर्नु हो। पावलले एफिसस सहरमा त्यस किसिमले हरेक दिन बाइबलबाट छलफल गर्दै दुई वर्ष बिताए (प्रेरित १९:८-१०)।

**सिकाउनु र प्रचार गर्नुमा पावलको लक्ष्य के थियो?**

प्रेरित २०:२०,२७,३०-३१ पढ्नुहोस्।

टिप्पणी - मानिसहरूलाई परमेश्वरको सम्पूर्ण इच्छा र तिनीहरूलाई सहायता मिल्ने कुराहरू सिकाउनु पावलको लक्ष्य थियो। एकातर्फ तिनले मानिसहरूलाई बाइबलको महत्वपूर्ण शिक्षा र अभ्यास सिकाउँथे भने अर्कोतर्फ, तिनीहरूलाई सहायता नमिल्ने कुनै कुरा तिनी सिकाउँदैनथे। तिनीहरू मूर्ख बहस अथवा झूटो शिक्षामा अल्झिनु हुँदन भनी पावलले ती इसाईहरूलाई यसरी चेताउनी दिए (१ तिमोथी १:३-७)।

**प्रचार गर्दा र शिक्षा दिँदा पावलको के नियम थियो?**

१ कोरिन्थी ४:६ पढ्नुहोस्।

टिप्पणी - प्रचार गर्दा र शिक्षा दिँदा पावलको नियम के थियो भने बाइबलमा लेखिएको कुरालाई नाघेर तिनी कहिल्यै बाहिर जाँदैनथे! येशू ख्रीष्टले प्रकाश २२:१८-१९ मा दिनुभएको चेताउनीलाई ध्यान दिनुहोस्: "यदि कसैले तिनमा थप्यो भने (प्रकासको पुस्तकमा भएका ख्रीष्टको वचनहरू), यस पुस्तकमा लेखिएका विपत्तिहरू परमेश्वरले त्यसमाथि थपिदिनुहुनेछ। अनि कसैले यस अगमवाणीको पुस्तकका वचनबाट केही घटायो भने, यस पुस्तकमा लेखिएका जीवनको वृक्ष र पवित्र सहरबाट त्यसले पाउने हिस्सा परमेश्वरले त्यसबाट खोस्नुहुनेछ।"

## ३. बेरियावासीहरूको उदाहरण

**बेरियावासीहरूले परमेश्वरको वचन, बाइबललाई कसरी प्रयोग गरे?**

प्रेरित १७:१०-१२

टिप्पणी - बेरियाका मानिसहरूले बाइबलको शिक्षालाई सही मनोवृत्ति र उत्सुकतासाथ सुनेर ग्रहण गरे। आफैले अध्ययन गरेर सत्यता पत्ता लगाउन र बाइबलका प्रचारक र शिक्षकहरूले सत्य कुरा बोले कि बोलेनन् अथवा सिकाए कि सिकाएनन् भनी पत्ता लगाउन हरेक दिन तिनीहरू धर्मशास्त्र छानबिन गर्थे। परमेश्वरको वचन बाइबलले बताउने कुराको बारेमा तिनीहरूले आफ्नो दृढ विश्वास विकास गर्न चाहन्थे। 'छानबिन गर्नु' (English: to examine; Greek: anakrino) को शाब्दिक अर्थ खोजेर, प्रश्न सोधेर, सत्यलाई छुट्ट्याएर र त्यसको मूल्याङ्कन गरेर अनुसन्धान गर्नु हो। यसको अर्थ कानुनी प्रक्रियामा झैं होसियारी र ठीक तरिकाले अनुसन्धान गर्नु हो। तसर्थ, आत्मिक कुराहरूको बारेमा व्यक्तिगत दृढ विश्वासलाई विकास गर्ने र स्पष्टसँग व्यक्त गर्ने तरिका भनेको आफैले बाइबलमा भएको सत्यतालाई छानबिन गर्नु हो। यो काम गर्ने उत्तम तरिकाचाहिँ अरू इसाईहरूको सानो समूहमा सँगै बसेर बाइबल अध्ययन गर्नु हो।

## ४. एज्राको उदाहरण

**एज्राले परमेश्वरको वचन, बाइबललाई कसरी प्रयोग गर्थे?**

एज्रा ७:१० पढ्नुहोस्।

टिप्पणी - एज्रा बाइबलको महान् शिक्षक हुन्। तिनले आफूलाई तीन वटा कुराहरूमा समर्पित गरे: पहिलो, बाइबल अध्यय गर्न, दोस्रो, बाइबलको शिक्षाहरू अभ्यास गर्न, तेस्रो, बाइबलको सत्यताहरू अरूहरूलाई सिकाउनु। बाइबलका सबै विद्यार्थीहरू र समूहका अगुवाहरू (शिक्षकहरू) को लागि यो असल उदाहरण (नमुना) हो। अरूहरूलाई बाइबलको सत्यता सिकाउनुभन्दा पहिले, तपाईंले ती कुराहरू अध्ययन गरी आफ्नो जीवनमा अभ्यास गरको हुनुपर्छ!

## ५. सैनिक अगुवा, यहोशू र राजा दाऊदको उदाहरण

**परमेश्वरले के प्रतिज्ञा गर्नुभयो अनि उहाँका जनहरूले के अनुभव गरे?**

यहोशू १:७-९; भजनसङ्ग्रह १:१-३ पढ्नुहोस्।

टिप्पणी - परमेश्वरले सैनिक अगुवा यहोशूलाई बाइबलमा भएको परमेश्वरको वचनहरूमा निरन्तर मनन आज्ञा दिनुभयो, ताकि त्यहाँ लेखिएका हरेक कुरा तिनले होसियारीसाथ गर्न सकोस्। परमेश्वरको नजरमा जे कुरा साँच्चै सफल र लाभदायी छ, त्यही तिनले अनुभव गर्न सकोस् भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो। बाइबलमा भएको परमेश्वरको वचनहरूमाथि निरन्तर मनन गर्दा, त्यसले आफूलाई दुष्ट मानिसहरूबाट अलग राखेको र आफ्नो जीवनलाई फलवन्त बनाएको राजा दाऊदले अनुभव गरे। तसर्थ, बाइबल मनन र त्यसलाई जीवनमा गर्ने प्रयोगले तपाईंको जीवनमा ठूलो प्रभाव पार्नेछ र त्यसले ठूलो इनाम ल्याउनेछ। तपाईंले आफ्नो मार्गलाई समृद्ध तुल्याउनुहुनेछ, तपाईंले सफलता पाउनुहुनेछ (यसको अर्थ तपाईंले जीवनलाई बुझेर बुद्धिमानीपूर्वक काम गर्नुहुनेछ भन्ने हो) र तपाईंको जीवन आकर्षक अनि फलदायी हुनेछ।

## ६. बाइबल अध्ययनको ५ सिद्धान्तहरू

माथि दिइएका बाइबल खण्डहरूले हामीलाई बाइबल अध्ययनको केही असल सिद्धान्तहरू सिकाउँछ।

### (१) सानो समूह बनाउनु

हरेक हप्ता सँगै भेला भएर बाइबल अध्ययन गर्न चाहने र त्यसप्रति निकै रुचि भएका मानिसहरूको सानो समूह बनाउनुहोस्।

### (२) तथ्यहरू अवलोकन गर्नु

तथ्यहरू छानबिन गरेर सत्यता खोजी गर्नुहोस्, विशेष गरी परमेश्वरको पूर्ण इच्छा र सहायता मिल्ने कुराहरू खोज्नुहोस्।

### (३) सत्यताहरूको अर्थ खोल्नु

प्रश्नहरू सोध्नुहोस् र एकले अर्काको विचारधारा सुन्नुहोस्। उक्त खण्डमा भएका सत्यताहरूबारे छलफल गर्नुहोस्।

कठिन शब्दहरू र विचारहरूलाई व्याख्या गर्नुहोस्। तपाईंको हरेक तर्क बाइबलबाट हो भनी प्रमाणित गर्नुहोस्। बाइबललाई सही र श्रेयस्कर किसिमले अनि अरू खण्डहरूको प्रकाशमा व्याख्या गर्नुहोस्।


### (४) सत्यताहरूलाई जीवनमा लागू गर्नु

परमेश्वर तपाईंले के कुरा जानेको, विश्वास गरेको, भएको र गरेको चाहनुहुन्छ, त्यसमा मनन गर्नुहोस्।

परमेश्वरले चाहनुभएको कुरा तपाईंले आफ्नो जीवनमा अभ्यास गर्नुहोस्।

### (५) तपाईंको आफ्नो दृढ विश्वास, निष्कर्षहरू र प्रयोगहरूलाई स्पष्टसँग बताउनुहोस्।

## ख. दृष्टान्त (उदाहरण) - बाइबलको सम्बन्धमा इसाईहरूको जिम्मेवारी




**१. बाइबल सुन्नुहोस्।**
लूका ११:२८; प्रकाश २:७ पढ्नुहोस्।

**२. बाइबल पढ्नुहोस्।**
व्यवस्था १७:१८-२०; नहेम्याह ८:८; १ तिमोथी ४:१३ पढ्नुहोस्।

**३. बाइबल अध्ययन गर्नुहोस्।**
एज्रा ७:१०; प्रेरित १७:११ पढ्नुहोस्।

**४. बाइबल पद कण्ठ गर्नुहोस्।**
भजनसङ्ग्रह ११९:११ पढ्नुहोस्।

**५. बाइबलको सन्देशहरू मनन गर्नुहोस्।**
यहोशू १:८ पढ्नुहोस्।

**६. बाइबलको सन्देशहरू जीवनमा लागू गर्नुहोस्।**
लूका ६:४६-४९; यूहन्ना १४:२१ पढ्नुहोस्।

**७. बाइबलको सन्देशहरू अरूहरूलाई प्रसार गर्नुहोस्।**
कलस्सी ३:१६; २ तिमोथी ४:२ पढ्नुहोस्।

यी ७ वटा तरिकाहरूद्वारा तपाईंले जति धेरै बाइबललाई प्रयोग गर्नुहुन्छ, त्यति नै बढी तपाईंले परमेश्वरको वचनको आत्मिक बुझाइ प्राप्त गर्नुहुनेछ।

---

## ग. व्यवहारिक - बाइबल प्रयोग गर्ने सात व्यवहारिक तरिकाहरू

यो तालिम पाठ्यक्रम अवधिमा हामीले बाइबललाई व्यवहारिक तरिकाले प्रयोग गर्न सिक्नेछौँ। हामीले बाइबल सुन्न, बाइबल पढ्न, बाइबल अध्ययन गर्न, बाइबल पदहरू कण्ठ गर्न, बाइबलको सत्यताहरू मनन गर्न, बाइबलको सन्देशहरूलाई हाम्रो व्यक्तिगत जीवनमा लागू गर्न र बाइबलको सन्देशहरू अरू मानिसहरूलाई प्रसारण गर्न सिक्नेछौँ।

तलका सात व्यवहारिक विधिहरू सिकाउनुहोस्।

### १. बाइबल सुन्नुहोस्।

स्वयम् परमेश्वर बाइबलद्वारा तपाईंसँग बोल्नुभएको सुन्न सिक्नुहोस्। परमेश्वरले तपाईंलाई केही कुरा भन्नुभएको होस् भनी अपेक्षा गर्नुहोस्!

### २. हरेक दिन बाइबल पढ्नुहोस्।

**बाइबल सुरुदेखि अन्तसम्म पढ्नुहोस्।**

सम्पूर्ण बाइबल एक, दुई वा तीन वर्ष लगाएर सुरुदेखि अन्तसम्म पढ्नुहोस्। बाइबलमा ११८७ अध्यायहरू छन्। तपाईंले हरेक दिन ३ अध्यायहरू र बिदाको दिन ५ अध्यायहरू पढ्नुभयो भने एक वर्षभरिमा सम्पूर्ण बाइबल पढेर सकाउनुहुनेछ।

बाइबल पढ्ने योजना प्रयोग गर्नुहोस् (निर्देशिका पुस्तक १, परिशिष्ट २ हेर्नुहोस्)।

तपाईंले बिहान परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा नयाँ करारको खण्डहरू पढ्ने गर्नुहोस्। अनि बेलूका साँझ सुत्नुभन्दा अगाडि पुरानो करारबाट एक वा दुई खण्डहरू पढ्ने गर्नुहोस्।

तपाईंले बाइबल पढ्दै गर्दा बाइबलमा चिनो लगाउने विधि पनि प्रयोग गर्नुहोस् (निर्देशिका १, परिशिष्ट ३ हेर्नुहोस्)।

यसले तपाईंलाई बाइबलको महत्वपूर्ण खण्डहरू पत्ता लगाउन सहायता गर्नेछ र साथै बाइबलको निश्‍चित विषयहरू अध्ययन गर्न पनि सहायता गर्नेछ।

**आफ्नो परिवारसँग बसेर बाइबल पढ्नुहोस्।**

हरेक दिन आफ्नो परिवारसँग बसेर बाइबलको एउटा खण्ड पढ्नुहोस् (यसको निम्ति खानापछिको समय उपयुक्त हुन्छ)। त्यसपछि त्यसको बारेमा कुराकानी गर्नुहोस् र सबै मिलेर प्रार्थना गर्नुहोस् (व्यवस्था ६:४-९)।

**अरू मानिसहरूको लागि बाइबल पढ्नुहोस्।**

गैर-इसाईहरू र इसाईहरूको माझमा ठूलो सोरमा बाइबल पढ्ने मौका खोज्नुहोस् (१ तिमोथी ४:१३)।

## ३. हरेक हप्ता बाइबल अध्ययन गर्नुहोस्।

**बाइबल अध्ययन गर्ने समूह अथवा चेलापन समूह निर्माण गर्नुहोस्।**

सानो समूहमा भेला भएर बाइबल अध्ययन गर्न चाहने मानिसहरू पत्ता लगाउनुहोस्। बाइबल अध्ययन गर्ने सभामा आउनुभन्दा अगाडि नै हरेक सदस्यले बाइबल अध्ययन खण्डलाई तयार गर्नुपर्छ। सबै जना भेला भएपछि हरेक व्यक्तिले बाइबल खण्डमा सत्यता खोजी गर्न, छलफल गर्न, आफूले पाएको कुरा बाँड्न र उक्त सत्यतालाई लागू गर्न सामूहिक रूपमा सहभागी हुनुपर्छ। तपाईंहरू बाइबल अध्ययन र प्रार्थनाको लागि हप्तामा एकपटक नियमित भेटघाट गर्नु अति उत्तम हुन्छ।

**बाइबल अध्ययन गर्ने फरक-फरक विधिहरू सिक्नुहोस्।**

यहाँ केही यस्ता विधिहरू छन्, जसले तपाईंलाई बाइबल पद, बाइबल खण्ड वा अध्याय, बाइबलको पुस्तक, बाइबलको कुनै पात्र (व्यक्ति) र बाइबलको कुनै विषय अध्ययन गर्न सहायता गर्छ। यो पाठ्यक्रममा तपाईंले एउटा अति राम्रो विधि सिक्नुहुनेछ, जसलाई बाइबल अध्ययनको पाँच चरणहरूको विधि भनिन्छ। बाइबलको हरेक खण्ड अध्ययन गर्न यसलाई प्रयोग गर्न सकिन्छ (निर्देशिका पुस्तक १, परिशिष्ट ४ हेर्नुहोस्)।

## ४. नियमतिरूपमा बाइबल पदहरू कण्ठ गर्नुहोस्।

नया बाइबल पदहरू नियमतिरूपमा मनन गर्दै कण्ठ गर्नुहोस्। पहिले कण्ठ गरेका पुराना बाइबल पदहरू पनि पुनरवलोकन गर्दै जाँच्नुहोस् (निर्देशिका पुस्तक १, परिशिष्ट ५ हेर्नुहोस्)।

## ५. बाइबलका सत्यताहरू मनन गर्नुहोस्।

बाइबलका सत्यताहरूमा मनन गर्न सिक्नुहोस् र त्यसलाई अभ्यास गर्नुहोस्। यसको लागि समय र अनुशासन चाहिन्छ।

इसाई मनन (ध्यान) अरू धर्महरूमा गरिने ध्यानभन्दा धेरै फरक छ। अरू धर्महरूमा, ध्यान गर्ने व्यक्ति उसको ध्यानको केन्द्रमा हुन्छ तर इसाई विश्‍वासमा तपाईंले मनन गर्दा परमेश्‍वर र उहाँको वचनहरू सधैँ तपाईंको ध्यानको केन्द्रमा हुनुहुन्छ। इसाई मनन अरू कुराप्रति निर्देशित (other-directed) हुन्छ र यसमा सधैँ परमेश्‍वर र तपाईंको बीचमा कुराकानी हुन्छ। इसाई मनन विशेष गरी तपाईंको शान्त समयमा, प्रार्थनामा, पद कण्ठ गर्नेमा र बाइबल अध्ययन गर्दा गरिन्छ। इसाई मनन (ध्यान)को चार वटा चरणहरू विचार गर्नु, प्रार्थना गर्नु, सम्बन्ध बनाउनु र लेख्नु हो (निर्देशिका पुस्तक १, परिशिष्ट १, चरण ४ हेर्नुहोस्)।

## ६. बाइबलका सत्यताहरूलाई तपाईंको जीवनमा लागू गर्नुहोस्।

बाइबलका सत्यताहरूलाई अभ्यासमा उतार्नुहोस्।

**प्रयोग गर्नुको उद्देश्यहरू :**

परमेश्‍वरले तपाईंलाई बाइबल दिनुभएको तपाईंको जीवन परिवर्तन गर्नको लागि हो तर केवल तपाईंको ज्ञान बढाउनको लागि होइन।

**सम्भावित प्रयोगहरू :**

बाइबल खण्डमा भएका विभिन्न सत्यताहरूलाई तपाईंको व्यक्तिगत जीवन र संसारका अरू मानिसको जीवनमा कसरी प्रयोग गर्न सकिन्छ भनी विचार गर्नुहोस्। कुनै विशेष बाइबल सत्यताको एकभन्दा बढी सम्भावित प्रयोगहरू हुन सक्छन्।

आफैलाई यी प्रश्नहरू सोध्नुहोस् :

| | |
|---|---|
| के त्यहाँ विश्वास गर्नुपर्ने सत्यता छ?<br>के त्यहाँ पालन गर्नुपर्ने आज्ञा छ?<br>के त्यहाँ दाबी गर्नुपर्ने प्रतिज्ञा छ?<br>के त्यहाँ प्रयोग गर्नुपर्ने बुद्धि छ? | के त्यहाँ परिवर्तन गर्नुपर्ने मनोवृत्ति वा आचरण छ?<br>के त्यहाँ त्याग्नुपर्ने पाप छ?<br>के त्यहाँ पछ्याउनुपर्ने उदाहरण छ?<br>के त्यहाँ अरूलाई बाँड्न असल सन्देश छ? |

**व्यक्तिगत प्रयोग**

के कुरा तपाईंले जानेको, विश्वास गरेको, भएको वा गरेको परमेश्वर चाहनुहुन्छ भनी उहाँलाई सोध्नुहोस्। आफूलाई वास्तविक हुन कोसिस गर्नुहोस् र निर्दिष्टरूपमा कमसे कम एक हप्ताको लागि अभ्यास गर्न सक्ने कुरालाई तपाईंको व्यक्तिगत प्रयोग बनाउनुहोस्। परमेश्वरले तपाईंलाई के कुरा प्रयोग गराउन चाहनुहुन्छ, सो लेख्नुहोस्।

**प्रयोगमा हुँदै गरेको प्रगति :**

तपाईंको व्यक्तिगत प्रयोगलाई अभ्यास गर्न सहायता दिनुहोस् भनी हरेक दिन परमेश्वरलाई प्रार्थनाद्वारा अनुरोध गर्नुहोस्। तपाईंले आफ्नो व्यक्तिगत प्रयोगमा गर्दैआउनुभएको प्रगति हरेक हप्ता आफ्नो सानो समूहमा अथवा आफ्नो व्यक्तिगत अगुवालाई बाँड्नुहोस्।

**७. बाइबलका सत्यताहरू अरू मानिसहरूमा प्रसारण गर्नुहोस्।**

तपाईंले बाइबलमा पढेको, अध्ययन गरेको वा कण्ठ गरेको पद कुनै व्यक्तिलाई बताएर गवाही दिनुहोस्। बाइबलको सत्यताहरू अरूहरूलाई बाँडेर, गवाही दिएर, सिकाएर, प्रचार गरेर, उत्साह दिएर, हप्काएर वा चेताउनी दिएर तिनीहरूमा प्रसारण गर्नुहोस्।

| | |
|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट)<br>**परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना** |

तपाईंले आज के कुरा सिक्नुभयो, त्यसको प्रतिक्रिया जनाउँदै पालैपालो छोटकरीमा परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

अथवा, दुई वा तीन जनाको समूहमा विभाजन हुनुहोस् र तपाईंले आज सिक्नुभएको कुराको प्रतिक्रिया जनाउँदै परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

| | |
|---|---|
| ६ | **गृहकार्यको निम्ति तयारी** (२ मिनेट)<br>**अर्को हप्ताको लागि** |

(**समूहको अगुवा -** यो तयारी समूहका सदस्यहरूलाई दिनुहोस् अथवा तिनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** बाइबललाई विभिन्न व्यवहारिक तरिकाहरूद्वारा प्रयोग गर्ने प्रतिवद्धता गर्नुहोस्।

**२. परमेश्वरसँग व्यक्तिगत समय -** प्रत्येक दिन मत्ती १८:२१-२१:४६ बाट आधा अध्यायबाट परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मनपर्ने सत्यता पत्ता लगाउने विधिको प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

**३. बाइबल अध्ययन -** तपाईंले घरमा अर्को बाइबल अध्ययन तयार गर्नुहोस्। एफिसी २:१-२२, विषय : म को हुँ?

बाइबल अध्ययनको लागी पाँच वटा चरणहरू भएको विधि प्रयोग गर्नुहोस्। टिप्पणीहरू लेख्नुहोस्।

**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

**५. चेलाहरू बनाउने तपाईंको नोटबुकलाई अद्यावधिक गर्नुहोस्।** त्यसको निम्ति आराधनाको टिप्पणीहरू, परमेश्वरसँग व्यक्तिगत समय बिताउँदको टिप्पणीहरू, शिक्षा दिँदाको टिप्पणीहरू र यो तयारीलाई समावेश गर्नुहोस्।

# पाठ : ६

| १ | **प्रार्थना** |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गरेर तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **सिकेको कुरा बाड्नु** (२० मिनेट)<br>**मत्ती** |
|---|---|

तपाईंलाई तोकिएको बाइबल खण्ड (मत्ती १८:२१-२१:४६) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)।

सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस। उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ३ | **बाइबल पद कण्ठ गर्नु** (२० मिनेट)<br>**विजयको निश्चयता : १ कोरिन्थी १०:१३** |
|---|---|

## क. बाइबल पद कण्ठ गर्ने प्रेरणा

मत्ती १९:३६; लूका १०:२५-२६ पढ्नुहोस्।
**पत्ता लगाउनोस् र छलफल गर्नुहोस्-** बाइबल पदहरू, खण्डहरू र अध्यायहरू कण्ठ गर्नु किन महत्वपूर्ण छ?
**टिप्पणी -** कण्ठ गरिएका बाइबल पदले मानिसहरूका प्रश्नहरूको निम्ति परमेश्वरकको उत्तरहरू दिन तपाईंला सक्षम तुल्याउनेछ।

---

## ख. मनन / ध्यान

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

| विजयको निश्चयता<br>१ कोरिन्थी १०:१३ |
|---|
| मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ– यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।<br>१ कोरिन्थी १०:१३ |

यो बाइबल पदलाई तपाईंको कार्डको पछाडिपट्टि लेख्नुहोस्।

### १. परीक्षा र जाँच एकै समयमा हुन सक्छ

'पेरास्मोस' भन्ने मूल शब्द (Grekk: peirasmos) लाई “परीक्षा” अथवा “जाँच” जस्तो गरेर पनि उल्था गर्न सकिन्छ। जाँच यस्तो चिज हो जसको रूपरेखा परमेश्वरले तपाईंलाई झन् बलियो र बुद्धिमान बनाउन तयार गर्नुहु न्छ र यसले सधैँ तपाईंको निर्माण गर्छ (याकूब १:२-४, १२)। तर परीक्षा त्यो चिज हो जुन तपाईंलाई पाप गर्न लगाउने कारण हुनको लागि रूपरेखा

तयार पारिएको हो र यसले तपाईंको जीवनलाई सधैँ पराजयतिर खिच्दछ। त्यो परीक्षाको स्रोत तपाईंको आफ्नै पापपूर्ण स्वभाव हुन सक्छ (याकूब १:१३-१५), त्यस्तै गरी तपाईं वरपरको पापपूर्ण संसार (१ यूहन्ना २:१५-१७) अथवा शैतान (लूका ४:१-१३) पनि हुन सक्छ। त्यो सन्दर्भ (१ कोरिन्थी १०:६-११) ले स्पष्टसँग भन्दछ, जस्तैः मूर्तिपूजा, मोजमज्जा, अनैतिक यौन क्रियाकलापहरू तथा परमेश्वरको विरुद्धमा गनगन गर्नु। तैपनि, परमेश्वर यति शक्तिशाली हुनुहुन्छ, कि ती खराब कुराहरूलाई जाँचभित्र हालेर हाम्रो भलाइको निम्ति परमेश्वरले परीक्षालाई परिवर्तन गर्न सक्नु हुन्छ। यी सबैथोक परीक्षालाई हामीले कसरी प्रतिक्रिया जनाउँछौँ भन्ने कुरामा भर पर्दछ।

## २. परीक्षा वा जाँचको स्वभाव

सबै मानिसहरूलाई उस्तै प्रकारका परीक्षाहरूले परीक्षामा पार्न खोज्छ। प्रत्येक व्यक्तिले परीक्षालाई चिन्न सक्छ, किनभने विश्वभरि नै यो देखापर्दछ र इतिहासको सुरुदेखि अन्तसम्म नै यो बारम्बार देखा पर्दछ।

## ३. तपाईं परीक्षामा पर्नु हुँदा परमेश्वरको विश्वासयोग्यता

परीक्षामाथि विजय हुनलाई परमेश्वरले हामीलाई हाम्रो क्षमताभन्दा ठूलो परीक्षामा पर्न दिनु हुन्न। हाम्रो परीक्षाभन्दा परमेश्वर महान् हुनुहुन्छ र उहाँ निष्पक्ष हुनुहुन्छ। परीक्षाबाट बच्नका लागि परमेश्वरले  हामीलाई हाम्रो क्षमताभन्दा माथिको परीक्षामा कहिल्यै पार्नु हुन्न। र त्यसको साथै परमेश्वरले हामीलाई सधैँ परीक्षाबाट उम्कने बाटो पनि दिनुहुन्छ!

परमेश्वरले मानिसहरूलाई कहिल्यै पापबाट परीक्षातिर डोऱ्याउनु हुन्न (याकूब १:१३), तर तपाईंको पापपूर्ण स्वभाव, परमेश्वरविनाको संसार र शैतानलाई स्थान दिने कुराद्वारा परीक्षामा पर्न सक्नु हुन्छ। हामी प्रार्थना गर्दा, "हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्" (मती ६:१३) भन्दछौँ। हामी परमेश्वरलाई सार्वभौमसम्पन्न तरिकामा हस्तक्षेप गर्न र हाम्रो स्वभावैले हामी जुन कुरामा प्रवृत्त  हुन्छौँ, त्यो गर्न नदिनुहोस् भनेर बिन्ती गर्छौं। जब पनि हामी परमेश्वरमाथि निश्चयता राख्छौँ र प्रार्थना गर्छौं, " कृपया मलाइ परीक्षामा पार्ने अवस्थामा जान नदिनुहोस्" भन्दछौँ। अनि परमेश्वरले त्यो खराब परिस्थितिदेखि हामीलाई निकाल्नुहुन्छ (मती ६:१३)।

परमेश्वरले हामीलाई किन परीक्षामा पर्न दिनु हुन्छ। त्यो शैतान, पापमय संसार वा पापपूर्ण स्वभावले हामीलाई तोड्नका लागि पाप गराउनलाई परीक्षालाई प्रयोग गर्ने कोसिस गर्न सक्छ, तर परमेश्वरले पाप गराउने त्यही परीक्षालाई हाम्रो निर्माण गर्नका लागि प्रयोग गर्न सक्नु हुन्छ। शैतानको दृष्टिकोणबाट यो विशेष घटना नै परीक्षा हुनसक्छ, तर परमेश्वरको दृष्टिकोणबाट यो सधैँ एउटा जाँच हुन्छ (अय्यूब १ अध्यायसँग तुलाना गर्नुहोस्)।

जाँचमा तपाईंको असफलताको चाहना नै नगरी जाँचकोरूपमा पापद्वारा तपाईंलाई परिक्षित हुन दिनुहुन्छ। त्यस्तो परिस्थितिमा, तपाईंले यसरी प्रार्थना गर्न सक्नु हुन्छ, " परमप्रभु, तपाईंको परीक्षामा असफल नहुनका लागि तपाईंको अनुग्रह मलाई दिनुहोस्"। उदाहरणका लागि, अय्यूबलाई चरम सीमासम्म परीक्षामा पार्नको लागि परमेश्वरले शैतानलाई अनुमति दिनुभयो, तर अय्यूबले परमेश्वरमाथि निश्चयता गरी रहे र अन्तमा बलियो र झन् बढी परिपक्व भए।

परमेश्वरले अरू कसैलाई उसको पापमय स्वभावलाई पछ्याउने र परीक्षामा पर्ने अनुमति पनि दिन सक्नु हुन्छ। परमेश्वरसँग हस्तक्षेप नगर्ने अधिकार पनि छ। विशेष गरेर ती मानिसहरू, जसले प्रार्थना गर्दैनन् र यसकारण तिनीहरू परमेश्वरमाथि आश्रित छैनन्, तिनीहरूले परमेश्वरको विश्वासयोग्यतामाथि निश्चयता नगर्न पनि सक्छन् (याकूब ४:२)। तिनीहरूको लागि त्यो परोक्षा अति शक्तिशाली हुनेछ र त्यो परीक्षादेखि भाग्नको लागि तिनीहरूले कुनैपनि बाटो भेट्टाउने छैनन्। उदाहरणको लागि, जब मानिसहरूले सत्यतालाई दबाउँछन् अथवा त्यसलाई सत्यतालाई झूटसँग साट्ने गर्छन्, तब परमेश्वरले तिनीहरूलाई तिनीहरूको हृदयको पापपूर्ण इच्छामा छोडिदिनुहुन्छ (रोमी १:२४-२५)। परमेश्वरविना पापको शक्तिमाथि कसैले पनि विजय हासिल गर्न सक्दैन।

## ४. परीक्षाहरू भगाउने प्रयोगात्मक तरिकाहरू

**उत्पति ३९:९-१०**

तत्कालै "नाइँ" भन्नुहोस् । मनलाई लोभ्याउने सुझाव र शैतानको षडयन्त्रलाई इन्कार गर्नुहोस् (यूहन्ना ८:३-८)।

**उत्पति ३९:१२**

परीक्षाको स्रोतदेखि टाढा भाग्नुहोस्। तपाईं यस्ता परीक्षाहरूदेखि सधैँ भाग्नु पर्छ : यौन अनैतिकता (हितोपदेश ४:१४-१५, २३-२७; ५:१-२३; १ कोरिन्थी ६:१८), मूर्तिपूजा (१ कोरिन्थी १०:१४); रुपैया-पैसाको मोह (१ तिमोथी ६:९-११) र जवानीको खराब इच्छाहरू (२ तिमोथी २:२२; १ पत्रुस ४:३-४)।

**भ.सं. ११९:९,११**

परमेश्वरको विचारहरूलाई तत्कालै सोच्न सुरु गर्नुहोस्। बाइबलका पदहरूलाई याद गर्नुहोस् र तिनीहरूलाई प्रयोगमा ल्याउनुहोस्, विशेष गरेर जब तपाईंले अशुद्ध विचारहरू अथवा झूटहरू तथा नकारात्मक सोचहरूसँग सामना गर्नु परेको बेलाम यसो गर्नुहोस् (एफिसी ६:१६)।

**उपदेशक ४:९-१०**

तत्कालै अरू इसाईहरूसँग सङ्गतिको खोजी गर्नुहोस्।

**मत्ती २६:४१**

परिस्थितिहरूको अवलोकन गर्नुहोस् र प्रार्थना गर्नुहोस्, विशेष गरेर जब तपाईं थकित हुनुभएको छ अथवा तपाईंमा आत्मिक लडाईं भएको छ।

**लूका ६:२७-२८**

सकारात्मक इसाई सेवाकाइको साथमा तत्कालै प्रतिक्रिया जनाउनुहोस् (मत्ती ५:३८-४२)।
तपाईंको हातबाट केही सकारात्मक कुराहरू गर्नुहोस् अथवा कसैको सेवा गर्नुहोस् (यूहन्ना ८:३-११)।

**प्रेरित १६:१८**

तपाईंको आत्मिक अधिकारको प्रयोग गर्नुहोस् र येशू ख्रीष्टको नाउँमा शैतानलाई हटिजाने आज्ञा गर्नुहोस् (मती ४:३-४)।

**१ तिमोथी ६:९**

गलत अभिलाषा तथा गलत बानी व्यहोरादेखि टाढा रहनुहोस् (अय्यूब ३१:१)।

**याकूब ४:७-८**

तपाईंले आफैलाई तत्कालै परमेश्वरमा सुम्पनुहोस् (हिब्रू २:१८); तत्कालै परमेश्वरको नजिक आउनुहोस् र प्रार्थना गर्नुहोस् (मत्ती ७:७-११ )। अनि शैतानको विरोध गर्नुहोस् र त्यो तपाईंदेखि भाग्नेछ (१ पत्रुस ५:८-९)।

---

## ग. बाइबल पद कण्ठ र पुनरवलोकन

१. सादा कार्डमा अथवा तपाईंको सानो नोटबुकको एउटा पानामा बाइबल पदलाई **लेख्नुहोस्।**
२. ठीक तरिकाले बाइबलको पदलाई **कण्ठ गर्नुहोस्।** विजयको निश्चयता : १ कोरिन्थी १०:१३
३. **पुनरवलोकन गर्नुहोस् :** दुई-दुइको समूहमा विभाजन गर्नुहोस् र एकले अर्काको पहिल्यै कण्ठस्थ गरिसक्नुभएको बाइबलको पदलाई जाँच्नुहोस्।

| | |
|---|---|
| ४ | **बाइबल अध्ययन** (७० मिनेट)<br>**म को हुँ?** **एफिसी २:१-२२** |

एफिसी २:१-२२ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

**चरण: १ - पढ्नुहोस्।** **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर एफिसी २:१-२२ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

---

**चरण: २ - पत्ता लगाउनुहोस्।** **अवलोकनहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
**लेख्नुहोस् -** यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौं।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

**एफिसी २:८-९**
**खोज १: परमेश्वरको अनुग्रहद्वारा म बचाइएको छु र मैले गरेका कुनै पनि कुराहरूद्वारा होइन!**

मैले आफ्नो हृदय र जीवनमा येशू ख्रीष्टलाई ग्रहण गर्नुअघि, म विश्वास गर्थें, कि हरेक दिन मेरा धार्मिक कार्यहरूलाई मैले पूरा गर्नु पर्छ र परमेश्वरलाई खुसी तुल्याउनका निम्ति मैले धेरै असल कार्यहरू पनि गर्नु पर्छ। म सोच्थैँ, कि यदि मैले यी सबैथोक गरैँ भने, हुनसक्छ कि परमेश्वरले यस पृथ्वीमा मेरो जीवनलाई समृद्ध र सफल बनाउनुहुन्छ र मृत्युपश्चात् मलाई स्वर्गमा स्वीकार्नु हुन्छ। परमेश्वरसँगको मेरो सम्बन्ध एक प्रकारको ठेक्काको सम्बन्धजस्तो ठान्थैँ, जस्तैः यदि परमेश्वरको निम्ति मैले केही गरैँ भने उहाँले पनि मेरो निम्ति केही गर्नु हुनेछ!

परमेश्वर, जसले आफैलाई बाइबलमा प्रकट गर्नुभयो; मेरो निम्ति उहाँको अनुग्रहभित्र जे छ, त्यसद्वारा मात्र मलाई बचाउनुहुन्छ र मैले गर्ने कुनै पनि थोकद्वारा होइन। मैले जानैँ कि मेरो निम्ति परमेश्वरको मुक्तिको कार्य सिद्ध र पूर्ण छ, जब कि मेरो आफ्नो सबै प्रयासहरू त्रुटिपूर्ण नै रह्यो। मैले बुझ्न लागैँ, कि साँचो मुक्ति पूर्णरूपले सित्तैमा पाउने उपहार हो, जसलाई कहिल्यै किन्न वा कमाउन सकिँदैन।

---

**एफिसी २:१८**
**खोज २: वास्तवमा म जीवित परमेश्वरसम्म पुगेको छु!**

धेरै मानिसहरूले भन्छन् कि उहाँलाई व्यक्तिगतरूपले कसैले पनि जान्न सक्दैन, बातचित गर्न सक्दैनन् वा उहाँसँग हिँड्डुल गर्न सक्दैन। अरू मानिसहरूले चाहना गर्छन् कि तिनीहरू परमेश्वरसँगको व्यक्तिगत सम्पर्कमा आउन सकेको होस्। तर तिनीहरूले जस्तोसुकै प्रयास गरे तापनि तिनीहरूले परमेश्वरसँग कुनै पनि सम्पर्कलाई अनुभव गर्न सक्दैनन्। किनभने तिनीहरूले उहाँको वचनहरूलाई सुन्दैनन् नता उहाँका कार्यहरूलाई नै देख्छन्, तिनीहरूले विचार गर्छन् कि परमेश्वर अस्तित्वमा हुनुहुन्न।

तर बाइबलले बताउँछ, कि परमेश्वरको कार्यलाई म उहाँको सृष्टिमा देख्न सक्छु, उहाँको स्वरलाई म बाइबलभित्र र मेरो हृदयमा सुन्न सक्छु र मेरो निम्ति उहाँको वास्तालाई म मेरो परिस्थितिहरूमा अनुभव गर्न सक्छु। बाइबलले भन्छ, कि जीवित परमेश्वरसँग सम्पर्क बनाउनलाई एउटा साँचो बाटो छ। त्यो बाटो येशू ख्रीष्ट हुनु हुन्छ। परमेश्वर त्यो ठाउँमा बस्नु हुन्छ, जुन ठाउँ ज्योतिले भरिपूर्ण हुन्छ, जहाँ कुनै पनि मानिस पुग्न सक्दैन। जेहोस्, परमेश्वर मकहाँ पुग्नु भयो। परमेश्वरले आफैलाई दृश्य बनाउनुभयो र येशू ख्रीष्टभित्र र उहाँद्वारा उहाँ को हुनु हुन्छ भन्ने कुरा देखाउनुभयो। त्यसबाहेक, परमेश्वरले

ती सबै थोक गर्नुभयो, जुन मेरो मुक्तिको निम्ति आवश्यक छन्। बलिकोरूपमा उहाँले येशू ख्रीष्टलाई दिनु भयो, जसलाई मेरा सबै पापहरूका निम्ति प्रायश्चित बनाउनु भयो। येशू ख्रीष्टले मेरा सबै पापहरूका निम्ति मोल तिर्नु भयो र त्यसद्वारा परमेश्वरको सामु मलाई उचित अनि सिद्ध बनाउनु भयो भनी जब मैले विश्वास गरैं, तब मैले येशू ख्रीष्टलाई मेरो हृदयमा र जीवनमा ग्रहण गरैं (उहाँको पवित्र-आत्मा, येशूको आत्माद्वारा भएर उहाँ मभित्र वास गर्न आउनु भयो (रोमी ८:९-१०)। यो येशूको त्यही आत्मा हो, जसले मलाई परमेश्वरसँगको सम्पर्कमा ल्याउनु हुन्छ। येशू ख्रीष्टको आत्माले मेरो लागि परमेश्वरलाई प्रकट गर्नु हुन्छ परमेश्वरसँग सङ्गति गर्नको लागि मलाई सहायता गर्नुहुन्छ। येशू ख्रीष्टको आत्मा मभित्र वास गर्नुहुन्छ र परमेश्वरको वास्तविकतालाई, परमेश्वरको उपस्थितिलाई र परमेश्वरको समीपतालाई अनुभव गर्न लगाउनु हुन्छ। येशू ख्रीष्टको आत्माद्वारा भएर म परमेश्वरको उपस्थितिभित्र पुगेको छु। परमेश्वरको उपस्थितिमा उहाँले मसँग व्यक्तिगतरूपमा बोल्नुभएको म सुन्न सक्छु, व्यक्तिगतरूपमा म उहाँसँग बोल्न सक्छु र उहाँसँगको व्यक्तिगत सम्बन्धमा म मेरो जीवन जिउन सक्छु।

---

**चरण: ३ - प्रश्न व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
एफिसी २:१-२२ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौं र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौं।
**लेख्नुहोस् -** आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

**एफिसी २:१**

**प्रश्न १ : "म अपराध र पापहरूमा मरेको" भनेको के हो?**

**टिप्पणी :** यो पदले येशू ख्रीष्टमा विश्वास गर्नुअघि म को थिएँ भन्ने कुरालाई वर्णन गर्छ। येशू ख्रीष्टविना म 'शरीरमा बाँचेको' तर 'आत्मामा मरेको' थिएँ। निश्चय नै मैले खान, पिउन, काम गर्न र सुत्न सक्थैं, तर मभित्रको आत्मा मरेको थियो। र जब मेरो आत्मा मरेको हुन्छ, मैले परमेश्वरलाई चिन्न सक्दिनँ नता परमेश्वरसँगको व्यक्तिगत सम्बन्ध नै पाउन सक्छु।

यद्यपि गैर-इसाईसँग नैतिक मान्यता हुन्छ र उसले असल कामहरू पनि गर्छ, तरै पनि परमेश्वरले उसलाई किन 'मृत' भनेर भन्नु हुन्छ? गैर-इसाईसँग नैतिक मान्यता हुन्छ र उसले असल कामहरू गर्न सक्छ किनभने तिनीहरू अझै पनि जीवित परमेश्वरको सृष्टि हो। परमेश्वरले उसलाई यी योग्यताहरू दिनुभयो : गैर-इसाईले परमेश्वरको निम्ति अथवा परमेश्वरको निर्भरतामा असल कामहरू गर्दैन यद्यपि उसले यो कुरा स्वीकार गर्दैन। उसले परमेश्वरमाथि निश्चयता गर्दैन र परमेश्वरको आज्ञा पनि मान्दैन। उसले कुनै पनि कुराको निम्ति परमेश्वरलाई धन्यवाद दिँदैन र कुनै पनि कुराको लागि परमेश्वरको महिमा गर्न चाहँदैन (रोमी १:२१)। गैर-इसाईहरूले जेजति गर्छन्, त्यसको येशू ख्रीष्टमा प्रकट हुनुहुने परमेश्वरसँग कुनै सम्बन्ध छैन। गैर-इसाईहरू आफ्नै निम्ति जिउँछन्, तिनीहरू स्वार्थी, स्वयम् केन्द्रित, स्वयम् निर्देशित भई परमेश्वरदेखि पूर्णरूपले स्वतन्त्र भएर जिउँछन्। यो 'परमेश्वरदेखि स्वतन्त्रता' र 'परमेश्वरदेखि बिछोड'लाई नै 'आत्मिक मृत्यु' भनिन्छ।

---

**एफिसी २:१-४, ११-१२**

**प्रश्न २: इसाई हुनुअघि म को थिएँ?**

### गैर-इसाई हुँदा मलाई के कुराले चित्रण गर्थ्यो?

**टिप्पणी:** येशू ख्रीष्टमा म एक विश्वासी हुनुअघि, मसँग निम्नलिखित चत्रित्रहरू थिए (एफिसी २:१-३,११-१३):

**म आत्मामा मरेको थिएँ (कलस्सी २:१३)**

मेरो आत्मासँग जीवित परमेश्वरको कुनै चेतना थिएनँ। म सोच्थैँ, कि परमेश्वर अस्तित्वमा हुनु हुन्न। मैले सोच्थैँ, कि परमेश्वर कमजोर मानिसहरूको आविष्कार हुनु हुन्छ र मलाई परमेश्वरको आवश्यकता छैन। अथवा त्यो परमेश्वरमा मैले विश्वास गरेँ, जसलाई केही धार्मिक अगुवाहरूले बनाए।

**मैले संसारको तरिकाहरूलाई पछ्याएँ (१ यूहन्ना २:१५-१७)**

मेरो वरपर भएका मानिसहरूको जीवनशैली र बानी व्यहोराको नक्कल गरेँ। अधिकांश मानिसहरूको विचारमा जुन कुरा महत्वपूर्ण र उचित थियो, मैले त्यही गरेँ। मेरो जीवनमा सबैभन्दा महत्वका कुराहरू सम्पति, शक्ति, किर्ति र आनन्द थिए। म समृद्धि र सफलताको निम्ति जिउँथैँ। हरेक व्यक्तिजस्तै म पनि आफ्नै निम्ति जिउँथैँ।

**मैले शैतानको बाटोलाई पछ्याएँ (आकाशको शासक) (एफिसी ६:१२, कलस्सी १:१३)**

जसरी शैतानले सधैँ झूट बोल्ने गर्छ, त्यसरी नै मैले झूटहरू बोलेँ। कहिलेकाहिँ भविष्य बताउनेकाहाँ गएँ, कहिलेकाहिँ दुष्ट आत्माबाट बच्नको लागि बुटि र जन्तरहरू घाँटीमा लगाएँ।

**मेरो पापपूर्ण स्वभावको लालसालाई तृप्त गरेँ**

म रुपैया-पैसाको लोभी थिएँ। फोहोरी ठट्यौलीहरूमा म रमाउँथैँ। मेरा आँखाहरूलाई म नियन्त्रण गर्न सक्दिनथैँ। मेरो क्रोध नियन्त्रणभन्दा बाहिर जान्थ्यो। मेरो भित्री स्वभाव भ्रष्ट थियो।

**अविश्वासी भएकोले परमेश्वर मसँग क्रोधित हुनुहुन्थ्यो (यूहन्ना ३:३६, रोमी १:१८)**

मेरो स्वतन्त्रता, आत्म-केन्द्रितता, अनाज्ञाकारिता, सांसारिकपन र भित्री भ्रष्टतालाई परमेश्वरले घृणा गर्नु भयो।

**येशू ख्रीष्टदेखि म अलग थिएँ**

जिउँदो परमेश्वरले येशू ख्रीष्टद्वारा भएर काम गरिरहनु भएको छ भन्ने कुरा मलाई थाहा थिएन। बाइबलमा येशू ख्रीष्टले के भन्नु भयो र के गर्नु भयो भन्ने कुरा पत्ता नलगाईकन अरू धर्मका गैर-इसाईहरूले येशू ख्रीष्टको बारेमा जे भन्थे, त्यसलाई म सुन्थैँ। येशू ख्रीष्टलाई मैले पूर्णरूपले बुझेको थिइनँ। येशूलाई पछ्याउनेहरूको निम्ति म दुष्ट कोरा बोल्थैँ।

**इस्राएलको नागरिकतादेखि म अलग थिएँ**

यहाँ 'इस्राएल' शब्द मध्य-पूर्वमा यहूदी राज्यको जस्तो छैन। वास्तविक 'इस्राएल' शब्द परमेश्वरका जनहरूद्वारा मात्रै बन्छ, जुन जनहरूले परमेश्वरमा विश्वास गर्दछन्, जसले आफैलाई येशू ख्रीष्टमा प्रकट गर्दछन् (रोमी ९:६)। म परमेश्वरका जनहरूको समूहमा थिइनँ र यसकारण परमेश्वरका जनहरूको सौभाग्यलाई मैले बाँड्न सकिनँ। खास गरेर बाइबलको बारेमा मलाई केही थाहा थिएनँ, जसमा जीवनको लागि प्रशंसनीय अगमवाणीहरू र मार्गदर्शनहरू छन्। मैले ती सुरक्षा र मार्गदर्शनलाई पनि चुकाएँ, जसलाई परमेश्वरले उहाँका जनहरूलाई दिनुभएको थियो।

**परमेश्वरको करारको लागि म एक परदेशी थिएँ**

परमेश्वरले आफ्ना मानिसहरूसँग एउटा सम्झौता गर्नुभयो। परमेश्वरले तिनीहरूलाई बारम्बार भन्नुभयो, "म तिमीहरूको परमेश्वर हुनेछु र तिमीहरू मेरा जनहरू हुनेछौ।" परमेश्वर तिनीहरूको उद्धारकर्ता र मित्र बन्न चाहनु हुन्छ। तिनीहरू हिँड्नुपर्ने सारा बाटोभरि बाबुले आफ्ना नानीहरूलाई बोकेझैँ, उहाँले तिनीहरूलाई बोक्न चाहनु हुन्छ (व्यवस्था १:३१)। परमेश्वरले फेरि पनि आफ्ना जनहरूलाई यो सम्झौता किटान गर्नु भयो। तर मैले सुसमाचार सुन्नुभन्दा अघि, परमेश्वरले मलाई "म तिम्रो मित्र हुँ" भन्नुभएको कुरा मैले कहिल्यै अनुभव गरिनँ।

**म आशा विनाको थिएँ**

जीवनको लागि मेरो कुनै लक्ष्य थिएन र जीवन पूर्णरूपले अर्थरहित थियो। म यहाँ किन छु अथवा म कहाँ गइरहेको छु भन्ने कुरा मलाई थाहा थिएन। मैले निरन्तर आफैलाई असुरक्षित र धम्की दिइएको महसुस गर्थें।

**संसारमा म परमेश्वररहित थिएँ**

म त्यस्तो जीवन जिउँथैं, जसमा परमेश्वरको निम्ति कुनै स्थान थिएन। मेरो निम्ति एउटा मात्र वास्तविकता थियो, जुन यो शारीरिक र भौतिक संसार हो। म आफैलाई नास्तिक ठान्थैं। म स्वयम्-केन्द्रित थिएँ। एक तरिकाले भन्ने हो भने, मेरो परमेश्वर म आफै थिएँ।

---

**एफिसी २:४-७**

**प्रश्न ३: 'जीवित पारिएको छ, बौरी उठाइएको छ र ख्रीष्टसँग बसाइएको छ'- यसको अर्थ के हो?**

**टिप्पणी:** बाइबलले प्राय: भन्छ, कि विश्वासी ख्रीष्टसँगै मर्छ, ख्रीष्टसँगै बौरी उठ्छ र ख्रीष्टसँगै स्वर्गमा उच्च पारिन्छ। यसको अर्थ ख्रीष्टको निम्ति जेजस्तो पनि हुन्छ, त्यसको तत्काल असर विश्वासीहरूलाई पनि हुन्छ। यी शब्दहरूको अर्थ यो हो, कि परमेश्वर पिताले विश्वासीहरूलाई येशू ख्रीष्टमा एउटा नयाँ 'स्थिति' र एउटा नयाँ 'शर्त' दिनु हुन्छ।

**धर्मी ठहरिनु**

परमेश्वरले इशाईहरूलाई ख्रीष्टलाई दिनुभएजस्तै नै 'स्थान' वा वैधानिक दर्जा दिनु हुन्छ। यसैलाई 'धर्मी ठहऱ्यउनु' भनिन्छ। परमेश्वर पिताले ख्रीष्टलाई जुन दृष्टिले हेर्नु हुन्छ, त्यही दृष्टिले विश्वासीहरूलाई पनि हेर्नु हुन्छ। जब परमेश्वरले विश्वासीहरूलाई हेर्नु हुन्छ, उहाँले केवल ख्रीष्टको धार्मिकतालाई देख्नु हुन्छ किनभने ख्रीष्ट मर्नु भयो र इसाईको पूरानो पापपूर्ण स्वभाव पनि मरेको छ। यसलाई जाँचिएको, दण्ड दिइएको, क्रूसमा टाँगिएको र ख्रीष्टसँगै गाडिएको छ। किनभने ख्रीष्टलाई जीवित पारिएको थियो, इसाईहरूलाई पनि जीवित पारिएको छ। त्यसको मतलब उहाँ फेरि पनि जन्मनु भएको छ र अहिले उहाँभित्र एउटा नयाँ आत्मिक स्वभाव छ। किनभने स्वर्गमा ख्रीष्टलाई उच्च पारिएको थियो, इसाईहरूको शरीरको पनि भविष्यमा पुनरुत्थान हुनेछ र स्वर्गमा उसलाई स्थान दिइनेछ। ख्रीष्टको निम्ति जेजस्तो पनि हुन्छ, अवश्य पनि प्रत्येक व्यक्तिलाई त्यस्तै नै हुन्छ, जसले येशू ख्रीष्टमा विश्वास गर्छ। इसाईको स्थानले यो प्रत्याभूति दिन्छ, कि इसाईको निम्ति नयाँ जीवनसँग सम्बन्धित परमेश्वरको प्रतिज्ञाहरू सबै उहाँले पूरा गर्नु हुनेछ।

**शुद्धिकरण**

परमेश्वरले इसाईलाई अर्को एउटा नयाँ 'स्थान' पनि दिनुहुन्छ। यसैलाई 'पवित्रीकरण' भनिन्छ।
पवित्र आत्माको (ख्रीष्टको आत्माको) कार्यद्वारा इसाईको हृदयभित्र, इसाई वास्तवमै पापमा मर्छ र पृथ्वीमा एउटा नयाँ जीवन जिउन सुरु गर्ने भैसकेको हुन्छ। इसाईको स्थितिले यो प्रत्याभूति दिन्छ, कि उसले नयाँ जीवनलाई धेरैभन्दा धेरै अनुभव गर्नेछ।

---

**एफिसी २:८-१०**

**प्रश्न ४: यदि असल कामहरूले मलाई बचाउँदैन भने, असल कामहरूको बारेमा मैले किन वास्ता गर्ने त?**

**टिप्पणी-**

**ख्रीष्टले त्यो असल काम पहिल्यै गर्नु भयो, जुन काम मलाई बचाउनका निम्ति गरिएको थियो**

उहाँ मर्नुभयो, बौरी उठ्नु भयो र प्रत्येक व्यक्तिको स्थानमा स्वर्गमा उच्च पारिनुभयो ,जसले उहाँमा विश्वास गर्छन्। मलाई बचाउनाका निम्ति गर्नुपर्ने आवश्यक सबै थोक उहाँले पूरा गर्नुभयो। उहाँको मृत्युद्वारा, मेरो पापको विरुद्ध परमेश्वरको क्रोधलाई ख्रीष्टले लिनुभयो, मेरो पापलाई क्षमा गर्नुभयो र पापको दासत्वबाट मलाई छुटाउनु भयो। यसर्थ, अब मैले गर्नको लागि के बाँकी रह्यो त? जब म येशू ख्रीष्टमा विश्वास गर्छु, पूर्ण स्वतन्त्रता र नपाउनु पर्ने उपहारकोरूपमा म मुक्तिलाई स्वीकार गर्न सक्छु। मुक्ति पाउने योग्यको म छैन। म मुक्तिलाई आर्जन गर्न सक्दिनँ। मलाई मुक्ति दिनुभएको छ, किनभने परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ र उहाँ मप्रति कृपालु हुनु हुन्छ।

**ख्रीष्टको कार्यलाई मेरो घमण्डले कम बनाउन सक्छ**

यदि असल कामहरू वा धार्मिक कार्यहरूद्वारा मलाई बचाउन सम्भव हुन्थ्यो भने, मेरा असल कामहरू र धार्मिक कार्यहरूले ख्रीष्टको मुक्तिको कार्यलाई कम महत्वको बनाउँथ्यो र उहाँको महिमादेखि बन्चित गर्थ्यो। अन्तिम न्यायको दिनमा परमेश्वरलाई महिमा गर्नलाई म योग्यको हुने थिएँ र भन्नेथिएँ कि मेरो असल कामहरूद्वारा अथवा धार्मिक कार्यहरूद्वारा मैले आफैलाई आंशिकरूपमा वा पूर्णरूपमा बचाएँ। जेहोस्, मेरा असल कामहरू र मेरा धार्मिक कार्यहरू पर्याप्त मात्रामा उचित छैनन्। यदि मेरा असल कामहरू र धार्मिक कार्यहरूद्वारा म उचित ठहरिन चाहन्छु भने परमेश्वरले माग गर्नुहुन्छ, कि मेरा कार्यहरू पूर्णरूपले (शत प्रतिशत) सिद्ध र पूर्ण हुनुपर्छ (गलाती ३:१०; याकूब २:१०) तर संसारमा त्यस्तो कोही पनि छैन, जसका कार्यहरू सिद्ध वा पूर्ण छन् (रोमी ३:१०-१२), कसैको आफ्नै असल कामहरू वा धार्मिक कार्यहरूद्वारा परमेश्वरको दृष्टिमा उचित ठहरिने छैनन् (गलाती ३:११)। प्रत्येक व्यक्ति, चाहे त्यो धेरै धार्मिक होस् वा साधारणरूपमा मानव नै किन नहोस्, परमेश्वरको धार्मिकताको एकदमै सिद्ध स्तरमा अपुग नै हुन्छ। कोही पनि व्यक्ति उसको असल कामहरू वा उसको धार्मिक कार्यहरूद्वारा कहिल्यै उचित ठहरिने छैन वा बचाइनेछैनन्। परमेश्वरको सामु कसैले पनि कहिल्यै सेखी गर्नलाई योग्यको हुने छैन।

**मेरा असल कार्यहरूले कृतज्ञता व्यक्त गर्नै पर्छ**

ख्रीष्टमा एउटा विश्वासीको रूपमा अझै पनि म असल कामहरू गर्न चाहन्छु, तर मेरो मुक्तिको लागि योगदान भने होइन। परमेश्वरले सित्तैमा दिने मुक्तिको उपहारको निम्ति मेरो कृतज्ञता व्यक्त गराइको रूपमा म असल कामहरू गर्न चाहन्छु (मती ५:१६; गलाती ६:९-१०)। परमेश्वरले धेरै प्रकारका असल कामहरू तयार पार्नु भएको छ, जुन कामहरू संसारमा हुँदा इसाईहरूले गर्नै पर्छ (एफिसी १:४)। यी असल कामहरूला बाइबलमा बर्णन गरिएका छन् (व्यवस्था १०:१७-१८; मर्कूस ३:४; रोमी १२:९-२१)। यसकारण, साँचो इसाईले दुइ वटा कुराहरू गर्छ: येशू ख्रीष्टको मृत्युमा उहाँका सिद्ध कामको प्रशंसा र पुनरुत्थान जसले उहाँको मृत्युमा नतिजा ल्यायो र परमेश्वरले सित्तैमा दिनु हुने मुक्तिको उपहारको निम्ति धन्यबाद व्यक्त गराईको रूपमा उहाँले असल कार्यहरू गर्नुहुन्छ।

---

**एफिसी २:४-१०, १३-२२**

**प्रश्न ५: तपाईं अहिले येशू ख्रीष्टमा विश्वास गरेर को हुनुहुन्छ?**

**इसाईको रूपमा तपाईंलाई के ले चित्रण गर्छ?**

**टिप्पणी:** अहिले म येशू ख्रीष्टमा विश्वास गर्छु र मसँग एउटा नयाँ चिनारी छ, एउटा नयाँ स्थान छ र एउटा नयाँ परिस्थिति छ (एफिसी २:४-७)। मसँग निम्न विशेषताहरू पनि छन् :

**परमेश्वरसँग मलाई फेरि मिलाप गराइएको छ**

परमेश्वरसँग मलाई फेरि मिलाप गराइएको छ र परमेश्वरको साथमा म शान्तिमा छु (एफिसी २:१३)।

**मानिसहरूसँग मलाई फेरि मिलाप गराइएको छ**

अरू कुलका मानिसहरूसँग मलाई फेरि मिलाप गराइएको छ, जो येशू ख्रीष्टमा विश्वासी भैसकेका छन्। अहिले म संसारको कुनै पनि जातिका मानिसहरूको साथमा शान्तिसँग जिउन योग्यको भएको छु (एफिसी २:१४-१७)।

**मैले परमेश्वरको उपस्थितिभित्र सित्तैमा प्रवेश पाएको छु (एफिसी २:१८)**

म उहाँको उपस्थितिभित्र बस्छु र उहाँको वास्तविकता र समिपतालाई अनुभव गर्छु। म उहाँसँग बातचित गर्छु। उहाँले मसँग बोल्नुभएको कुरा म सुन्छु। मेरो दैनिक जीवनमा म उहाँसँगै हिँड्डुल गर्छु (भजनसङ्ग्रह १६:६)।

**म संतहरूसँग संगी-नागरिक हुँ (एफिसी २:१९क)**

म परमेश्वरको राज्यको सदस्य हुँ। म अहिले मानवजातिको सम्पूर्ण इतिहासमा सबैभन्दा महत्वपूर्ण राज्यको भएको छु। त्यो राज्य दिन प्रतिदिन बढ्दैछ र चाँडै नै ब्रह्माण्डमा एउटा मात्र राज्य हुनेछ (दानिएल २:४४)।

**म परमेश्वरको परिवारको सदस्य पनि हुँ (एफिसी २:१९ख)**

परमेश्वरको परिवार अथवा संसारमा परमेश्वरको परिवार मण्डली हो। परमेश्वरलाई ‘हाम्रा स्वर्गमा हुनुहुने पिता’ भनी बोलाउने अधिकार मसँग छ। र संसारभरि नै मेरा धेरै ‘इसाई दाजुभाइ-दिदीबहिनीहरू छन्। ‘पिता’, ‘दाजुभाइ’ र ‘दिदीबहिनी’ भन्ने शब्दहरूले शारीरिक सङ्केत गर्दैन, तर यसमा आत्मिक अर्थ छ।

**म परमेश्वरको नयाँ मन्दिरको एउटा अंश हुँ (एफिसी २:२०-२२)**

यो कुनै ढुंगाको मन्दिर होइन, तर ‘एउटा जीवित मन्दिर’ हो, जसभित्र सबै इसाईहरू ‘जीवित ढुंगाहरू’ जस्तै निर्माण गरिएका छन् (१ पत्रुस २:४-५)। पवित्र आत्माद्वारा भएर परमेश्वर स्वयम् यस जीवित मन्दिरमा वास गर्नुहुन्छ। यसकारण, परमेश्वर स्वयम् पवित्र आत्माद्वारा भएर मभित्र र अरू सबै इसाईहरूभित्र वास गर्नुहुन्छ, जो “परमेश्वरको आत्मा, ख्रीष्टको आत्मा वा मभित्र ख्रीष्ट” हुनुहुन्छ (रोमी ८:९-१०)।

---

**चरण ४ - लागू गर्नु** **प्रयोगहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
**सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् -** एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र एफिसी ४:१७-५:१७ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
**ध्यान दिनुहोस् -** यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
**लेख्नुहोस् -** उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

## १. एफिसी २:१-२२ बाट निकालिएका सम्भावित प्रयोगहरूका उदाहरणहरू

२:१-४ विचार गर्नुहोस्, कि तपाईं आत्मिकरूपमा मृत हुनुहुन्थ्यो किनभने तपाईंले गलत बाटोलाई पछ्याउनु भएको थियो।

२:६ यो दृढ विश्वासलाई अभ्यास गर्नुहोस्: “म ख्रीष्टमा छु। अब म कहिल्यै एक्लो हुने छैन।”

२:५-८ तपाईं साँच्चै आत्मिकरूपमा ख्रीष्टसँग जीवित पारिनुभएको छ कि छैन विचार गर्नुहोस्, त्यो हो, तपाईंको मुक्तिको निम्ति ख्रीष्टको सिद्ध र पूर्ण कार्यलाई तपाईंले स्वीकार गर्नुभएको छ कि छैन, ताकि जब परमेश्वरले तपाईंलाई हेर्नुहुन्छ, उहाँले केवल ख्रीष्टको धार्मिकतालाई देख्नु हुन्छ।

२:९ तपाईंले अझै पनि व्यवस्थाका कार्यहरू, असल कार्यहरू वा धार्मिक कार्यहरू गरेर परमेश्वरको समर्थनलाई जित्ने प्रयास गर्नुहुन्छ कि गर्नुहुन्न विचार गर्नुहोस्।

२:१० बाइबल अध्ययन गर्नुहोस् र तपाईंको निम्ति परमेश्वरले कुनचाहिँ असल कार्यहरू तयार पार्नुभएको छ सो पत्तालगाउनुहोस् ताकि तपाईं त्यसमा हिँड्न सक्नुभएको होस्।

२:१४-१७ तपाईंले अहिलेसम्म पनि ती इसाईहरूतर्फ हेर्नुहुन्छ कि हेर्नुहुन्न जो फरक कुलसँग सम्बन्धित छ विचार गर्नुहोस्।

२:१८; ३:१२ परमेश्वरको आवाजलाई सुन्न र स्वतन्त्र भएर तथा आत्मविश्वासका साथ परमेश्वरसँग बातचित गर्नलाई परमेश्वरको उपस्थितिभित्र प्रवेश गर्ने अभ्यास गर्नुहोस्।

२:१९ तपाईंले आफैलाई परमेश्वरको राज्यको एउटा नागरिक र परमेश्वरको परिवारको एउटा सदस्य देख्नु हुन्छ कि देख्नु हुन्न विचार गर्नुहोस्।

२:२२ त्यो तथ्य कुरामाथि मनन गर्नुहोस्, जुन परमेश्वर आफ्नो पवित्र आत्माद्वारा भएर मण्डलीमा वास गर्नुहुन्छ।

२. **व्यक्तिगत प्रयोगहरूका उदाहरणहरू**

क. परमेश्वरको सहायताको साथमा म मेरा असल कार्यहरू तथा धार्मिक कार्यहरूमाथि निश्चयता राख्न छोड्न चाहन्छु र त्यसको सट्टामा त्यो तथ्य कुरामाथि निश्चयता राख्न चाहन्छु, जुन तथ्य कुरा मेरो पापको निम्ति येशू ख्रीष्ट मर्नुभयो र अहिले उहाँको पवित्र आत्माद्वारा भएर मभित्र वास गर्नुहुन्छ भन्ने हो।

ख. परमेश्वरको सहायताको साथमा ती इसाईहरूतर्फको मेरो व्यवहार गर्ने तरिका परिवर्तन गर्न चाहन्छु, जो अरू जाति तथा भाषासँग सम्बन्धित छन् र भविष्यमा मेरो स्वर्गीय परिवारको एउटा अंशको रूपमा तिनीहरूलाई आदर गर्न चाहन्छु।

---

**चरण : ५ - प्रार्थना** **प्रतिक्रिया**

एफिसी २:१-२२ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौं।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

| | |
|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट)<br>**अन्तरबिन्ती प्रार्थना** |

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

| | |
|---|---|
| ६ | **गृहकार्यको तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |

(**समूहको अगुवा** - समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

१. **प्रतिवद्धता** - समूहको सदस्यहरूलाई एउटा सम्भावित कुरा जीवनमा लागू गर्न प्रतिवद्ध गराउनुहोस्।

२. **परमेश्वरसँग व्यक्तिगत समय** - मत्ती २२:१-२५:१३ बाट प्रत्येक दिन आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।

३. **पद कण्ठ गर्नुहोस्** - नयाँ बाइबल पद कण्ठ गरेर त्यसलाई मनन गर्नुहोस्। क्षमादानको निश्चयता - १ कोरिन्थी १०:१३

आफूले भर्खरै कण्ठ गरेको तीन वटा बाइबल पदहरूलाई दैनिकरूपमा पुनरावलोकन गर्नुहोस्।

४. **प्रार्थना** - कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

५. **चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्-** तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।

# पाठ : ७

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गरेर तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | आराधना (२० मिनेट)<br>परमेश्वर पवित्र हुनुहुन्छ |
|---|---|

**शिक्षा दिनुहोस् -** 'आराधना' के हो? 'आराधना'को परिभाषा यस्तो छ :

आराधना भनेको परमेश्वरप्रतिको श्रद्धा, उपासना, अधिनता र समर्पणताको मनोवृत्ति हो। आराधनालाई विभिन्न किसिमको प्रार्थाना र हाम्रो दैनिक जिवन जिउने तरिकाद्वारा व्यक्त गरिन्छ।

परमेश्वरको आराधना गर्नको निम्ति उहाँ को हुनुहुन्छ भनी हामीले जान्नु आवश्यक छ। आराधना गर्ने हरेक समयमा हामी परमेश्वरको एउटा विशेषता सिक्छौँ।

(**समूहको अगुवा -** परमेश्वर पवित्र हुनुहुन्छ भन्ने बारेको शिक्षा पढ्नुहोस्।)

## विषय : परमेश्वर पवित्र हुनुहुन्छ

प्रस्थान ३४:४-६; यशैया १:१५-१७; यशैया ६:१-८ पढ्नुहोस्।

### १. 'पवित्रता'को अर्थ

'पवित्र' भन्ने शब्दले दुई वटा पक्षहरूलाई समेट्छ:

- गलत, दुष्ट र सांसारिक कुराबाट अलग गर्नु
- सही, असल र ईश्वरीय कुराप्रति समर्पित हुनु, अनुशासित हुनु वा प्रतिवद्ध हुनु

'पवित्रता' भनेको चरित्र र चालचलन सिद्ध हुनु हो। गलत, दुष्ट र सांसारिक कुराहरूबाट अलग हुँदैमा चरित्र र बानी-व्यहोरा 'पवित्र' हुँदैन, तर त्यसको लागि ती कुराहरू सही, असल र ईश्वरीय कुराहरूप्रति समर्पित, निष्ठावान वा प्रतिवद्ध हुनु आवश्यक छ। दोस्रो पक्षविना पहिलो पक्ष 'सिद्ध' हुँदैन! चरित्र र चालचलन सिद्ध हुनको निम्ति 'अलग हुनु' र 'समर्पणता' दुबै कुरा सम्मिलित हुनु पर्छ!

### २. पवित्रता र परमेश्वर

परमेश्वर पवित्र हुनुहुन्छ। उहाँ चरित्र र चालचलन सिद्ध हुनुहुन्छ।

एकातर्फ, परमेश्वर सबै प्रकाको दुष्टताबाट अलग हुनुहुन्छ। उहाँले हरेक प्रकारको दुष्टतालाई घृणा गर्नुहुन्छ; उहाँले धेरै अपवित्रतालाई घृणा गर्नुहुन्छ र साथै उहाँले थोरै अपवित्रतालाई पनि घृणा गर्नुहुन्छ।

अर्कोतर्फ, परमेश्वर उहाँको सबै ईश्वरीय गुणहरूप्रति समर्पित अथवा प्रतिवद्ध हुनुहुन्छ। जे कुरा पूर्णरूपमा सही, असर र ईश्वरीय छ, त्यसप्रति उहाँ समर्पित हुनुहुन्छ। त्यसको मतलब उहाँ सिद्ध र धार्मिक हुनुहुन्छ र उहाँले सही, असर र ईश्वरीय कुराहरूलाई निरन्तर प्रोत्साहित गर्नुहुनेछ। न्यायपूर्ण र निष्पक्ष कुराप्रति उहाँ समर्पित हुनुहुन्छ। त्यसको अर्थ, न्यायमा उहाँ सिद्ध हुनुहुन्छ अनि अन्यायलाई उहाँले दण्ड दिनुहुनेछ र न्यायलाई इनाम दिनुहुनेछ। पूर्णरूपले परमेश्वरमा कुनै भ्रष्टता छैन। प्रेम र प्रेमलाई प्रोत्साहित गर्ने कुराहरूप्रति उहाँ समर्पित हुनुहुन्छ। त्यसको अर्थ, उहाँ प्रेममा सिद्ध हुनुहुन्छ र उहाँका सबै वचनहरू र कामहरू प्रेमद्वारा अभिप्रेरित भएका हुन्छन्। यो संसार र सम्पूर्ण ब्रह्माण्डको निम्ति उहाँको सुन्दर अनि उदेकको

© 2009 DOTA

योजना पूरा गर्ने काममा उहाँ समर्पित हुनुहुन्छ। त्यसको अर्थ, आफ्नो इच्छा पूरा गर्ने कुरामा उहाँ सिद्ध हुनुहुन्छ। परमेश्वरको चरित्र र चालचलन देख्ने स्वर्गदूतहरूले यसो भनेर स्वर्गमा उहाँको पवित्रताको प्रशंसा गर्छन्, "पवित्र! पवित्र! सर्वशक्तिमान परमप्रभु परमेश्वर पवित्र हुनुहुन्छ!"

### ३. पवित्रता र सङ्गति

यशैया पवित्र परमेश्वरको उपस्थितिमा आउँदा, विशेष गरी ऊ आफ्नो अपवित्रताको निम्ति सचेत हुन्छन्। उनी यसरी कराउँछन्, "म फोहरी छु, म फोहरी मानिसहरूको माझमा बस्छु!" पवित्र परमेश्वर अपवित्र मानिसहरूसँग सङ्गति गर्न सक्नुहुन्न र उहाँले त्यस्ताहरूसँग सङ्गति गर्नुहुनेछैन!। तैपनि, पवित्र परमेश्वर मानिसहरूसँग सङ्गति गर्न चाहनुहुन्छ! परमेश्वरसँगको सङ्गति सम्भव तुल्याउने एउटै मात्र उपाय छ, त्यो भनेको मानिसको अपवित्रतालाई हटाउनु हो। मानिस आफैले उसको अपवित्रतालाई हटाउन सक्दैन। परमेश्वरले मात्र त्यो अपवित्रतालाई हटाउन सक्नुहुन्छ। परमेश्वरले यैशायको निम्ति प्रायश्चितको बाटो बनाउनुभएर तिनको अपवित्रतालाई हटाउनुहुन्छ। स्वर्गीय वेदीको जिउँदो कोइलाद्वारा यशैयाको अपवित्रतालाई स्पर्श गरी साङ्केतिकरूपमा उक्त प्रायश्चतिको काम गरिएको थियो। बाइबलमा भएको 'प्रायश्चित'को अर्थ पापहरूको दण्डको निम्ति मूल्य चुकाउनु हो; ताकि त्यसले पापको विरुद्धमा परमेश्वरको धार्मिक क्रोधलाई शान्त गराई अपराधीलाई परमेश्वरसँग पुनर्मिलाप गराउनु हो। यशैयाको पापहरूका प्रायश्चित गरिएको हुनाले तिनी अब डररहित भएर परमेश्वरको उपस्थितिमा खडा हुन सक्छन् र परमेश्वरसँग सङ्गति गर्न सक्छन्। त्यसै गरी, यदि हामी पवित्र परमेश्वरसँग सङ्गति गर्न चाहन्छौँ भने हामीले परमेश्वरलाई आफ्नो निम्ति प्रायश्चित गर्न अनुमति दिनै पर्छ।

### ४. पवित्रता र सेवा

इतिहासलाई हेर्ने हो भने आफ्नो योजना पूरा गर्नको निम्ति परमेश्वरले फारो, नबुकदनेसर र कोरेसजस्ता सांसारिक मानिसहरूलाई प्रयोग गर्नुभयो। तर आफ्नो आत्मिक सेवाको कामको निम्ति परमेश्वरले अपवित्र मानिसलाई प्रयोग गर्नुहुनेछैन! अपवित्र अगमवक्ताले मानिसहरूका सामु पवित्र परमेश्वरको प्रतिनिधित्व गर्न सक्दैन। तर अब परमेश्वरले यशैयाको पापहरूका निम्ति प्रायश्चितको बाटो बनाइसक्नुभएकोले गर्दा आफ्नो सेवाको काममा यशैयालाई अगमवक्ताको रूपमा प्रयोग गर्न चाहनुहुन्छ र तिनलाई प्रयोग गर्नुहुन्छ। परमेश्वरले साँच्चै नै यशैयालाई आफ्नो सेवामा प्रयोग गर्नुभयो! त्यसै गरी यदि हामी पवित्र परमेश्वरको सेवा गर्न चाहन्छौ भने हाम्रो पापहरूको प्रायश्चित गर्न परमेश्वरलाई अनुमति दिनै पर्छ।

**समूहको अगुवा -** तीन-तीन जनाको सानो समूहहरू बनाएर पवित्र परमेश्वरको आराधना गर्नुहोस्।

| ३ | **सिकेको कुरा बाड्नु** (२० मिनेट)<br>**मत्ती** |
|---|---|

तपाईंलाई तोकिएको बाइबल खण्ड (मत्ती २२:१-२५:१३) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (वा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)।


सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस। उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।


| ४ | **शिक्षा** (७० मिनेट)<br>**[प्रार्थना] - प्रार्थना भनेको परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउनु हो** |
|---|---|

## क. प्रार्थना के हो?

### १. प्रार्थना भनेको परमेश्वरसँगको दोहोरो कुराकानी हो।

तलका दुई चित्रहरूमा के भिन्नता छ?




**टिप्पणी-**

यो एकतर्फी कुराकानी हो
यहाँ परमेश्वरले बाइबलद्वारा बोल्नुभएको कुरामा तपाईंले प्रार्थनामा प्रतिक्रिया जनाउनुभएन।

यो दुइतर्फी कुराकानी हो।
यहाँ परमेश्वरले बाइबलद्वारा बोल्नुभएको कुरामा तपाईंले प्रार्थनामा प्रतिक्रिया जनाउनुभयो।


कतिपटक परमेश्वर र अब्राहामले यस किसिमको प्रार्थनाद्वारा कुराकानी गरे?
उत्पत्ति १८:१७-३३ पढ्नुहोस्।

**टिप्पणी -** यो एउटा प्रार्थनाको समयमा परमेश्वर ७ पटक बोल्नुभयो भने अब्राहाम ६ पटक बोले। प्रार्थना भनेको परमेश्वर र मानिसबीचको कुराकानी हो, जसमा दुवै जनाले एक-अर्काप्रति पालैपालो बोल्छन् भनी यो प्रार्थनाले देखाउँछ।


यस्तो दोहोरो कुराकानी कसले सुर गर्न सक्छ?
भजनसङ्ग्रह ५:३ पढ्नुहोस्।

**टिप्पणी -** यस्तो दोहोरो कुराकानी परमेश्वरले पनि सुरु गर्न सक्नुहुन्छ अनि तपाईंले पनि सुरु गर्न सक्नुहुन्छ। उत्पत्ति १८ अध्यायमा सदोम र गमोरा सहरको दुष्टताप्रति आफूले के गर्न गइरहनुभएको छ भनी बताउन अब्राहामसँग पहिले परमेश्वरले ती कुरा प्रकट गर्नुभयो। त्यसपछि ती सहरहरूमा भएका धर्मी मानिसहरूको निम्ति प्रार्थनाद्वारा अब्राहामले प्रतिक्रिया जनाए। भजनसङ्ग्रह ५ मा पहिले दाऊदले परमेश्वरसँग प्रार्थना गरे। त्यसपछि परमेश्वरले त्यसको प्रतिक्रिया जनाउनुहुनेछ भन्ने आशामा तिनले प्रतिक्षा गरे।

**उत्पत्ति १८ अध्याय**




**भजनसङ्ग्रह ५:३**




**सारंश -** प्रार्थना भनेको परमेश्वर र तपाईंबीचको दोहोर कुराकानी हो अनि यसलाई तपाईंहरूमध्ये जसले सुरु गरे पनि हुन्छ।

### २. प्रार्थना भनेको परमेश्वरको वचन र उहाँका कामहरूप्रति फरक किसिमको प्रतिक्रिया हो

परमेश्वरले के भन्नुहुन्छ वा गर्नुहुन्छ? अनि मानिसहरूले त्यसप्रति कसरी प्रतिक्रिया जनाउँछन्?

© 2009 DOTA

तलका बाइबल खण्डहरू पढ्नुहोस्।

**टिप्पणी -**

| परमेश्वर बोल्नुहुन्छ अथवा काम गर्नुहुन्छ | हामीले प्रार्थनाद्वारा प्रतिक्रिया जनाउँछौँ |
|---|---|
| क.भजनसङ्ग्रह ३३:१-४ (परमेश्वरको वचन ठीक र सत्य छ। परमेश्वरका कामहरू विश्वासयोग्य छन्।)<br>ख. भजनसङ्ग्रहा ५१:४,१०-१२ (परमेश्वरको वचनले नातान अगमवक्ताद्वारा पापको न्याय गर्छ।)<br>ग. भजनसङ्ग्रह ११९:३३-३७ (परमेश्वर आफ्नो वचनमा भएको उहाँको व्यवस्था, आज्ञाहरू, कानुनहरू र प्रतिज्ञाहरूद्वारा बोल्नुहुन्छ।)<br>घ. उत्पत्ति १८:२०-२६ (परमेश्वरले मानिसहरूका खाँचोलाई प्रकट गर्नुहुन्छ।)<br>ङ. भजनसङ्ग्रह १०७:४-१५ (परमेश्वरले दु:ख-कष्टबाट बचाउनुहुन्छ।) | क. प्रार्थाना, गीत-भजन र सङ्गीतद्वारा परमेश्वरको प्रशंसा गर्नुहोस्।<br>ख. परमेश्वरसामु आफ्नो पापहरू स्वीकार गर्नुहोस् र क्षमा मागेर पापहरू धुनुहोस्।<br>ग. ठीक समझ, आफ्नो जीवनको सही दिशा र पापबाट अलग हुन सकूँ भनेर परमेश्वरलाई पुकार गर्नुहोस्।<br>घ. अरूहरूको खाँचो पूरा गर्न परमेश्वरसँग अन्तरबिन्ती गर्नुहोस्।<br>ङ. उहाँको अचुक प्रेम र सुन्दर कार्यहरूको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस्। |


**सारंश -**

प्रार्थना भनेको परमेश्वरको वचनहरू र कामहरूद्वारा ५ किसिमले प्रतिक्रिया जनाउनु हो।
प्रार्थना भनेको प्रशंसा, स्वीकार, निवेदन, अन्तरबिन्ती र धन्यवादद्वारा प्रतिक्रिया जनाउनु हो।

## ३. प्रार्थनाको फरक-फरक केन्द्रहरू हुन सक्छ

तलका तीन वटा प्रार्थनाहरू को-को माथि केन्द्रित छन्?
तला दिइएका बाइबल खण्डहरू पढ्नुहोस्।

**टिप्पणी -**

| | |
|---|---|
| भजनसङ्ग्रह ७७:७-१४,१९ (यो प्रार्थना परमेश्वरको चरित्र, वचनहरू र कामहरूमा केन्द्रित छन्।<br><br>कलस्सी १:९-१२ ( यो प्रार्थना अरू मानिसहरूका खाँचोहरू र रुचिहरूमा केन्द्रित छन्।)<br><br>भजनसङ्ग्रह ३१:२-५ (यो प्रार्थना तपाईंको आफ्नै व्यक्तिगत खाँचोहरू र रुचिहरूमा केन्द्रित छन्।) |  |

**सारंश -**

प्रार्थना परमेश्वर, उहाँको चरित्र, उहावको वचन र कामहरूमा केन्द्रित हुन सक्छ।
प्रार्थना अरू मानसिहरू, तिनीहरूका खाँचोहरू र रुचिहरूमा केन्द्रित हुन सक्छ।
प्रार्थना तपाईं, तपाईंको आफ्नै खाँचोहरू र रुचिहरूमा केन्द्रित हुन सक्छ।

# ख. मनोवृत्तिहरू र प्रार्थना

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस्। तपाईंले प्रार्थना गर्दा कुन मनोवृत्ति धेरै महत्वपूर्ण हुन्छ?

**१. नम्रता :**

हितोपदेश ३:५-६; १ यूहन्ना ५:१४ पढ्नुहोस्।

© 2009 DOTA

**टिप्पणी -** तपाईंको मन (विचारहरू, उद्देश्यहरू) परमेश्वरो मनमा समर्पित गर्नुहोस्।
आफ्नै समझशक्तिमा भर पर्ने घमण्डीलाई परमेश्वरले विरोध गर्नुहुन्छ (१ पत्रुस ५:५-६)।

**२. क्षमा दिने आत्मा :**

मर्कूस ११:२५ पढ्नुहोस्।
**टिप्पणी -** कसैले खराबी गरेको छ भने, त्यसलाई क्षमा दिनुहोस्। रिसालु र बदलापूर्ण व्यक्ति नहुनुहोस्।

यदि तपाईंले त्यसलाई क्षमा गर्नुभएन भने, परमेश्वरले पनि तपाईंलाई क्षमा गर्नुहुन्न (मत्ती ६:१४-१५; भजनसङ्ग्रह ६६:१८)।

**३. इमान्दारिता (निष्ठा) :**

मत्ती ६:५-८ पढ्नुहोस्।
टिप्पणी - तपाईंले प्रार्थना गर्दा मानिसहरूलाई प्रभाव पार्ने खालको परीक्षालाई विरोध गर्नुहोस्।

यदि तपाईले प्रार्थना गर्दा मानिसहरू सुनेको र देखेको चाहनुहुन्छ भने तपाईले परमेश्वरबाट इनाम पाउनुहुनेछैन।

---

## ग. व्यवहारिक - परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थनाको फरक-फरक तरिकाहरू

### १. परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा उहाँको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना

सिकाउनुहोस् - तपाईंले आफ्नो मनपर्ने सत्यतालाई मन गरेपछि, उक्त मनपर्ने सत्यताको प्रतिक्रिया जनाउँदै परमेश्वरसँग प्रार्थना गर्नुहोस्। तपाईंको मनपर्ने सत्यतामा रहेर आफ्नो निम्ति, परिवारको कुनै सदस्याको निम्ति, तपाईंको नजिक बस्ने कुनै व्यक्तिको नम्ति र टाढा बस्ने कुनै व्यक्तिको नम्ति प्रार्थना गर्नुहोस्। जब तपाईं कुनै मित्रसँग प्रार्थना गर्दैहुनुहुन्छ भने, तपाईंको मनपर्ने सत्यतामा रहेर एक-अर्काको निम्ति प्रर्थना गर्न सक्नुहुन्छ।

### २. तपाईंको बाइबल अध्ययनमा परमेश्वरको वचनको प्रतिक्रिया जनाउने प्रार्थना

सिकाउनुहोस् - तपाईंले कुनै बाइबल खण्ड अध्ययन गरिसकेपछि, यसबाट परमेश्वरले तपाईंलाई सिकाउनुभएको महत्वपूर्ण सत्यताहरूको प्रतिक्रिया जनाउँदै परमेश्वरसँग प्रार्थना गर्नुहोस्। विशेष गरी उक्त बाइबल खण्डको सत्यतालाई तपाईले कसरी जीवनमा लागू गरेको परमेश्वर चाहनुहुन्छ भनी प्रार्थना गर्नुहोस्।

### ३. बाइबल पढ्दा परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना

सिकाउनुहोस् - तपाईंले कुनै बाइबल खण्ड पढेर बुझिसक्नुभएपछि, प्रत्येक पदमा भएका सत्यताप्रति प्रतिक्रिया जनाउँदै परमेश्वरसँग प्रार्थना गर्नुहोस्। यसलाई 'धर्मशास्त्र प्रार्थना' भनिन्छ।

| | |
|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट)<br>**परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना** |

तीन-तीन जनाको सानो समूहहरूमा विभाजन हुनुहोस्। भजनसङ्ग्रह ३४:१-२१ बाट प्रत्येकले पालैपालो एक वा दुई पद पढ्नुहोस् र तुरुन्तै अर्को व्यक्तिले अर्को पद पढ्नुभन्दा अगाडि नै आफूले पढेको पदप्रति प्रतिक्रिया जनाउँदै छोटो प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको निम्ति तयारी** (२ मिनेट)<br>**अर्को हप्ताको लागि** |
|---|---|

(**समूहको अगुवा -** यो तयारीको कागज समूहका सदस्यहरूलाई दिनुहोस् अथवा तिनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** जब परमेश्वर बोल्नुहुन्छ, तब उहाँसँग प्रार्थनाद्वारा प्रतिक्रिया जनाउने प्रतिवद्धता गर्नुहोस्।

**२. परमेश्वरसँग व्यक्तिगत समय -** प्रत्येक दिन मत्ती २५:१४-२८:२० बाट आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मनपर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।

**३. बाइबल अध्ययन -** तपाईंले घरमा अर्को बाइबल अध्ययनको तयारी गर्नुहोस्। एफिसी ४:१७-५:१७ (किन म यहाँ छु?) बाइबल अध्ययन गर्न पाँच वटा चरणहरू भएको विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।

**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

**५. चेलाहरू बनाउने तपाईंको नोटबुकलाई अद्यावधिक गर्नुहोस्।** त्यसको निम्ति आराधनाको टिप्पणीहरू, परमेश्वरसँग व्यक्तिगत समय बिताउँदको टिप्पणीहरू, शिक्षा दिँदाको टिप्पणीहरू र यो तयारीलाई समावेश गर्नुहोस्।

# पाठ : ८

| | |
|---|---|
| १ | **प्रार्थना** |

**समूहको अगुवा -** प्रार्थना गरेर तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| | |
|---|---|
| २ | **सिकेको कुरा बाड्नु** (२० मिनेट)<br>**मत्ती** |

तपाईंलाई तोकिएको बाइबल खण्ड (मत्ती २५:१४-२८:२०) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)।

सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस। उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| | |
|---|---|
| ३ | **बाइबल पद कण्ठ गर्नु** (२० मिनेट)<br>**क्षमादानको निश्चयता - १ यूहन्ना १:९** |

## क. बाइबल पद कण्ठ गर्ने प्रेरणा

मत्ती २२:२३-३३,४१-४६ पढ्नुहोस्।

**पत्ता लगाउनोस् र छलफल गर्नुहोस्-** बाइबल पदहरू, खण्डहरू र अध्यायहरू कण्ठ गर्नु किन महत्वपूर्ण छ?

**टिप्पणी -** कण्ठ गरिएका बाइबल पदहरूले झूटा शिक्षालाई प्रकट गर्न र त्यसको खण्डन गर्न तपाईंलाई सक्षम तुल्याउनेछ।

---

## ख. मनन / ध्यान

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

| क्षमादानको निश्चयता<br>१ यूहन्ना १:९ |
|---|
| यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।<br>१ यूहन्ना १:९ |

यो बाइबल पदलाई तपाईंको कार्डको पछाडिपट्टि लेख्नुहोस्।

## १. पाप स्वीकार गर्नु मेरो जिम्मेवारी हो

पापको स्वीकार गर्नु भनेको परमेश्वरले हामीलाई हाम्रो पापहरू देखाइदिनुहुँदा हामीले 'उहाँसँग सहमत हुनु' हो। यसको मतलब बाइबलले पापको बारेमा बताएको कुरामा सहमत हुनु हो। पाप स्वीकार गर्नु भनेको हामीले गलत काम गरेका छौँ भनी परमेश्वरलाई बताउनु हो। त्यसैगरी हामीले ठीक वा सही कुराहरूलाई वेवास्ता गरेका छौँ भनी परमेश्वरलाई बताउनु हो।

## २. क्षमा दिनु र शुद्ध पार्नु परमेश्वरको जिम्मेवारी हो

**परमेश्वरले हाम्रा पापहरू क्षमा गर्नुहुँदा, उहाँले हाम्रो पापको दोष र लाजलाई हटाउनुहुन्छ।**

हाम्रो पापहरूको प्रायश्चितको बलिदानस्वरूप येशू मर्नुभयो, जसको अर्थ हाम्रो पापहरू हटाउनको निम्ति उहाँले परमेश्वरको धार्मिक क्रोध लिनुभयो (रोमी ३:२५; भजनसङ्ग्रह ३२:५)। अब हामी उहाँको नजरमा दोषी ठहरिने छैनौँ र हामीले आफ्ना विगतका पापपूर्ण जीवनको लागि शर्मको महसुस गर्नुपर्दैन। परमेश्वरले कहिल्यै हाम्रो पापलाई सम्झनुहुनेछैन (मीका ७:१८-१९; हिब्रू ८:१२) र उहाँले कहिल्यै हाम्रा विगतका पापहरूको लागि हामीलाई दोषी ठहऱ्याउनु हुने छैन (यूहन्ना ५:२४)। उहाँले हामीलाई पूर्ण धार्मिक ओहोदा (दर्जा) दिनुहुन्छ। अनि उहाँले हामीलाई उहाँको परिवारमा स्वागत गर्नुहुन्छ (लूका १५:२०-२४)।

**परमेश्वरले हाम्रो पापहरू क्षमा गर्नुभएपछि, ती पापहरूको परिणामहरूलाई पनि उहाँले हामीबाट हटाउनुहुन्छ।**

यसको अर्थ उहाँले हामीलाई पूर्णरूपमा शुद्ध पार्नु हुन्छ भन्ने हो। उहाँले हाम्रो विवेकलाई शुद्ध पार्नुहुन्छ (हिब्रू ९:१४), र उहाँले हाम्रो सोच-विचार र कामहरूलाई नवीकरण गर्नुहुन्छ। उहाँले हामीलाई धार्मिक जीवनशैली दिनुहुन्छ।

**परमेश्वरले हाम्रो पापहरू क्षमा गर्नुहुँदा, हामीबाट पापको शक्ति (शासन)लाई हटाउनु हुन्छ।**

हामीलाई दासत्वमा राख्ने पापपूर्ण बानी-व्यहोराहरूबाट उहाँले हामीलाई स्वतन्त्र पार्नुहुन्छ, ताकि हामी आफ्ना शरीरका अङ्गहरूलाई पवित्रतातिर डोऱ्याउने धार्मिकताको औजारको रूपमा अर्पण गर्न सक्षम हुन्छौँ (रोमी ६:६,१३,१९)।

## ३. परमेश्वर विश्वासयोग्य र न्यायी हुनुहुन्छ

परमेश्वर न्यायी हुनुहुन्छ (उहाँ धार्मिक र पवित्र हुनुहुन्छ); त्यसैकारण, उहाँले पापको प्रायश्चित गर्न सक्नु हुन्छ, जसको फलस्वरूप उहाँले सबै पापहरू क्षमा गर्न सक्नुहुन्छ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ; त्यसैले उहाँले पापहरूको प्रायश्चित गर्नुभएको छ र त्यसको फलस्वरूप उहाँले हाम्रा सबै पापहरू क्षमा गर्नुभएको छ! तपाईंले हरेकपटक पाप गर्दा, तुरुन्तै त्यसलाई परमेश्वरमा स्वीकार गरिहाल्नुस् अनि उहाँले तपाईंलाई क्षमा दिनुभएर शुद्ध पार्नु हुनेछ।

---

# ग. बाइबल पद कण्ठ र पुनरवलोकन

१. बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।

२. उक्त बाइबल पदलाई ठीक तरिकाले कण्ठ गर्नुहोस्। क्षमादानको निश्चयता : - १ यूहन्ना १:९

३. **पुनरवलोकन गर्नुहोस् -** दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरेको बाइबल पद एक-अर्कामा जाँच्नुहोस्।

| | |
|---|---|
| ४ | **बाइबल अध्ययन** (७० मिनेट)<br>**किन म यहाँ छु?** **एफिसी ४:१७-५:१७** |

© 2009 DOTA 

एफिसी ४:१७-५:१७ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

**चरण: १ - पढ्नुहोस्।** **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर एफिसी ४:१७-५:१७ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

---

**चरण: २ - पत्ता लगाउनुहोस्।** **अवलोकनहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
**लेख्नुहोस् -** यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

**खोज १ : परमेश्वरको इच्छा जान्नुको महत्व**

एफिसी ४:३० ले भन्दछ, "परमेश्वरको पवित्र आत्मालाई दु:खित नतुल्याओ।" एफिसी ५:१० ले भन्दछ, "प्रभुलाई मन पर्ने के हो सो सिक्ने कोसिस गर।" र एफिसी ५:१७ ले भन्दछ, "प्रभुको इच्छा के छ, सो बुझ।" सत्यता यही हो, कि हरेक दिन म कसरी जिउँछु भन्ने कुरामा प्रभुले निकै रुचि देखाउनुहुन्छ। हरेक दिन मैले जिउने तरिकाले उहाँलाई दु:खित वा अप्रसन्न तुल्याउन सक्छ। यदि म झूट बोल्छु, आफ्नो रिसलाई नियन्त्रण गर्दिनँ, चोरी गर्छु, झगडा गर्छु, अथवा अरूको निन्दा गर्छु भने त्यसले प्रभुको आत्मालाई निकै दु:खित तुल्याउँछ। अनि मेरो त्यस्तो जीवनदेखि प्रभु प्रसन्न हुनु हुन्न। यदि यो साँचो हो भने यसको विपरीत कुराहरू पनि साँचो हुनै पर्छ; जस्तै: जब म सत्य बोल्छु, आफ्नो रिसलाई नियन्त्रण गर्छु, सही काम गर्छु, आफूसँग भएका थोकहरू अरूसँग बाँडचुँड गर्छु र मानिसहरूलाई क्षमा दिएर तिनीहरूलाई निर्माण गर्दैजान्छु, तब परमेश्वरको आत्मा खुसी हुनुहुन्छ। मैले त्यसरी जिउन थालेपछि प्रभु मसँग अति प्रसन्न हुनु हुन्छ। त्यसैकारण, बाइबलले यसो भन्दछ, "प्रभुको इच्छा के हो, सो बुझ।" मेरो जीवनको लागि प्रभुको इच्छा जति राम्रोसँग बुझ्छु, त्यति नै राम्रोसँग म प्रभुलाई प्रसन्न पार्ने जीवन जिउन सक्छु! त्यसकारण, "किन म यहाँ छु?" भन्ने प्रश्नको उत्तर मेरो विचारमा यही हो: म परमेश्वरको इच्छा थाहा पाएर उहाँलाई प्रसन्न पार्ने जीवन जिउन यहाँ छु।

---

**खोज २ : मेरो जीवन र आचरणको महत्व**

एफिसीहरूलाई लेखिएको पत्रलाई सुरुको भाषामा हेर्ने हो भने 'बानी-व्यहोरा र आचरण अथवा हाम्रो दैनिक जीवन'लाई बुझाउन 'हिँड्नु' भन्ने शब्द बारम्बार प्रयोग गरिएको थियो। एफिसी २:२ ले भन्दछ, कि इसाई हुनुभन्दा पहिले हामी आत्मिकरूपमा मरेका थियौँ किनभने त्यतिबेला हामी ईश्वरहीन सांसारिक मार्गहरूमा हिँडेर, शैतानप्रति आज्ञाकारिता भई पापमा जिउँथ्यौँ (हिँड्थ्यौँ)। एफिसी २:१० ले भन्दछ, कि इसाई भइसकेपछि हामी असल कामहरूमा जिउनु (हिँड्नु) पर्छ, जुन परमेश्वरले हाम्रो लागि पहिलेदेखि नै तयार गर्नुभएको छ। एफिसी ४:१ ले भन्दछ, कि तिमीहरूले प्राप्त गरेको

बोलावटको योग्य जीवन जिऊ (हिँड)। एफिसी ४:१७ ले भन्दछ, कि जसरी अन्यजातिहरू विचारको व्यर्थतामा जिउँछन् (हिँड्छन्), अब तिमीहरू त्यसरी नजिओ (नहिँड)। एफिसी ५:२ ले भन्दछ, "जसरी ख्रीष्टले हामीलाई प्रेम गर्नुभयो, त्यस्तै जीवन जिओ (हिँड)।" एफिसी ५:८ ले भन्दछ, "ज्योतिको सन्तानझैँ जिओ (हिँड)।" र एफिसी ५:१५ ले भन्दछ, "तिमीहरू कसरी जिउँछौ (हिँड्छौ), त्यसमा होसियार होओ, निर्बुद्धिजस्तो होइन तर बुद्धिमान भएर।" सत्यता यही हो, कि कसरी जिउनु पर्छ भनी परमेश्वरले मलाई स्पष्टसँग बताउनु हुन्छ। मैले मेरो जीवनको दैनिक यात्रामा कसरी "हिँड्नु पर्छ" भन्ने कुरा उहाँले शाब्दिकरूपमा मलाई बताउनु हुन्छ।

"किन म यहाँ छु?" भन्ने प्रश्नको उत्तर यही हो: "परमेश्वरले बताउनुभएअनुसारको जीवन जिउनको लागि म यहाँ छु।" मैले कसरी जिउनु हुँदैन अनि मैले कसरी जिउनु पर्छ भनी परमेश्वरले मलाई स्पष्टसँग बताउनु हुन्छ। म यस पृथ्वीमा जिउनुको कारणचाहिँ परमेश्वरलाई प्रसन्न पार्नको निम्ति हो। लेखक पावलले अर्को पत्रमा यसरी भन्दछन्, "चाहे तिमीहरू खाओ वा पिओ वा जेसुकै गर, ती सबै परमेश्वरको महिमाको निम्ति गर" (१ कोरिन्थी १०:३१)। परमेश्वरलाई प्रसन्न पार्न र उहाँको महिमा गर्नको निम्ति परमेश्वरले हामीलाई सृष्टि गर्नुभएर यस पृथ्वीमा राख्नुभयो। मानिसहरूले परमेश्वरलाई प्रसन्न पार्ने जीवन जिउँदा, उहाँ आनन्दित हुनुहुन्छ। तर मानिसहरू आफ्नै तरिकामा जिउँदा, परमेश्वर दु:खित हुनु हुन्छ अनि तिनीहरूलाई उहाँको राज्यबाट अलग गरेर दण्ड दिनुहुनेछ।

---

**चरण: ३ - प्रश्न** **व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
एफिसी ४:१७-५:१७ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
**लेख्नुहोस् -** आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

**एफिसी ४:१७**

**प्रश्न १ - अन्यजातिहरू तिनीहरूको विचारको 'व्यर्थता'मा जिउँछन् भनेको के हो?**

**टिप्पणी -** यहाँ 'अन्यजातिहरू' भनेको अझै येशू ख्रीष्टमा विश्वास नगर्ने मानिसहरू हुन्। अन्यजातिहरूले खुसी पाउनको लागि गर्ने सबै परिश्रमहरूले अन्त्यमा निराशामा पुर्‍याउँछ भनी बाइबलले बताउँछ। तिनीहरूका जीवन महत्वाकाङ्क्षाहरूको यस्तो लामो श्रृंखला हो, जुन कहिल्यै पूरा हुँदैन। तिनीहरू त्यस्ता कुराको पछि लागिरहन्छन् तर प्राप्त गर्दैनन्। तिनीहरू फुल्न त फुल्छन् तर फलचाहिँ फलाउँदैनन्। पछिसम्म टिक्ने नतिजाहरूबिना नै तिनीहरू जिउँछन्। प्रचारकले यहाँ आफ्नो जीवनमा अनुभव गरेझैँ तिनीहरूले अनुभव गर्छन्: "सबै खोलाहरू समुद्रमा नै बगेर जान्छन्, तापनि समुद्र कहिल्यै भरिँदैन... देखेर आँखा कहिल्यै सन्तुष्ट हुँदैन, न त सुनेर कान तृप्त हुन्छ... मेरा सारा कामहरूमा मेरो हृदय आनन्दित भयो... तापनि मेरा हातहरूले गरेका सबै कार्यहरू र प्राप्त गर्नलाई मैले परिश्रम गरेका सबै कुरा जब मैले निरीक्षण गरें, तब प्रत्येक कुरा व्यर्थ थियो। बतासलाई खेदेको जस्तो मात्र रहेछ। सूर्यमुनि केही उपलब्धि भएन" (उपदेशक १:७-८, २:१०-११)। परमेश्वरविनाका मानिसहरूका विचारले यसैगरी कुनै कुराले सन्तुष्ट पार्न नसक्ने कुराहरू उत्पन्न गर्छ।

---

**एफिसी ४:१८**

**प्रश्न २ - किन बाइबलले तिनीहरूका हृदयको कठोरताले गर्दा अन्यजातिहरू 'अज्ञानी' भएका छन् भन्दछ?**

**टिप्पणी -** सृष्टिको समयमा सबै मानिसहरूसँग जीवित परमेश्‍वरको ज्ञान थियो। पापमा पतन भएको कारणले गर्दा, बिस्तारै मानिसहरूले परमेश्‍वरलाई बिर्सन थाले र तिनीहरूले परमेश्‍वरको जीवनबाट अलग भएको जीवन जिउन थाले। हनोक र नोआद्वारा परमेश्‍वर मानिसहरूसँग बोल्नुहुँदा, तिनीहरूले आफ्ना हृदय कठोर बनाए।

जब मानिसहरू दुष्ट काम गर्न जारी राख्छन्, तब उहाँले तिनीहरूलाई तिनीहरूका पापको पूरा परिणामहरूमा दुःख-कष्ट भोग्न दिनु हुन्छ। अन्यजातिहरूले आफ्ना हृदय परमेश्‍वरको विरुद्धमा कठोर पारे, त्यसैले परमेश्‍वरले तिनीहरूलाई कठोर हुन दिनुभयो। परमेश्‍वरको विरुद्धमा आफूलाई कठोर बनाउनेहरूलाई परमेश्‍वरले कठोर बनाइदिनुहुन्छ। आफूले जानी-बुझी गरेका तिनीहरूका कामद्वारा ती अन्यजातिहरू कठोर भए। ती अन्यजातिहरूले परमेश्‍वरको बारेमा विचार गर्न चाहँदैनथे। त्यसकारण, परमेश्‍वरले नै जीवित परमेश्‍वरको बारेमा तिनीहरूको समझलाई अन्धो तुल्याइदिनुभयो। तिनीहरू अन्धा भएको तथ्यले गर्दा अझै अन्धा भए (यूहन्ना ९:४०-४१)! परमेश्‍वरविना अडिग भएर जिउने मानिसहरूले आफू जीवित परमेश्‍वरविना नै जिइरहेको छु भनी महसुस गर्दैनन्। तिनीहरू परमेश्‍वरप्रति 'अज्ञानी' हुन्। तिनीहरूले जीवित परमेश्‍वरको बारेमा केही पनि जान्दैनन्।

---

**एफिसी ४:२२-२४**

**प्रश्न ३ - कसरी तपाईंले आफ्नो पुरानो स्वभाव त्यागेर नयाँ स्वभाव धारण गर्नु हुन्छ?**

**टिप्पणी -** यहाँ दुई वटा क्रियापदहरू (त्याग्नु र धारण गर्नु) ले कुनै प्रक्रियातर्फ सङ्केत गर्दैन, तर मेरो परिवर्तन (नयाँ जन्म) मा त्यो काम सधैँको निम्ति एकैपटकमा गरियो। मैले पहिलोपटक येशू ख्रीष्टमा विश्‍वास गर्दा सधैँको लागि एकैपटक पुरानो स्वभावलाई त्यागैँ र सधैँको लागि एकैपटक नयाँ स्वभाव धारण गरेँ। मेरो पुरानो स्वभाव भनेको परमेश्‍वर र मेरो पुरानो जीवनशैलीबारेको अज्ञानता थियो। मेरो नयाँ स्वभाव भनेको परमेश्‍वरको इच्छा र परमेश्‍वरलाई प्रसन्‍न पार्ने जीवन जिउने मेरो ज्ञान हो। मेरो नयाँ स्वभाव अब मेरो नयाँ पहिचान हो: "म येशू ख्रीष्टमा छु" र अब म कहिल्यै एक्लो हुने छैन। मेरो जीवन परमेश्‍वरमा ख्रीष्टसँग लूकाइएको छ" (कलस्सी ३:३)।

तर यो सधैँको लागि एकपटकको सुरुवातले मलाई पापहरू स्वीकार गरेर त्याग्ने र ख्रीष्टको विशेषताहरू धारण गर्ने जीवनभरिको प्रक्रियातिर डोऱ्याउनु पर्छ। त्यसरी मैले त्याग्नै पर्ने विशेष पापहरू के-के हुन्? बाइबलले भन्दछ, कि झूट बोल्ने, रिसाउने, चोरी गर्ने, झगडा गर्ने, निन्दा गर्ने, अनैतिक यौन क्रियाकलापहरू गर्ने, लोभ गर्ने र अरूको अहित गर्ने सबै किसिमका कुराहरू त्याग्नै पर्छ। विशेष गरी मैले कुन धार्मिक कुराहरू धारण गर्नै पर्छ? बाइबलले भन्दछ, कि सत्य कुरा बोल्ने, आफ्नो रिसलाई नियन्त्रण गर्ने, असल काम गर्ने, आफूसँग भएका थोकहरू बाँडचुँड गर्ने, कृपालु हुने, दया देखाउने, क्षमा दिने प्रेम गर्ने, धन्यवादी हुने, परमेश्‍वरको इच्छाको ज्ञान लिने र जीवन जिउने बुद्धि मैले धारण गर्नै पर्छ।

---

**एफिसी ४:२६**

**प्रश्न ५ : 'रिस गर, तर पाप नगर' भनेको के हो?**

**टिप्पणी -** केही मानिसहरूले यसको अर्थ इसाईहरू कहिल्यै रिसाउनु हुँदैन भनी विचार गर्छन्। तिनीहरू भन्दछन्, कि सबै किसिमको रिस पाप हो। अरू मानिसहरू विचार गर्दछन्, कि यसको अर्थ तपाईं रिसाउन सक्नु हुन्छ, किनभने रिस पापसँग जोडिएको हुँदैन। यी दुवै धारणाहरू गलत हुन्।

बाइबलले भन्दछ, "तपाईं रिसाउन सक्नु हुन्छ, तर रिसाउँदा पापचाहिँ नगर्नुहोस्।" रिस आफैमा पापपूर्ण हुँदैन, किनभने परमेश्‍वरबाट पनि रिस आउने गर्छ। परमेश्‍वरको रिस भनेको सबै किसिमका दुष्टताको विरुद्धमा उहाँको धार्मिक क्रोध हो। मानिसहरूले बोल्ने र गर्ने दुष्ट कुराहरूको विरुद्धमा इसाईहरूसँग यस किसिमको धार्मिक क्रोध हुन सक्छ। यस किसिमको

रिसलाई धार्मिक रिस भनिन्छ। धार्मिक रिस कुनै व्यक्ति वा विषयप्रति केवल प्रश्नमा सीमित पारिनु पर्छ र हामी बोल्दा वा व्यवहार गर्दा त्यसलाई सन्तोषजनक र नियन्त्रित किसिमले प्रकट गरिनु पर्छ। परमेश्वरले (रोमी १:१८; २:५-६; हिब्रू १२:६) र येशू ख्रीष्टले (मत्ती १२:१२; यूहन्ना २:१५-१६) अस्थायी दण्ड अथवा न्यायको रूपमा धार्मिक रिस प्रकट गर्नुहुन्छ।

तर प्रायजसो समयमा हामी रिसाउँदा, कुनै व्यक्ति र विषयप्रति प्रश्न गर्ने कुरामा सीमित हुँदैनौँ; हामीले आफूलाई नियन्त्रण गर्न सक्दैनौँ अनि अप्रिय (रुखो) तरिकाले बोल्ने गर्छौं। त्यसो गर्दा हामी पापमा पर्दछौँ। जब रिस गल्ती गर्ने व्यक्तिको विरुद्धमा घृणा वा अप्रसन्नता वा नराम्रो बोली-वचन वा हिंसाको रूपमा प्रकट हुन्छ, तब त्यो रिस पापपूर्ण रिस हुन्छ। कुनै व्यक्तिको पापलाई घृणा गरी त्यो पापीलाई चाहिँ प्रेम गर्न सक्ने हुनको निम्ति परमेश्वरबाट प्रशस्त अनुग्रह आवश्यक पर्छ।

---

**एफिसी ४:२६**

**प्रश्न ५ - 'घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्' भनेको के हो?**

**टिप्पणी -** बाइबलमा 'सूर्यास्त'ले प्राय: 'उक्त दिनको अन्त'लाई बुझाउँछ। धेरै मानिसहरू कुनै व्यक्तिसँग वर्षौंसम्म रिसाउने गर्छन्। तिनीहरूले क्षमा दिन सक्दैनन् र तीतोपन बोकेर बसिरहन्छन्। तिनीहरूका विरुद्धमा अरू मानिसहरूले गरेका गल्तीहरूको लामो सूची लिएर तिनीहरू वर्षौंसम्म बसिरहन्छन्। तिनीहरूले त्यस्ता मानिसहरूको आलोचना गर्ने गर्छन् र विशेष गरी तिनीहरूले अरूको निन्दा गर्ने गर्छन्।

इसाईको रिस उक्त दिनभन्दा लामो समयसम्म रहनु हुँदैन भनी बाइबलले बताउँछ! सुत्न जानुभन्दा अघि नै उसले गल्ती गर्ने व्यक्तिसँग मिलाप गर्नु पर्छ र दयालु भएर त्यो गल्ती गर्ने व्यक्तिलाई क्षमा दिनु पर्छ।

---

**एफिसी ४:२७**

**प्रश्न ६ - कसरी हामी दुष्टलाई खुट्टा टेक्ने ठाउँ दिन सक्छौँ?**

**टिप्पणी -** बाइबलले एफिसी ४:२७ र २७ लाई जोड्दछ। 'दुष्टलाई खुट्टा टेक्ने ठाउँ दिनु" भनेको मलाई खराबी गर्नको निम्ति त्यसलाई मेरो जीवनको केही क्षेत्रमा (मेरो शरीरमा होइन) प्रवेश गर्न मौका दिनु हो। विशेष गरी म रिसाउँदाखेरि अति नै होसियार हुनुपर्छ, ताकि दुष्टले मेरो रिसलाई ईर्ष्या, घृणा, क्षमा नदिने आत्मा अथवा हिंसामा परिवर्तन गर्न मौका नपाओस्। त्यसैले मैले सकेसम्म चाँडै क्षमा दिन सिक्नु पर्छ। जसरी आफूले गर्नुभएको कामद्वारा ख्रीष्टले मलाई क्षमा गर्नुभएको छ, त्यसरी नै मैले अपराधीलाई क्षमा दिनु पर्छ भनी एफिसी ४:३२ ले भन्दछ।

एफिसी ६:११ ले यसो भन्दछ, "दियाबलसका युक्तिहरूका विरुद्धमा खड्‌ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर।" मलाई पापमा पार्न दुष्टले कुनै पनि युक्ति प्रयोग गर्न सक्नेछ। त्यसले मेरो रिसलाई पक्रेर नराम्रो बोली-वचन अथवा हिंसामा परिवर्तन गर्न सक्छ। त्यसले मेरो लोभलाई पक्रेर बेइमानी अथवा चोरीमा परिवर्तन गर्न सक्छ। त्यसले मेरो डरलाई पक्रेर झूट बोल्न लगाउन सक्छ। त्यसैले याकूब ४:७ ले "दियाबलसको विरोध गर, र त्यो तिमीहरूबाट भाग्नेछ" भन्दछ।

---

**एफिसी ४:२९**

**प्रश्न ७ - कसरी तपाईं अरू मानिसहरूलाई माथि उठाउन (सुधार गर्न) सहयोगी शब्दहरू बोल्नुहुन्छ?**

**टिप्पणी -** अरू मानिसहरूलाई सहायता मिल्ने गरी कसरी बोल्ने भनी हितोपदेशले मलाई सिकाउँछ। कुनै प्रश्नको उत्तर दिनुभन्दा पहिले मैले सोच्नु पर्छ। मैले ठीक समयमा उत्तर दिनु पर्छ। र मैले नम्रतापूर्वक उत्तर दिनु पर्छ (हितोपदेश १५:२८,२३,१)। एफिसी ४:१५ ले भन्दछ, "प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं,

जो शिर हुनुहुन्छ।" तसर्थ 'सत्य' र 'प्रेम' बोलाइको दुई महत्वपूर्ण सिद्धान्तहरू हुन्। एफिसी ४:२९ ले यसो भन्दछ, "तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो (सहयोगी) र सुधार गर्ने (निर्माण गर्ने) मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह (फाइदा) मिलोस्।" तसर्थ, बोलाइको अर्को सिद्धान्त भनेको 'सुधार गर्ने' (निर्माण गर्ने) हो।

यी तीन महत्वपूर्ण सिद्धान्तहरूलाई सारंशमा हेरौँ। बोल्नुभन्दा पहिले मैले आफैलाई तीन वटा महत्वपूर्ण प्रश्नहरू सोध्नुपर्छ :

- यो सत्य हो कि होइन? यदि यो सत्य होइन भने म चुपचाप रहनु पर्छ।
- यदि यो सत्य भने, यसले अर्को व्यक्तिलाई सुधार गर्छ (निर्माण गर्छ) कि उसलाई चोट पुऱ्याउने वा टोड्ने काम गर्छ? यदि यसले उसलाई सुधार अथवा निर्माण गर्दैन भने म चुपचाप रहनु पर्छ।
- यदि यसले उसलाई सुधार अथवा निर्माण गर्छ भने के मैले उसँग प्रेममा बोल्न सक्छु कि सक्दिनँ? यदि मैले प्रेममा बोल्न सक्दिनँ भने, म चुपचाप रहनु पर्छ।

---

**एफिसी ५:७**

**प्रश्न ८ - कस्ता किसिमका मानिसहरूसँग इसाईहरू साझेदार (सहभागी) हुनु हुँदैन?**

**टिप्पणी -** इसाईहरू पापपूर्ण र तोडिएको भ्रष्ट संसारमा जिउँछन् तर तिनीहरू यो पापपूर्ण र भ्रष्ट संसारमा सहभागी हुँदैनन् (यूहन्ना १७:११,१६)। इसाईहरूले आफ्नो ज्योति गैरइसाईहरूको माझमा चम्काउनु पर्छ (मत्ती ५:१४-१६)। तर इसाईहरू उत्पादनहीन (व्यर्थ, फलविहीन) कामहरू गर्ने गैरइसाईहरूसँग साझेदार (सहभागी) हुनु हुँदैन र त्यसैगरी अनाज्ञाकारी इसाईहरूसँग पनि साझेदार हुनु हुँदैन! १ कोरिन्थी ५:९-१३ पढ्नुहोस्।

---

**प्रश्न ९ - तपाईंको जीवनको लागि एफिसी ४:१७ देखि ५:१७ मा कुन कुरा महत्वपूर्ण ठान्नु हुन्छ?**

**टिप्पणी -** एफिसी ४:१७-५:१७ ले म यस पृथ्वीमा किन छु भन्ने बारेमा सिकाउँछ। परमेश्वरले चाहनु भएअनुसारको जीवन जिउनको लागि म यस पृथ्वीमा छु। नयाँ जीवन भनेको परमेश्वरको इच्छाअनुसारको जीवन हो र यसले उहाँलाई प्रसन्न तुल्याउँछ साथै उहाँको महिमा पनि गर्छ। परमेश्वरले मलाई बोलाउनु हुने नयाँ जीवन (एफिसी ४:१) अन्यजातिहरूले जिउने जीवन (एफिसी ४:१७; २:२) भन्दा पूर्णरूपमा फरक छ। यो नयाँ जीवन भनेको निरन्तर पुरानो स्वभावलाई त्याग्नु र नयाँ धार्मिकतालाई धारण गर्नु हो। नयाँ जीवन भनेको यस्तो जीवन हो, जसमा सत्यता, धार्मिकता, पवित्रता (एफिसी ४:२२-२४), प्रेम (एफिसी ५:२), ज्योति (एफिसी ५:८) र बुद्धि (एफिसी ५:१५) जस्ता ईश्वरीय विशेषताहरू हुन्छन्। मेरो जीवन कसरी अर्थपूर्ण र यो संसारमा उद्देश्यपूर्ण हुन सक्छ भनी एफिसी ४:१७-५:१७ ले सिकाउँछ।

---

**चरण ४ - लागू गर्नु** **प्रयोगहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
**सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् -** एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र एफिसी ४:१७-५:१७ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
**ध्यान दिनुहोस् -** यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
**लेख्नुहोस् -** उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्।
(हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

## १. एफिसी ४:१७-५:१७ बाट निकालिएका सम्भावित प्रयोगसम्बन्धी केही उदाहरणहरू

| | |
|---|---|
| ४:१७-१९ | आफ्नो वरिपरि बस्ने अन्यजातिहरूले जिउने (हिँड्ने) तरिकालाई ध्यान दिनुहोस्। तिनीहरूभन्दा फरक ढङ्गमा जिउनुहोस् (हिँड्नुहोस्)। |
| ४:२४ | सत्यता, धार्मिकता र पवित्रताजस्ता कुराहरू कसरी मेरो जीवनमा बढीभन्दा बढी वास्तविक हुन सक्छ भनी ध्यान दिनुहोस्। |
| ४:२४ | सबै किसिमका झूटलाई त्याग्नुहोस्। केवल सत्य कुरा बोल्नुहोस्। |
| ४:२६ | आफ्नो रीसलाई नियन्त्रण गर्न सिक्नुहोस्। सुत्न जानुभन्दा पहिले रिसलाई बन्द गर्नुहोस्। |
| ४:२७ | दुष्टले आफ्नो जीवनमा पाइला टेक्न नपाओस् भन्ने कुरामा निकै सावधान रहनुहोस्। |
| ४:२८ | आफैले काम गरेर रुपैयाँ-पैसा कमाउनुहोस्। |
| ४:२८ | आफूसँग भएका थोकबाट खाँचोमा परेका मानिसहरूसँग केही बाड्नुहोस्। |
| ४:२९ | आफूले बोल्ने शब्दहरूबाट मानिसहरूको सुधार गर्नुहोस्। |
| ४:३० | पवित्र आत्मालाई दु:खित तुल्याउने कुराप्रति सम्बेदनशील हुनुहोस्। |
| ४:३१ | दुष्टता र अरूलाई अहित हुने हरेक कुराबाट अलग रहनुहोस्। |
| ४:३२ | आफूप्रति गल्ती गर्नेहरूलाई छिट्टै क्षमा दिनुहोस्। |
| ५:१ | परमेश्‍वरलाई राम्रोसँग जान्नुहोस् र उहाँको अनुकरण गर्नुहोस्। |
| ५:२ | इसाई भएको हैसियतले बढीभन्दा बढी प्रेम गर्न सिक्नुहोस्। |
| ५:३-७ | फोहरी कुरा गर्ने र मूर्ख काम गर्नेहरूबाट अलग रहनुहोस्। अनाज्ञाकारी इसाईहरूबाट अलग रहनुहोस्। |
| ५:८-१४ | आफ्नो र आफ्नो दाजुभाइ तथा दिदीबहिनीहरूको जीवनमा भएका अन्धकारलाई प्रकट गर्नुहोस्। |
| ५:१५-१७ | प्रभुको इच्छाअनुसारको काम गरेर बुद्धिमान हुँदैजानुहोस्। |

## २. व्यक्तिगत प्रयोगका केही उदाहरणहरू

क. परमेश्‍वरको उपस्थितिमा सचेत हुँदै र परमेश्‍वरलाई प्रसन्न पार्ने तरिकाद्वारा म आफ्नो जीवन जिउन चाहन्छु। विशेष गरी म आफ्नो रीसलाई नियन्त्रण गर्न चाहन्छु र दिन ढल्नुभन्दा पहिले नै अपराधीलाई क्षमा दिई म उसँग मिलाप गर्न चाहन्छु।

ख. म परमेश्‍वरलाई प्रसन्न तुल्याउने किसिमको जीवन जिउन चाहन्छु। विशेष गरी म नराम्रा बानीहरू त्यागेर नयाँ असल बानीहरू ग्रहण गर्न चाहन्छु। अनि परमेश्‍वरले उक्त नयाँ बानीलाई मेरो जीवनमा नराखुञ्जेलसम्म म त्यसलाई घरी-घरी अभ्यास गरिरहन्छु।

---

**चरण : ५ - प्रार्थना** **प्रतिक्रिया**

एफिसी ४:१७-५:१७ मा परमेश्‍वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्‍वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

| ५ | **प्रार्थना** (८ मिनेट)<br>**अन्तरबिन्ती प्रार्थना** |
|---|---|

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |
|---|---|

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** समूहको सदस्यहरूलाई एउटा सम्भावित कुरा जीवनमा लागू गर्न प्रतिवद्ध गराउनुहोस्।

**२. परमेश्वरसँग व्यक्तिगत समय -** यूहन्ना १:१-४:२२ बाट प्रत्येक दिन आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।

**३. पद कण्ठ गर्नुहोस् -** नयाँ बाइबल पद कण्ठ गरेर त्यसलाई मनन गर्नुहोस्। क्षमादानको निश्चयता - १ यूहन्ना १:९

आफूले भर्खरै कण्ठ गरेको तीन वटा बाइबल पदहरूलाई दैनिकरूपमा पुनरवलोकन गर्नुहोस्।

**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

**५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्-** तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।

# पाठ : ९

| १ | **प्रार्थना** |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गरेर तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **आराधना** (२० मिनेट)<br>**परमेश्वर प्रेम हुनुहुन्छ** |
|---|---|

**शिक्षा दिनुहोस् -** 'आराधना' के हो? 'आराधना'को परिभाषा यस्तो छ :

आराधना भनेको परमेश्वरप्रतिको श्रद्धा, उपासना, प्रतिवद्धता र समर्पणताको मनोवृत्ति हो। आराधनालाई विभिन्न किसिमको प्रार्थाना र हाम्रो दैनिक जिवन जिउने तरिकाद्वारा व्यक्त गरिन्छ।

परमेश्वरको आराधना गर्नको निम्ति उहाँ को हुनुहुन्छ भनी हामीले जान्नु आवश्यक छ। आराधना गर्ने हरेक समयमा हामी परमेश्वरको एउटा विशेषता सिक्छौँ।

(**समूहको अगुवा -** परमेश्वर प्रेम हुनुहुन्छ भन्ने बारेको शिक्षा पढ्नुहोस्।)

## विषय : परमेश्वर प्रेम हुनुहुन्छ

### १. प्रेम परमेश्वरको स्वभाव हो :

**यशैया ४३:२; रोमी ५:८-१० पढ्नुहोस्।**

**जीवन बचाउने व्यक्तिजस्तो भएर परमेश्वरले संसारको मानिसहरूलाई प्रेम गर्नुहुन्छ।**

मानिसहरूलाई उद्धार गर्नको निम्ति जीवन बचाउने व्यक्तिले आफ्नो जीवनलाई जोखिम राखेर ठूलो बाढी आएको ठाउँमा हाम फाल्छ अथवा आगो लागेको घरभित्र प्रवेश गर्छ। पानीको बाढी (लाल समुद्र) भनेको संसारबाट बढारिने ईश्वरहीन र दुष्ट जातिहरूको चिन्ह हो (यशैया १७:१२-१३)। आगोचाहिँ इसाईहरू विरुद्धको सतावटको चिन्ह हो (दानिएलको तीन जना साथीहरूलाई फालिएको आगोको भट्टी, दानिएल ३:२५-२७)।

**परमेश्वरले संसारका मानिसहरूलाई गोठालोले झैँ प्रेम गर्नु हुन्छ।**

गोठालोले आफ्नो हराएको भेडालाई नभेट्टाएसम्म खोजी गरेर प्रेम गर्छ।

**परमेश्वरले हामीलाई आमा-बुबाले झैँ प्रेम गर्नु हुन्छ।**

आमाले आफ्नो सन्तानलाई वास्ता गरेर, सुरक्षा दिएर, पौष्टिक खानेकुरा खुवाएर र शिक्षा-दिक्षा दिएर प्रेम गर्छिन्।

**एउटा व्यक्तिले आफ्नो मित्रलाई प्रेम गरेझैँ परमेश्वरले हामीलाई प्रेम गर्नु हुन्छ।**

मानिस आफ्नो मित्रसँग हुन चाहन्छ र तिनीहरू एकले अर्काप्रति असल र चाखलाग्दा कुराहरू गर्न चाहन्छन्।

**तर यी सबैभन्दा ठूलो कुरा भनेको परमेश्वरले आफै बलिदान भएर हामीलाई प्रेम गर्नु हुन्छ।**

परमेश्वरले आफ्नो पुत्र येशू ख्रीष्टलाई हाम्रो निम्ति क्रूसमा जीवन दिन पठाउनुभएर उहाँले हामीप्रतिको बलिदानपूर्ण प्रेम प्रमाणित गर्नु हुन्छ। हामीलाई पापबाट र अनन्त नासबाट बचाउनको लागि उहाँले हामीलाई बलिदानपूर्ण प्रेम गर्नु हुन्छ। परमेश्वरको प्रेमले हाम्रो पापको प्रायश्चितको बलिदान हुन येशू ख्रीष्टलाई यस धर्तीमा पठाउनुभयो। त्यो काम उहाँको क्रूसको

मृत्युद्वारा भयो र उहाँले हाम्रो पापको विरुद्धमा परमेश्वरको धार्मिक रिसबाट मुख फर्काउनुभइर, हाम्रो पापहरू उठाइलानुभई हामीलाई परमेश्वरसँग पुनर्मिलाप गराउनुभयो।

## २. पहिले परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ

**१ यूहन्ना ४:७-२१ पढ्नुहोस्।**

परमेश्वर हामीप्रतिको विचारहरू र योजनाहरू अनि वचनहरू र कामहरूमा सधैँ प्रथम हुनुहुन्छ।

**यो संसारको सृष्टिभन्दा पहिले**

हामी परमेश्वरको आत्मिक छोरा-छोरी बनाउनको निम्ति परमेश्वरले हामीलाई प्रेम गरेर त्यसको निधो गर्नुभयो (एफिसी १:४-५)।

**हाम्रो जन्म हुनुभन्दा पहिले**

परमेश्वरले येशू ख्रीष्टलाई हाम्रो पापको निम्ति क्रूसमा मर्न पठाउनुभयो (१ पत्रुस ३:१८)।

**हामीले उहाँको बारेमा सुन्नुभन्दा धेरै पहिले**

परमेश्वरले हामीलाई भेट्ने निर्णय गर्नुभयो र हामीलाई सुसमाचार प्रचार गर्न अरू मानिसहरूलाई पठाउनुभयो (रोमी १०:१४-१७)।

**हामीले येशू ख्रीष्टमा विश्वास गर्नुभन्दा र उहाँलाई ग्रहण गर्नुभन्दा पहिले**

सुसमाचारको सन्देशलाई बुझोस् र विश्वास गरोस् भन्ने हेतुले परमेश्वरले हाम्रो हृदयमा काम गर्नुभयो (यूहन्ना १६:८)।

परमेश्वरले उहाँमा जित्नको लागि हामीलाई पहिले प्रेम गर्नुभयो। र अब उहाँले हामीलाई जित्नुभएकोले र हामीले उहाँलाई ग्रहण गरेकोले हामीले आफ्नो प्रेममा उहाँको प्रेमसित प्रतिक्रिया जनाउन सक्छौँ। परमेश्वर आफैले मात्र एकतर्फी प्रेम गर्ने व्यक्ति हुन चाहनुहुन्न। उहाँले प्रेम गर्नु भएपछि उहाँको सबै सन्तानहरूले पनि उहाँलाई प्रेम गरेको परमेश्वर चाहनुहुन्छ र जसरी उहाँले प्रेम गर्नुभएको छ, त्यसरी नै हामीले एक अर्कालाई प्रेम गरेको चाहनुहुन्छ (मर्कूस १२:३०-३१)।

हामीले येशू ख्रीष्टमा विश्वास गरेपछि अब हामी परमेश्वरको दण्ड (नरक) को डरमा जिउनु पर्दैन, तर परमेश्वरलाई र एक अर्कालाई प्रेम गरी न्यायको दिनको निश्चयतामा जिउन सक्छौँ (१ यूहन्ना ४:१७-१८)।

| ख्रीष्ट पाउनुभन्दा पहिले | ख्रीष्टलाई पाउँदा | ख्रीष्टलाई पाएपछि |
|---|---|---|
| * हामी ख्रीष्टलाई विश्वास गर्दैनौँ<br><br>* हामी परमेश्वरको क्रोधको मुनि हुन्छौँ (रोमी १:१८)<br><br>* हामी परमेश्वरको श्रापको मुनि हुन्छौँ (गलाती ३:१०)<br><br>* हामी परमेश्वरको दण्डदेखि डराउँछौँ (१ यूहन्ना ४:१७०१८)<br><br>* हामी पापीहरू हौँ र हराएका छौँ (लूका ५:३१-३२, १९:१०) | * उहाँले परमेश्वर र हाम्रोबारेको सत्यता प्रकट गर्नुभयो<br><br>* उहाँले प्रायश्चितको व्यवस्था मिलाउनु भयो, जसले हामीप्रतिको परमेश्वरको क्रोधलाई हटाइदियो (१ यूहन्ना ४:१०), अनि उहाँले हामीलाई परमेश्वरसँग पुनर्मिलाप गराउनुभयो (रोमी ५:९-१०)।<br><br>* हामीलाई श्रापित तुल्याउने हाम्रो श्रापबाट उहाँले हामीलाई मुक्त पार्नु भयो (गलाती ३:१४)। | * हामी उहाँमा विश्वास गर्दछौँ (स्वीकार गर्दछौँ)<br><br>* हामी परमेश्वरको प्रेमको मुनि छौँ (१ यूहन्ना ३:१) र उहाँले हामीलाई पहिले प्रेम गर्नुभयो र सदासर्वदा प्रेम गरिरहनुहुनेछ भनी हामीले थाहा पायौँ!<br><br>* हामी परमेश्वरको आशिष्को मुनि छौँ (गलाती ३:१४: एफिसी १:३)<br><br>* न्यायको दिनको हामीमा निश्चयता छ (१ यूहन्ना ४:१७-१८)<br><br>* हामी भेट्टाइएका छौँ र बचाइएका छौँ (लूका १५:२४) |

परमेश्वरको धार्मिकता (धर्मी क्रोध) लाई परमेश्वरको दया (अनुग्रही प्रेम) सँग मिलाप गराउने कुरा केवल क्रूस (येशू ख्रीष्टको मृत्यु र पुनरुत्थान) हो।

### ३. परमेश्वरले अनन्त प्रेमद्वारा हामीलाई प्रेम गर्नुहुन्छ

**यर्मिया ३१:३; रोमी ८:३९ पढ्नुहोस्।**

परमेश्वरले हामीलाई सुरुमा जति प्रेम गर्नुहुन्थ्यो, त्यति नै प्रेम आज गर्नु हुन्छ अनि विगतमा उहाँले हामीलाई क्रूसमा जति प्रेम गर्नुहुन्थ्यो, त्यति नै प्रेम भोलि हामीलाई गर्नुहुनेछ। परमेश्वरको प्रेम कहिल्यै डगमगाउँदैन। मानवीय प्रेम मानिसहरूको परिस्थितिहरू र भावनाहरूअनुसार तल-माथि हुन्छ तर परमेश्वरको प्रेम कहिल्यै तल-माथि हुँदैन। परमेश्वरको प्रेम अनन्त र स्थिर हुन्छ। हाम्रो प्रभु ख्रीष्ट येशूमा भएको परमेश्वरको प्रेमबाट हामीलाई कुनै कुराले अलग गर्न सक्ने छैन।

### ४. परमेश्वरको प्रेमले हामीलाई परिवर्तन गर्छ

**रोमी ५:५ पढ्नुहोस्।**

परमेश्वरको प्रेमले हाम्रो भावनाहरूलाई स्पर्श मात्र गर्ने होइन, तर यसले हाम्रो जीवन परिवर्तन पनि गर्छ। उहाँको प्रेमले हामीलाई उहाँलाई प्रेम गर्न लगाउँछ, एकले अर्कालाई प्रेम गर्न लगाउँछ, त्यतिमात्र होइन प्रेम नगर्ने मानिसहरू र हाम्रा सत्रुहरूलाई पनि प्रेम गर्न लगाउँछ। वास्तवमा भन्ने हो भने परमेश्वरले हामीलाई प्रेम गर्नुभएर उहाँको प्रेम हाम्रो हृदयमा खन्याउनुभएपछि मात्र हामी उहाँलाई प्रेम गर्न सक्छौँ। त्यसबारेमा रोमी ५:५ ले यसो भन्दछ, "हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।" प्रेमको सुरुवात हाम्रो हृदयबाट हुँदैन। प्रेम केवल परमेश्वरबाट आउँछ (१ यूहन्ना ४:७)। प्रेम परमेश्वरको स्वभाव हो र यो संसारमा प्रेमको एक मात्र स्रोत भनेको परमेश्वर नै हुनुहुन्छ।

**समूहको अगुवा -** प्रेम परमेश्वरको विशेषता भएकोले उहाँको आराधना गर्नुहोस्। तीन-तीन जनाको सानो समूह बनाएर आराधना गर्नुहोस्।

| | |
|---|---|
| ३ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट)<br>**यूहन्ना** |

तोकिएको बाइबल खण्ड (यूहन्ना १:१-४:२२) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)।

बाँड्दैगरेको व्यक्तिको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस्। उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| | |
|---|---|
| ४ | **शिक्षा** (७० मिनेट)<br>**[आज्ञाकारिता]** **वृद्धिको अध्ययन** |

## क. वृद्धिको लागि जिम्मेवारी

तपाईंको आत्मिक वृद्धिको लागि को जिम्मेवार छ? मर्कूस ४ अध्यायको दुई दृष्टान्तहरूले यस प्रश्नको उत्तर दिन्छ।

© 2009 DOTA 

## १. बिउ छर्नेको दृष्टान्त

आत्मिक वृद्धि र फल फलाउन के जिम्मेवार हुन्छ?

मर्कूस ४:१-२० पढ्नुहोस् (मत्ती १३:३०२३ र लूका ८:४-१५ सँग तुलना गर्नुहोस्)।

**टिप्पणी -** बिउले परमेश्‍वरको वचनको प्रतिनिधित्व गर्छ (लूका ८:११), विशेष गरी यो सन्देश परमेश्‍वरको राज्यको बारेमा छ (मत्ती १३:१९)। माटोले मानिसहरूका हृदयको अवस्था र मनोवृत्तिलाई बुझाउँछ (मत्ती १३:१९; लूका ८:१२)।

### बाटोतिर छरिएका बिउ

यो कुनै प्रतिक्रिया नजाउने, असंवेदनशील र कठोर हृदयको तस्वीर हो। तपाईंको हृदयको अवस्था वा मनोवृत्ति यस किसिमको हुँदा, तपाईंले परमेश्‍वरको वचनप्रति कुनै प्रतिक्रिया जनाउनु हुन्न। तपाईंको लागि परमेश्‍वरको वचनको कुनै महत्व छैन भनी तपाईंले निरन्तर विचार गर्नुहुन्छ। तपाईंले परमेश्‍वरको वचनमा भएको सन्देश बुझ्न कुनै प्रयत्न गर्नु हुन्न (मत्ती १३:१९) अथवा तपाईंले त्यसप्रतिको  प्रतिक्रिया त्यागिदिनु हुन्छ। परिणामस्वरूप, तपाईंको हृदय उदास भई त्यसप्रति कुनै चासो दिँदैन र त्यो कठोर हुँदैजान्छ। शैतानलाई परमेश्‍वरको वचनको शक्तिको क्षमता थाहा छ र त्यसरी अस्वीकार गरिएको कुरालाई खोसेर लैजान त्यो सधैँ तयार रहन्छ!

यो खण्डको मुख्य पाठ भनेको तपाईंले वचन सुन्नुहुँदा, पढ्नुहुँदा र अध्ययन गर्नुहुँदा त्यसलाई स्वीकार (ग्रहण) गर्नु पर्छ (मर्कूस ४:२०) र त्यसलाई बुझ्नको निम्ति हरेक तवरले प्रयत्न गर्नुपर्छ (मत्ती १३:२३)! तुरुन्तै तपाईंमा भएको उदासिनता, आलटाल गर्ने बानी र वैरभावजस्ता मनोवृत्तिलाई परिवर्तन गर्न थालिहाल्नुहोस्!

### ढुङ्गेनी ठाउँमा परेको बिउ

यो आवेगमा आई निर्णय गरिहाल्ने अनि गहिराइ र जरा नभएको हृदयको तस्वीर हो। तपाईंको हृदयको अवस्था अथवा मनोवृत्ति यस्तो हुँदा, तपाईंले सोच-विचारै नगरीकन परमेश्‍वरको वचनप्रति प्रतिक्रिया जनाउनु हुन्छ। पछि आउने परिणामहरूलाई वास्तै नगरी तपाईंले परमेश्‍वरको वचन ग्रहण गर्नु हुन्छ। सुरुमा तपाईं परमेश्‍वरको वचनको बारेमा रोमाञ्चित अथवा जोसिलो देखिनु हुन्छ। तर, जब समस्या र सतावट आउँछ, तब तपाईं लड्नु हुनेछ। तपाईंमा 'जराहरू'को कमी भएकोले परमेश्‍वरको वचनमा सुदृढ भई त्यसलाई आफूमा राख्न सक्नु हुन्न। अनि साँचो चेलापनमा आफूलाई आत्मसमर्पण गर्न, आफूलाई इन्कार गर्न र परिआएमा दु:ख भोग्न र बलिदान हुने कुरालाई महसुस गर्न तपाईं चुक्नु हुन्छ।

यस खण्डको मुख्य पाठ भनेको सबै परिस्थितिहरूमा परमेश्‍वरको वचनलाई जोगाइराख्नु (लूका ८:१५) र त्यसलाई सुदृढ पारेर विश्‍वास गर्नु अनि त्यसप्रति आज्ञाकारी हुनु हो! परमेश्‍वरको वचन सुन्दा त्यसप्रति भावनात्मकरूपमा प्रभावित हुने तपाईंको प्रवृत्तिलाई परिवर्तन गर्न तुरुन्तै काम गर्न थाल्नुहोस्!

### काँडाहरूको बीचमा परेको बिउ

यो अरू कुनै कुराप्रति मन गएको र विभाजन भएको हृदयको तस्वीर हो। तपाईंको हृदयको अवस्था अथवा मनोवृत्ति यस किसिमको हुँदा, तपाईंले परमेश्‍वरको वचनको सट्टामा अरू कुराहरूप्रति प्रतिक्रिया जनाउनु हुन्छ। यस्तो अवस्थामा तपाईंले गलत कुराहरूलाई प्राथमिकता दिनुहुन्छ। अनि परमेश्‍वरलाई प्रसन्‍न पार्ने कुराहरूभन्दा जीवनको चिन्ता-फिक्री, धन-सम्पत्तिको छलकपट, जीवनको मोजमज्जा र अरू यस्तै कुराहरूप्रति निरन्तर तपाईंको ध्यान जान्छ। तपाईंको हृदय सांसारिक थोकहरू र परमेश्‍वरका कुराहरूमा विभाजित भएको हुन्छ। यस्ता सांसारिक कुराहरूले परमेश्‍वरका कुराहरूलाई निसास्सी दिन्छ र यसको परिणामस्वरूप, परमेश्‍वरको वचनले तपाईंको जीवनमा कुनै फल फलाउँदैन।

यस खण्डको मुख्य पाठ भनेको तपाईंले आफ्नो हृदयलाई सफा, इमान्दार र असल राख्नु हो (लूका ८:१५)। जीवनको चिन्ता-फिक्री, धन-सम्पत्तिको छलकपट, सांसारिक मोजमस्ती र यस्तै अरू गलत चाहनाहरूबाट आफ्नो हृदयलाई अलग राख्नुहोस्। तपाईंको चिन्ता-फिक्री, भौतिकवादी प्रवृत्ति, गलत चाहनाहरू र गलत प्राथमिकताहरूलाई परिवर्तन गर्न तुरुन्तै काम गर्न थाल्नुहोस्।

### असल जमिनमा परेको बिउ

यो प्रतिक्रिया जनाउने हृदय, स्थिर हृदय, राम्रोसँग तयार पारिएको हृदय र फलदायी हृदयको तस्वीर हो। तपाईंको हृदय यस्तो अवस्था अथवा यस्तो मनोवृत्तिको हुँदा, येशू ख्रीष्टले चाहनुभएअनुसार तपाईंले परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउनु हुन्छ।

पहिलो किसिमको जमिनको विपरीत, तपाईंले परमेश्वरको वचन सुन्नुहुन्छ, बुझ्नुहुन्छ र त्यसलाई स्वीकार गर्नुहुन्छ (मत्ती १३:२३; मर्कूस ४:२०)।

दोस्रो किसिमको जमिनको विपरीत, परमेश्वरको वचनलाई तपाईंले आफ्नो हृदयको गहिराइमा राख्नु हुन्छ र सबै कठिन परिस्थितिहरूमा तपाईं त्यसमा टाँसिरहनुहुन्छ (लूका ८:१५)।

तेस्रो किसिमको जमिनको विपरीत, परमेश्वरको वचनलाई निसास्सिदिने कुराहरूबाट तपाईंले आफ्नो हृदयलाई अलग राखी त्यसलाई सफा बनाई जोगाउनु हुन्छ (लूका ८:१५)।

तसर्थ, चौथो किसिमको जमिनजस्तै भएपछि तपाईंले परिश्रम र दृढतासाथ परमेश्वरको निम्ति फल फलाउनुहुन्छ (लूका ८:१५)। कहिले तपाईंले तीस गुणा बढी फल फलाउनु हुन्छ, र कहिलेकाहिँ सय गुणा बढी फल फलाउनु हुन्छ (मत्ती १३:२३; मर्कूस ४:२०)!

### यो दृष्टान्तको सन्देश

तपाईंको हृदयको अवस्था र मनोवृत्तिले परमेश्वरको वचनप्रति तपाईंले के प्रतिक्रिया (जवाफ) दिनुहुन्छ भन्ने कुरा निर्धारण गर्छ। अनि परमेश्वरको वचनप्रतिको तपाईंको प्रतिक्रियाले परमेश्वरको निम्ति तपाईंले कति फल फलाउनुहुनेछ भन्ने कुरा निर्धारण गर्छ (अथवा तपाईंले कति आत्मिक प्रभाव पार्नुहुनेछ भनी निर्धारण गर्छ)।

## २. गुप्तमा वृद्धि हुने बिउको दृष्टान्त

### आत्मिक वृद्धि र फल फलाउने कुराको जिम्मेवार को हो?

### मर्कूस ४:२६-२९ पढ्नुहोस्।

**टिप्पणी -**

### वृद्धि मानिसहरूका लागि रहस्य हो (मर्कूस ४:२६-२७)

प्रकृतिको क्षेत्रमा, वृद्धि सधैँ रहस्यमय रहिआएको छ! चाहे बोट-विरुवा अथवा रूखहरू होस्, अथवा जनावरहरू होस् वा मानिसहरू होस्, तिनीहरूमा वृद्धि किन अनि कसरी हुन्छ भनेर कसैले पनि पर्याप्त अनि स्पष्टसँग व्याख्य गर्न सक्दैन! आफूले छरेको बिउ उमार्न र बढाउन सक्दिनँ भनी पूर्णरूपमा बुझ्रे पनि किसानले आफ्नो खेतमा बिउ छर्छ। बिउमा अङ्कुर आउने, टुसा पलाउने, बढ्दै जाने, बाला निस्कने र त्यसमा फल फल्ने प्रक्रियामा किसानको कुनै नियन्त्रण हुँदैन। बिउ छरेपछि धेरै दिन धेरै रातसम्म किसानले केही पनि गर्दैन, र पनि त्यहाँ वृद्धि हुने कामचाहिँ भइरहेको हुन्छ! तर त्यो कसरी हुन्छ भनी उसलाई थाहा हुँदैन! त्यो वृद्धि पक्कै हुन्छ भनी किसानले बिउलाई माटोले ढाक्छ, घाँसहरू ओखल्छ, माटो खनेर नरम बनाउँछ, मल हाल्छ, र सायद त्यो विरूवामा पानी पनि हाल्छ। यी सबै कुराले वृद्धिलाई सहज बनाउँछ, तर ती कुराहरूले मातर वृद्धि गराउन सक्दैन! किसानले गर्न सक्ने काम भनेको आफूले छरेको बिउ उम्रेर बढ्दैजानेछ भनी निश्चयता गरी कटनी गर्ने समयलाई धैर्यतापूर्वक प्रतिक्षा गर्नु हो। त्यहाँ हुने वृद्धिको पक्षलाई उसले पूर्णरूपमा परमेश्वरमा छोडेर उहाँकै काममा भर पर्नु पर्छ।

त्यसैगरी, आत्मिक वृद्धि पनि रहस्य हो। परमेश्वरले नै उहाँको राज्य अथवा शासन स्थापना गर्ने र मानिसहरूको हृदय र जीवनमा वृद्धिको प्रक्रिया चलाउनु हुन्छ। उहाँको इच्छाको कारणले गर्दा नै आत्मिक बिउ अथवा बाइबलका वचनहरूले मानिसहरूको हृदय र जीवनमा बढ्दै र शक्तिशालीरूपमा प्रभाव पार्दै जाने कुरा दाबी गर्दछ र त्यसले सामान्यरूपमा समाजमा प्रभाव पार्दछ (यूहन्ना ३:५-८; १ कोरिन्थी ३:५-९)।

### बिउमा हुने क्षमताको शक्ति (मर्कूस ४:२८)

कुनै दृश्य कारणविना र कुनै मानवीय सहायताविना माटोमा परेको बिउमा आफै अङ्कुर आउँछ, अनि त्यो उम्रन्छ, त्यसमा डाँठ बन्दैजान्छ, बाला पलाउँछ र अन्तमा त्यो बालामा पूरा फल विकास हुन्छ। त्यो सानो बिउलाई परमेश्वरले वृद्धि हुने रहस्य अथवा गुप्त कुरा सुम्पिनु भएजस्तो गरी, त्यो बिउलाई के गर्ने, कहिले गर्ने र कसरी गर्ने भनी ठीकसँग थाहा हुन्छ। साँच्चै परमेश्वरले त्यो सानो बिउलाई ठूलो क्षमताको शक्ति अथवा योग्यता सुम्पनुभएको छ।

त्यसै गरी, परमेश्वरको वचनमा ठूलो क्षमताको शक्ति छ। इसाईहरूले परमेश्वरको वचन प्रचार गर्न हरेक किसिले प्रयत्न गर्छन् र परमेश्वरको वचन मानिसहरूले बुझून् र यदि सम्भव छ भने जीवनको हरेक पक्ष, जस्तैः परिवार, मण्डली, सरकार, शिक्षा, कृषि, उद्योग, व्यापार र सञ्चार जगतले त्यसलाई पालन गरोस् भनी हेर्छन्। जेजस्तो भए तापनि मानवीय सहायताबाट अलग भएर परमेश्वरको वचनलाई के गर्ने, कहिले गर्ने र त्यो कसरी गर्ने भनी सबै थाहा हुन्छ। थोरै-थोरै गरी परमेश्वरको वचन एक व्यक्तिबाट अर्को व्यक्ति, एक राष्ट्रबाट अर्को राष्ट्र हुँदै त्यसको शक्ति र प्रभाव बढ्दैजान्छ ताकि मानिसहरूको जीवनको हरेक क्षेत्रले त्यो महसुस गर्दछ (१ पत्रुस १:२३-२:३; प्रेरित १९:१०)।

### कटनीको समयमा अन्तिम विजय हुनेछ (मर्कूस ४:२९)

मर्कूस ४:२९ ले शाब्दिकरूपमा यसो भन्दछ, "जब अन्न पाक्छ, तब तुरुन्तै उसले हँसिया लगाउन थाल्छ, किनभने फसलको बेला आइपुगेको हुन्छ।" कटनीको व्याख्या नाटकीय हुन्छः "एकपटक", जब कटनी गरने समय आउँछ, किसानले कुनै विलम्ब नगरीकन त्यो फसल कटनी गर्छ! किसानले कटनी गर्ने समय धैर्यतासाथ प्रतिक्षा गर्ने कुरा अति आनन्दमय र उत्साहजनक तथ्य हो, किनभने जब यो समय आउँछ, तब त्यो पूर्ण विजयमा आउनेछ!

त्यसैगरी, उहाँको राज्यको निम्ति परमेश्वरको योजना पूरा हुनै पर्छ र निश्चय त्यो पूरा हुन गइरहेछ! परमेश्वरको राज्यको आगमन कसैले रोक्न सक्दैन! परमेश्वरले दिनुभएको व्यवस्थाअनुसार बिउमा अन्तरनिहित गुणद्वारा त्यो वृद्धि हुन्छ, यद्यपि किसानले पनि त्यो देख्दैन। त्यसैगरी, हामीले सधैँ नदेखे पनि परमेश्वरको राज्य उहाँको इच्छाअनुसार वृद्धि हुँदैजान्छ! परमेश्वरको योजनाअनुसार तोकिएको घडीमा परमेश्वरको राज्य त्यसको पूर्ण सुन्दरतामा प्रकट हुनेछ (मत्ती १३:४१; प्रकाश ११:१५)।

### यो दृष्टान्तको सन्देश

मानिस होइन, तर परमेश्वर मात्र आत्मिक वृद्धिको रचनाकार हुनुहुन्छ। त्यसको मतलब पृथ्वीका मानिसहरूको जीवनको विभिन्न क्षेत्रहरू र तिनीहरूका हृदय र जीवनमा परमेश्वरको शासनको स्थापना र त्यसको प्रगतिको वृद्धिलाई त्यसले जनाउँछ। यो काम उहाँले आफ्नो सार्वभौम शक्तिमा गर्नुहुन्छ।

यो दृष्टान्त परमेश्वरको कामको सन्दर्भमा मानवीय उत्साह-उमङ्ग, मानवीय आदर्शवाद र मानवीय अधीरताको विरुद्धमा चेताउनी हो। मानिसहरूले यस्तो प्रश्न गर्छन्, "किन परमेश्वरले छिट्टै नै यो अन्धकार अनि भ्रष्ट संसारमा आफ्नो राज्यको पूर्णता स्थापित गर्नु हुन्न?" यसको परिणामचाहिँ कहिलेकाहिँ निरुत्साह, निराशावाद, सङ्का, परिश्रमको कमी र दृढताको कमी हुन जान्छ। यो दृष्टान्तले हाम्रो निराशावादलाई आशावाद र आदर्शवादतिर फर्काउन चाहन्छ। जहाँ हामी रोप्छौँ, त्यहाँ एक दिन कटनी हुनेछ (यशैया ५५:११)! यद्यपि त्यहाँ थुप्रै कुराहरू हामी बुझ्दैनौँ, तैपनि परमेश्वरको योजना र उहाँले बनाउनुभएको कार्यक्रम असफल हुन सक्दैन र त्यो कहिल्यै असफल हुनेछैन!

## ३. यी दुई दृष्टान्तहरूबीचको सम्बन्ध

**सिकानुहोस् -** बिउ छर्नेको दृष्टान्तले आत्मिक वृद्धिको सन्दर्भमा मानवीय जिम्मेवारीलाई जोड दिन्छ। तपाईंको जीवनमा आत्मिक वृद्धिको परिणाम परमेश्वरको वचनप्रति तपाईंको प्रतिक्रियामा भर पर्छ। अनि परमेश्वरको वचनप्रति तपाईंको प्रतिक्रियाचाहिँ तपाईंको हृदयको अवस्था र मनोवृत्तिमा भर पर्छ।

गुप्तमा मौलाउने बिउको दृष्टान्तले आत्मिक वृद्धिको सन्दर्भमा परमेश्वरको सार्वभौमिकतामा जोड दिन्छ। तपाईं होइन, केवल परमेश्वर तपाईंको जीवनको आत्मिक वृद्धिको रचनाकार (स्रष्टा) हुनु हुन्छ। उहाँले आफ्नो राज्य वा शासन सार्वभौम तवरले तपाईंको हृदयमा स्थापित गर्नु हुन्छ र तपाईंको जीवन र पृथ्वीका हरेक क्षेत्रको सबै प्रगतिलाई उहाँले निर्धारण गर्नुहुन्छ। "परमेश्वरले नै यसलाई वृद्धि गर्नुहुन्छ" (१ कोरिन्थी ३:६)! इसाईहरूले रोप्ने र पानी हाल्ने काम गरेर परमेश्वरसँगै काम गर्नु

पर्छ भन्ने तथ्यलाई यसले वर्जित गर्दैन (१ कोरिन्थी ३:६-९)। जेजस्तो भए तापनि, यो दृष्टान्तले मानिसरूको हृदय र जीवनमा काम गर्ने परमेश्वरको सार्वभौमिकतालाई जोड दिन्छ। तब मात्र बिउ टुसाउँछ, बढ्छ र फल फलाउँछ, जब परमेश्वरले त्यसलाई वृद्धि गराउनु हुन्छ।

---

### ख. जीवित र निर्जीव कुराहरूबीचको भिन्नता

**कार र रूखबीचको भिन्नताहरू के-के हुन?**


| | |
|---|---|
|  |  |
| **टिप्पणी - कार...**<br><br>- मृत वस्तु हो र यो मृत सामग्रीहरूबाट बनिएको हुन्छ<br>- मानिसद्वारा रचना गरी बनाइएको हो<br>- बाहिरबा सामानहरू जोडिँदै लगिन्छ<br>- सम्पूर्ण पार्ट-पूर्जाहरू बाहिरबाट थपिन्छन्<br>- निश्चित आकार हुन्छ र हजारौँ उत्पादन गरिन्छ<br>- बनाउन थोरै समय लाग्छ<br>- धेरै रुपैयाँ-पैसा मूल्य पर्छ<br>- यसले अर्को कार जन्माउन सक्दैन<br>- बिग्रेर जान्छ र खिया लागेर काम नलाग्ने हुन्छ | **टिप्पणी - रूख...**<br><br>- जिउँदो हुन्छ र जीवित वस्तुझैँ बढ्दै जान्छ<br>- परमेश्वरद्वारा रचना गरी बनाइएको हो<br>- निरन्तर भित्रबाट वृद्धि हुन्छ<br>- निरन्तर भित्रबाट हरेक भाग वृद्धि हुन्छ<br>- हरेक रूख र हरेक पातहरू अद्वितीय हुन्छन्<br>- वृद्धिको विभिन्न तहहरू हुन्छन् र यसले लामो समय लिन्छ<br>- थुप्रै रुपैयाँ-पैसा कमाउन सक्छ<br>- थुप्रै अरू रूखहरू उत्पान गर्न सकिन्छ<br>- स्थिर रहन सक्दैन, वृद्धि हुन्छ र मर्छ |

## ग. वृद्धिको चरणहरू

### १. रूखको भौतिक (शारीरिक) वृद्धिको तहहरू

**चित्र कोर्नुहोस् -** मर्कूस ४:२८-२९ मा बताइएअनुसार वृद्धिको विभिन्न चरणहरू भएको चित्र कोर्नुहोस्।

**वृद्धिको चरणहरू भएको रेखाचित्र (तस्वीर)**




© 2009 DOTA

**सिकाउनुहोस् -** एउटा चरणबाट अर्को चरणमा वृद्धि हुने परिवर्तन क्रमिक तर अति सुक्ष्मरूपमा हुने गर्छ। बोट लामो भएर त्यसमा बाला पलाएको र बालामा दानाहरू उत्पादन भई भरिएको कुरा किसानले ठीकसँग देख्न सक्दैन। तर साधारण अवस्थाहरूमा विरूवाको वृद्धि अपरिहार्य नै हुन्छ। त्यसको वृद्धि हुने प्रक्रियालाई कुनै कुराले रोक्न सक्दैन। शारीरिकरूपमा सबै किसिमका जीवित कुराहरू वृद्धि हुन्छन अथवा मर्छन्, तर ती एउटै अवस्थामा स्थिर रहन सक्दैन। बोट-विरूवा, रूखहरू, जनावरहरू र मानिसहरू वृद्धि हुनैपर्छ अथवा होइन भने तिनीहरू मर्नेछन्, तर ढुङ्गा र कारजस्तो तिनीहरू सधैँ उस्तै देखिने गरी स्थिर रहन सक्दैनन्। सबै जीवित कुराहरू वृद्धिको विभिन्न चरणहरू पार गर्दै अघि बढ्छन्। त्यस्तैगरी, इसाईहरू पनि आत्मिकरूपमा वृद्धि हुनै पर्छ। तिनीहरू पनि वृद्धिको विभिन्न चरणहरू पार गर्दै बढ्ने गर्छन्।

## २. इसाईको आत्मिक वृद्धि हुने चरणहरू

**हिब्रूको पत्रमा हेर्दा इसाईहरू वृद्धि हुने तीन वटा चरणहरू के-के हुन्?**
**हिब्रू ५:११-६:३ पढ्नुहोस्।**

**टिप्पणी -** यहाँ लेखकले हिब्रू इसाईहरूलाई हप्काउँछन्। यद्यपि तिनीहरू लामो समयदेखि इसाईहरू भए तापनि तिनीहरू वृद्धि भएका छैनन् भनी तिनी भन्दछन्। इसाईहरूलाई तीन किसिमले व्याख्या गर्न सकिन्छ : नाबालक, परिपक्व र शिक्षक। यी प्रत्येक समूहसँग निम्तलिखित विशेषताहरू हुन्छन्।

| नाबालकहरू | परिपक्व | शिक्षकहरू |
|---|---|---|
| ११ पद - तिनीहरूलाई बाइबल बुझ्न गाह्रो हुन्छ।<br>११ पद - तिनीहरू सिक्नमा ढिला हुन्छन्।<br>१२ पद - बुझ्न र वृद्धि हुन तिनीहरूलाई शिक्षकको खाँचो पर्छ।<br>१२ पद - तिनीहरूलाई दूध चाहिन्छ (बाइबलको धेरै सजिलो शिक्षाहरू)।<br>१३ पद - तिनीहरू बाइबलको शिक्षाहरूसँग परिचित भएका हुँदैनन्।<br>१४ पद - तिनीहरूलाई असल र खराब छुट्ट्याउन कठिन हुन्छ। | १४ पद - तिनीहरूले खँदिलो खाना खान्छन् (तिनीहरू आफैले बाइबल पढेर त्यसलाई अध्ययन गर्छन्)।<br>१४ पद - तिनीहरूले निरन्तर बाइबल प्रयोग गर्छन् र त्यसको शिक्षालाई अभ्यास गर्छन्।<br>१४ पद - तिनीहरूले के असल अनि के खराब भनी छुट्ट्याउँछन्। | १२ पद - तिनीहरूले नाबालक इसाईहरूलाई सिकाएर परिपक्वतातिर वृद्धि गराउँछन्। |

**कोरिन्थीको पत्रमा इसाईहरूको वृद्धि हुने तीन वटा चरणहरू के-के हुन्?**

**१ कोरिन्थी २:१५-३:११ पढ्नुहोस्।**

**टिप्पणी -** यहाँ पावलले वास्तवमा 'आत्मिक' भनेक के हो भनी कोरन्थीका मण्डली समुदायलाई लेख्छन्। यहाँ पनि तीन किसिमका इसाईहरू बताइएको छ: नाबालकहरू, आत्मिकहरू र सेवकहरू। ती प्रत्येकसँग यी विशेषताहरू हुन्छन्।

| नाबालकहरू | आत्मिकहरू (परिपक्व) | सेवकहरू |
|---|---|---|
| १ पद - तिनीहरूले अझै सांसारिक मानिसहरूझैँ सोच्ने र व्यवहार गर्ने गर्छन्।<br>३ पद - तिनीहरूमा डाह र झगडा गर्ने स्वभावहरू हुन्छन्।<br>४ पद - तिनीहरू समूहहरूमा छुट्टिन्छन्। | १६ पद - तिनीहरूले ख्रीष्टले झैं विचार गर्छन्।<br>१ पद - तिनीहरू आत्मिक हुन्छन्। | ५ पद - तिनीहरू परमेश्वरका सेवकहरू हुन्। प्रत्येकलाई परमेश्वरको काम तोकिएको छ।<br>६ पद - केही सेवकहरूले रोप्छन् (प्रचार गर्छन्)। अरू सेवकहरूले परमेश्वरको खेतमा पानी हाल्छन् (विश्वासीहरूको वृद्धिमा वास्ता गर्छन्)।<br>१० पद - केही सेवकहरूले जग बसाल्छन् (मानिसहरूलाई ख्रीष्टमा डोऱ्याउँछन्)। अरू सेवकहरूले परमेश्वरको भवनलाई निर्माण गर्छन् (विश्वासीहरूलाई चेलापनमा परिपक्व बनाउँछन्) |

**यूहन्नाको पत्रमा उल्लिखित इसाईहरूको वृद्धिको तीन वटा चरणहरू के-के हुन्?**

**१ यूहन्ना २:१२-१४ पढ्नुहोस्।**

**टिप्पणी -** यहाँ यूहन्नाले आफ्नो विभिन्न चेलाहरूलाई लेख्छन्। यहाँ उल्लिखित इसाईहरूका तीन फरक किसिमहरू यी हुन्: बालकहरू, जवान मानिसहरू र पिताहरू। ती प्रत्येकसँग यी विशेषताहरू हुन्छन्।

| बालकहरू | जवान मानिसहरू | पिताहरू |
|---|---|---|
| १२ पद - तिनीहरूको क्षमा भएको छ।<br>१३ पद - तिनीहरूले परमेश्वर पितालाई जान्दछन्। | १४ पद - तिनीहरू बलिया हुन्छन्। परमेश्वरको वचन तिनीहरूमा वास गर्नुहुन्छ। तिनीहरू दुष्टमाथि विजयी भएका छन्। | १४ पद - तिनीहरूले लामो समयदेखि परमेश्वरलाई जानेका छन।<br>तिनीहरूसँग (आत्मिक) सन्तानहरू छन्। |

## ग. वृद्धिसम्बन्धी पाठहरू

### १. इसाई वृद्धि

हरेक इसाई वृद्धि हुनै पर्छ। प्रेरित पावल, प्रेरित यूहन्ना र हिब्रूको पुस्तको लेखक- यी सबैले इसाई वृद्धि हुनै पर्छ भनी स्पष्टसँग बताउँछन्। इसाई हुनु भनेको प्रक्रिया हो, तर पद (दर्जा) होइन। इसाई हुनु भनेको नरोकीकन निरन्तर तीर्थ यात्रा गर्नुजस्तै हो। उसले उद्धार पाएको दिनबाट सुरु भएको बिन्दुको रेखा निरन्तर अघि बढेर ख्रीष्टको दोस्रो आगमनमा पूरा हुन्छ!

### २. इसाई वृद्धि हुने चरणहरू

**इसाई वृद्धिको चरणहरू**

वृद्धि हुने तीन वटा चरणहरू बाइबलले बताउँछ।

- बालक अवस्था (नयाँ विश्वासी)
- परिपक्व अवस्था (चेला बनेको विश्वासी)
- सेवकको अवस्था (सेवाको काम गर्ने)

कहिलेकाहिँ कुनै इसाईमा यी वृद्धिका अवस्थाहरू एक-आपसमा खप्टिएका हुन्छन्।

**हरेक इसाई एउटा अवस्थाबाट अर्को अवस्थामा वृद्धि हुनु पर्छ।**

यदि तपाईं अझै येशू ख्रीष्टमा नयाँ विश्वासी हुनुहुन्छ भने ...

- तपाईंलाई बाइबलको सुरुको शिक्षाहरू (आत्मिक दूध) आवश्यक पर्छ।
- तपाईंलाई वृद्धि हुनको निम्ति सहायता गर्ने अर्को परिपक्व इसाई (परामर्शदाता वा शिक्षक) आवश्यक पर्छ।
- तपाईंको लक्ष्य भनेको आत्मिक परिपक्वतामा बढ्दैजानु हो (येशू ख्रीष्टको चेला हुनु हो)।

यदि तपाईं चेला (येशू ख्रीष्टको परिपक्व अनुयायी) हुनुहुन्छ भने ...

- तपाईंले आफ्नो आत्मिक वृद्धि र आचरणको निम्ति आफै जिम्मेवारी लिनुहोस्।
- तपाईं आफैले बाइबल अध्ययन गरी त्यसलाई तपाईंको जीवनमा लागू गर्नुहोस् (परमेश्वरसँग व्यक्तिगत समयमा) र अरू इसाईहरूसँग (सानो समूहमा) बसेर बाइबल अध्ययन गर्नुहोस्।
- तपाईंको लक्ष्य भनेको फलदायी तवरले वृद्धि हुनु र ख्रीष्टको सेवक हुनु हो।

यदि तपाईं सेवक (येशू ख्रीष्ट र उहाँको मण्डलीको) हुनुहुन्छ भने ...

- तपाईं येशू ख्रीष्टको चेलाको रूपमा निरन्तर वृद्धि हुँदैजानुहोस्।
- येशू ख्रीष्टमा आत्माहरू जितेर (सुसमाचार प्रचार गरेर) परमेश्वरको सेवा गर्नुहोस् र ती बचाइएका मानिसहरूलाई निर्माण गर्नुहोस् (चेलापनको तालिम दिएर)।
- तपाईंको लक्ष्य भनेको परमेश्वरको महिमा गर्नु, उहाँको राज्य फैलाउनु र अरू मानिसहरूको जीवनमा परमेश्वरको निम्ति फल फलाउनु हो।

---

## घ. व्यक्तिगत मूल्याङ्कन

### १. प्रार्थना गरेर मूल्याङ्कन गर्नुहोस्।

शान्त बसेर आफ्नो मूल्याङ्कन गर्नुहोस्।

माथि उल्लिखित विशेषताहरूमध्ये कुनचाहिँले तपाईंलाई बढी व्याख्या गर्छ?

यसको बारेमा परमेश्वरले तपाईंलाई के गराउन चाहनुहुन्छ?

### २. प्रार्थना गरेर प्रतिवद्धता जनाउनुहोस्।

यदि तपाईं नयाँ इसाई हुनुहुन्छ भने, येशू ख्रीष्टको चेला (परिपक्व इसाई) बन्नको निम्ति आफूलाई समर्पित गर्नुहोस्।

यदि तपाईं पहिले नै चेला बनिसक्नुभएको छ भने, येशू ख्रीष्टको सेवक बनी यी कामहरू गर्नको निम्ति आफूलाई समर्पित गर्नुहोस्:

- सुसमाचार प्रचार
- चेलाहरू बनाउनु (समूहको अगुवा हुनु)
- सिकाउनु वा प्रचार गर्नु अथवा ख्रीष्टको मण्डली (परमेश्वरको राज्य) मा भएका थुप्रै अरू सेवाहरूमध्ये कुनैमा सहभागी हुनु।

| | |
|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट)<br>**परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना** |

तपाईंले आज जे कुरा सिक्नुभयो, त्यसको प्रतिक्रिया जनाउँदै पालैपालो छोटकरीमा परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

अथवा, दुई वा तीन जनाको समूहमा विभाजन हुनुहोस् र तपाईंले आज सिक्नुभएको कुराको प्रतिक्रिया जनाउँदै परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

| | |
|---|---|
| ६ | **गृहकार्यको निम्ति तयारी** (२ मिनेट)<br>**अर्को हप्ताको लागि** |

(**समूहको अगुवा -** यो तयारीको कागज समूहका सदस्यहरूलाई दिनुहोस् अथवा तिनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** आत्मिक परिपक्वतामा वृद्धि हुँदैजान र फलदायी हुन प्रतिवद्धता गर्नुहोस्।

**२. परमेश्वरसँग व्यक्तिगत समय -** प्रत्येक दिन यूहन्ना ४:२३-७:५२ बाट आधा अध्यायबाट परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मनपर्ने सत्यता पत्ता लगाउने विधिको प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

**३. बाइबल अध्ययन -** तपाईंले घरमा अर्को बाइबल अध्ययन तयार गर्नुहोस्। प्रकाश २१:१-२२:६ (विषय: म कता गइरहेछु?) बाइबल अध्ययनको लागी पाँच वटा चरणहरू भएको विधि प्रयोग गर्नुहोस्। टिप्पणीहरू लेख्नुहोस्।

**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

**५. चेलाहरू बनाउने तपाईंको नोटबुकलाई अद्यावधिक गर्नुहोस्।** त्यसको निम्ति आराधनाको टिप्पणीहरू, परमेश्वरसँग व्यक्तिगत समय बिताउँदको टिप्पणीहरू, शिक्षा दिँदाको टिप्पणीहरू र यो तयारीलाई समावेश गर्नुहोस्।

# पाठ : १०

| १ | **प्रार्थना** |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गरेर तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **सिकेको कुरा बाड्नु** (२० मिनेट)<br>**यूहन्ना** |
|---|---|

तपाईंलाई तोकिएको बाइबल खण्ड (यूहन्ना ४:२३-७:५२) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)।

सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस। उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ३ | **बाइबल पद कण्ठ गर्नु** (२० मिनेट)<br>**परमेश्वरको अगुवाइको निश्चयता - हितोपदेश ३:५-६** |
|---|---|

## क. बाइबल पद कण्ठ गर्ने प्रेरणा

व्यवस्था ६:४-९ पढ्नुहोस्।

**पत्ता लगाउनोस् र छलफल गर्नुहोस्-** बाइबल पदहरू, खण्डहरू र अध्यायहरू कण्ठ गर्नु किन महत्वपूर्ण छ?

**टिप्पणी -** कण्ठ गरिएका बाइबल पदले तपाईंलाई बाइबलीय दृढ विश्वास र तपाईंको परिवारमा बानी-व्यहोराहरू निर्माण गर्न सक्षम तुल्याउनेछ।

---

## ख. मनन / ध्यान

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

| परमेश्वरको अगुवाइको निश्चयता<br>हितोपदेश ३:५-६ |
|---|
| आफ्नो सारा हृदयले परमेश्वरमा निश्चयता राख् र तेरो आफ्नै समझशक्तिमा भर नपर्<br>आफ्ना सारा मार्गमा उहाँलाई सम्झी,<br>र उहाँले तेरा मार्गहरू<br>सोझा तुल्याइदिनुहुनेछ।<br>हितोपदेश ३:५-६ |

यो बाइबल पदलाई तपाईंको कार्डको पछाडिपट्टि लेख्नुहोस्।

### १. तपाईंको सारा हृदयले परमेश्वरमा निश्चयता राख्नुहोस्

परमेश्वरमा 'निश्चयता' राख्नु भनेको परमेश्वरलाई तपाईंको जीवनको मजबूत र स्थिर जग बनाउनु हो अथवा तपाईंको सम्पूर्ण जीवन उहाँको देखरेखमा सुम्पनु हो। त्यसैगरी यो तपाईंलाई बचाउनको निम्ति, तपाईंलाई निर्माण अनि सुधार गर्नको निम्ति र तपाईंलाई अगुवाइ गर्नको निम्ति परमेश्वरमा निश्चयता गर्नु हो। त्यसैगरी यो उहाँको वचनप्रति प्रतिक्रिया जनाउनु पनि हो!

अपूरो जगमाथि भवन निर्माण गर्न सम्भव हुँदैन। त्यसैगरी परमेश्वरमा गरिएको अपूरो विश्वासमाथि बलियो इसाई जीवन निर्माण गर्न सम्भव हुँदैन। अपूरो हृदयले परमेश्वरमा निश्चयता गर्न सम्भव हुँदैन। मानवीय समझमा भर पर्ने कुरालाई हामीले निरन्तर इन्कार गर्नैं पर्छ अनि परमेश्वरका समझमा भर पर्न हामीले आफूलाई समर्पित गर्नैं पर्छ। पृथ्वीका कुराहरूलाई परमेश्वरको स्वर्गीय दृष्टिकोणबाट हेर्ने अभ्यास गर्नुहोस् (भजनसङ्ग्रह ७३:१६-१७ सँग तुलना गर्नुहोस्)।

### २. तपाईंको जीवनको सबै मार्गहरूमा परमेश्वरलाई स्वीकार गर्नुहोस्

कसरी हामी जीवनको सबै मार्गहरूमा परमेश्वरलाई व्यवहारिकरूपमा स्वीकार गर्न सक्छौं?
- इसाई बन्न अथवा कुनै काम इसाई तरिकाले गर्न लाज नमानेर (मत्ती १०:३२-३३)
- कुनै काम गर्नुभन्दा पहिले त्यसको महत्वपूर्ण विषयमाथि ध्यान दिँदै बाइबल अध्ययन गरेर (प्रेरित १७:११)
- कुनै कुरा र काम गर्नुभन्दा पहिले प्रार्थना गरेर (नहेम्याह १:११)
- परमेश्वरलाई प्रसन्न पार्ने कुरा खोजी गरेर र हामीले गर्ने हरेक कुरामा परमेश्वरको महिमा गरेर (१ कोरिन्थी १०:३१)

### ३. परमेश्वरले हाम्रो मार्गहरू सोझो बनाइदिनुहुन्छ

कहिलेकाहिँ परमेश्वरले हाम्रो योजनाहरू सफल बनाइदिनु हुन्छ (हितोपदेश १६:३)
कहिलेकाहिँ परमेश्वरले हाम्रो सत्रुहरूलाई हामीसँग मिलापमा बस्न दिनु हुन्छ (हितोपदेश १६:७)
कहिलेकाहिँ परमेश्वरले बन्द ढोकाहरू र बन्द हृदयहरू खोलिदिनु हुन्छ (कलस्सी ४:२-४)

---

## ग. बाइबल पद कण्ठ र पुनरावलोकन

१. बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।

२. उक्त बाइबल पदलाई ठीक तरिकाले कण्ठ गर्नुहोस्। परमेश्वरको अगुवाइको निश्चयता- हितोपदेश ३:५-६

३. पुनरवलोकन गर्नुहोस्। दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरिएको बाइबल पदलाई एक-अर्काले जाँच्नुहोस्।

| | |
|---|---|
| ४ | **बाइबल अध्ययन** (७० मिनेट)<br>**म कहाँ गइरहेको छु? प्रकाश २१:१-२२:६** |

**सिकाउनुहोस् -** प्रकाशको पुस्तक अन्तिम समयको वर्णन हो र यसमा येशू ख्रीष्टको सन्देशलाई दर्शनहरूद्वारा प्रकट गरिएको छ, जसमा विभिन्न चिन्हहरू र सङ्ख्याहरूलाई समेटिएको छ। प्रकाशक पुस्तक व्याख्या गर्न स्वयम् येशू ख्रीष्टले हामीलाई चाबीहरू (कुञ्जीहरू) दिनु हुन्छ। यसलाई कसरी व्याख्या गरिनु पर्छ भन्ने नियमहरू उहाँले नै निर्धारण गर्नु हुन्छ।

# प्रकाशको पुस्तकलाई व्याख्या गर्ने आठ वटा चाबीहरू

## पहिलो चाबी - अगमवाणीको पुस्तक : येशू ख्रीष्टको घोषणाहरू

प्रकाश २२:६; १९:१० पढ्नुहोस्।

बाइबलमा भएको सबै प्रकाशहरूको मध्यस्थकर्ता प्रभु येशू ख्रीष्ट हुनु हुन्छ र त्यसैगरी प्रकाशको पुस्तकको मध्यस्थकर्ता पनि उहाँ नै हुनु हुन्छ (प्रकाश १:१)। 'पुरानो करारको अगमवक्ताहरूको आत्माका परमेश्वर' प्रभु येशू ख्रीष्ट नै हुनुहुन्छ (प्रकाश २२:६)। यहाँ जोर दिनुपर्ने कुरा के हो भने पुरानो करारको अगमवक्ताहरूद्वारा बोल्नुहुने परमेश्वर येशू ख्रीष्ट हुनु हुन्छ र तिनीहरूले पुकार गरेका परमेश्वर पनि उहाँ नै हुनु हुन्छ।

'येशूको गवाही अगमवाणीको आत्मा हो' (प्रकाश १९:१०)। पुरानो करारमा अगमवक्ताहरूमा उहाँको आत्माद्वारा येशूले बोल्नुभएका कुराहरू (१ पत्रुस १:९-१२) र नयाँ करारमा प्रेरितहरूमा उहाँका आत्माले बोल्नुभएका कुराहरू (यूहन्ना १६:१३-१५) नै 'येशूको गवाही' हो। पुरानो करार र नयाँ करारको रचनाकार अरू कोही नभएर येशू ख्रीष्टको आत्मा हुनु हुन्छ (१ पत्रुस १:९-१२; २ तिमोथी ३:१६)। प्रकाश १९:१० मा जोर दिनु पर्ने कुरा भनेको येशू ख्रीष्टले परमेश्वरको बारेमा भन्नुभएका कुराहरू, मसिह भएर आउनुहुने उहाँको बारेको कुराहरू, परमेश्वरका पुरानो करारको जन इस्राएलको बारेको कुराहरू, इस्राएलको निरन्तरता र त्यसको फैलावट, जसले संसारको सबै राष्टहरूका विश्वासीहरूलाई समेट्छ, त्यसबारेको कुराहरू (उत्पत्ति २२:१८; मत्ती २८:१९), राज्यबारेको कुराहरू र मण्डलीका कुराहरू- यी सबै साँचो आत्मा अथवा सबै बाइबलीय अगमवाणीको आन्तरिक विषयवस्तुहरू हुन् (प्रकाश १९:१०)।

'अगमवाणी गर्नु'को शाब्दिक अर्थ अगाडि नै भन्नु, घोषणा गर्नु र प्रचार गर्नु हो। परमेश्वरको मुखबाट आएका कुराहरू नभई आफ्नै दिमागको दर्शनहरू बोल्ने अगमवक्ताहरूलाई पुरानो करारले चेताउनी दिन्छ (यर्मिया २३:१६-३२)! नयाँ करारले पनि धेरै झूटा अगमवक्ताहरूलाई चेताउनी दिन्छ (मत्ती २४:२४)। येशू ख्रीष्टको घोषणा गर्नु र नयाँ करारमा भएका विषय-वस्तुहरूको घोषणा गर्नु नै वास्तविक अगमवाणी हो। इसाईले घोषणा गर्नुपर्ने कुरा त्यही हो! इसाईहरू बाइबलमा लेखिएका कुराहरूभन्दा बाहिर जानु हुँदैन (१कोरिन्थी ४:६; प्रकाश २२:१८-१९ सँग तुलना गर्नुहोस्)!

यसलाई अर्को तरिकाले भन्ने हो भने, अगमवाणी गर्ने आत्मिक वरदान भनेको बाइबलमा येशूले आफ्नो बारेमा प्रकट गर्नुभएका कुराहरू, उहाँका वचनहरू र उहाँका कामहरूको घोषणा गर्नु हो। त्यसकारण, बाइबलीय अगमवाणी भनेको भविष्यको मानिसहरू र राष्टहरू (इस्राएल र अन्यजातिहरू)को बारेमा मनमानी ढङ्गमा विभिन्न किसिमका घोषणा गर्नु होइन, तर येशू ख्रीष्टलाई र उहाँको सन्देशलाई घोषणा गर्नु हो! पुरानो करारको अगमवक्ताहरूको साँचो विषयवस्तुलाई (सारलाई) नयाँ करारमा येशूको गवाहीमा प्रकट गरिएको छ! येशू को हुनु हुन्छ, उहाँले के भन्नुभयो, अनि उहाँले के गर्नुभयो- यी सबै कुराहरू पुरानो करारको अगमवाणीको परिपूर्णता हुन् (मत्ती ५:१७)। पुरनो करारका अगमवक्ताहरूले छायाको रूपमा भविष्यको तयारीको घोषणाहरूद्वारा भन्न खोजेका कुराहरू नै नयाँ करारमा लेखिएका येशूले प्रकट गर्नुभएको, सिकाउनुभएको र आज्ञा गर्नुभएको कुराहरू हुन् (मत्ती ५:१७; प्रेरित ३:१८; कलस्सी २:१७; हिब्रू ८:६; १०:१; १ पत्रुस १:१०१२)।

त्यसैकारण, प्रकाशको पुस्तकलाई केवल बाइबलको प्रकाशद्वारा मात्र व्याख्या गरिनु पर्छ (र अर्थ खोलिनु पर्छ)। त्यसैगरी पुरानो करारलाई चाहिँ नयाँ करारको प्रकाशद्वारा मात्र व्याख्या गरिनु पर्छ!

## दोस्रो चाबी - यो पुस्तकको सन्देश हरेक पाठकलाई आशिष् दिनु हो

प्रकाश १:३ पढ्नुहोस्।

प्रकाशको पुस्तको अभिप्राय मानिसहरूलाई त्रसित पार्नु र डरमा राख्नु होइन। येशूले यसरी प्रतिज्ञा गर्नु हुन्छ: "त्यो धन्य हो, जसले अगमवाणीका यी वचनहरू उच्च स्वरले पाठ गर्दछ, र धन्य हुन् तिनीहरू, जसले सुन्दछन् र त्यहाँ लेखिएका कुरा पालन गर्दछन्" (प्रकाश १:३:२२:७)। ख्रीष्ट विजयी हुनु हुन्छ र इसाईहरूचाहिँ ख्रीष्टसँग रहेर विजयी भन्दा पनि विजयी हुन् भन्ने तथ्य नै यो पुस्तकको सन्देश हो (प्रकाश १७:१४; रोमी ८:३७-३९)। यो सन्देशको उद्देश्य भनेको इसाईहरूलाई आफ्नो पुस्तामा विश्वासको असल लडाइँ लड्नको निम्ति उत्तेजित र प्रोत्साहित बनाउनु हो। यसले ख्रीष्ट र ख्रीष्टसँग हुने विश्वासीहरूको अन्तिम विजयलाई प्रकट गर्दछ। त्यसैगरी यसले परमेश्वरको राज्यको अन्तिम अवस्थाको स्थापनालाई पनि

प्रकट गर्दछ, जसलाई 'नयाँ पृथ्वी' भनिन्छ। त्यसकारण, यो पुस्तकको सन्देशको अभिप्राय भनेको हरेक पाठकलाई आशिष् दिनु हो!

## तेस्रो चाबी - यो पुस्तकको सन्देश ख्रीष्टको पहिलो आगमनदेखि दोस्रो आगमनसम्मका पाठकहरूप्रति लक्षित र अभिप्रेरित छ

प्रकाश १:१,३; २२:६,१० पढ्नुहोस्।

प्रेरित यूहन्नासँग बोल्दैगर्नुभएको समयमा येशूले भन्नुभयो, "येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले चाँड़ै हुन आउने कुराहरू आफ्ना सेवकहरूलाई देखाउन उहाँलाई दिनुभयो ... यस पुस्तकको अगमवाणीका वचनमा मोहोर नलगाऊ, किनकि समय नजिकै छ" (प्रकाश १:१,३; २२:६,१०)। यसको अर्थ के हो भने, प्रकाशको पुस्तकमा प्रकट गरिएका दर्शनहरू ख्रीष्टको पहिलो आगमनबाट तुरुन्तै महसुस गर्न थालियो। प्रकाशको पुस्तकको सन्देशले ख्रीष्टको पहिलो आगमनदेखि उहाँको दोस्रो आगमनसम्मको सम्पूर्ण वर्तमान नयाँ करारको अवधिलाई (युगलाई) प्रभाव पार्दछ। तसर्थ, प्रकाशको पुस्तकको सन्देश सबै पुस्ताका इसाईहरूको निम्ति लक्षित र अभिप्रेरित छ!

## चौथो चाबी - यो पुस्तकमा भएका चिन्हहरूले त्यसको शाब्दिक अर्थहरूभन्दा निकै उच्च र महान् यथार्थहरूलाई प्रतिनिधित्व गर्छ

प्रकाश १:१,२०; ५:५ पढ्नुहोस्।

येशूको सन्देश बुझ्न दिनुहुने अथवा त्यसलाई प्रकट गरिदिनु हुने स्वयम् येशू हुनु हुन्छ भनी उहाँले भन्नुभयो (प्रकाश १:१)। 'जान्न दिनुभयो' भन्ने शब्दलाई सुरुको ग्रीक भाषामा हेर्ने हो भने त्यसको अर्थ चिन्हरू अथवा सङ्केतहरू अथवा प्रतीकहरू अथवा अलङ्कारिक वा लाक्षणिक भाषा अथवा चित्र वा तस्वीरद्वारा बुझ्नु भन्ने हुन्छ! त्यसैकारणले गर्दा प्रकाशको पुस्तकमा हामी थुप्रै चिन्हहरू र सङ्ख्याहरू पाउँछौं। र हामीले ती प्रत्येक चिन्हले के बुझाउँछ भनी बुझ्नु पर्छ; जस्तै: प्रकाश १:१२-१३,१६ मा सात वटा सामदानहरूको माझमा खडा हुने मानिस र उहाँले दाहिने हातमा सात वटा ताराहरू पक्रिरहनुभएको थियो भन्ने चिन्ह उल्लिखित छ। प्रकाश १:२० मा स्वयम् येशूले ती चिन्हहरूको अर्थ बताउनु हुन्छ। सामदानहरूले शाब्दिकरूपमा बत्ती बाल्ने सामदानहरूलाई बुझाउँदैन, तर त्यसले सात वटा मण्डलीहरूलाई प्रतिनिधित्व गर्छ। त्यसैगरी सात वटा ताराहरूले पनि शाब्दिकरूपमा ताराहरूलाई होइन तर स्वर्गदूतहरूलाई बुझाउँछ अथवा तिनीहरूले सात वटा मण्डलीहरूलाई प्रतिनिधित्व गर्छ। प्रकाश ५:६ मा उल्लेखित "सिंहासनको बीचमा खडा हुनु हुने मारिएकाजस्ता देखिने थुमा' भनेको क्रूसमा मरेर पुनरुत्थान हुनुहुने येशू ख्रीष्टको चित्रण हो।

## पाँचौ चाबी - यस पुस्तकमा भएका सङ्ख्याहरूको पनि साङ्केतिक अर्थ छ र यसले ती सङ्ख्याहरूका महत्वभन्दा निकै उच्च र महान् यथार्थहरूलाई बुझाउँछ

प्रकाश ५:६; २:७ पढ्नुहोस्।

सङ्ख्या 'सात' पवित्र सङ्ख्या हो। यसले 'ईश्वरीय सिद्धता'लाई बुझाउँछ। परमेश्वरले सृष्टिको सबै काम सृष्टिको सातौँ दिनमा पूरा गर्नुभयो भनी उत्पत्ति २:१ ले बाताउँछ। यो सङ्ख्याले सृष्टिको ईश्वरीय सिद्धतालाई सङ्केत गर्छ। प्रकाश ५:६ मा "उहाँका सात वटा सीङ र सात वटा आँखा थिए, जुनहरू सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन्" भनी लेखिएको छ, र यसले यो संसारमा पवित्र आत्माद्वारा ख्रीष्ट सर्वशक्तिमान् र सर्वज्ञानी हुनु हुन्छ भन्ने कुरालाई सङ्केत गर्छ। त्यसैगरी प्रकाश २:७ मा उल्लिखित सात वटा सामदानहरूले एसिया माइनरमा भएका सात ऐतिहासिक मण्डलीहरूलाई बुझाउँछ, र त्यसले अहिले मुक्तिको इतिहासमा संसारका सबै मण्डलीहरूको प्रतिनिधित्व गर्छ। र प्रकाश २ र ३ अध्यायहरूमा ती सात वटा मण्डलीहरूलाई लेखिएका पत्रहरूले मानव इतिहासमा विभिन्न खालका परिस्थितिहरूमा रहेका संसारको सबै मण्डलीहरूलाई ख्रीष्टले लेख्नुहुने व्यक्तिगत पत्रलाई चित्रण गर्छ।

## छैठौँ चाबी - सम्पूर्ण पुस्तकलाई सात वटा समानान्तर खण्डहरूमा विभाजन गरिएको छ र प्रत्येक खण्डले नयाँ करारको पूरा अवधिलाई बुझाउँछ

प्रकाश १२:५; १४:१४-१६ पढ्नुहोस्।

जसरी सुसमाचारका चार पुस्तकहरूले समानान्तरूपमा येशू ख्रीष्टको जीवनी, काम, मृत्यु र पुनरुत्थानलाई घोषणा गर्छ, त्यसरी नै प्रकाशको पुस्तकको प्रत्येक खण्डले ख्रीष्टको पहिलो आगमनदेखि लिएर दोस्रो आगमनसम्मका नयाँ कराको सम्पूर्ण अवधिलाई बुझाउँछ; जस्तै: पहिलो खण्ड (१ देखि ३ अध्याहहरू) येशू ख्रीष्टको पहिलो आगमनमा उहाँको मृत्यु, पुनरुत्थान र शासनबाट सुरु हुन्छ (प्रकाश १:५) र त्यो उहाँको दोस्रो आगमनमा पुगेपछि, को-को विजयी हुनेछ भन्ने प्रतिज्ञाको बुझाइमा अन्त हुन्छ (प्रकाश २:७:३:१२)। यो खण्डले नयाँ करारको सम्पूर्ण अवधिमा स्थापना हुने संग्रामशील (लडाकु) मण्डलीको बारेमा वर्णन गर्छ। दोस्रो खण्ड (४ देखि ७ अध्यायहरू) मुक्तिको इतिहासमा महान् घटनाहरू घटाउने र अधिकार प्रकट गर्ने ख्रीष्टको पहिलो आगमनबाट सुरु हुन्छ (प्रकाश ५:१-१०) र अन्तिम न्यायको निम्ति आउनुहुने ख्रीष्टको दोस्रो आगमनमा पुगेर अन्त हुन्छ (प्रकाश ६:१२-१७)। सम्पूर्ण नयाँ करार अवधिमा संसारमा मण्डलीले भोग्ने सतावटलाई यस खण्डले वर्णन गर्दछ। चौथो खण्ड (१२ देखि १४ अध्यायहरू) उहाँको जन्म र स्वर्गारोहणको ख्रीष्टको पहिलो आगमनबाट सुरु भई (प्रकाश १२:५) उहाँ अन्तिम न्यायको दिनमा धार्मिक र अधार्मिकहरूको कटनी गर्न आउनुहुने ख्रीष्टको दोस्रो आगमनमा अन्त हुन्छ (प्रकाश १४:१४-२०)। यस खण्डले अजिङ्गर र त्यसको सहयोगीहरूमाथि ख्रीष्ट र उहाँको मण्डलीले गर्ने विजयलाई वर्णन गर्छ। विशेषगरी तेस्रो खण्ड (प्रकाश ११:७), चौथो खण्ड (प्रकाश १३:७), पाँचौँ खण्ड (प्रकाश १६:१२-१६), छैठौँ खण्ड (प्रकाश १९:१७-१९) र सातौँ खण्ड (प्रकाश २०:७-९) मा व्याख्या गरिएको एक मात्र 'अन्तिम युद्ध'लाई पनि ध्यान दिनुहोस्।

### सातौँ चाबी - यो पुस्तकका सात वटा खण्डहरूलाई मौसमअनुसार बढ्दो क्रममा मिलाएर राखिएका छन्

प्रकाश २:२७; ६:१२-१७; १६:१७-२१; २०:११-१५ पढ्नुहोस्।

यद्यपि प्रकाशको पुस्तकको सात वटा खण्डहरूले समानन्तररूपमा ख्रीष्टको पहिलो आगमन र दोस्रो आगमनबीचको समय अवधिलाई बुझाउने भए तापनि यिनीहरूले क्रमैसँग बढ्दोरूपमा अघि बढी ख्रीष्टको दोस्रो आगमनको ठीक अघि हुने घटनाहरूलाई जोर दिँदैजान्छन्। यी खण्डहरूले अन्तिम न्यायको दिनलाई क्रमैसँग जोर दिँदछ; जस्तै: खण्ड एकले अन्तिम न्यायको दिनको सूचना दिन्छ (२:२७), दोस्रो खण्ड (६:१२-१७) र तेस्रो खण्ड (११:१८) ले उक्त अन्तिम न्यायको दिनको परिचय दिन्छ, चौथो खण्ड (१४:१४-२०), पाँचौँ खण्ड (१६:१७-२१) र छैठौँ खण्ड (१८:१-२४) ले चिन्हहरूद्वारा अन्तिम न्यायलाई व्याख्या गर्छन् र सातौँ खण्ड (२०:११-१५) मा भएका चिन्हहरूले उक्त अन्तिम न्यायको दिनलाई व्याख्या गर्छ। त्यसैगरी त्यसले मण्डलीको अवस्थालाई पनि क्रमिकरूपमा जोर दिँदछ (३:१२-१३; ७:९-१७; ११:१५; १४:१-५; १५:२-४; १९:१-१०; २१:१-२२:५)। र त्यसैगरी ती प्रत्येक खण्डमा उक्त पुस्तकको सन्देशको क्रमिक व्याख्या पनि उल्लिखित छ।

### आठौँ चाबी - प्रकाश २१:१-२२:५ मा ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले वर्तमान समयमा यो पृथ्वीमा मण्डलीको वास्तविक यथार्थ (आदर्श) लाई प्रकट गर्दछ, जुन ख्रीष्टको दोस्रो आगमनपछि नयाँ पृथ्वीमा हुने मण्डलीको वास्तविक सिद्धताको ज्योतिमा आउनेवाला छ

प्रकाश २१:२ पढ्नुहोस्।

'स्वर्गीय यरूशलेम' ख्रीष्टको दोस्रो आगमनभन्दा पहिलेको वर्तमान समयमा स्वर्ग र पृथ्वीमा भएका परमेश्वरका सबै जनहरूलाई बुझाउने चिन्ह हो (गलाती ४:२४-२६; हिब्रू १२:२२-२४)। प्रकाश २१:१ देखि २२:५ सम्म प्रयोग गरिएका वर्तमान अपूर्ण कालको क्रियापदहरूले ती सबै घटनाहरू वर्तमान समयमा भइरहेका छन् भनी बुझाउँछ; जस्तै: नयाँ यरूशलेम तल आइरहेको छ; ख्रीष्टले हरेक कुरा नयाँ र साँचो बनाउँदैहुनुहुन्छ; र इसाईहरूले विजय पाउँदैछन् (प्रकाश २१:२,५,७)। त्यसकारण, 'नयाँ यरूशलेम' भनेको ख्रीष्टको दोस्रो आगमनभन्दा पछि हुने नयाँ पृथ्वीको परमेश्वरका जनहरूको सिद्ध अनि वास्तविक चिन्हको प्रतीक होइन (प्रकाश २१:९-१०), तर यो त ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले अहिलेको वर्तमान पृथ्वीमा बस्ने परमेश्वरका जनहरूको वास्तविक आदर्शको चिन्ह पनि हो।

## बाइबल अध्ययन

प्रकाश २१:१-२२:६ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

**चरण: १ - पढ्नुहोस्।** **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर प्रकाश २१:१-२२:६ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

---

**चरण: २ - पत्ता लगाउनुहोस्।** **अवलोकनहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?

**लेख्नुहोस् -** यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।

**बाँड्नुहोस् -** (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

**प्रकाश २१:३-४**

### खोज १ - परमेश्वरसँग हुने भविष्यको सम्बन्ध

नयाँ स्वर्ग र नयाँ पृथ्वी हुनुभन्दा पहिले परमेश्वर स्वर्गमा वास गरिरहनुभएको छ र हामी मानिसहरूचाहिँ पृथ्वीमा बसिरहेका छौँ। यद्यपि ख्रीष्टमा गरेको विश्वासद्वारा हामी परमेश्वरकहाँ पुग्न सके तापनि उहाँ अझै अदृश्य नै हुनु हुन्छ! ख्रीष्टको दोस्रो आगमनपछि नयाँ स्वर्ग नयाँ पृथ्वी हुनेछ र त्यतिबेला परमेश्वर आफ्नै जनहरूको माझमा वास गरिरहनु भएको हुनेछ! त्यतिबेला परमेश्वर देख्न सकिने र मानिस उहाँकहाँ पुग्न सक्नेछन्। उक्त नयाँ पृथ्वीमा हुने सबैभन्दा महत्वपूर्ण घटना भनेको परमेश्वरसँगको मानिसको सम्बन्ध हो! त्यतिबेला परमेश्वरसँगको सम्बन्ध अति नै व्यक्तिगत र घनिष्ठ हुनेछ। उहाँले त्यतिबेला वर्तमान पृथ्वीको पाप र दु:ख-कष्टको हरेक दाग र सम्झनालाई मेटाउनुहुनेछ। उहाँले मेरो आँखाको हरेक आँशु पुछिदिनुहुनेछ। उहाँले मेरो पाप र पीडाको दागहरूलाई निको पार्नुहुनेछ। उहाँले मलाई निरन्तर जीवनको पूर्णताको अनुभव गर्न दिनुहुनेछ। उहाँले मलाई ज्ञान, आनन्द र पवित्रताको ज्योतिमा हिँड्न दिनुहुनेछ। र मैले उहाँको मुहारलाई हेर्नेछु।

---

**प्रकाश २२:३-५**

### खोज २ - परमेश्वरको लागि भविष्यको काम

परमेश्वरका जनहरूले आफूलाई नयाँ पृथ्वीमा अति अर्थपूर्ण क्रियाकलापहरूमा व्यस्त बनाइरहनेछन्। तिनीहरू नयाँ पृथ्वीको हकदार हुनेछन्, उक्त नयाँ पृथ्वीमा शासन गर्नेछन् र त्यहाँ परमेश्वरको सेवा गर्नेछन्। 'अनन्त जीवन' भनेको अनन्तसम्म केही नगरेर बस्ने होइन, तर अनन्तसम्म अति नै महत्वपूर्ण कुराहरू गरिरहने जीवन हो! ख्रीष्टमा विश्वास गर्ने अरू सबै दाजुभाइ-दिदीबहिनीहरूको साथमा म त्यतिबेला अन्तिम ढाँचामा भएको परमेश्वरको राज्यको हकदार हुनेछु, जसलाई नयाँ स्वर्ग र नयाँ पृथ्वी भनिन्छ। हामीले उक्त नयाँ पृथ्वीमा हुने परमेश्वरको राज्यमा उहाँसँगै शासन गर्नेछौँ। हामी परमेश्वरको मुनि रहेर

सेवा गर्नेछौँ। त्यतिबेला सबै समस्या र कठिन कार्यहरू हटाइएको हुनेछ। त्यतिबेला हामी आएका हरेक राष्ट्रबाट सुन्दरता, महिमा र आदर उक्त राज्यमा ल्याउनेछौँ।

---

**चरण: ३ - प्रश्न** **व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
प्रकाश २१:१-२२:६ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
**लेख्नुहोस् -** आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

**प्रकाश २१:१**

## प्रश्न १ - ख्रीष्टको दोस्रो आगमनपछि, इसाईहरू स्वर्गमा बस्नेछन्, कि पृथ्वीमा बस्नेछन्?

**टिप्पणी -**

### ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले

शारीरिकरूपमा मरेका सबै विश्वासीहरूका आत्माहरू स्वर्गमा जान्छ, र त्यो ठाउँ परमेश्वरको वासस्थान हो (२ शमूएल १२:२३; उपदेशक १२:७; लूका १६:२२; २ कोरिन्थी ५:१; फिलिप्पी १:२३; प्रकाश २०:४)। 'स्वर्ग'लाई (Heaven) साङ्केतिकरूपमा बुझाउन 'स्वर्गलोक' (Paradise) भनिन्छ (लूका २३:४३; २ कोरिन्थी १२:३-४; प्रकाश २:७)।

### ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि

इसाईहरूको अन्तिम गन्तव्य 'स्वर्गलोक' होइन। 'स्वर्गलोक भनेको स्वर्गको आनन्दित ठाउँ हो' भन्ने इसाईहरूमाझ लोकप्रिय विश्वास साँचो होइन। वास्तवमा इसाईहरूको अन्तिम गन्तव्य नयाँ पृथ्वी हो, जुन स्वर्गलोकभन्दा अति नै ठूलो कुरा हो!

पुरानो स्वर्गलोक पृथ्वीको मध्यपूर्वको कुनै ठाउँमा फलफूलका रूखहरू भएको सानो बगैँचा थियो, तर नयाँ पृथ्वीचाहिँ पूर्णरूपमा नवीकरण गरिएको पृथ्वी हुनेछ (रोमी ४:१३; ८:१९-२१)! पुरानो स्वर्गलोकमा शैतान प्रवेश गर्न सक्थ्यो, मानिसले पाप गर्न सक्थ्यो र तिनीहरू आत्मिकरूपमा, शारीरिकरूपमा र अनन्तरूपमा मर्ने गर्थ्यो! तर नयाँ पृथ्वीचाहिँ धार्मिकताको यस्तो घर हुनेछ, जहाँ अशुद्ध कुरा कहिल्यै प्रवेश गर्न पाउने छैन (२ पत्रुस ३:१३; प्रकाश २१:२७)! उक्त नयाँ पृथ्वीमा शैतान, पाप अथवा मृत्युजस्ता कुनै कुराको अस्तित्व हुनेछैन (प्रकाश २१:४)!

अन्तिम न्यायको दिनमा ख्रीष्टको स्वर्गदूतहरूले उहाँको राज्यबाट पाप गर्न लगाउने हरेक थोक र दुष्ट काम गर्नेहरूलाई हटाउनेछन् (मत्ती १३:४१)। पृथ्वीमा पापपूर्ण रहेको हरेक कुरा अनि हरेक व्यक्तिलाई त्यतिबेला प्रकट गरेर आगोद्वारा नष्ट पारिनेछ। पुरानो ब्रह्माण्ड र पुरानो पृथ्वी बितेर जानेछन् र नयाँ ब्रह्माण्ड र नयाँ पृथ्वी हुनेछन् (२ पत्रुस ३:१०-१३)।

---

**प्रकाश २१:१**

## प्रश्न २ - किन त्यहाँ कुनै समुद्र हुनेछैन?

**टिप्पणी -**

### ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले

'समुद्र' अशान्त अनि एक-आपसमा मेलमिलापमा नबसी युद्ध गरिरहने राष्ट्रहरूको चिन्ह हो (यशैया ८:७: १७:१२)। यो दुष्टको लथालिङ्ग अनि अव्यवस्थित शक्ति हो, जसले जीवनलाई धम्की दिँदछ। यसले 'समुद्रबाट निस्किआएको' पशु (ख्रीष्ट विरोधी, प्रकाश १३:१; दानिएल ७:२-७ सँग तुलान गर्नुहोस्), र 'धेरै पानीहरूमाथि' बस्ने महान् वेश्यालाई (बेबिलोन, प्रकाश १७:१५) आराधना गर्ने राष्ट्रहरूलाई बुझाउँछ।

### ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि

त्यहाँ कुनै 'समुद्र' हुनेछैन्। यसले नयाँ पृथ्वीमा पानीको महासागरहरू हुनेछैनन् भनी बताउँदैन, तर त्यहाँ कुनै भक्तिहीन कुराहरू, इसाई विरोधी राष्ट्रहरू अथवा कुनै दुष्ट र लथालिङ्ग किसिमका शक्तिहरू हुनेछैनन् भनी बताउँछ! त्यतिबेला कुनै युद्ध हुनेछेन! केवल शान्ति मात्र हुनेछ!

---

**प्रकाश २१:२,९-११**

## प्रश्न ३ - स्वर्गबाट निस्किआउने पवित्र सहर, नयाँ यरूशलेमले केको प्रतिनिधित्व गर्छ (केलाई बुझाउँछ)?

**टिप्पणी -**

### क. बेबोलोन र यरूशलेम

बेबिलोन सहर भनेको अविश्वासी र अपवित्र मानिसहरू र पृथ्वीको पुरानो व्यवस्थाको चित्रण हो (प्रकाश १७:१-२,५,१८) अनि यरूशलेम सहरचाहिँ विश्वासी र पवित्र परमेश्वरका जनहरू साथै पृथ्वीको नयाँ व्यवस्थाको चित्रण हो (हिब्रू ११:९-१०,१३-१६)।

### ख. स्वर्गीय यरूशलेम र नयाँ यरूशलेम

स्वर्गीय यरूशलेम र नयाँ यरूशलेम- यी दुबै शाब्दिक अर्थअनुसारको सहरहरू होइनन, तर सबै विश्वासीहरूको समुदायको (मण्डलीको) चित्रण हो। आकाशमा अन्तिम न्याय भइसकेपछि, स्वर्गीय यरूशलेम (ख्रीष्ट र सबै विश्वासीहरू भएको मण्डली) नयाँ यरूशलेमको रूपमा नयाँ पृथ्वीमा ओर्लिआउनेछ (प्रकाश २०:११-२१:२)। र उक्त नयाँ पृथ्वीमा परमेश्वर ख्रीष्टमा हुनुभएर विश्वासीहरूसँग वास गर्नुहुनेछ (प्रकाश २१:३)।

### ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले

सबै विश्वासीहरूलाई विशेषरूपमा 'स्वर्गीय यरूशलेम' भनिन्छ (गलाती ४:२१-३१; हिब्रू १२:२२-२४; १३:१४)। तिनीहरूलाई साङ्केतिकरूपमा पहिले नै पुरानो करारको समयमा 'परमेश्वरको दुलही' (यशैया ६२:५) र 'परमेश्वरको पत्नी' (यशैया ५४:१,५-६,११) भनिएको थियो। नयाँ करारमा तिनीहरूलाई साङ्केतिकरूपमा 'दुलही र थुमाको पत्नी' भनिएको छ (प्रकाश २१:९-१०; २ कोरिन्थी ११:२-३; एफिसी ५:२५-३२)।

### ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि

सबै विश्वासीहरूलाई विशेषरूपमा 'नयाँ यरूशलेम' भनिन्छ (प्रकाश २१:१-२,९-११)। नयाँ यरूशलेम भनेको ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि हुने नयाँ पृथ्वीमा परमेश्वरको राज्यको अन्तिम अवस्था हो। नयाँ यरूशलेमलाई महिमित शब्दमा व्याख्या गरिएको छ, किनभने सारा ब्रह्माण्डमा जीवित परमेश्वरसँग सङ्गति गर्ने मानिसहरूभन्दा बढी महिमति अरू कुनै कुरा छैन।

**ग. नयाँ यरूशलेम आदर्श र सिद्ध नमुना हो**

**ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले**

नयाँ यरूशलेम भनेको परमेश्वरको जनहरू यस वर्तमान पृथ्वीमा कस्तो हुनुपर्छ भन्ने आदर्श नमुना हो! त्यसैकारणले गर्दा त्यहाँ केही क्रियापदहरू वर्तमान अपूर्ण कालमा राखिएका छन्; जस्तैः नयाँ यरूशलेम सबै समय स्वर्गबाट यस पृथ्वीमा ओर्लिरहेको छ (मत्ती ६:१० मा भएको 'तपाईंको राज्य आओस्' सँग तुलाना गर्नुहोस्); ख्रीष्टले सबै समय मानिसहरू र वस्तुहरूलाई नयाँ बनाउँदै हुनुहुन्छ (२ कोरिन्थी ५:१७ सँग तुलना गर्नुहोस्); तिर्खाएका मानिसहरूलाई ख्रीष्टले जीवनको पानी दिँदैहुनुहुन्छ (यूहन्ना ७:३७-३९ सँग तुलना गर्नुहोस्): जीवनको रूखका पातहरूले राष्ट्रहरूलाई निको पारिरहनुहुन्छ (मत्ती ८:१६-१७; प्रकाश २१:२,५,६: २२:२)।

**ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि**

नयाँ यरूशलेम भनेको नयाँ पृथ्वीमा परमेश्वरका जनहरूको सिद्ध अनि वास्तविक स्वरूप हो! त्यसै कारणले गर्दा अरू क्रियापदहरू भूत कालमा लेखिएका छन्; जस्तैः पहिले स्वर्ग र पहिलो पृथ्वी बितेर गइसकेका थिए; अब त्यहाँ कुनै मृत्यु अथवा शोक अथवा रुवाइ हुनेछैन अथवा बितिगएका पुरानो व्यवस्थाका कुराहरू हुनेछैन; र त्यहाँ अब कुनै श्राप हुनेछैन (प्रकाश २१:१,४; २२:३)। बाइबलमा लेखिएका सबै थोक "पूरा गरिएका छन् र ती अरूलाई बताउनको निम्ति आएको छ"। यी पूर्ण वर्तमान कालले ती सिद्ध नतिजाहरू सदासर्वदा निरन्तर भइरहनेछन् भनी जोर दिन्छ। अनन्तको परमेश्वर, जो ख्रीष्टमा हुनुहुन्छ, जो सुरु अनि अन्त हुनुहुन्छ, उहाँले ती सिद्ध वास्तविकताले सदासर्वदा निरन्तरता पाइरहन्छ भन्ने कुरलाई पक्का गर्नुहुन्छ (प्रकाश २१:६)।

---

**प्रकाश २१:७-८**
## प्रश्न ४ - विजयी हुनु भनेको के हो?

**टिप्पणी -**

**ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले**
'विजयी हुनु' यस पृथ्वीमा हुँदा हरेक विश्वासीको जिम्मेवारीपूर्ण काम र चुनौति हो! विजयी हुनु भनेको सबै परिस्थितिहरूमा येशू ख्रीष्टमा रहिरहनु हो। यसको अर्थ तपाईंलाई परमेश्वरको सङ्गति र उहाँको सेवाबाट तानेर बाहिर निकाल्न खोज्ने दुष्ट र पापपूर्ण संसारलाई अलग गर्नु हो। यसको मतलब प्रभुबाट पछाडि धकेल्ने कुराहरूको विरुद्धमा लड्नु हो। त्यसको साथै यो अधार्मिकत संसारको निरन्तर विरोध गर्नु हो। विजयी हुन असफल हुने मानिसहरू अविश्वासीहरू हुन्, किनभने तिनीहरूले शक्ति, ख्याति र यो संसारको सुख-सुविधा अनि आनन्दलाई मन पराएर ती कुराहरूलाई नयाँ पृथ्वीको मुक्तिभन्दा माथि राख्छन्।

येशू ख्रीष्ट संसारमाथि विजयी हुनु भएको छ (यूहन्ना १६:३३) र येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनु हुन्छ भनी विश्वास गर्नेहरू यो संसारमाथि (१ यूहन्ना ५:५) र दुष्टमाथि (१ यूहन्ना २:१४) विजयी हुनेछन्। इसाईहरू थुमाको रगतद्वारा र तिनीहरूको गवाहीको वचनद्वारा शैतान र त्यसको सेनाहरू (भूतहरू) माथि विजयी हुनेछन् (प्रकाश १२:११)। अनि तिनीहरूसँग युद्ध गर्नेहरूमाथि तिनीहरूले विजयी भएर विजय गर्नेछ।

**ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि**

विश्वासीहरू येशू ख्रीष्टद्वारा विजयीभन्दा बढ्ता विजयी हुनेछन् (रोमी ८:३७)।

---

## प्रश्न ५ - उक्त सहरको हरेक भागको अर्थ के हो?

**टिप्पणी -** प्रेरित यूहन्नाले नयाँ यरूशलेमको बारेमा आफ्नो दर्शनलाई व्याख्या गर्दा, उक्त सहरको पर्खाल, ढोकाहरू, जगहरू र सडकहरूको व्याख्या गर्दछन्। उक्त सहरका यी भागहरू यस्ता चित्रणहरू हुन्, जसले विश्वासीहरूको समुदाय मण्डलीलाई नयाँ यरूशलेमसँग तुलना गर्दै त्यसलाई विभिन्न दृष्टिकोणबाट व्याख्या गर्छ।

**प्रकाश २१:१२,१५,१७**

**प्रश्न ६ - पर्खालको अर्थ के हो?**

**टिप्पणी -** त्यहाँको ठूलो र अग्लो पर्खाल विश्वासीहरूको समुदायको (मण्डलीको) संरक्षण, सुरक्षा र बचाउको लागि हो। उक्त पर्खाल १४४ क्यबिट (मानिसको नापअनुसार करिब ६५ मिटर) बाक्लो थियो। सङ्ख्याहरूले पनि विभिन्न कुराहरूको चित्रण गर्छ; जस्तै: सङ्ख्या ३ ले त्रिएक परमेश्वरलाई बुझाउँछ, सङ्ख्या ४ ले संसालाई बुझाउँछ, सङ्ख्या १२ ले पुरानो करार (प्रकाश २१:१२) अथवा नयाँ करार (प्रकाश २१:१४) का विश्वासीहरूलाई बुझाउँछ र सङ्ख्या १२ x १२ ले सिद्धतालाई बुझाउँछ। तसर्थ, सङ्ख्या १४४ परमेश्वरले संसारमा गर्नुभएको मुक्तिको कामको चित्रण हुनसक्छ, जुन कसैले खोस्न नसक्ने गरी सुरक्षित राखिएको छ!

**ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले**

सबै साँचो इसाईहरू सुरक्षित छन् र तिनीहरू जीवित परमेश्वरको सङ्गति गर्ने काममा पनि पूर्णरूपले सुरक्षित रहनेछन्। चुनिएका व्यक्तिहरूलाई धोका दिन सम्भव छैन भनी येशूले पहिल्यै भन्नुभएको छ (मत्ती २४:२४)। उहाँले यसरी प्रतिज्ञा गर्नुभयो, "कसैले तिनीहरूलाई मेरो हातबाट खोस्न सक्ने छैन (यूहन्ना १०:२८) र कोही पनि हराएको छैन (यूहन्ना १७:१२)!

**ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि**

सबै साँचो विश्वासीहरू ख्रीष्टमा भएर परमेश्वरसँग सङ्गति गर्ने काममा सदासर्वदा सुरक्षित रहनेछन्। तिनीहरू दोषी ठहरिने छैनन् (यूहन्ना ४:२४), तिनीहरू नास हुने छैनन् (यूहन्ना  १०:२८), तर तिनीहरूसँग सधैँ रहिरहने (अनन्त) जीवन छ (मत्ती २५:४६)।

**प्रकाश २१:१२,१३,२५**

**प्रश्न ७ - ढोकाहरूको अर्थ के हो?**

**टिप्पणी -** ढोकाहरू भनेको परमेश्वरसँग सङ्गति गर्ने मानिसहरूको समुदायमा (मण्डलीमा) प्रवेश गर्ने चित्रण हो। ती ढोकाहरूमा लेखिएका इस्राएलको १२ कुलहरूको नाउँहरूले चाहिँ परमेश्वरका जनहरू (विश्वासीहरू) मात्र उक्त सहरमा बस्नेछन् भन्ने कुरालाई सङ्केत गर्छ (गलाती ६:१४-१६; याकूब १:१)।

**ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले**

ती ढोकाहरू कहिल्यै बन्द हुँदैनन् र विश्वासद्वारा विश्वासीहरूको उक्त समुदायमा प्रवेश गर्ने प्रशस्त अवसर उपलब्ध छ। ती ढोकाहरू सबै दिशातिर फर्किएका छन् र तिनीहरूले संसारको हरेक राष्ट्रबाट मानिसहरूलाई जम्मा गर्छन् (यशैया ४३:५-७; मत्ती २४:१४; प्रकाश ५:९ सँग तुलना गर्नुहोस्)। स्वर्गदूतहरूले ढोकामा पहरा दिने भएकोले गर्दा  कुनै दुष्ट र भक्तिहीन अविश्वासी उक्त सहरभित्र प्रवेश गर्न पाउँदैन (प्रकाश २१:२७)। हाबिल, हनोक, नोआ, अब्राहाम, दाऊद र दानिएलजस्ता पुरानो करारका मानिसहरू विश्वासद्वारा त्यहाँभित्र प्रवेश गरे (उत्पत्ति २१:२७; लूका २०:३७-३८)। नयाँ करारमा थुमाको रगतले आफ्ना पोशाकहरू धुने सबै व्यक्तिहरूसँग उक्त सहरभित्र प्रवेश गर्ने हक छ (प्रकाश २२:१४)! मानिसको मृत्यु हुनुभन्दा पहिले अथवा ख्रीष्टको दोस्रो आगमनभन्दा अघि विश्वासीहरूसँग उक्त समुदायभित्र प्रवेश गर्ने अवसर उपलब्ध छ (मत्ती ७:१३-१४; लूका १३:२३-३०)।

**ख्रीष्टको दोस्रो आगमनमा**

ती ढोकाहरू बन्द हुनेछन् र त्यसपछि बचाइनको लागि कुनै अवसर प्राप्त हुनेछैन (मत्ती २५:१०-१३; २ कोरिन्थी ६:१-२; १३:५)! त्यसको अर्थ के हो भने येशू ख्रीष्टको जीवनको पुस्तकमा नाम लेखिएकाहरू मात्र उक्त सहरमा प्रवेश गर्नेछन् (प्रकाश २१:२७)।

**ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि**

ती ढोकाहरू फेरि कहिल्यै बन्द हुनेछैनन् र यसले नयाँ पृथ्वीमा परमेश्वरसँग हाम्रो लाज-सङ्कोचविनाको निरन्तर सङ्गतिलाई जनाउँछ।

---

**प्रकाश २१:१४, १९-२१**

## प्रश्न ८ - जगहरूको अर्थ के हो?

**टिप्पणी -** ती जगहरूले विश्वासीहरूको समुदाय भएको उक्त सहरलाई समर्थन गरी थाम्ने कुरालाई सङ्केत गर्छ। ती जगहरूमा लेखिएका येशू ख्रीष्टका १२ चेलाहरूको नाउँले तिनीहरूले ऐतिहासिक इसाई मण्डलीको जग बसालेको कुरालाई सङ्केत गर्छ (मत्ती १६:१८-१९; प्रेरित १:८; एफिसी २:२०; ३:५-६; प्रकाश २१:१४)। तिनीहरू नै येशू ख्रीष्टलाई आफ्नै आँखाले देख्ने अनि आफ्नै कानले सुन्ने साक्षीहरू हुन् (र तिनीहरू इसाई मण्डलीको वास्तविक जग हुन्, १ कोरिन्थी ३:११)।

**ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले**

ती प्रेरितहरूले आफ्ना घोषणाद्वारा र नयाँ करारका पुस्तकहरू लेखे अनि स्वर्गीय यरूशलेममा (मण्डलीमा, गलाती ४:२६) येशू ख्रीष्टमा मानिसहरू ल्याएर ऐतिहासिक मण्डलीको जग बसाले। ती जगहरूलाई सिङ्गार्ने बहुमूल्य पत्थरहरू (यशैया ५४:११-१२; प्रकाश २१:१९-२१) भनेको परमेश्वरको विभिन्न बुद्धिहरू र गुणहरू हुन्, जसले मण्डलीको घोषणा गर्दछन् (एफिसी ३:१०)।

**ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि**

विश्वासीहरूको समुदाय (राज्य) कहिल्यै हल्लिने छैन किनभने स्वयम् परमेश्वर त्यस सहरको रचनाकार र निर्माणकर्ता हुनु हुन्छ (हिब्रू ११:१०; १२:२८)!

---

**प्रकाश २१:१६**

## प्रश्न ९ - किन त्यो सहरको आकार वर्गाकार छ?

**टिप्पणी -**

**क. वर्गाकार अथवा घनाकारको आकार (स्वरूप)**

उक्त सहर साङ्केतिकरूपमा १२,००० x १२,०० x १२,००० स्टाडिया (stadia) विशाल वर्गाकार छ। शाब्दिकरूपमा भन्ने हो भने १२,००० स्टाडिया भनेको करिब २,२०० किलोमिटर हुन्छ, तर त्यो शाब्दिकरूपमा बताइएअनुसारको सहर नभएको हुनाले, यो वर्गाकार स्वरूप पनि अक्षरश: घनाकार होइन! यसको बनावट र नाप- दुवै साङ्केतिक प्रस्तुति हुन्।

उक्त वर्गाकार बनावटलाई पालको भित्री वेदी र सलोमोनको मन्दिरले त्यसलाई पहिले नै छायाको रूपमा बताएको छ (१ राजा ६:२०)। पुरानो करारको समयमा उक्त स्थानलाई महा पवित्र स्थान भनिन्थ्यो, र त्यहाँ करारको सन्दुक राखिएको हुन्थ्यो र त्यसलाई परमेश्वर सारा महिमामा बस्नुहुने वासस्थान ठानिन्थ्यो (१ शमूएल ४:४; २ राजा १९:१५; १ राजा ८:१०-११)। नयाँ करारमा महा पवित्र स्थान भनेको स्वर्गीय चित्रण हो, जहाँ परमेश्वर वास गर्नु हुन्छ (हिब्रू ९:१२,२४)।

**ख. नयाँ यरूशलेम वर्गाकार बनावटमा**

**ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले**

'परमेश्वरको मन्दिर' (२ कोरिन्थी ६:१६; एफिसी २;२२) जस्तै 'स्वर्गीय यरूशलेम' (गलाती ४:२६) र मन्दिरमा हुने महा पवित्र स्थान (प्रकाश २१:१६) को आकार झैं 'नयाँ यरूशलेम'को आकार- यी कुराहरू वर्तमान पृथ्वीमा परमेश्वरको

वासस्थानको रूपमा रहेको आदर्श नमुनामा विश्वासीहरूको समुदाय (मण्डली) को चित्रणहरू हुन्। मण्डलीलाई पवित्र आत्माद्वारा परमेश्वर वास गर्नुहुने स्थान ठानिन्छ (एफिसी २:१९-२२)!

सङ्ख्या १२,००० भनेको ३ गुणा ४ गुणा १० गुणा १० बाट आउने गुणनफल हो। सङ्ख्या ३ ले परमेश्वरलाई बुझाउँछ (मत्ती २८:१९)। सङ्ख्या ४ ले संसारलाई जनाउँछ (प्रकाश ७:१)। सङ्ख्या १२ ले परमेश्वरको जनहरू (प्रकाश २१:१२,१४) र यस संसारमा परमेश्वरले गर्नुहुने मुक्तिको कामको नतिजालाई जनाउँछ। सङ्ख्या १० ले पृथ्वीको पूर्ण सङ्ख्यालाई जनाउँछ (१० कन्याहरू अथवा १० नोकरहरूले सबै मानिसहरूलाई चित्रण गर्छ, मत्ती २५:१; लूका १९:१३)। अनि सङ्ख्या १० x १० x १० ले पृथ्वीको सम्पूर्ण र ईश्वरीय पूर्ण सङ्ख्या हो (प्रस्थान २०:६; यशैया ६०:२१-२२)। तसर्थ, सङ्ख्या १२,००० x १२,००० x १२,००० पृथ्वीको हरेक पुस्तामा त्रिएक परमेश्वरले सबै राष्ट्रहरूमा गर्नुभएको मुक्तिको कार्यको पूर्ण र सिद्ध नतिजाको चित्रण हुन सक्छ! त्यो सङ्ख्या हरेक पुस्तामा पुग्नेछ (रोमी ११:४-५ सँग तुलना गर्नुहोस्)। चुनिएकाहरूमध्ये कोही पनि धोकामा पर्नेछैन (मत्ती २४:२४) र चुनिएकाहरूमध्ये कोही पनि हराउने छैन (यूहन्ना १०:२८; १७:१२)।

**ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि**

'नयाँ यरूशलेम' (प्रकाश २१:१-२), जुन वर्गाकार छ (प्रकाश २१:१६), र त्यो पृथ्वीमा परमेश्वरको वासस्थानको रूपमा यसको सिद्ध ढाँचामा विश्वासीहरूको समुदाय (मण्डली) हो। यो परमेश्वरको महिमाको चम्किलो ज्योतिमा सदासर्वदा चिम्किरहन्छ (प्रकाश २१:३,११)।

सङ्ख्या १२,००० x १२,००० x १२,००० यस्तो चित्रण हो, जसले यो संसारको सम्पूर्ण इतिहासभरि सबै राष्ट्रहरूमा त्रिएक परमेश्वरले गर्नुभएको मुक्तिको कामको सिद्ध र पूर्ण नतिजालाई बुझाउन सक्छ! यो सङ्ख्याले संसारको सृष्टिको समयदेखि लिएर यो संसारको नवीकरणको समयसम्मका चुनिएका विश्वासीहरूको सङ्ख्यालाई पनि बुझाउन सक्छ: 'इस्राएलको पूर्णता' र 'अन्यजातिहरूको पूर्णता' ख्रीष्टको दोस्रो आगमनभन्दा ठीक अगाडिसम्म पुगेर पूर्ण हुनेछ (रोमी ११:२५-२६; २ तिमोथी २:१९)।

---

**प्रकाश २१:२२**

## प्रश्न १० - किन उक्त नयाँ सहरमा कुनै मन्दिर हुने छैन?

**टिप्पणी -**

**ख्रीष्टको पहिलो आगमनभन्दा पहिले**

पुरानो करारको समयमा मन्दिरको भवनलाई परमेश्वरको वासस्थान ठानिन्थ्यो। त्यतिबेला परमेश्वरको महिमा दिनमा बादलको रूपमा अनि रातमा आगोको रूपमा पाल अथवा मन्दिरमा भएको महा पवित्र स्थानको करारको सन्दुक माथि बस्ने करूबहरूको माथि परमेश्वरको महिमा वास गर्नु हुन्थ्यो (प्रस्थान २५:२२; ४०:३४-३८; १ शमूएल ४:४; २ राजा १९:१५)। परमेश्वरको महिमाको प्रतिबिम्ब मन्दिरभित्रको महा पवित्र स्थानमा नै सीमित थियो। तर यशैयाले पहिले नै यो अगमवाणी गरिसकेका छन्, कि जसले परमेश्वरको भय मान्छ (र उहाँमा निश्चयता गर्छ), तिनीहरूका लागि स्वयम् परमेश्वर तिनीहरूका वेदी (वासस्थान) हुनुहुन्छ (यशैया ८:१३-१४)।

**ख्रीष्टको पहिलो आगमनभन्दा पछि**

परमेश्वरको दृश्य वासस्थानको प्रतीक, मन्दिर समाप्त भयो (यूहन्ना २:१९; प्रेरित ७:४४-५०; १७:२४-२५)। यरूशलेमको मन्दिरमा भएको पर्दा माथिदेखि तलसम्म दुई भाग हुने गरी च्यातियो (मत्ती २७:५१), जसले अबउप्रान्त येशू ख्रीष्टमा विश्वास गर्ने हरेक व्यक्ति पवित्र आत्माद्वारा सिधा परमेश्वरकहाँ पुग्न सक्छ भन्ने कुरालाई चित्रण गर्छ (एफिसी २:१८; ३:१२; हिब्रू ४:१४-१६)। इसाई अवधारणाअनुसार भन्ने हो भने अहिले परमेश्वरको वासस्थानको रूपमा यो संसारमा कुनै विशेष पवित्र स्थान, मन्दिर अथवा पवित्र भवन छैन!

ख्रीष्टको पहिलो आगमनपछि विश्वासीहरूको समुदाय (मण्डली) नै परमेश्वरको मन्दिर हो र उहाँको पवित्र आत्माद्वारा भएर परमेश्वर तिनीहरूमा वास गर्नुहुन्छ (२ कोरिन्थी ६:१६; एफिसी २:२२; १ पत्रुस २:५)। र परमेश्वरको महिमाको प्रतिबिम्ब अब मण्डलीमा देख्न सकिन्छ (२ कोरिन्थी ३:१८; मत्ती ५:१६)।

**ख्रीष्टको दोस्रो आगमनको पछाडि**

त्यतिबेला अवस्था उल्टो हुनेछ: परमेश्वर येशू ख्रीष्टमा भई नयाँ यरूशलेमको मन्दिरमा दृश्य हुनुहुनेछ र विश्वासीहरूको समुदाय (मण्डली) आफूलाई ख्रीष्टमा प्रकट गर्नुहुने परमेश्वरमा वास गर्नेछ। तब कलस्सी ३:३-४ मा उल्लिखित वास्तविकता गुप्तमा रहने छैन। तब यशैयाले गरेको अगमवाणी पूर्णरूपमा पूरा हुनेछ: परमेश्वर तिनीहरूको वेदी (वासस्थान) हुनुभएको छ, र त्यहाँ तिनीहरू वास गर्छन्, त्यहाँ तिनीहरूले आश्रय लिन्छन्, त्यहाँ तिनीहरूले आराधना गर्छन् र त्यहाँ तिनीहरूले सदासर्वदा सेवा गर्छन्। अनि परमेश्वरको महिमाको प्रतिबिम्बले सारा नयाँ पृथ्वीभरि शासन गर्नेछ।

---

**प्रकाश २१:२३; २२:५**

## प्रश्न ११ - किन नयाँ सहरमा सूर्य, चन्द्रमा अथवा प्रकाशहरू हुँदैनन्?

**टिप्पणी -** उक्त सहरमा सूर्य, चन्द्रमा अथवा प्रकाशहरू हुँदैनन् किनभने ख्रीष्टमा हुनुहुने परमेश्वर नै त्यहाँको बत्ती हुनुहुन्छ। ख्रीष्टलाई विशेषगरी उक्त सहरको बत्ती भनिन्छ।

**ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले**

ख्रीष्ट संसारको ज्योति हुनुहुन्छ (यूहन्ना ८:१२) किनभने उहाँले नै परमेश्वरलाई मानिसहरूका माझमा दृश्य भई प्रकट हुनुभयो (यूहन्ना १:४-५; १४:९; २ कोरिन्थी ४:६; कलस्सी १:१५) र अब उहाँले नै परमेश्वरको साँचो र बचाउने ज्ञान विश्वासीहरूलाई प्रदान गर्नुहुन्छ (यूहन्ना ८:१९)। विश्वासीहरूले अब येशू ख्रीष्टलाई तिनीहरूका आत्मिक आँखाले देख्छन्।

**ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि**

ख्रीष्ट नयाँ पृथ्वीमा विश्वासीहरूको समुदायको (मण्डलीको) ज्योति र बत्ती हुनुहुनेछ (प्रकाश २१:२३) किनभने उहाँले निरन्तररूपमा परमेश्वरको मुहार र सिद्ध विशेषताहरू दृश्यरूपमा विश्वासीहरूको माझमा प्रकट गरिरहनु हुनेछ। परमेश्वर आत्मा हुनु हुन्छ र नयाँ पृथ्वीमा उहाँ येशू ख्रीष्टद्वारा दृश्यरूपमा विश्वासीहरूका माझमा बस्नु हुन्छ। त्यतिबेला विश्वासीहरूले येशू ख्रीष्टलाई आफ्नो शारीरिक आँखाले देख्नेछन् (प्रकाश २२:४)!

---

**प्रकाश २१:२४-२७**

## प्रश्न १२ - नयाँ यरूशलेमभित्रका राष्ट्रहरू (जातिहरू) को-को हुन् र तिनीहरूले नयाँ यरूशलेममा के-के ल्याउँछन्?

**टिप्पणी -**

**ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले**

पृथ्वीको हरेक राष्ट्र र भाषाको धेरै मानिसहरूले येशू ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर ग्रहण गर्नेछन्, ढोकाभित्र प्रवेश गर्नेछन् (मत्ती ७:१३-१४), तिनीहरूका राष्ट्रको सम्पत्ति ल्याउनेछन् (यशैया ६०:११) र तिनीहरू स्वर्गीय यरूशलेमको हिस्सा (भाग, अंश) बन्नेछन् (मत्ती २४:१४; प्रकाश ५:९-१०)। तिनीहरूले येशू ख्रीष्टद्वारा आफूसँग भएका असल थोकहरूबाट परमेश्वरको आराधना गर्नेछन्; जस्तै: विज्ञान र यसको प्रयोग (औषधि उपचार, कृषि, सामाजिक सेवा आदि), आफ्नो विशेष सँस्कृति (गीत-कविता, लेखहरू, सङ्गीत र नाँच) र व्यक्तिगत जीवन (चरित्र र असल कामहरू) आदि।

### ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि

स्वर्गीय यरूशलेम नयाँ पृथ्वीमा नयाँ यरूशलेमको रूपमा ओर्लिआएपछि, हरेक जाति, हरेक भाषा र हरेक राष्ट्रका मानिसहरू सदासर्वदाको निम्ति उक्त नयाँ पृथ्वीमा परमेश्वरमा विश्वास गर्ने मानिसहरूको अंश (मण्डली) बन्नेछ। तर त्यतिबेला परमेश्वरमा विश्वास गर्ने सबै मानिसहरू उस्तै हुने छैनन् र कहिल्यै उस्तै रहनेछैनन्। जसरी अहिले विविधता छ, त्यसरी नै नयाँ पृथ्वीमा पनि मानिसहरूमा र त्यहाँको वैभवमा धेरै विविधता हुनेछ! तिनीहरूको यस पृथ्वीमा जेजस्तो बसाइ, रहनसहन र सँस्कृति भए तापनि, त्यसलाई आगोको न्यायमा जाँचको निम्ति खडा पारिनेछ (मत्ती ३:११-१२; १३:४०-४३; १ कोरिन्थी ३:१२-१५; २ पत्रुस ३:१०) चाहे ती जेजस्तो रूपमा महिमित र आदरयोग्य भए तापनि (फिलिप्पी ४:८)। परमेश्वरको महिमाको निम्ति उहाँद्वारा अनि उहाँबाट जेजस्तो कामहरू गरिएका थिए (रोमी ११:३६; यूहन्ना १५:५), ती सबै व्यर्थ हुनेछैन (१ कोरिन्थी १५:४८) र ती सबै कुराहरूले तिनीहरूलाई नयाँ यरूशलेममा पछ्याउनेछन् (प्रकाश १४:१३)! सुन्दर चरित्रहरू भएका अनगिन्ति व्यक्तिहरूका बारेमा विचार गर्नुहोस्; हरेक जाति, भाषा र कुल र राष्ट्रमा हराइएकाहरू मानिसहरू बचाइएको कुरा विचार गर्नुहोस् (प्रकाश ५:९१०), परमेश्वरको महिमा गर्ने विज्ञान, सीपहरू, सङ्गीत, गीत-भजन, कला, लेख र सबै किसिमका कामहरू विचार गर्नुहोस्। कुनै दुष्ट र भक्तिहीन कुरा नयाँ यरूशलेममा प्रवेश गर्ने छैन (प्रकाश २१:२७)। ख्रीष्टको जीवनको पुस्तकमा नाम लेखिएका मानिसहरूले मात्र नयाँ यरूशलेममा प्रवेश गर्न पाउनेछन् (प्रकाश २०:१५)।

---

**प्रकाश २२:१**

## प्रश्न १३ - जीवनको पानीको नदी भनेको के हो?

**टिप्पणी -** वर्तमान स्वर्ग, पृथ्वी र समुद्र अहिले भौतिकरूपमा जस्तो छ, त्यो पछि पूर्णरूपमा परिवर्तन हुनेछ (रोमी ८:२१; २ पत्रुस ३:१०)। यो ब्रह्माण्ड महिमितरूपमा नवीकरण हुन गइरहेछ। अहिले डर-त्रास र धम्की दिने समुद्र 'जीवनको नदी'मा बदलिनेछ (प्रकाश २२:१) र यो परिवर्तनले नयाँ पृथ्वीमा पनि प्रकृतिसँग मानिसको सम्बन्ध पूर्णरूपमा पुनर्थापित हुनेछ भन्ने कुरालाई सङ्केत गर्छ (यशैया ११:६-९; इजकिएल ४७:९)! यो भौतिक सृष्टि अथवा प्रकृति पूर्णरूपमा परमेश्वरको उद्देश्यअनुसारको हुनेछ (प्रेरित ३:२१)! जेजस्तो भए तपानि, जीवनको नदीसँग साङ्केतिकरूपमा अथवा आत्मिकरूपमा प्राथमिक महत्व रहेको छ।

### ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले

'जीवनको नदी'ले सारा संसारमा मुक्तिको लागि सुसमाचार प्रचार गर्ने र यसबाट पिउनेहरूमा अनन्त जीवन ल्याउने कुरालाई चित्रण गर्छ (यूहन्ना ४:१०,१४; ७:३८)। यो ख्रीष्टमा परमेश्वरको सिंहासनबाट बग्छ र यो परमेश्वरको अनुग्रह र प्रेमको कामबाट हुने मुक्तिको चिन्ह हो (एफिसी २:८-९)। यहाँ प्रयोग गरिएको अपूर्ण वर्तमान कालले यो कुरा ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले वर्तमान समययमा भइरहेको परमेश्वरको कार्यलाई भनी सङ्केत गर्छ।

### ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि

'जीवनको नदी'ले परमेश्वरले नयाँ पृथ्वीमा आफ्ना जनहरूलाई दिनुहुने कहले समाप्त नहुने मुक्तिको पूर्णता र सिद्धतालाई चित्रण गर्छ (यूहन्ना १०:२८)।

---

**प्रकाश २२:२**

## प्रश्न १४ - त्यो सहरको सडकको अर्थ के हो?

**टिप्पणी -** 'नदी', 'सडक' र 'रूख' भन्ने शब्दहरू सुरुको भाषामा एकवचनमा लेखिएको छ, तर तिनीहरूले समूहगतरूपमा पनि अर्थ दिन सक्छ। तसर्थ, उक्त दर्शनले केवल एउटा नदी, एउटा सडक र एउटा रूखलाई देखाउँदैन तर यस्तो उद्यानको चित्रण गर्छ, जहाँ थुप्रै रूखहरूको लहरहरूमाझ धेरै नदीहरू र सडकहरू छन्!

**ख्रीष्टको दोस्रो आगमनभन्दा अगाडि**

'सडकहरू' भनेको परमेश्वरको सिंहासन, जीवनको नदीहरू र जीवनको रूखहरू भएको ठाउँमा सजिलै जान सकिने माध्यमको चित्रण हो। मध्यस्थकर्ता ख्रीष्ट (१ तिमोथी २:५) र उहाँको आत्माद्वारा (एफिसी २:१८), हरेक जो तिर्खाएको छ, तिनीहरूको लागि ढोका पूरै खोलिएको छ, र तिनीहरू आएर कुनै रुपैयाँ-पैसा नतिरी अनि कुनै मूल्य नचुकाई सित्तैमा विश्वासद्वारा पिउन सक्छ (यशैया ५५:१-२)। येशू भन्नु हुन्छ, "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु" (मत्ती ११:२८)।

ती सडकहरू शुद्ध सुनबाट बनिएका छन् र ती पारदर्शी काँच (सिसा) जस्तो देखिन्छन्; यसले परमेश्वरकहाँ आउने मानिसहरूको सिद्ध र खुल्ला चरित्र (यूहन्ना ३:१९-२१; ८:१२) अनि परमेश्वरसँग तिनीहरूको सङ्गतिलाई चित्रण गर्छ (१ यूहन्ना १:५-७)। बाइबलमा आफूलाई प्रकट गर्नुहुने परमेश्वरकहाँ आउन चाहनेहरूको निम्ति कुनै कुरा कहिले पनि गुप्त र रहस्यमय रहने छैन!

**ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि**

'ती सडकहरू' अझै पनि परमेश्वरको सिंहासन, जीवनको नदीहरू र जीवनको रूकहरूकहाँ सजिलै पुग्ने माध्ययमको चिन्ह हो। तर अब तिनीहरूको विश्वास वास्तविकतामा परिवर्तन भइसेको हुनाले त्यसलाई देख्न सकिन्छ!

---

**प्रकाश २२:२-३क**

**प्रश्न १५ - जीवनको रूखको अर्थ के हो?**

**टिप्पणी -**

**पापमा पतन हुनुभन्दा अगाडि**

उक्त जीवनको रूख स्वर्गलोकमा वास्तविक रूख थियो र त्यसले आदम र हव्वालाई सदासर्वदा जिउँदो राख्न सक्थ्यो। तर तिनीहरू पापमा परेपछि परमेश्वरले तिनीहरूलाई स्वर्गलोकबाट धपाइदिनुभयो र त्यतिबेला तिनीहरू पाप र मृत्युको दासत्वमा परिसकेको हुनाले सदासर्वदा बाँच्न सकेनन् (उत्पत्ति २:९; ३:२२,२४)। यो वर्तमान पृथ्वीमा मानिसलाई उक्त स्वर्गलोकबाट (बगैँचाबाट) धपाइएको छ। ऊ आत्मिकरूपमा मरेको छ; ऊ शरीरमा पनि मर्नैपर्छ र ऊ निश्चय मर्नेछ; र येशू ख्रीष्टले उसलाई बचाउनुभएन भने ऊ अनन्त मृत्युमा पनि पर्नेछ।

**ख्रीष्टको दोस्रो आगमनभन्दा अगाडि**

'जीवनको रूख' र यसको पातहरूले अहिले वर्तमान समयको वास्तविक आदर्श मण्डलीमा सुसमाचारको स्वस्थकर प्रभाव, परमेश्वरको मुक्तिको प्रशस्तता, र त्यसले शरीर र प्राणमा ल्याउने चङ्गाइलाई चित्रण गर्छ। ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले सबै राष्ट्रहरूका मानिसहरूलाई आत्मिक, शारीरिक, भावनात्मक र अनन्त चङ्गाइको आवश्यक्ता परिरहन्छ!

**ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि**

'उक्त जीवनको रूख'ले हामी नयाँ पृथ्वीमा जिउन थालेपछि पुरानो पृथ्वीमा हामीले पाएका सबै किसिमका दागहरूको पूर्ण अनि सिद्ध चङ्गाइ, हाम्रो सबै खाँचोहरूलाई सन्तुष्ट पार्ने परमेश्वरको निरन्तर आशिष्‌हरू र बताउनै नसकिने किसिमको आनन्दले हामीलाई भरिपूर्ण गर्ने कुराहरूलाई चित्रण गर्छ। नयाँ पृथ्वीको सहरभित्र स्वर्गलोक (बगैँचा) हुनेछ! अनि उक्त स्वर्गलोकभित्र जीवनको रूख हुनेछ। र विजयी हुने हरेक व्यक्तिले उक्त जीवनको रूखबाट सदासर्वदासम्मै खाने हक पाउनेछ (प्रकाश २:७)। जीवनको रूखको फल खाने व्यक्ति आत्मिकरूपमा, शारीरिकरूपमा, भावनात्मकरूपमा र अनन्तरूपमा बाँच्नेछ (१ कोरिन्थी १५:४२-४४)! जीवनको रूखले महिनैपिच्छे (बाह्रै महिना) फलाउने फलले नयाँ पृथ्वीमा निरन्तर आशिष्‌हरूको प्रशस्तता रहिरहनेछ भन्ने कुरालाई पक्का गर्छ। "त्यहाँ कुनै पापको अस्तित्व हुने छैन।"

---

**प्रकाश २२:३ख**

## प्रश्न १६ - परमेश्वरको सिंहासनमा को बस्नु हुन्छ?

**टिप्पणी -**

### खीष्टको दोस्रो आगमनभन्दा पहिले

परमेश्वरको राज्य भनेको परमेश्वरको यस्तो राजत्व अथवा उहाँको यस्तो सार्वभौम शासन हो, जसले हरेक व्यक्तिमाथि र हरेक कुरामाथि अनन्तदेखि अनन्तसम्मै राज्य गर्नेछ (भजनसङ्ग्रह ९३:१-२; १४५:१३; १४६:१०; १ तिमोथी ६:१५)। यसलाई स्पष्टसँग भन्ने हो भने परमेश्वरको राज्य भनेको येशू खीष्टद्वारा परमेश्वरले गर्नु हुने राजत्व अथवा सार्वभौमसम्पन्न शासन हो (मत्ती २८:१८; यूहन्ना १३:३; फिलिप्पी २:९-११; कलस्सी १:१५-२०; प्रकाश १:५; १७:१४; १९:१६)। उक्त राज्य खीष्टले गर्नुभएको मुक्तिको पूर्ण काम (मत्ती २१:३९; ४२-४३; प्रेरित २:३६) र पवित्र आत्माद्वारा विश्वासीहरूले ती कामलाई लागू गर्ने कुराहरूमा (रोमी १४:१७) आधारित भएको हुन्छ। उक्त राज्य विश्वासीहरू हृदयमा र तिनीहरूको जीवनका कामहरूद्वारा चिनिन्छ (लूका १७:२०-२१; मत्ती २५:३४-४०)।

परमेश्वरको राज्यको नतिजाहरू चार वटा क्षेत्रहरूमा देखिन्छन्: सुरुदेखि अन्तसम्मका विश्वासीहरूको पूर्ण मुक्ति (मर्कूस १०:२५-२६; यूहन्ना ३:३-८; १ कोरिन्थी ६:९-११); पृथ्वीमा विश्वासीहरूद्वारा बनिएको एउटै मण्डली (मत्ती १६:१८-१९; एफिसी १:२०-२३; १ पत्रुस २:४-५,९-१०); मानव समाजको हरेक पक्षमा विश्वासीहरूको असल कामको प्रभाव (मत्ती २५:३४-३६; रोमी १४:१७); र छुटकारा पाएको ब्रह्माण्ड अथवा येशूको दोस्रो आगमनमा हुने नयाँ स्वर्ग र नयाँ पृथ्वी (१ कोरिन्थी १५:२४-२६; २ पत्रुस १:११; प्रकाश ११:१५)।

### खीष्टको दोस्रो आगमनभन्दा पछाडि

नयाँ पृथ्वीमा परमेश्वरको राज्य त्यसको सिद्धतामा पुग्नेछ र त्यतिबेला परमेश्वरको राज्य त्यसको अन्तिम सिद्ध अवस्थामा हुनेछ (मत्ती २५:३४; यूहन्ना; १ कोरिन्थी १५:२३-२८; प्रकाश ११:१५-१८)। "जब सबै कुरा उहाँको अधीनमा ल्याइन्छन्, तब स्वयम् पुत्र उहाँको अधीनमा हुनुहुनेछ, जसले सब थोक उहाँको अधीनतामा राख्नुहुन्छ, ताकि परमेश्वर नै सबै थोकका सर्वेसर्वा होऊन्" (१ कोरिन्थी १५:२८) - यसको अर्थ पृथ्वीमा मुक्तिको इतिहासको निम्ति येशू खीष्टलाई दिएको मध्यस्थकर्ताको काम पूरा भएको छ र उहाँले उक्त आफूलाई सुम्पिएको मध्यस्थकर्ताको काम परमेश्वर पितालाई फिर्ता दिनु हुन्छ। यस वर्तमान पृथ्वीमा येशू खीष्टको राज्य अथवा राजत्व अथवा प्रभुत्वको सुरुवात फिलिप्पी २:९-११ मा लेखिको कुरा हो भने १ कोरिन्थी १५:२४-२८ को कुराचाहिँ त्यसको अन्त हो। दोस्रो आगमनमा येशू खीष्टले मध्यस्थकर्ता भई गर्ने आफ्नो शासन पूरा गर्नुभएको हुनेछ।

परमेश्वरको अनन्त राज्य अथवा राजत्व खीष्टको दोस्रो आगमनभन्दा पारि सुरु हुन्छ। तैपनि, येशू खीष्टले आफ्नो सिंहासनमाथिबाट परमेश्वर पितासँगै अनन्तसम्म निरन्तर शासन गर्नु हुन्छ (२ शमूएल ७:१३; यशैया ९:७; २ पत्रुस १:११; प्रकाश २२:१,३)! त्यतिबेला परमेश्वर पिता र पुत्रको कामहरूको भिन्नता मात्र समाप्त भएको हुन्छ। त्यस समयपश्चात् उहाँहरूको पूर्ण एकतालाई बाइबलले बताउँछ: "संसारको राज्य हाम्रा प्रभुको र उहाँका खीष्टको राज्य भएको छ, अनि उहाँले सदासर्वदा राज्य गर्नुहुनेछ" (प्रकाश ११:१५)। "... त्यहाँको मन्दिर स्वयम् परमेश्वर सर्वशक्तिमान् र थुमा नै हुनुहुन्छ" (प्रकाश २१:२२)। "परमेश्वर र थुमा नै त्यसको ज्योति हुनुहुन्छ" (प्रकास २१:२३)। "अनि परमेश्वरको र थुमाको सिंहासन नयाँ यरूशलेममा हुनेछ (प्रकाश २२:१,३)।

---

**प्रकाश २२:४**

## प्रश्ना १७ - विश्वासीहरूले परमेश्वरको मुहार कसरी देख्नेछन्?

**टिप्पणी - परमेश्वरको महिमा येशू खीष्टमा देखिनेछ।**

### खीष्टको दोस्रो आगमनभन्दा पहिले

येशू ख्रीष्ट अदृश्य परमेश्वरको प्रतिरूप (कलस्सी १:१५), परमेश्वरको महिमाको प्रतिबिम्ब र उहाँको स्वभावको वास्तविक प्रतिरूप हुनु हुन्छ (हिब्रू १:३; यूहन्ना १:१४ सँग तुलाना गर्नुहोस्)। जसले येशूलाई देखेको छ, त्यसले परमेश्वर पितालाई देखेको छ (यूहन्ना १४:९)।

**ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि**

येशू ख्रीष्ट अझै अदृश्य परमेश्वरको दृश्य प्रतिरूप हुनुहुनेछ र विश्वासीहरूले सबै समय येशू ख्रीष्टको मुहारमा परमेश्वरलाई देख्नेछन्। तिनीहरूले येशू ख्रीष्टद्वारा परमेश्वरसँग प्रत्यक्ष सङ्गति गर्नेछन्। उहाँको निकटतम उपस्थितिमा तिनीहरू जिउनेछन्, सेवा गर्नेछन् र शासन गर्नेछन् (प्रकाश २२:३-५)।

---

**प्रकाश २२:५**

**प्रश्न १८ - नयाँ पृथ्वीमा विश्वासीहरूले के गर्नेछन्?**

**टिप्पणी -**

**ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले**

वर्तमान पृथ्वीका विश्वासीहरूलाई यस्तो साँस्कृतिक आदेश दिइएको छ: परमेश्वरको प्रतिरूप भएका मानिसहरूले यो पृथ्वीलाई भर्नू; यस पृथ्वीलाई वशमा राखेर र यसलाई सुरक्षित पार्दै सृष्टिमाथि शासन गर्नू (उत्पत्ति १:२६-२८)। र विश्वासीहरूलाई महान् आदेश पनि दिइएको छ: "जाओ र सबै देशका मानिसहरूलाई चेला बनाओ" (मत्ती २८:१९)।

**ख्रीष्टको दोस्रो आगमनभन्दा पछाडि**

नयाँ पृथ्वीमा विश्वासीहरूले सायद सुरुमा दिइएको कामलाई सिद्धतापूर्वक पूरा गर्नेछन् होला- त्यो परमेश्वरको सुन्दर भौतिक सृष्टि र प्रकृतिमा भएका सबै सुन्दर कुराहरूमाथि शासन गर्नु हो (प्रकाश २२:५)। अनि तिनीहरूले सदासर्वदा आराधनाद्वारा परमेश्वरको सेवा गर्नेछन्।

---

**प्रश्न १९ - प्रकाश २१ र २२ अध्यायमा तपाईं इसाई भएको हैसियतले तपाईंले आफ्नो जीवनमा के महत्व छ भनी सोच्नु हुन्छ?**

**टिप्पणी -** प्रकाश २१ र २२ अध्यायहरूले "म कहाँ जाँदैछु?" भन्ने प्रश्नको उत्तर मलाई सिकाउँछ। म येशूलाई उहाँको दोस्रो आगमनमा भेट्न जाँदैछु। त्यसपछि मेरो शरीर पुनरुत्थान हुनेछ र मेरो न्याय हुनेछ। म येशू ख्रीष्टजस्तै हुनको निम्ति परिवर्तन हुनेछु (फिलिप्पी ३:२१; १ यूहन्ना ३:१-३)। त्यसपछि म येशू ख्रीष्टद्वारा नयाँ पृथ्वीमा परमेश्वरको दृश्य उपस्थितिमा सदासर्वदा वास गर्न गर्नेछु। नयाँ पृथ्वीमा म परमेश्वरसँग सङ्गति गर्नेछु, उहाँको आराधना गर्नेछु, उहाँको सेवा गर्नेछु र परमेश्वरको राज्यमा उहाँसँगै शासन गर्नेछु! त्यतिबेला सुन्दर अनि आशापूर्ण भविष्य प्राप्त गर्नेछु भन्ने कुरामा म निश्चित छु!

---

**चरण ४ - लागू गर्नु** **प्रयोगहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएका कुन सत्यताहरूलाएे इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
**सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् -** एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र प्रकाश २१:१-२२:६ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
**ध्यान दिनुहोस् -** यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
**लेख्नुहोस् -** उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्।
(हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

## १. प्रकाश २१:१-२२:६ बाट सम्भावित प्रयोगहरूको केही उदाहरणहरू

| | |
|---|---|
| २१:१-३ | येशू ख्रीष्टको दोस्रो आगमनको प्रतिक्षा गरिरहन्छु, र  त्यसबेला त्यहाँ सिद्ध नयाँ स्वर्ग र नयाँ पृथ्वी वास्तविकरूपममा हुनेछ। |
| २१:४ | अहिलेको मेरो शरीरको सबै आँशुहरू र कमजोरीहरू केवल अस्थायी हुन् भनी सम्झन्छु। सिद्ध वास्तविक कुरा अगाडि आउनेवाला छ! |
| २१:७-८ | विजय गर्ने व्यक्ति हुनु! |
| २१:१६ | एउटै कुराको खोजी गर्नु र त्यो भनेको मेरो जीवनको सबै दिन परमेश्वरको उपस्थितिमा बस्नु र उहाँको सुन्दर विशेषताहरू, वचनहरू र कामहरूमा मनन गर्नु (भजनसङ्ग्रह २७:४)। |
| २१:१७ | येशू ख्रीष्टले पर्खालले झैं मलाई सुरक्षा दिनुहुन्छ भन्ने कुरामा कहिल्यै सङ्का गर्दिनँ (यूहन्ना १७:१२)। |
| २१:१८-२१ | परमेश्वरको विभिन्न बुद्धिको घोषणा गर्नु (एफिसी ३:१०; याकूब ३:१७)। |
| २१:२२ | संसारको सबै विश्वासीहरू येशू ख्रीष्टमा परमेश्वरको मन्दिर हुन् र पवित्र आत्माद्वारा परमेश्वर तिनीहरूमा वास गर्नु हुन्छ (एफिसी २:२२)। तर ख्रीष्टमा परमेश्वर हाम्रो अन्तिम मन्दिर हुनुहुनेछ भनी अपेक्षा गर्छु। |
| २१:२३ | येशू ख्रीष्टको मुहार हेरेर जीवित परमेश्वरलाई अझ राम्रोसँग जान्नको निम्ति निरन्तर कोसिस गर्छु (२ कोरिन्थी ४:६)। |
| २१:२५ | ढोका अझै खुल्ला छ र परमेश्वरको अनुग्रहद्वारा बचाइने समय अझै छ भनी अरू मानिसहरूलाई बताउँछु (लूका ४:१७-२१ सँग तुलाना गर्नुहोस्)! |
| २१:२६ | येशू ख्रीष्टको लागि गरेझैं गरी हरेक कुरा गर्नेछु (मेरो अध्ययन, काम, सम्बन्धहरू आदि) (कलस्सी १:१६; ३:१७)। |
| २१:२७ | सबै लाजमर्दो र धोकापूर्ण अभ्यासहरूबाट अलग हुन्छु |
| २२:२ | मेरा विगतका चोट र दागहरू चङ्गाइ गर्न परमेश्वरलाई अनुमति दिन्छु। |
| २२:३ | येशू ख्रीष्टजस्तै भएर यो पृथ्वीमा जिउनेछु- सेवा पाउनलाई होइन, सेवा दिनलाई (मर्कूस १०:४५)। |

मेरो हृदय र समझ माथिका कुराहरूमा लगाउँछु, र त्यहाँ ख्रीष्ट हुनुहुन्छ, तर पृथ्वीका सांसारिक कुराहरू होइनन् (कलस्सी ३:१-४)। विश्वास र प्रेममा मात्र बढ्दैजाने होइन, तर आशामा पनि बढ्न जरुरी छ (हिब्रू ६:११-१२; १०:२३)!

## २. व्यक्तिगत प्रयोगका केही उदाहरणहरू

क. यो पृथ्वीमा म विदेशी र अपरिचित व्यक्ति हु, र मेरो साँचो नागरिकताचाहिँ स्वर्गीय यरूशलेममा छ भन्ने कुरा म याद गर्दछु। यसले मलाई यो संसारको कुराहरूबाट अलग रहन सहायता गर्छ। म आफैलाई स्वर्गको सम्पत्ति झैं भण्डार गर्न चाहन्छु (मत्ती ६:१९-२१; कलस्सी ३:१-४)।

ख. मैले भविष्यमा हुने नयाँ पृथ्वीमा गर्ने कुराहरू अहिले नै मेरो वर्तमान जीवनमा यो पृथ्वीमा अभ्यास गर्न चाहन्छु। म परमेश्वरसँग सङ्गति गर्न चाहन्छु, उहाँको आराधना गर्न चाहन्छु, उहाँको सेवा गर्न चाहन्छु र परमेश्वरको राज्यमा महिमित र आदरयोग्य हुने गरी मानिसहरू र वस्तुहरू ल्याउन चाहन्छु। सबै कुराहरूभन्दा बढी म परमेश्वरको राज्य खोजी गर्छु (मत्ती ६:३३)!

---

**चरण : ५ - प्रार्थना गर्नुहोस्।** **प्रतिक्रिया**

प्रकाश २१:१-२२:६ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

| | |
|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट)<br>**अन्तरबिन्ती प्रार्थना** |

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

| | |
|---|---|
| ६ | **गृहकार्यको तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** समूहको सदस्यहरूलाई एउटा सम्भावित कुरा जीवनमा लागू गर्न प्रतिवद्ध गराउनुहोस्।

**२. परमेश्वरसँग व्यक्तिगत समय -** यूहन्ना ७:५३-११:३७ बाट प्रत्येक दिन आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।

**३. पद कण्ठ गर्नुहोस् -** बाइबलको नयाँ पदलाई मनन गरेर त्यसलाई कण्ठ गर्नुहोस्। परमेश्वरको अगुवाइको निश्चयता : हितोपदेश ३:५-६ कण्ठ गर्नुहोस्। तपाईंले कण्ठ गरिसक्नुभएको तीन वटा बाइबल पदहरूलाई पुनरवलोकन गर्नुहोस्।

**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

**५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्-** तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।

# पाठ : ११

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गरेर तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | आराधना (२० मिनेट)<br>परमेश्वर मेरो सहयोगी हुनुहुन्छ |
|---|---|

**शिक्षा दिनुहोस् -** 'आराधना' के हो? 'आराधना'को परिभाषा यस्तो छ :
आराधना भनेको परमेश्वरप्रतिको श्रद्धा, उपासना, अधिनता र समर्पणताको मनोवृत्ति हो। आराधनालाई विभिन्न किसिमको प्रार्थाना र हाम्रो दैनिक जीवन जिउने तरिकाद्वारा व्यक्त गरिन्छ।
परमेश्वरको आराधना गर्नको निम्ति उहाँ को हुनुहुन्छ भनी हामीले जान्नु आवश्यक छ। आराधना गर्ने हरेक समयमा हामी परमेश्वरको एउटा विशेषता सिक्छौं।

(**समूहको अगुवा -** परमेश्वर मेरो सहयोगी हुनुहुन्छ भन्ने बारेको शिक्षा पढ्नुहोस्।)

## विषय : परमेश्वर मेरो सहयोगी हुनुहुन्छ

व्यवस्था १:२९-३३; हिब्रू १३:५-६ पढ्नुहोस्।

### १. परमेश्वरले हाम्रो सत्रुहरूको विरुद्धमा हामीलाई सहायता गर्नुहुन्छ

**हरेक विश्वासीसँग सत्रुहरू हुन्छन्**

यी सत्रुहरू येशू ख्रीष्टमा भएको हाम्रो विश्वासलाई घृणा गर्ने कोही मानिसहरू हुन सक्छन्। तिनीहरू येशू ख्रीष्टमा भएको हाम्रो विश्वासलाई नष्ट पार्ने लक्ष्य राख्ने दुष्ट आत्माहरू हुन सक्छन्। कहिलेकाहिँ तिनीहरू हाम्रो आफ्नै परिवारका सदस्यहरू अथवा मण्डलीका नयाँ-जन्म नपाएका सदस्यहरू हुन सक्छन्। प्राय: हामीमा भएको पुरानो पापमय स्वभाव हाम्रो सबैभन्दा ठूलो सत्रु हुन्छ।

तर परमेश्वर हाम्रो सहयोगी हुनुहुन्छ। "म तिमीसँग हुनेछु र म तिम्रो लागि लड्नेछु" भनी उहाँले भन्नुहुन्छ। कसरी परमेश्वर हाम्रो लागि लड्नुहुन्छ?

**कहिलेकाहिँ परमेश्वरले हाम्रो सत्रुहरूलाई हटाउनुहुन्छ**

२ इतिहास २०:१२-१७,२२-२३ पढ्नुहोस्। उहाँ हाम्रो लागि लड्नुहुन्छ र उहाँको शक्ति र विजय हामीलाई हेर्न र अवलोकन गर्न लगाउनु हुन्छ।

**कहिलेकाहिँ हाम्रो सत्रुहरूसँग हामी आफैले समाना गर्नैपर्छ**

लूका ६:२७-२८; १ पत्रुस २:२१-२३ पढ्नुहोस्। कहिलेकाहिँ परमेश्वरले हाम्रो सत्रुहरूलाई हामीबाट हटाउनुहुन्न, किनभने हाम्रो सत्रुहरूलाई प्रयोग गरेर उहाँले हाम्रो चरित्र निर्माणको तालिम दिन चाहनुहुन्छ, अनि हामीलाई खराब मानिसहरूप्रति भलाइ गर्न सिकाउन चाहनुहुन्छ र उहाँले आफूमा महिमा ल्याउन चाहनु हुन्छ! हाम्रो सत्रुहरूप्रतिको हाम्रो प्रतिक्रियाले परमेश्वरलाई प्रसन्न तुल्याउँछ भने, प्राय: उहाँले हाम्रो सत्रुहरूलाई हामीसँग मिलापमा राख्नु हुन्छ (हितोपदेश १६:७)। अरू

समयहरूमा चाहिँ परमेश्वरले हामीलाई आत्मिक हातहतियार दिएर युद्ध गर्नको निम्ति सुसज्जित पार्न चाहनुहुन्छ। सत्रुको विरुद्धमा खडा हुनको लागि हामीले परमेश्वरका सारा हातहतियार धारण गर्नैपर्छ भनी एफिसी ६:१०-१७ ले सिकाउँछ।

## २. परमेश्वरले हाम्रो परिस्थितिहरूमा हामीलाई सहायता गर्नु हुन्छ

कल्पना गर्ने हो भने, मरुभूमिमा हिँड्नु र त्यहाँ बस्नु निकै कठिन कुरा हो किनभने त्यहाँ दिनमा धेरै गरम हुन्छ अनि रातमा धेरै चिसो हुन्छ। त्यहाँ पानी, खानेकुरा र बस्ने ठाउँको कुनै प्राकृतिक स्रोत हुँदैन। त्यहाँ सत्रुहरूले आक्रमण गर्न सक्ने भएकोले त्यो सबैतिरबाट असुरक्षित हुन्छ। त्यस्तो ठाउँमा ४० वर्ष लामो समयसम्म बस्नु अति नै कठिन हुन्छ! पुरानो करारमा परमेश्वरका जनहरूले त्यस्तै परिस्थितिहरू भोग्नु पर्‍यो। तैपनि, पिताले आफ्नै पुत्रलाई बोकेझैं गरी परमेश्वरले आफ्ना जनहरूलाई तिनीहरूको अन्तिम गन्तव्यसम्म नपुगेसम्मै त्यस्तै परिस्थितिहरूबाट लैजानुभयो। कहिलेकाहिँ, परमेश्वरले हामीबाट कठिन परिस्थितिहरू हटाउनुहुन्न बरु त्यस्तो कठिन परिस्थितिहरूको सामना गर्न हामीलाई एक्लै छोडिदिनु हुन्छ। परमेश्वरले हामीलाई कठिन परिस्थितिहरूबाट भएर जान दिनु हुन्छ, किनभने उहाँले हामीलाई आफ्नो अत्याधिक आत्मविश्वास, अहमपन र आफूमा भर पर्ने स्वभावलाई परिवर्तन गरेर उहाँमा भर पर्ने नम्र व्यक्ति बनाउन चाहनुहुन्छ। त्यसको निम्ति परमेश्वरले हामीलाई त्यस्तै कठिन परिस्थितिहरूबाट लैजानु हुन्छ। उहाँले हामीले त्यसरी लैजादैगर्दा, उहाँको नजिक जान अनि उहाँको बुद्धि, शक्ति, उद्धार र सहायतामा हामी उहाँमा भर पर्नको निम्ति उहाँले हामीलाई तालिम दिइरहनुभएको हुन्छ।

## ३. परमेश्वरले हाम्रो यात्रामा हामीलाई सहायता गर्नु हुन्छ

अर्को अति कठिन काम भनेको अन्जान गन्तव्यतिर जाँदा अन्जान भूमिमा यात्रा गर्नु हो। हाम्रो जीवनको यात्रा पनि त्यस्तै छ। हामी यो मार्गमा पहिले कहिल्यै हिँडेका छैनौँ। विश्वासद्वारा उक्त यात्राले हामीलाई कतातिर डोर्‍याउँछ भनी हामीले जाने तापनि, आफ्नो अनुभवद्वारा त्यो यात्राले कता डोर्‍याउँछ भनी हामी जान्दैनौँ। हामीले अझसम्म उक्त अन्तिम गन्तव्य अनुभव गरेका छैनौँ। परमेश्वरविना हाम्रो जीवन-यात्रा अगाडि बढाउनु भनेको दिशा बताउने कम्पास र पतवारविना पानीजहाजलाई समुद्रमा अघि बढाउनुजस्तै हो। त्यसो भयो भने हाम्रो जीवन-यात्राले दिशा पत्ता लगाउन नसकेर नियन्त्रणभन्दा बाहिर जान्छ। परमेश्वरविना कुन दिशातिर जाने भनेर हामी कहिले पनि निश्चित हुन सक्दैनौँ। परमेश्वरविना हामी पक्कै हाम्रो मार्ग गुमाउँछौँ। परमेश्वरविना यात्रामा अघि जान आवश्यक आत्मविश्वासको पनि हामीमा कमी हुनेछ। परमेश्वरविना हामीले यात्रामा कहिले अनि कुन ठाउँमा विश्राम लिनुपर्ने, सो जान्दैनौँ।

तर हाम्रो जीवन-यात्रामा हामी जानु पर्ने बाटो देखाउन र विश्राम गर्ने ठाउँको खोजी गर्न, परमेश्वर स्वयम् हामीभन्दा अगाडि जाँदैहुनुहुन्छ। साधरणतया, परमेश्वरले हामीलाई धेरै लामो बाटो एकैचोटि देखाउनु हुन्न, किनभने हामीलाई उहाँले आफ्नो अगुवाइमा निश्चयता गर्न अनि हाम्रो हातले उहाँको हात समाती एकपटकमा एक पाइला अघि सार्न हामीलाई तालिम दिँदैहुनुहुन्छ। परमेश्वरले एक पटकमा एक पाइलो गरी अघि बढाउँदै हामीलाई बाटो देखाउनुहुन्छ (भजनसङ्ग्र ११९:१०५ सँग तुलना गर्नुहोस्)।

**समूहको अगुवा -** तपाईंलाई सहायता गर्नु भनेको परमेश्वरको विशेषता भएकोले उहाँको आराधना गर्नुहोस्। तीन-तीन जनाको सानो समूहमा आराधना गर्नुहोस्।

| ३ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट)<br>**यूहन्ना** |
|---|---|

तोकिएको बाइबल खण्ड (यूहन्ना ७:५३-११:३७) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)।
अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस्। उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ४ | **शिक्षा** (७० मिनेट)<br>[सङ्गति] एक-अर्काप्रति हाम्रो जिम्मेवारीहरू |
|---|---|

## क. इसाई सङ्गतिको महत्व

**इसाई सङ्गतिको स्वभाव र महत्व के-के हुन्?**
**यूहन्ना १३:३४-३५ पढ्नुहोस्।**

**टिप्पणी -** इसाई सङ्गति भनेको आधारभूतरूपमा 'ख्रीष्टले हामीलाई प्रेम गर्नुभएझैं गरी एकले अर्कालाई प्रेम गर्नु' हो। तलका कुराहरूलाई ध्यान दिनुहोस्।

**इसाई सङ्गति आज्ञा हो। यो कुनै विकल्प होइन।**
**इसाई सङ्गति अरूबाट भिन्न देखिने विशेषता हो।**

एकले अर्कालाई प्रेम गर्नु अति महत्वपूर्ण विशेषता हो, जसले इसाईहरूलाई अरू मानिसहरूबाट छुट्ट्याउँछ। प्रेमले मानिसहरूलाई ख्रीष्टतिर आकर्षित गर्छ र ख्रीष्टको लागि महिमा ल्याउँछ।

**एक-अर्काप्रतिको हाम्रो जिम्मेवारीहरूको सन्दर्भमा इसाई सङ्गतिलाई परिभाषित गरिन्छ।**

बाइबलअनुसार, हामीसँग एक-अर्काको निम्ति थुप्रै जिम्मेवारीहरू छन्।

---

## ख. इसाई सङ्गतिको विशेषताहरू

### १. इसाई सङ्गतिलाई परमेश्वर र परमेश्वरको समुदायसँगको सम्बन्धहरूद्वारा चित्रण गरिन्छ

**इसाईहरूको घनिष्ठ सम्बन्ध कोसँग हुन्छ?**

१ यूहन्ना १:३ (१ कोरिन्थी १:९; १२:१२-१३;२५; एफिसी २:१८; ३:१२; हिब्रू ४:१५-१६) पढ्नुहोस्।

**टिप्पणी -** इसाईहरूको घनिष्ठ सम्बन्ध पिता परमेश्वर, येशू ख्रीष्ट र पवित्र आत्मासँग हुन्छ र त्यसैगरी इसाई समुदायमा एक-अर्कोसँग पनि हुन्छ, जुन ख्रीष्टको शरीर हो। व्यक्तिगतरूपमा इसाई शरीरको सदस्य भएकोले गर्दा, उसलाई येशू ख्रीष्टबाट अलत गर्न सकिँदैन किनकि उहाँ उसको शिर हुनु हुन्छ। त्यसैगरी उसलाई इसाई मण्डलीबाट अलग गर्न सकिँदैन किनभने त्यो उसको शरीर हो।

### २. इसाई सङ्गतिलाई समूहको सम्बन्धहरूद्वारा चित्रण गरिन्छ

**सङ्गतिको समयहरूमा इसाईहरूले के-के गर्छन्?**

प्रेरित २:४२ (प्रेरित ५:४२; एफिसी ५:१९) पढ्नुहोस्।

**टिप्पणी -** इसाईहरू नियमितरूपमा सानो अथवा ठूलो समूहहरूमा भेट्ने गर्छन्। त्यस्ता समूहको भेटघाटहरूमा इसाईहरूले सुसमाचार प्रचार गर्ने गर्छन्, बाइबल अध्ययन र सिकाउने गर्छन्, गीत-भजन गाउँछन्, प्रार्थना गर्छन् र सँगै बसेर खान्छन्।

### ३. इसाई सङ्गतिलाई जिम्मेवारीहरूको सम्बन्धहरूद्वारा चित्रण गरिन्छ

**सिकाउनुहोस् -** बाइबलमा उल्लिखित एक-अर्काप्रतिका हाम्रो जिम्मेवारीहरूलाई अध्ययन गर्नु भनेको इसाई सङ्गतिलाई राम्रोसँग बुझ्ने तरिका हो। तपाईंले बाइबलको थुप्रै खण्डहरूमा 'एकले अर्कोलाई' भन्ने शब्दहरू पढ्नुहुन्छ; जस्तै: 'एकले

अर्कोलाई प्रेम गर', 'एकले अर्कोलाई सिकाओ', 'एकले अर्कोको सेवा गर' आदि। एक-अर्काप्रति गर्नुपर्ने यी जिम्मेवारीहरू विश्वभरिका हरेक इसाईले अरू इसाईहरूप्रति गर्नु पर्ने जिम्मेवारीहरू हुन्।

एक-अर्काप्रतिको यी जिम्मेवारीहरूलाई 'इसाई व्यवस्था' बनाइयो भने चाहिँ ठूलो परीक्षा आउनेछ किनभने त्यो गह्रौँ भारी हुन जानेछ। कुनै पनि इसाईले यी सबै जिम्मेवारीहरू उही समयमा अथवा सबै समयहरूमा अभ्यास गर्न वा लागू गर्न सक्दैनन्! परमेश्वरले डोर्‍याउनुहुने तपाईंको वृद्धि र जीवन साथै उहाँले तपाईंलाई दिनुहुने अनुग्रह र वरदानहरूअनुसार आफूलाई एक-अर्काप्रतिको यी जिम्मेवारीहरूको निम्ति प्रदान गरोस् भनी परमेश्वर चाहनुहुन्छ।

**सूझाव -** यी जिम्मेवारीहरूमध्ये एउटा छान्नुहोस् र केही महिनासम्म त्यसलाई अभ्यास गर्नुहोस्।

### ४. मुख्य जिम्मेवारी

१ थेसलोनिके ३:१२ (१ कोरिन्थी १३:४-७) पढ्नुहोस्।

'ख्रीष्टले हामीलाई प्रेम गर्नुभएझैँ एकले अर्कोलाई प्रेम गर्नु मुख्य जिम्मेवारी हो।' यो इसाई सङ्गतिको एक मात्र मापदण्ड हो!

**सम्भावित प्रयोगहरू -** 'प्रेम गर्नु' भनेको कुनै व्यक्तिले पाप गर्दा, उप्रति धिरजी हनु र उक्त व्यक्तिप्रति दयालु भई तीक्तता नराख्नु हो। त्यसैगरी कुनै व्यक्ति समाजबाट बहिष्कृत गरिँदा अथवा सहायताविहिन हुँदा अथवा उसले सत्रुजस्तो व्यवहार गर्दा पनि उसलाई प्रेम गर्नु हो। प्रेम गर्नु भनेको कुनै व्यक्तिले तपाईंलाई प्रेम गर्दैन भने पनि उसको निम्ति केही सकारात्मक कुराहरू गर्न चासो देखाएर त्यो काम सुरु गर्नु हो। प्रेम गर्नु भनेको अर्को व्यक्तिको लागि तपाईंको जीवन दिनु हो। अर्को व्यक्तिलाई १ कोरिन्थी १३:१-८ मा उल्लेख गरिएको किसिमले प्रेम गर्नु हो। इसाई सङ्गति भनेको आज्ञा मात्र होइन, तर पवित्र आत्मा वास गर्नुभएर यसलाई सम्भव तुल्याएको हुन्छ (रोमी ५:५)।

---

## ग. एक-अर्काप्रति इसाई मनोवृत्तिहरू

### १. रोमी १२:१० पढ्नुहोस्।

**भातृ-प्रेम राखेर एक-अर्काप्रति समर्पित हुनु र एकले अर्कालाई आदर गर्नु इसाईहरूको जिम्मेवारीहरू हुन्।**

**सम्भावित प्रयोगहरू -** भातृ-प्रेम इसाईहरूको माझमा मात्र गरिने प्रेम हो, र त्यसमा नजिक अनि घनिष्ठ सम्बन्ध स्थापित गरी तपाईंको स्नेह प्रकट गरी गहिरो आत्मिक एकता कायम राख्नु हो। आदर गर्नु भनेको अरू इसाईहरूको असल शब्दहरू र कामहरू असल अभिप्रायद्वारा गरिएका हुन् भनी ठान्नु हो र प्रत्यक्ष खराब ढाँचाको प्रमाण नभेट्टाएसम्म त्यसलाई खराब अभिप्रायबाट हेरिनु हुँदैन। त्यसैगरी आदर गर्नु भनेको अर्को व्यक्तिलाई हानि नपुर्‍याई उसँग राम्रो किसिमले बोल्नु हो।

### २. रोमी १३:८-१० पढ्नुहोस्।

**एकले अर्कोको हानि नगर्नु इसाई जिम्मेवारी हो।**

**सम्भावित प्रयोगहरू -** व्यभिचारद्वारा अर्को महिलालाई हानि पुर्‍याउने होइन, तर वैवाहिक सम्बन्धलाई पवित्रतासँग कायम राख्नु पर्छ। हत्या गर्नु हुँदैन, तर आफ्नु छिमेकीलाई जीवित र स्वस्थ रहन सहायता गर्नु पर्छ। चोरी गर्ने होइन, तर आफ्नो छिमेकीको सम्पत्तिको सुरक्षा गर्नु पर्छ। लोभ गर्ने होइन, तर तपाईंको छिमेकीको मनपर्दा थोकहरूमा तपाईंले आनन्दित हुन सक्नु पर्छ।

### ३. एफिसी ४:३२ पढ्नुहोस्।

**एक-अर्काप्रति दयालु हुनु, एक-अर्काप्रति सहनुभूति देखाउनु र एकले अर्कालाई क्षमा दिनु इसाई जिम्मेवारीहरू हुन्।**

**सम्भावित प्रयोगहरू -** दयालु हुनु भनेको अर्को व्यक्तिप्रति मित्रता र भद्रपन प्रकट गर्नु हो, तर उसको आलोचना गर्ने, दोष खोज्ने र घृणा गर्ने होइन। यसको अर्थ सहायता गर्ने बाटोहरू हेर्ने र अर्को व्यक्तिको खाँचोहरू पूरा गरिदिने हो। सहानुभूति प्रकट गर्ने भनेको हृदयदेखि नै एक-अर्काप्रति असल भावना राख्नु हो। क्षमा दिनु भनेको तपाईंको छिमेकीको दोष र अपराधलाई पक्रेर नबस्ने तर उसको निम्ति प्रार्थना गर्नु हो।

### ४. कलस्सी ३:१३ पढ्नुहोस्।

**एक-अर्काको विरुद्धमा जेजस्तो गुनासोहरू भए तापनि, त्यसलाई क्षमा दिनु इसाई जिम्मेवारी हो।**

**सम्भावित प्रयोग -** प्रभुले तपाईंलाई क्षमा दिनुभए जस्तै गरी क्षमा दिनु। सात गुणा सत्तरीपटक क्षमा दिनु (नरोकीकन निरन्तर क्षमा दिनु)। आफ्नो छिमेकीलाई हृदयबाट नै क्षमा दिनु। जजसले अरूहरूलाई क्षमा गर्दैनन्, तिनीहरूले परमेश्वरबाट पनि क्षमा पाउँदैनन।

### ५. एक-अर्काप्रतिको मनोवृत्तिहरूको सम्बन्धमा अन्य जिम्मेवारीहरू

रोमी १५:१-७ (एकले अर्कोलाई स्वीकार गर्नु)। रोमी १६:१६ (पवित्र चुम्बनद्वारा एकले अर्कोलाई अभिवादन गर्नु)। गलाती ५:२६ (घमण्डद्वारा एकले अर्कालाई रीस नउठाउनु र एकले अर्काको ईर्ष्या नगर्नु)। एफिसी ४:२ (एकले अर्कालाई सहनु)। एफिसी ५:२१ (एक अर्काको अधिनमा बस्नु)। १ थेसलोनिकी ५:१३ (एक अर्कासँग मिलाप बस्नु)। १ थेसलोनिकी ५:१५ (एक अर्काप्रति सधैँ दयालु हुनु)। १ पत्रुस ५:५-६ (एक अर्काप्रति नम्रताको वस्त्र धारण गर्नु)।

---

## घ. एक अर्काप्रति इसाई बोलिवचन

### १. रोमी १४:१३ पढ्नुहोस्।

**एकले अर्काको न्याय गर्न बन्द गर्नु इसाई जिम्मेवारी हो।**

**सम्भावित प्रयोगहरू -** कमजोरले बलियोको आलोचना गर्न बन्द गर्नु पर्छ र बलियोले पनि कमजोरको गल्ती खोज्न बन्द गर्नु पर्छ। कुनै इसाईले आफ्नो विश्वासलाई जसरी अभ्यास गरेको छ, ठ्याक्कै त्यसरी नै अरू इसाईहरूले अभ्यास गर्नुपर्छ भनी तिनीहरूलाई जबरजस्ती गर्नु हुँदैन; जस्तै: कस्तो किसिमको खानाहरू सुहाँउदा छन् अनि कुन किसिमका दिनहरूलाई विशेष मान्ने भन्ने विषयहरूमा तिनीहरूले अरूको विचारको विविधतालाई सम्मान गर्नुपर्छ। बरु ख्रीष्टको प्रभावकारी गवाही हुनको निम्ति प्रत्येक समूहले अर्को समूहलाई सहायता गर्नु पर्छ।

### २. कलस्सी ३:९ पढ्नुहोस्।

**एकले अर्काप्रति झूट नबोल्नु इसाई जिम्मेवारी हो।**

**सम्भावित प्रयोगहरू -** अर्को व्यक्तिलाई निर्माण गर्ने र तपाईंको प्रेमप्रति उसलाई विश्वास दिलाउने किसिमले उसप्रति सत्य कुरा बोल्नु। यदि तपाईंलाई मन छैन भने कसैको निम्ति प्रार्थना गरिदिन्छु भनी प्रतिज्ञा नगर्नुहोस्।

### ३. कलस्सी ३:१६ पढ्नुहोस्।

**एकले अर्कालाई सिकाउनु अनि एकले अर्कालाई हप्काउनु इसाई जिम्मेवारीहरू हुन्।**

**सम्भावित प्रयोगहरू -** सिकाउने कामको बोलावट र त्यस्तो कर्तव्य केवल पास्टर र मण्डलीका अगुवाहरूको मात्र होइन, तर त्यो हरेक इसाईको कर्तव्य हो! इसाईहरू एकले अर्कालाई सिकाउनु पर्छ। उदाहरणको लागि, आफूले परमेश्वरसँग शान्त समय बिताउँदा पाएको कुरा बाँडेर तिनीहरूले एक-अर्कालाई सिकाउन सक्छन्, त्यस्तैगरी सँगै मिलेर बाइबल अध्ययन गरेर, आफ्नो गवाही दिएर अनि सिकाएर र प्रचार गरेर एकले अर्कालाई सिकाउन सक्छन्। हप्काउनु भनेको चाहिँ कमजोरी र

असफल क्षेत्रहरूमा एकले अर्कालाई परामर्श दिनु हो। यो एकले अर्कोलाई चेताउनी दिनुजस्तै हो। त्यसैगरी बाइबलमा भएका परमेश्वरको शिक्षाहरू र आज्ञाहरूलाई एक-अर्काको मनमा छाप लगाउनु हो (व्यवस्था ६:६-७)।

### ४. हिब्रू १०:२४-२५ पढ्नुहोस्।

एकले अर्कोलाई प्रेम गर्न प्रोत्साहन दिनु, असल कामहरू गर्न एकले अर्कोलाई प्रोत्साहन दिनु र एकले अर्कोसँग भेट्न उत्साह दिनु इसाई जिम्मेवारीहरू हुन्।

**सम्भावित प्रयोगहरू -** प्रोत्साहन दिनु भनेको एक-अर्कामा प्रेमिलो सम्बन्ध राख्न र अरूलाई फाइदा हुने कामहरू गर्न उत्तेजित पार्नु हो। उत्साह दिनु भनेको इसाईहरू एकले अर्काप्रति प्रेम गर्न र असल कामहरू गर्न इसाई समूहमा नियमितरूपमा भेट्न एक-आपसमा सहभागी हुन प्रेरित गर्नु हो।

### ५. बोलिवचनसम्बन्धी एक-अर्काप्रतिको अन्य जिम्मेवारीहरू

रोमी १५:१४ (एकले अर्कालाई शिक्षा दिनु)। १ कोरिन्थी १:१० (एक-आपसमा कुराकानी गर्दा एकै मनको हुनु)। एफिसी ५:१९ (गीत-भजनद्वारा एक-आपसमा बोल्नु)। १ थेसलोनिकी ५:११ (एकले अर्कोलाई सान्त्वना र उत्साह दिनु अनि एकले अर्कोलाई सुधार गरेर दह्रिलो बनाउनु)। हिब्रू ३:१२-१३ (एकले अर्कोलाई उत्साह दिनु)। याकूब ४:११ (एकले अर्काको निन्दा नगर्नु)। याकूब ५:९ (एकले अर्काको विरुद्धमा गनगन नगर्नु)। याकूब ५:१६ (एक-अर्काप्रति आफ्नो पाप स्वीकार गर्नु र एकले अर्काको निम्ति प्रार्थना गर्नु)।

---

## ङ. एक-अर्काप्रति इसाई क्रियाकलापहरू

### १. १ कोरिन्थी १२:२५ पढ्नुहोस्।

**एकले अर्कालाई समान वास्ता गर्नु इसाई जिम्मेवारी हो।**

**सम्भावित प्रयोगहरू -** विशेषगरी तपाईंको सेवाको खाँचो परेका इसाईहरूको सेवाको निम्ति परमेश्वरले तपाईंलाई दिनुभएको क्षमताहरू र अवसरहरू प्रयोग गर्नु। एकातर्फ, कमजोरलाई सहायता गर्नु हो भने अर्कोतर्फ, बलियोलाई तालिम दिनु हो। कुनै विशेष समूहका मानिसहरूप्रति पक्षपात नदेखाउनुहोस्।

### २. गलाती ६:२,५ पढ्नुहोस्।

**एकले अर्काको बोझहरू बोक्नु तर अरू मानसिहरूको भारीहरूचाहिँ नबोक्नु इसाई जिम्मेवारीहरू हुन्।**

**सम्वाभित प्रयोगहरू -** आफूले सकेसम्म अरू इसाईहरूको बोझहरू बोक्न सहायता गर्नु इसाईहरूको जिम्मेवारी हो र विशेष गरी दु:खद घटनाहरूमा, रुवाबासीमा अथवा केही कुरा गुमाएर हानि-नोक्सानी हुँदा एकले अर्कालाई सहायता गर्नु पर्छ। तर, त्यसो भन्दैमा तिनीहरू आफै जिम्मेवार हुनु पर्ने कुराहरू; जस्तै: तिनीहरूको विचारहरू, मनोवृत्तिहरू, आस्थाहरू, खाँचोहरू, छनौटहरू, मूल्य-मान्यताहरू र त्यसैगरी तिनीहरूको समय, सम्पत्तिहरू, सीपहरू, शरीरहरू र बानीव्यहोराको बोझहरूको जिम्मेवार अरू इसाईहरू हुनु हुँदैन।

### ३. १ पत्रुस ४:९ पढ्नुहोस्।

**एकले अर्कोप्रति बिना गनगन अतिथिसत्कार गर्नु इसाई जिम्मेवारी हो।**

**सम्भावित प्रयोगहरू -** अरू ठाउँका इसाई कामदारहरूलाई खानेकुरा र बस्ने ठाउँ दिनु अनि तपाईंकै क्षेत्रमा बस्ने खाँचोमा परेका दाजुभाइ-दिदीबहिनीहरूलाई पनि ती कुराहरूमा सहायता गर्नु।

### ४. क्रियाकलापहरूसम्बन्धी एकले अर्काप्रति गर्नुपर्ने अन्य जिम्मेवारीहरू

यूहन्ना १३:१४ (एकले अर्काको गोडा धुनु)। यूहन्ना १५:१२ (एकले अर्कालाई प्रेम गर्नु)। गलाती ५:१३ (एकले अर्कालाई प्रेममा सेवा गर्नु)। १ पत्रुस ४:१०-११ (आफूले पाएको वरदानहरू एक-अर्काको सेवाको निम्ति प्रयोग गर्नु)। १ यूहन्ना १:७ (एक-अर्कामा सङ्गति गर्नु)।

**सारंश -** इसाई सङ्गतिले तपाईंको हृदयको मनोवृत्तिको क्षेत्रहरू, तपाईंको मुखको वचनहरू र तपाईंको व्यवहारले गर्ने कामहरूद्वारा एक-अर्काप्रतिको जिम्मेवारीहरूलाई पूरा गर्ने कुराहरूलाई समेट्छ।

---

## च. व्यवहारिक अभ्यास

### १. लक्ष्यहरू निर्धारण गर्नुहोस्

तपाईं इसाई समूह अथवा मण्डलीमा भएको हैसियतले एक-अर्काप्रति गर्नुपर्ने एउटा जिम्मेवारी रोज्नुहोस् र त्यसलाई समूह र व्यक्तिगतरूपमा केही महिनासम्म अभ्यास गर्नुहोस्।

### २. नाटक मञ्चन गर्नुहोस्

तीन-चार जनाको समूहमा विभाजित हुनुहोस् अनि प्रत्येक समूहमा एकले अर्कोप्रति गर्नुपर्ने जिम्मेवारीहरूको बारेमा दुई मिनेट लामो नाटक तयार गर्नुहोस्। उक्त नाटकलाई अरू समूहका मानिसहरूका माझमा देखाउनुहोस्।

| | |
|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट)<br>**परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना** |

तपाईंले आज जे कुरा सिक्नुभयो, त्यसको प्रतिक्रिया जनाउँदै पालैपालो छोटकरीमा परमेश्वरसँग प्रार्थना गर्नुहोस्। अथवा, दुई वा तीन जनाको समूहमा विभाजन हुनुहोस् र तपाईंले आज सिक्नुभएको कुराप्रति प्रतिक्रिया जनाउँदै परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

| | |
|---|---|
| ६ | **गृहकार्यको निम्ति तयारी** (२ मिनेट)<br>**अर्को हप्ताको लागि** |

(**समूहको अगुवा -** यो तयारीको कागज समूहका सदस्यहरूलाई दिनुहोस् अथवा तिनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** आत्मिक परिपक्वतामा वृद्धि हुँदैजान र फलदायी हुन प्रतिवद्धता गर्नुहोस्।

**२. परमेश्वरसँग व्यक्तिगत समय -** प्रत्येक दिन यूहन्ना ११:३८-१४:३१ बाट आधा अध्यायबाट परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मनपर्ने सत्यता पत्ता लगाउने विधिको प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

**३. बाइबल अध्ययन -** तपाईंले घरमा अर्को बाइबल अध्ययन तयार गर्नुहोस्। यूहन्ना १५:१-१७ (विषय: कसरी म फल फलाउँछु?) बाइबल अध्ययनको लागी पाँच वटा चरणहरू भएको विधि प्रयोग गर्नुहोस्। टिप्पणीहरू लेख्नुहोस्।

**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

**५. चेलाहरू बनाउने तपाईंको नोटबुकलाई अद्यावधिक गर्नुहोस्।** त्यसको निम्ति आराधनाको टिप्पणीहरू, परमेश्वरसँग व्यक्तिगत समय बिताउँदको टिप्पणीहरू, शिक्षा दिँदाको टिप्पणीहरू र यो तयारीलाई समावेश गर्नुहोस्।

# पाठ : १२

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गरेर तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **सिकेको कुरा बाड्नु** (२० मिनेट)<br>**यूहन्ना** |
|---|---|

तपाईंलाई तोकिएको बाइबल खण्ड (यूहन्ना ११:३८-१४:३१) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)।

सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस। उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ३ | **बाइबल पद कण्ठ गर्नु** (२० मिनेट)<br>**इसाई निश्चयताहरूबारेका बाइबल पदहरूको पुनरवलोकन** |
|---|---|

## क. कण्ठ गरिएका बाइबल पदहरू पुनरवलोकन गर्ने विधि

पहिल्यै कण्ठ गरिएका बाइबल पदहरूलाई पुनरवलोकन गर्ने भागहरू यी हुन् :

### १. पुनरवलोकन गर्नुहोस्

पुनरवलोकन गर्नु भनेको तपाईंले कण्ठ गर्नुभएको ५ वटा बाइबल पदहरू हरेक दिन एकपटक दोहोर्‍याउनु हो। बाइबल पदहरू सम्झिरहने र त्यसलाई सही किसिमले उद्धरण गर्ने उत्तम तरिका भनेको ती पदहरूलाई दोहोर्‍याउनु हो। त्यसकारण, तपाईंले कण्ठ गर्नुभएको ५ वटा बाइबल पदहरूलाई कम्तीमा दिनको एकपटक ५ हप्तासम्म पुनरवलोकन गर्नुहोस्। यसरी तपाईंले हरेक नयाँ बाइबल पदलाई पुन: पुनरवलोकन विधिमा जानुभन्दा पहिले ३५ पटक पुनरवलोकन गर्नु हुन्छ।

### २. पुन: पुनरवलोकनहोस्

पुन: पुनरवलोकन गर्नु भनेको तपाईंले पहिल्यै कण्ठ गरिसक्नुभएको बाइबल पदहरूलाई हरेक ३ हप्तामा एकपटक फेरि पुनरवलोकन गर्नु हो। तपाईंले पहिले नै कण्ठ गरिसक्नुभएको सबै बाइबल पदहरू सम्झनको लागि उत्तम तरिका भनेको पुन: पुनरवलोकन गर्नु हो। त्यसकारण, तपाईंले पहिल्यै कण्ठ गरिसक्नु भएको १०० वटा बाइबल पदहरूमध्ये ५ वटालाई हरेक दिन पुन: पुनरवलोकन गर्नुहोस्। यसरी तपाईंले पहिले नै कण्ठ गरिसक्नु भएको सबै बाइबल पदहरूलाई हरेक ३ हप्तामा एकपटक पुन: पुनरवलोकन गर्नुहोस्।

### ३. बोक्नुहोस्

बाइबल पदहरू लेखिएको तपाईंको कार्ड अथवा नोटबुकलाई काम गर्ने ठाउँमा बोकेर जानुहोस्। ती बाइबल पदहरूलाई गाडीमा यात्रा गर्दा अथवा दिउँसो फुर्सदको समयमा निकालेर पुनरवलोकन र मनन गर्नुहोस् अनि प्रार्थना गर्नुहोस्। त्यसरी एक दिनमा तपाईंले कण्ठ गर्नुभएको ५ वटा बाइबल पदहरूलाई पुनरवलोकन गर्नुहोस्। तपाईंले पहिल्यै कण्ठ गरिसक्नुभएको केही बाइबल पदहरूलाई पुन: पुनरवलोकन गर्नुहोस्। ती पदहरूमा भएका कुराहरू मनन गरी प्रार्थना गर्नुहोस्।

### ४. जाँच गर्नुहोस्

तपाईंले कण्ठ गर्नुभएको बाइबल पदहरू अझै तपाईंलाई ठीकसँग थाहा छ कि छैन भनी हेर्न एकले अर्को व्यक्तिलाई जाँच गर्नुहोस्। समूहको हरेक भेटघाटमा दुई-दुई जना बसेर भर्खरै कण्ठ गर्नुभएको बाइबल पद पालैपालो जाँच गर्नुहोस्। तपाईंलाई बाइबल खण्ड, त्यसको शीर्षक र पूरै पद विना गल्ती थाहा छ कि छैन भनी एकले अर्कोलाई पालैपालो जाँच गर्नुहोस्। सङ्केतको लागि आफ्नो साथीलाई कहिले शीर्षक, कहिले बाइबल खण्ड र कहिले उक्त पदको केही सुरुका शब्दहरू दिने गर्नुहोस्।

---

## ख. दुई-दुई जना बसेर इसाई निश्चयतासम्बन्धी पदहरू पुनरवलोकन गर्नुहोस्

| | |
|---|---|
| १. मुक्तिको निश्चयता : यूहन्ना १०:२८<br>२. प्रार्थनाको उत्तरको निश्चयता : यूहन्ना १६:२४<br>३. विजयको निश्चयता : १ कोरिन्थी १०:१३ | ४. क्षमादानको निश्चयता : १ यूहन्ना १:९<br>५. परमेश्वरको अगुवाइको निश्चयता : हितोपदेश ३:५-६ |

| | |
|---|---|
| ४ | **बाइबल अध्ययन** (७० मिनेट)<br>**कसरी म फल फलाउँछु?** **यूहन्ना १५:१-१७** |

यूहन्ना १५:१-१७ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

**चरण: १ - पढ्नुहोस्।** **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर यहून्ना १५:१-१७ पढौं।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौं।

---

**चरण: २ - पत्ता लगाउनुहोस्।** **अवलोकनहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
**लेख्नुहोस् -** यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौं।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

**यहून्ना १५:५**

**खोज १ : ख्रीष्टमा रहनुको महत्व**

"दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहेँ भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ।" म परमेश्वरको निम्ति प्रशस्त फल फलाउने व्यक्ति हुन चाहन्छु। यो पदले मलाई भन्दछ, कि म येशू ख्रीष्टमा रहेँ भने र उहाँ ममा रहनुभयो भने मात्र यो कुरा सम्भव हुनेछ। वास्तवमा, येशू ख्रीष्टविना सदासर्वदा महत्व रहिरहने कुनै कुरा म गर्न सक्दिनँ। कहिलेकाहिँ यो सत्यताले मलाई भयभीत पार्छ, किनभने म निकै सक्रिय इसाई हुँ। अब म आफैलाई प्रश्न गर्छु, कि के मेरो सबै क्रियाकलापहरूले अनन्तमा परमेश्वरको निम्ति फल फलाउला त? जबसम्म म ख्रीष्टमा रहन्छु र उहाँ ममा रहनुहुनेछ, तबसम्म मात्र मेरो सबै क्रियाकलापहरूले अनन्तमा परमेश्वरको निम्ति फल फलाउनेछ भनी निरन्तर विश्वास गर्न सक्छु। एक दिन म यो पत्ता लगाउन चाहन्नँ, कि म परमेश्वरको निम्ति धेरै सक्रिय भए तापनि मैले उहाँको निम्ति कुनै फल फलाइनँ।

---

**यहून्ना १५:८**

**खोज २ : परमेश्वरको महिमा गर्नुको महत्व**

"तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गर्‍यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ।" म मेरो जीवनमा परमेश्वरको महिमा गर्न चाहन्छु। परमेश्वरको महिमा गर्ने तरिका भनेको प्रशस्त फल फलाउनु हो। अनि प्रशस्त फल फलाउने तरिका भनेको म ख्रीष्टमा रहनु र उहाँ ममा रहनु हो। मेरो लागि यो स्पष्ट छ, कि परमेश्वरको महिमा गर्नु नै इसाईको सबैभन्दा उच्च लक्ष्य हो। त्यसकारण, येशू ख्रीष्टसँग उसको निरन्तर सम्बन्ध रहिरहनु र ऊ फलवन्त भइरहनु इसाई जीवनमा नभई नहुने दुई कुराहरू हुन्।

---

**चरण: ३ - प्रश्न** **व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
यूहन्ना १५:१-१७ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
**लेख्नुहोस् -** आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

**यहून्ना १५:१-१७**

**प्रश्न १ : यूहन्ना १५:१-१७ के हो? के यो सीधा शिक्षा हो? के यो दृष्टान्त हो? के यो प्रतीक-कथा (Allegory) हो?**

**टिप्पणी -** यूहन्ना १४:१५-२७ बाइबलमा भएको सीधा शिक्षाको उदाहरण हो। लूका १०:३०-३५ चाहिँ दृष्टान्तको उदाहरण हो। सांसारिक कथाभित्र स्वर्गीय अर्थ हुन्छ भने त्यसलाई दृष्टान्त भनिन्छ। दृष्टान्तमा एउटा मात्र मुख्य सन्देश हुन्छ; जस्तै: असल सामरीको दृष्टान्तको मुख्य सन्देश यही हो: "तिमीले जसलाई दया देखाउँछौ, तिमी त्यसैको छिमेकी हौ।"

बाइबलमा यूहन्ना १०:१-१६ र यूहन्ना १५:१-१७ प्रतीककथाको (एलेगोरीको) उदाहरणहरू हुन्। प्रतीककथालाई विस्तृतरूपमा तुलना गरिन्छ र यसमा तुलना गर्न मिल्ने कही बुँदाहरू हुन्छन्। उदाहरणको लागि दाखको बोट र हाँगाहरूको प्रतीककथामा हेर्ने हो भने 'किसान'ले परमेश्वरलाई प्रतिनिधित्व गर्छ, 'दाखको बोट'ले येशू ख्रीष्टलाई प्रतिनिधित्व गर्छ, 'फल फलाउने हाँगा'ले साँचो इसाईहरूलाई प्रतिनिधित्व गर्छ र 'कहिल्यै फल नफलाउने हाँगा'ले चाहिँ नामधारी इसाईहरू अथवा अविश्वासीहरूलाई प्रतिनिधित्व गर्छ। यहाँ दाखको बोट र हाँगाहरू- यी दुवैले मानिसहरूलाई बुझाउने भएको कारणले गर्दा फलले पनि पहिले मानिसहरूलाई नै बुझाउँछ। येशू ख्रीष्ट वास्तवमै हाँगाहरू र अङ्गुरहरू फलेको दाखको बोट हुनुहुन्छ भनी यो प्रतीककथाले बताउँदैन। यसले येशू र मानिसहरूको सम्बन्धलाई दाखको बोट र हाँगाहरूसँग तुलना गर्न सकिन्छ भनी सङ्केत गर्छ। प्रतीककथामा भएका चिन्हहरूको हरेक विशेषतालाई हामीले व्याख्या गर्ने कोसिस गर्नु हुँदैन।

---

**यूहन्ना १५:२**

**प्रश्न २ : हामी इसाईहरूले फलाउनुपर्ने 'फल'को स्वभाव के हो?**

**टिप्पणी -** बाइबलमा 'फल' भन्ने शब्दको फरक-फरक अर्थहरू छन्।

कलस्सी १:६ मा सुसमाचार प्रचार गर्नेहरूले उत्पादन गरको फल भनेको नयाँ इसाई विश्वासीहरू हुन्।
यूहन्ना १५:१६ मा 'रहिरहने फल' भनेको परिपक्व इसाई विश्वासीहरू (चेलाहरू) हुन्। परिपक्वतामा बढेका नयाँ इसाईहरू, जो पुरानो जीवनको ढाँचामा फर्केर जाँदैनन्, तिनीहरूलाई 'रहिरहने फल' भनिन्छ।

लूका ३:८-१४ मा फल भनेको पश्चातापसाथ गरिएका असल कामहरू हुन् (एफिसी २:१० सँग तुलना गर्नुहोस्)।
गलाती ५:२२-२३ मा उल्लिखित 'आत्माको फल'चाहिँ इसाई चरित्रसम्बन्धी फरक पक्षहरू हुन्।
तसर्थ, सारंशमा भन्ने हो भने इसाईहरूले सुसमाचारको फल (नयाँ इसाई विश्वासीहरू); चेला निर्माणको फल (परिपक्व इसाई विश्वासीहरू); असल कामहरूको फल (इसाई क्रियाकलापहरू) र आत्माको फल (इसाई चरित्र) जस्ता कुराहरू फलाएको ख्रीष्टले अपेक्षा गर्नु हुन्छ।

---

**यूहन्ना १५:२**

**प्रश्न ३ : छिँवल्नुले के कुरालाई सङ्केत गर्छ?**

**टिप्पणी -** परमेश्वरले सुकेका मृत अनि फलविहिन हाँगाहरूलाई काटेर अन्तिम न्यायमा हाल्नुहुँदा (अविश्वासीहरूलाई, मत्ती १३:४१ सँग तुलना गर्नुहोस्), जिउँदो र फल फलाउने हाँगाहरूलाई (विश्वासीहरूलाई) चाहिँ छिँवल्नु हुन्छ। यहाँ छिँवल्नुले जीवनमा आइपर्ने हप्काइ, अनुशासन, दु:ख-कष्ट र विरोधजस्ता कुराहरूलाई सङ्केत गर्छ। विश्वासीहरूलाई परिवर्तन गरी अझ धेरै फल फलाउन सक्ने तुल्याउनको निम्ति कठिन परिस्थितिहरूद्वारा तालिम दिइन्छ भन्ने कुरालाई यसले सङ्केत गर्छ।

---

**यूहन्ना १५:३**

**प्रश्न ४ : कुन 'शब्द'ले चेलाहरूलाई शुद्ध पाऱ्यो?**

**टिप्पणी -** मानिसलाई नयाँ जन्म र धार्मिकतातिर (justification) डोऱ्याउने सुसमाचारको वचनले ती चेलाहरूलाई शुद्ध पाऱ्यो (याकूब १:१८: १ पत्रुस १:२३)। त्यसैगरी यसले शुद्धिकरणतिर डोऱ्याउने इसाई शिक्षालाई बुझाउँछ (एफिसी ५:२६)।

---

**यूहन्ना १५:४-५**
**प्रश्न ५ : फल फलाउने मानिसहरू को हुन?**

**टिप्पणी -** यूहन्ना १५:४ मा हामी यसरी पढ्छौँ, "ममा रहो, र म तिमीहरूमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ।" ती मानिसहरू, जो येशू ख्रीष्टको नजिक आउँछन्, उहाँलाई आफ्ना हृदय र जीवनमा स्वीकार गर्छन् र हरेक दिन उहाँसँग निरन्तर सम्बन्ध राख्छन्, तिनीहरूले नै फल फलाउँछन। ख्रीष्ट तिनीहरूमा रहनुहुने भएकोले गर्दा नै तिनीहरू फल फलाउन सचेत, परिश्रमी र दृढ रहिरन्छन्।

---

**यूहन्ना १५:६**
**प्रश्न ६ : फल नफलाउने मानिसहरू को हुन्?**

**टिप्पणी -** यो प्रतीककथाले दाखको बोटको वृद्धिको प्रक्रियालाई व्याख्या गर्दैन अर्थात् विगतमा कुनै समय त्यो बोटमा हरिया पातहरू थिए अनि फल पनि लागेका थिए र पछि त्यो सुकेर गयो, फलविहिन भयो र अन्तमा मऱ्यो अनि त्यसलाई काटेर फालियो भनेर यसले व्याख्या गर्दैन। बरू यो प्रतीककथाले दुई किसमका हाँगाहरू भएको दाखको बोटको वर्तमान तस्वीरलाई व्याख्या गर्दछ: फल फलाउने जीवित हाँगाहरू र फल नभएका मृत हाँगाहरू। यो प्रतीककथाले उक्त मृत सुकेको हाँगाको इतिहासलाई व्याख्या गर्दैन! तसर्थ, कसैले पनि येशूको उक्त तस्वीरमा आफ्नै विचारहरू र अनावश्यक प्रश्नहरू थप्नु हुँदैन।

फल फलाउने हाँगाहरूले साँचो विश्वासीहरूलाई बुझाउँछ। तर फल नफलाउने हाँगाहरूले पहिले विश्वास गर्ने अनि पछि विश्वासबाट पतन भएका मानिसहरूलाई बुझाउँदैन। ती काटेर आगोमा फालिएका हाँगाहरूले यस्ता मानिसहरूलाई बुझाउँछ, जो जीवित होइनन् (ख्रीष्टसँग आन्तरिकरूपमा नजोडिएका), र ख्रीष्टसँग निजकको सम्बन्धमा हुँदा पनि तिनीहरूले कहल्यै फल फलाएनन्। यद्यपि तिनीहरू कुनै समय मण्डलीमा ख्रीष्टको नजिक पुगेका भए तापनि तिनीहरू कहले पनि ख्रीष्टमा थिएनन् र तिनीहरू कहिले पनि साँचो विश्वासीहरू भएनन्। तिनीहरूले आफू ख्रीष्टसँगको नजिकको सम्बन्धमा छौँ भने तापनि, त्यो केवल बाहिरी सम्बन्ध मात्र थियो तर नयाँ जन्म पाएको सम्बन्ध थिएन (यूहन्ना ३:३-८)। यसको निष्कर्ष यही हो, कि नयाँ जन्म पाइसकेका विश्वासीहरूले फेरि तिनीहरूका मुक्ति गुमाउनेछन् भनी यो प्रतीककथाले सिकाउँदैन। यस किसिमका अनुमानका भरमा दिइने शिक्षाले यूहन्ना ५:२४ र १०:२८ मा भएका येशू ख्रीष्टको स्पष्ट शिक्षाहरूलाई अमिल्दो बनाउँछ। बाइबलले कहिले पनि त्यस्ता अमिल्दो अनि अन्तर्विरोधी सत्यताहरू सिकाउँदैन!

त्यसको सट्टामा नामधारी इसाईहरू फलविहिन रहनेछन् र नयाँ जन्म पाएका इसाईहरूले प्रशस्त फल फलाउनेछन् भनी यो प्रतीककथाले सिकाउँछ! त्यसकारण, फल नफलाउने मानिसहरू येशू ख्रीष्टको नजिको सम्पर्कमा त आउँछन्, तर तिनीहरूले उहाँलाई ग्रहण गर्दैनन्। तिनीहरूले येशू ख्रीष्टसँग बाहिरी देखावटी सम्बन्ध मात्र राख्छन्। तिनीहरू इसाई समुदाय, मण्डली र इसाई गतिविधिहरूमा सहभागी हुन सक्छन्, तर येशू ख्रीष्ट तिनीहरूमा वास नगर्नुहुने भएकोले गर्दा तिनीहरूले अनन्तसम्म महत्व राख्ने कुनै फल फलाउन सक्दैनन्। येशू ख्रीष्टको नजिकको सम्पर्कमा ल्याइएका प्रत्येक व्यक्तिको जिम्मेवारीलाई उहाँले जोर दिनुहुन्छ: यदि उसले परमेश्वरको वचन र उसले प्राप्त गरेको ज्योतिलाई इन्कार गर्छ भने, यस्तो समय आउनेछ, कि परमेश्वरले उसको निम्ति अगाडि आउने सबै काम बन्द गरिदिनु हुनेछ। पवित्र आत्माले अब उसको निम्ति निवेदन गर्नुहुने छैन, उसको विवेकले उसलाई चेताउनी दिने छैन र उसको हृदय कठोर हुँदैजानेछ। अन्तमा, उसलाई इन्कार गरिनेछ र नरकमा फालिनेछ (यशैया ६:९-१०; मत्ती १३:११-१५; हिब्रू ३:७-११ सँग तुलाना गर्नुहोस्)। यो कुरा स्पष्ट छ, कि यस्तो व्यक्तिले वास्तवमा नयाँ जन्म पाएकै हुँदैन!

ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले अहिलेको वर्तमान इसाई समुदायलाई हेर्ने हो भने, यो परमेश्वरको राज्यको एक भाग हो, जसमा साँचो इसाईहरू र नामधारी इसाईहरू समुदायमा मिश्रितरूपमा बसिरहेका छन् (मत्ती १३:२४-३०;३६-४३)। ती नामधारी इसाईहरू प्राय: साँचो इसाईहरूजस्तै देखिन्छन्, तर तिनीहरूको हृदय र जीवनमा नयाँ जन्म पाएका हुँदैनन्। उदाहरणको लागि भन्ने हो भने तिनीहरू वास्तविक विश्वासीहरूजस्तै गरी बोल्ने र काम गर्ने नामधारी विश्वासीहरू हुन्छन् (मत्ती ७:२१-२२)। तिनीहरू गहूँजस्तै देखिने घाँसहरू हुन् (मत्ती १३:२४-३०,४७)। तिनीहरू दाखको बोटमा भएको जस्तै देखिने तर सुकेका र फलविहिन हाँगाहरू हुन् (यूहन्ना १५:१-६)। तिनीहरू अर्कै येशूको प्रचार गर्ने झूटा प्रेरितहरू हुन्, तिनीहरूसँग फरक आत्मा हुन्छ र तिनीहरूले बाइबलको सुसमाचारभन्दा बेग्लै किसिमको सुसमाचार घोषणा गर्छन् (२ कोरिन्थी ११:४,१३-१५)। तिनीहरू सत्यलाई विकृत तुल्याउनको निम्ति मण्डलीमा घुस्ने झूटा भाइहरू हुन् (गलाती १:६-९; २:४-५)।

त्यस्ता मानिसहरूले ज्ञान प्राप्त गरेका, बप्तिस्मा लिएका, प्रभु भोजमा सहभागी भएका, परमेश्वरको वचन प्रचारमा रमाएका, र आफ्नो माझमा परमेश्वरका शक्तिशाली कार्यहरू देखेका (पवित्र आत्माले गर्नुभएको काममा हिस्सेदार भएका) पनि हुन सक्छन् तर पछि तिनीहरू पतन भई पछाडि हट्ने गर्छन्। तिनीहरूले येशूलाई फेरि क्रूसमा पार्ने काम गरेर उहाँलाई सार्वजिनकरूपमा शर्ममा पार्छन्। तिनीहरूका जीवनले निरन्तर व्यर्थका काँडा र सिउँडी उमार्न थालेपछि त्यसले श्राप ल्याउने खतरा हुन्छ। तिनीहरू जिउँदो हाँगाहरू नभएकोले गर्दा सधैँ त्यस्तै कुराहरू देखाउने गर्छन्। अन्तमा, तिनीहरूलाई जलाइनेछ (हिब्रू ६:४-८)। त्यस्ता मानसिहरूले साँच्चोरूफमा नयाँ जन्म पाए मात्र पूर्णरूपमा क्षमा पाउनेछन् (हिब्रू ८:१०-१२)।

---

**यूहन्ना १५:५,७**

**प्रश्न ७ : ख्रीष्टमा रहनु भनेको के हो?**

**टिप्पणी -** यूहन्ना १५:७ मा हामी पढ्छौ, "तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने ... ।" ख्रीष्टमा रहनु भनेको इसाईमा भएको ख्रीष्टको वचनहरूसँग सम्बन्धित कुरा हो। त्यसैगरी यूहन्ना १५:९-१० मा हामी पढ्छौँ, "... तिमीहरू मेरो प्रेममा रहो। ... मेरा आज्ञाहरू पालन गर्‍यौ भने ...।" ख्रीष्टमा रहनु भनेको ख्रीष्टको वचनहरू पलान गर्ने इसाईसँग सम्बन्धित कुरा हो। यद्यपि प्रत्येक इसाईसँग वचनहरूद्वारा बोल्ने ख्रीष्ट प्रथम हुनु हुन्छ र इसाईलाई प्रेम गर्ने पनि उहाँ नै प्रथम हुनु हुन्छ। ख्रीष्टको प्रेम र वचनहरूप्रति प्रतिक्रिया जनाउने इसाईको जिम्मेवारी रहन्छ। उसले येशू ख्रीष्टसँगको व्यक्तिगत सम्बन्धलाई कायम राख्न र निरन्तर उहाँको वचनप्रति आज्ञाकारी हुन प्रयत्न गर्नु पर्छ। इसाईले येशू ख्रीष्टलाई आफ्नो सारा हृदय, समझ र शक्तिले प्रेम गर्न अनि उहाँले सिकाउनुहुने कुराहरू पालन गर्नको निम्ति प्रयास गर्नु पर्छ। कुनै व्यक्तिले आफू इसाई हुँ भनी विचार गर्छ, तर येशू ख्रीष्टलाई प्रेम गर्दैन र उहाँका वचनहरू पालन गर्दैन भने, ऊ सुकेको हाँगाजस्तो तिरस्कृत भई आगोमा फालिने खतरामा पर्दछ।

**यूहन्ना १५:७**

**प्रश्न ८ : ख्रीष्टको वचनहरूमा रहने विश्वासीहरू र विश्वासीहरूमा रहने ख्रीष्टको वचनहरूमा के भिन्नता हुन्छ?**

**टिप्पणी -** येशू ख्रीष्टका साँचो चेलाहरूले बाइबलसँग केही कुरा गर्दछ भनी यूहन्ना ८:३१-३२ ले सिकाउँछ। ती चेलाहरू येशू ख्रीष्टको वचनहरूमा (शिक्षाहरूमा) रहन्छन्। यसको अर्थ के हो भने बाइबलमा भएका येशूका वचनहरूलाई सुन्नु, पढ्नु, अध्ययन गर्नु, मनन गर्नु, कण्ठ गर्नु, लागू गर्नु (पालन गर्नु) र त्यसलाई फैलाउनु तिनीहरूको जिम्मेवारी हो।

बाइबलमा भएका वचनहरूले साँचो चेलाहरूमा केही काम गर्छ भनी यूहन्ना १५:७ ले सिकाउँछ। साँचो चेलाहरूमा येशूको वचनहरू रहन्छन्। यसको अर्थ के हो भने येशू ख्रीष्टको वचनहरूले तिनीहरूका विचारहरू र दृढ विश्वासलाई, तिनीहरूका अभिप्रायहरू र मनोवृत्तिहरू, भावनाहरू अनि तिनीहरूको वचन र व्यवहारलाई प्रभाव पारी नियन्त्रणमा राख्नु विश्वासीहरूको जिम्मेवारी हो। यसलाई छोटकरीमा भन्ने हो भने येशूका वचनहरूले तिनीहरूलाई परिवर्तन (रूपान्तरण) गर्नै पर्छ!

**यूहन्ना १५:७**

**प्रश्न ९ - प्रार्थना र वचनको बीचमा कस्तो सम्बन्ध रहेको हुन्छ?**

**टिप्पणी -** यूहन्ना १५:७ मा हामी पढ्छौ, "... मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ।" जब कुनै इसाईले येशू ख्रीष्टका वचनहरूले उसको जीवनलाई प्रभाव पार्न र नियन्त्रण गर्न दिन्छ, तब उसका प्रार्थनाहरू प्रभावकारी हुनेछन्। त्यसो हुँदा उसले येशू ख्रीष्टको वचनहरूको विरुद्धमा कुनै कुरा नमाग्ने भएकोले गर्दा, उसले आफ्ना प्रार्थनाहरूको धेरै उत्तरहरू अनुभव गर्नेछ (१ यूहन्ना ५:१४)। यो अति महान् प्रतिज्ञा हो!

---

**यूहन्ना १५:८**

**प्रश्न १० - फलवन्त हुनुको मात्रा (परिमाण) के हो?**

**टिप्पणी -** यूहन्ना १५:५,८ अनुसार इसाईहरूले 'प्रशस्त फल' फलाउने अपेक्षा गरिएको छ। त्यसैले गर्दा परमेश्वरले तिनीहरूलाई छिँवल्नुहुन्छ (यूहन्ना १५:२)। परमेश्वरले इसाईहरूलाई छिँवल्नुहुँदा विभिन्न किसिमका दु:ख-कष्टहरूद्वारा उहाँले तिनीहरूलाई हप्काउनु हुन्छ, सच्याउनु हुन्छ र अनुशासन गर्नु हुन्छ। यूहन्ना १५:१६ अनुसार इसाईहरूले 'रहिरहने फल' फलाओस् भनी अपेक्षा गरिएको छ। त्यसैले गर्दा, परमेश्वर र अरू इसाईहरूले नयाँ विश्वासीहरूलाई वास्ता गरिरहनु हुन्छ। तिनीहरू अविश्वासमा पछि हटेर पतन भएको उहाँहरूले चाहनु हुन्न। मत्ती १३ अध्यायमा भएको बिउ छर्ने किसानको दृष्टान्तअनुसार केही इसाईहरूले १०० गुणा फल फलाउँछन्, केहीले ६० गुणा र अरू केहीले ३० गुणा फल फलाउँछन्।

केही इसाईहरूले अरू इसाईहरूभन्दा बढी फल फलाउनुको कारणहरू यस्ता हुन सक्छन्:

- धेरै फल फलाउनेहरू परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउँदा अरूभन्दा बढी मात्रामा धिरजी, निश्चयतायोग्य, वफादार, परिश्रमी, साहसी र नम्र हुन्छन्।
- तिनीहरू सुसमाचार प्रचारको काम र चेला निर्माणको काममा अरूहरूभन्दा बढी उत्पादनशील हुन्छन्।
- तिनीहरूले हाम्रा परमेश्वर, जो एक मात्र दाता (दिने) र न्यायधीस हुनुहुन्छ, उहाँबाट फरक व्यक्तित्वहरू, फरक आत्मिक वरदानहरू र जीवनमा फरक परिस्थितिहरू पाएका हुन्छन्।

---

**यूहन्ना १५:९-१२**
**प्रश्न ११ - कसरी इसाईहरूले एकले अर्कालाई प्रेम गर्न सक्छन्?**

**टिप्पणी -** यूहन्ना १५:१-११ ले "ख्रीष्ट र उहाँको प्रेममा रहनू" भन्दछ! अनि यूहन्ना १५:१२-१७ ले "एकले अर्कालाई प्रेम गर" भन्दछ! त्यसकारण, यो स्पष्ट छ, कि जब इसाईहरू येशू ख्रीष्टमा र ख्रीष्टको प्रेममा रहन्छन्, तब मात्र तिनीहरू एकले अर्कालाई प्रेम गर्न सक्छन्। जब इसाईहरूले येशू ख्रीष्टसँग व्यक्तिगत सम्बन्ध स्थापित गर्न प्रयास गर्छन्, र ख्रीष्टको शिक्षाहरू पालन गर्न निरन्तर प्रयत्न गर्छन्, तब मात्र एक अर्कालाई प्रेम गर्ने क्षमता येशू ख्रीष्टले तिनीहरूलाई दिनुहुनेछ! मर्कूस १२:३०-३१ मा येशू ख्रीष्टले परमेश्वरलाई प्रेम गर्न र आफैलाई झैँ आफ्नो छिमेकीलाई प्रेम गर्ने आज्ञा दिनु हुन्छ। तर रोमी ५:५ अनुसार परमेश्वरले पवित्र आत्माद्वारा इसाईहरूको हृदयमा उहाँको प्रेम खन्याउनु हुन्छ। जब परमेश्वरले इसाईहरूलाई आज्ञा दिनु हुन्छ, तब उहाँले त्यसलाई पालन गर्ने क्षमता पनि दिनु हुन्छ! तसर्थ, परमेश्वरले प्रेम गर्ने आज्ञा मात्र दिनु हुन्न, प्रेम पनि दिनु हुन्छ!

---

**यूहन्ना १५:१०,१४**

**प्रश्न १२ - आज्ञाकारिता र प्रेमको बीचमा कस्तो सम्बन्ध हुन्छ?**

**टिप्पणी -** येशू ख्रीष्टमा रहने, ख्रीष्टको प्रेममा रहने र ख्रीष्टको मित्रतामा रहने व्यवहारिक तरिका भनेको उहाँका आज्ञाहरू पालन गर्नु हो! तर हाम्रो आज्ञाकारिता पहिला आएको होइन। पहिले येशू ख्रीष्ट नै विश्वासीहरूलाई बचाउन परमेश्वरको योजनाप्रति आज्ञाकारी हुनुभएर यस संसारमा आगनुभयो। हामीलाई प्रेम गरेर येशू ख्रीष्ट हाम्रै निम्ति मर्नुभयो। त्यसपछि हामीलाई सुसमाचार प्रचार गर्न येशू ख्रीष्टले कसैलाई पठाउनु भयो। हामीले विश्वास गरेपछि, येशू ख्रीष्टले हाम्रो हृदयमा उहाँको प्रेम र उहाँको पवित्र आत्मा खन्याउनुभयो। हाम्रो हृदयमा वास गर्नुहुने परमेश्वरको प्रेमद्वारा नै हामी ख्रीष्टको वचनहरू पालन गर्न चाहन्छौँ, ख्रीष्टको वचनहरू पालन गर्न सक्छौँ र ख्रीष्टको वचनहरू पलन गर्नेछौँ!

ख्रीष्टको वचनहरू पालन गरेपछि, येशू ख्रीष्टले हाम्रो हृदयमा अझ धेरै उहाँप्रतिको प्रेम हालिदिनुहुन्छ (सृष्टि गरिदिनु हुन्छ) र यसरी अर्को अझै असल प्रेमको चक्र सुरु हुँदछ! यसरी, ख्रीष्टको प्रेमले हाम्रो हृदयमा प्रेम उत्पन्न (सृष्टि) गर्दछ। हाम्रो प्रेमले आज्ञाकारितातिर डोऱ्याउँछ। हाम्रो आज्ञाकारिताले गर्दा येशू ख्रीष्टले हाम्रो हृदयमा अझ धेरै प्रेम सृष्टि गर्नुहुन्छ। अनि हाम्रो ठूलो प्रेमले हामीलाई ठूलो आज्ञाकारितातिर डोऱ्याउँछ। र यो प्रक्रिया यसरी नै अघि बढिरहन्छ।

---

**यूहन्ना १५:१३**

**प्रश्न १३ - 'ठूलो प्रेम'को अर्थ के हो?**

**टिप्पणी -** यूहन्ना १५:१२-१३ मा हामी पढ्छौँ, "मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरैँ, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर। आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन।" ठूलो किसिमको प्रेम भनेको यस्तो प्रेम हो, जसले उसको मित्रहरूको लागि प्राण अर्पण गरिदिन्छ। यही ठूलो प्रेमले येशू ख्रीष्टले हामीलाई प्रेम गर्नुभयो। उहाँ हाम्रै लागि क्रूसमा मर्नु भयो। उहाँको प्रेम विनास्वार्थको प्रेम थियो। त्यो आफैलाई बलिदान गर्ने प्रेम थियो। त्यही प्रेमले हामीलाई बचाएको हो। त्यो यस्तो किसिमको प्रेम हो, जसले हामीलाई सबैभन्दा असल तुल्याएको छ! यही नै ठूलो प्रेम हो।

र अब यही ठूलो प्रेमले एक अर्कालाई प्रेम गर्नू भनी येशू ख्रीष्टले हामी विश्वासीहरूलाई आज्ञा गर्नु हुन्छ। इसाईहरूले एक-अर्कालाई विना स्वार्थको प्रेमले प्रेम गर्नु पर्छ, र त्यो प्रेमले अरू मानिसहरूलाई यसरी प्रेम गर्नु पर्छ, कि तिनीहरू परमेश्वर र मानवजगतको निम्ति धेरै असल बन्न सकून्। पक्कै, हामी अरूहरूको निम्ति क्रूसमा मर्न सक्दैनौँ। तर हामी अरूहरूको निम्ति विनास्वार्थ र बलिदानपूर्ण तरिकाले जिउन सक्छौँ। यही नै ठूलो प्रेम हो!

---

**यूहन्ना १५:१६**

**प्रश्न १४ - प्रार्थना र फल फलाउने बीचमा कस्तो सम्बन्ध रहेको हुन्छ?**

**टिप्पणी -** यूहन्ना १५:१६ मा हामी पढ्छौँ, "...मैले तिमीहरूलाई चुनैँ र तिमीहरूलाई नियुक्त गरैँ, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्। यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ।" साँचो इसाईले फलको लागि प्रार्थना गर्नेछ र त्यो प्रार्थनाको उत्तरस्वरूप उसले फल फलाउनेछ। येशू ख्रीष्टले इसाईहरूलाई रहिरहने फल फलाउन पठाउनुहुँदा, हामी इसाईहरूले त्यो काम केवल येशू ख्रीष्टको शक्ति, बुद्धि र प्रेममा मात्र गर्न सक्छौँ भनी थाहा पाउँछौँ। त्यसकारण, हामी इसाईहरूले मानिसहरूकहाँ जानको निम्ति साहस र आज्ञाकारिताको निम्ति प्रार्थना गर्दछौँ र ती मानिसहरू रहिरहने फल होऊन् भनी उहाँको शक्ति, बुद्धि र प्रेमको लागि प्रार्थना गर्दछौँ। हामीले रहिरहने फलको निम्ति प्रार्थनाको साथसाथै काम पनि गरेका हुनाले हाम्रो प्रार्थनाहरूको उत्तर आउनेछन् भनी येशू ख्रीष्टले प्रतिज्ञा गर्नु हुन्छ!

---

**चरण ४ - लागू गर्नु** **प्रयोगहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
**सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् -** एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र यहून्ना १५:१-१७ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
**ध्यान दिनुहोस् -** यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
**लेख्नुहोस् -** उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्।
(हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

## १. यूहन्ना १५:१-१७ बाट निकालिएका सम्भावित प्रयोगसम्बन्धी केही उदाहरणहरू

१५:१ म बुझ्दछु, कि येशू ख्रीष्टबाहेक अर्को कुनै मुक्तिदाता छैन। उहाँ मात्र साँचो दाखको बोट हुनुहुन्छ।

१५:२ परमेश्वर पितालाई (किसानलाई) म मेरो जीवन निरन्तर छिँवल्न दिन्छु, ताकि मैले साँचो फल, प्रशस्त फल र रहिरहने फल फलाउनु सक्षम हुन सकूँ।

१५:३ सुसमाचारमा विश्वास गर्नुहोस् र विश्वासद्वारा धर्मी ठहरिनुहोस्। म बाइबलको धेरैभन्दा धेरै वचनहरूमा विश्वास गर्छु, ताकि मेरो जीवनको धेरैभन्दा धेरै क्षेत्रहरू धार्मिक र पवित्र हुन सकोस्।

१५:४-५ म येशू ख्रीष्टसँग निरन्तर अनि जीवित सम्बन्धमा रहन्छु र येशू ख्रीष्ट ममा रहनुहुन्छ भने मात्र म प्रशस्त फल फलाउँछु र त्यो फल रहिरहनेछ भन्ने कुरा म सधैँ याद गर्नेछु।

१५:६ मण्डलीमा आउने मानिसहरूलाई तिनीहरूका हृदय र जीवनमा येशू ख्रीष्टलाई साँचोरूपमा स्वीकार गर्न सहायता गर्नुहोस् (२ कोरिन्थी १३:५)।

१५:७ बाइबलको वचनहरूले मलाई परिवर्तन गर्न र मलाई नियन्त्रण गर्नको निम्ति मेरो जीवनको सबै क्षेत्रहरूमा प्रभाव पार्न अनुमति दिन्छु।

१५:८ फल फलाउनु नै चेलाको विशेषता हो भनी बुझ्नुहोस्। येशू ख्रीष्टको निम्ति प्रशस्त फल फलाउन समर्पित हुनुहोस्।

१५:९-१० येशूको वचनहरू पालन गर्दै निरन्तर उहाँसँग प्रेमिलो सम्बन्धमा रहनुहोस् (यूहन्ना १४:२१,२३)।

१५:११ इसाई आनन्द भनेको सांसारिक सफलता र खुसीयालीको नतिजा होइन। यो त येशू ख्रीष्टसँगको जीवित सम्बन्ध, बाइबलको वचनहरू पालना र प्रार्थनाहरूको उत्तरको नतिजा हो।

१५:१३ म महान् प्रेमको अभ्यास गर्छु, जुन मेरा मित्रहरूका लागि मेरो जीवन दिनु हो।

१५:१४ म येशू ख्रीष्टको वचनहरू पालन गरेर उहाँको मित्र बन्छु (याकूब ४:४)।

१५:१५ म येशू ख्रीष्टबाट मैले सिकेका कुराहरू मेरा मित्रहरूसँग बाँड्छु।

१५:१६ मानिसहरूलाई येशू ख्रीष्टको चेलाहरू बनाउनको निम्ति अरू मानिसहरूकहाँ र अरू राष्ट्रहरूमा जान पहल गर्नुहोस् (मत्ती २८:१८-२०)।

१५:१६ म महान् आदेशमा (मत्ती २८:१८-२०) सङ्लग्न हुँदा ख्रीष्टले मेरो धेरै प्रार्थनाहरूको उत्तर दिनुहुनेछ भनी विश्वास गर्छु!

## २. व्यक्तिगत प्रयोगहरूका केही उदाहरणहरू

(क) परमेश्वरसँगको व्यक्तिगत सम्बन्ध अझै धेरै विकास गर्दै लैजानको निम्ति म परमेश्वरसँग उहाँको अनुग्रहको लागि अनुरोध गर्दछु। उहाँको वचनहरू कसरी पालन गर्ने भनी बुझ्नको लागि म हरेक दिन उहाँको वचन पढ्न र मनन गर्न यथेष्ठ समय बिताउन चाहन्छु। म यो विश्वास गर्दछु, कि ख्रीष्टको वचन पालना गर्नाले, मलाई ख्रीष्टप्रतिको ठूलो प्रेम र ठूलो फलवन्त जीवनतिर डोऱ्याउनेछ।

(ख) धेरै फल फलाउनको निम्ति र ती फलहरू रहिरहनको लागि आवश्यक अनुग्रहको निम्ति म परमेश्वरलाई अनुरोध गर्दछु। येशू ख्रीष्टले मलाई बचाउनुभएको छ र उहाँले मलाई उहाँको दाखको बोटमा जीवित हरियो हाँगा बनाउनुभएको छ। उहाँको जीवन पवित्र आत्माद्वारा भएर मभित्र बग्दछ र यही जीवनले मलाई फल फलाउन सक्ने तुल्याउँछ। म प्रशस्त फल फलाउन चाहन्छु। म रहिरहने फल फलाउन चाहन्छु। त्यसकारण, उहाँको वचनको आज्ञाकारिताद्वारा, प्रार्थनाद्वारा र उहाँको अरू सन्तानहरूलाई प्रेम गरेर म उहाँसँगको व्यक्तिगत सम्बन्ध निरन्तर विकास गर्दैजानेछु।

**चरण : ५ - प्रार्थना गर्नुहोस्।** **प्रतिक्रिया**

यहून्ना १५:१-१७ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौं।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

| | |
|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट)<br>**अन्तरबिन्ती प्रार्थना** |

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

| | |
|---|---|
| ६ | **गृहकार्यको तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** समूहको सदस्यहरूलाई एउटा सम्भावित कुरा जीवनमा लागू गर्न प्रतिवद्ध गराउनुहोस्।

**२. परमेश्वरसँग व्यक्तिगत समय -** यूहन्ना १५:१-१८:२७ बाट प्रत्येक दिन आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।

**३. पद कण्ठ गर्नुहोस् -** पहिले कण्ठ गर्नुभएको ५ वटा बाइबल पदहरू दैनिक पुनरवलोकन गर्ने बानी बसाल्नुहोस्।

आफूले भर्खरै कण्ठ गरेको तीन वटा बाइबल पदहरूलाई दैनिकरूपमा पुनरावलोकन गर्नुहोस्।

**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

**५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्-** तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।

परिशिष्ट १

## परमेश्वरसँग व्यक्तिगत समय बिताउने विधि
## मनपर्ने सत्यता पत्ता लगाउन विधि

## क. परमेश्वरसँग सङ्गति गर्ने व्यक्तिगत समय

### १. परमेश्वरसँग सङ्गति गर्ने व्यक्तिगत समय

परमेश्वरसँग व्यक्तिगत समय बिताउनु भनेको सुन्नु र बोल्नु दुवै हो। यो बाइबलका वचनहरू र पवित्र आत्माद्वारा तपाईंको हृदयमा बोल्नुहुने परमेश्वरको आवाजलाई सुन्नु हो र प्रार्थनाद्वारा उहाँसँग बोल्नु वा कुराकानी गर्नु हो।

### २. हरेक दिन विशेष समय छुट्ट्याउनुहोस्

परमेश्वरसँग सङ्गति गर्नको निम्ति हरेक दिन विशेष समय छुट्ट्यानुहोस्। बाइबलको एक अध्याय पढ्नुहोस्, अथवा यदि त्यो अध्याय निकै लामो छ भने त्यसको एक खण्ड पढ्नुहोस्। बाइबल पढ्ने कार्यक्रमलाई हेर्नुहोस् (निर्देशिक पुस्तक १, परिशिष्ट २ हेर्नुहोस्)। यो तालिमको पाठ्यक्रमले अर्को पाठ आउनुभन्दा अगाडिको ७ दिनसम्म कुन-कुन बाइबल खण्डहरू पढ्नुपर्ने भनी तोकिदिएको छ। यसले समूहका सदस्यहरूलाई सिकेको कुरा बाँड्ने समयमा बाइबलको विषयवस्तुहरू बुझ्न र एक-अर्काको अन्तर्दृष्टिबाट सिक्न सजिलो बनाउँछ।

### ३. नोटबुकमा टिप्पणी लेख्नुहोस्

प्रत्येकपटक परमेश्वरसँग शान्त समय बिताउँदा निस्केका केही विचारहरू आफ्नो नोटबुकमा लेख्नुहोस् (जस्तै: पत्ता लगाएका कुराहरू, सिकेको पाठहरू र त्यसबाट हुने फाइदाहरू आदि)। यसले ती कुराहरू सम्झी राख्न र आशिष् बाँड्ने समयमा बोल्न सजिलो बनाउँछ।

---

## ख. मनपर्ने सत्यता पत्ता लगाउने विधि

परमेश्वरसँग सङ्गति गर्न व्यक्तिगत समय बिताउने कही असल विधिहरू छन्। तीमध्ये 'मनपर्ने सत्यता पत्ता लगाउने विधि'मा पाँच वटा चरणहरू छन्। यो विधि र 'बाइबल अध्ययन गर्ने पाँच चरणहरूको विधि'को भिन्नतालाई ध्यान दिनुहोस्।

### चरण १ - प्रार्थना गर्नुहोस्

होसियारीसाथ परमेश्वरको उपस्थितिमा प्रवेश गर्दै परमेश्वरसँग व्यक्तिगत समय बिताउन सुरु गर्नुहोस्। बाइबलमा भएका उहाँका वचनहरूद्वारा र उहाँका आत्माद्वारा परमेश्वर तपाईंसँग व्यक्तिगतरूपमा बोल्नुभएको होस् भनी उहाँलाई अनुरोध गर्नुहोस्। बाइबलका वचनहरूद्वारा तपाईंको जीवन नवीकरण र बलियो बनाइदिनुहोस् भनी उहाँलाई प्रार्थनाद्वारा अनुरोध गर्नुहोस्; जस्तै: "प्रभु, मेरो आँखा खोलिदिनुहोस्, ताकि म तपाईंका वचनमा भएका सुन्दर कुराहरू देख्न सकूँ।" (भजनसङ्ग्रह ११९:१८)।

### चरण २ - पढ्नुहोस्

हरेक दिन उक्त हप्ताको तिम्ति तोकिएको सात वटा बाइबल खण्डहरूमध्ये एक-एक खण्ड पढ्नुहोस्।

### चरण ३ - तपाईंको मनपर्ने सत्यता छान्नुहोस्

तपाईंको 'मनपर्ने सत्यता' भनेको तपाईंले पढेको बाइबल खण्डको एउटा पद, केही पदहरू अथवा विशेष गरी एउटा सत्यता हुन सक्छ। यो यस्तो विचार वा सत्यता हो, जसले तपाईंको विचारलाई उत्तेजित पारी अथवा तपाईंको हृदयलाई छुने गरी परमेश्वर तपाईंसँग बोल्नु हुन्छ।

### चरण ४ - तपाईंको मनपर्ने सत्यतालाई मनन गर्नुहोस्

तपाईं परमेश्वरको वचनलाई मनन गर्नु हुन्छ किनभने तपाईं त्यहाँ भएको सत्यतालाई बुझ्न चाहनु हुन्छ, त्यसबाट नवीकरण बई शक्ति प्राप्त गर्न चाहनु हुन्छ र त्यसलाई आफ्नो जीवनमा प्रयोग वा लागू गर्न चाहनु हुन्छ। इसाईले गर्ने मननमा यी चार वटा भागहरू हुन्छन्:

- तपाईंको मनपर्ने सत्यताभित्र भएका फरक-फरक शब्दहरूको अर्थको बारेमा विचार गर्नुहोस्। त्यसको बारेमा आफैसँग यस्ता प्रश्नहरू सोध्नुहोस्, जस्तै: को? के? कहाँ? कहिले? किन? कसरी? आदि।
- तपाईंले ती कुराहरू विचार गर्दैगर्दा परमेश्वरसँग प्रार्थना गर्नुहोस्। आफ्नो समझ र हृदयमा परमेश्वर बोल्नुहोस् भनी अनुरोध गर्नुहोस्, ताकि उहाँले तपाईंलाई ती शब्दहरूको अर्थ व्याख्या गर्नुभएको होस् अथवा तपाईंले त्यसबाट के जानेको, के विश्वास गरेको, कस्तो भएको र के गरेको परमेश्वर चाहनुहुन्छ, सो प्रकट गरिदिनुहोस् भन्नुहोस्। अनि परमेश्वरले बोल्नुहुने कुराप्रति प्रतिक्रिया जनाउनुहोस्।
- तपाईंको व्यक्तिगत जीवन अथवा तपाईं बस्ने संसारसँग उक्त मनपर्ने सत्यतालाई तुलना गरेर हेर्नुहोस्। अनि आफैलाई यस्ता प्रश्नहरू सोध्नुहोस्: "यो सत्यताको प्रकाशमा मेरो आवश्यक्ता के हो?", "कसरी यो सत्यताले मलाई नवीकरण गर्छ वा बलियो बनाउँछ?", "मैले के जानेको, के विश्वास गरेको, कस्तो भएको वा के गरेको परमेश्वर चाहनु हुन्छ?"
- त्यसरी परमेश्वरसँग व्यक्तिगत समय बिताएर मनन गर्दा तपाईंको मनमा आएका अति महत्वपूर्ण विचारहरूलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।

### चरण ५ - तपाईंको मनपर्ने सत्यताको निम्ति प्रार्थना गर्नुहोस्

तपाईंको मनपर्ने सत्यता (तपाईंले मनन गर्दा निस्केका विचारहरू) -को लागि परमेश्वरसँग प्रार्थना गर्नुहोस्। यी चार फरक किसिमका मानिसहरूका लागि छोटकरीमा प्रार्थना गर्नुहोस्।

- उक्त मनपर्ने सत्यताबाट तपाईंको लागि प्रार्थना गर्नुहोस्।
- उक्त मनपर्ने सत्यताबाट तपाईंको परिवारको कुनै सदस्यको निम्ति प्रार्थना गर्नुहोस्।
- उक्त मनपर्ने सत्यताबाट तपाईंको नजिकमा रहने कुनै व्यक्तिको लागि प्रार्थना गर्नुहोस् (तपाईंको छिमेकी, तपाईंको मण्डली वा काम गर्ने ठाउँको कुनै व्यक्ति)।
- उक्त मनपर्ने सत्यताबाट तपाईंबाट टाढा बस्ने कुनै व्यक्तिको लागि प्रार्थना गर्नुहोस् (अर्को सहर वा अर्को देशमा बस्ने कुनै व्यक्ति)।

---

## ग. परमेश्वरसँग व्यक्तिगत समय बिताएको कुरा बाँड्नु

### १. सानो समूहको पाठमा बाँड्ने समय
हरेक पाठमा केही कुरा बाँड्ने समय छुट्ट्याइएको हुन्छ। समूहको हरेक सदस्यले विगतको हप्तामा बाइबलको ७ वटा खण्डहरूमध्ये एउटाबाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको आशिष् बाँड्ने मौका पाउँछ। त्यतिबेला प्रत्येक सदस्यले दुई मिनेटभन्दा लामो समय लिनु हुँदैन।

### २. एक व्यक्तिसँग आफ्नो कुरा बाँड्नु
कहिलेकाहिँ वृद्धि हुनको निम्ति एकले अर्कालाई उत्साह दिन दुई जना व्यक्तिहरू नियमित भेट गर्ने गर्छन्। त्यतिबेला बाइबल पढ्दा र परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिकेको कुराहरू एकले अर्कालाई बाँड्ने गर्छन्।

### ३. प्रश्नहरूको उत्तर दिनु
हरेक पाठमा समूहका सदस्यहरूले विगतको हप्तामा बाइबल पढ्दाखेरि निस्केका कठिन प्रश्नहरूको उत्तर समूहको अगुवाले दिन सक्छ।

---

परिशिष्ट २

## बाइबल पढ्ने कार्यक्रम

"सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्" (२ तिमोथी ३:१६-१७)।

### एकदेखि तीन वर्षको लागि बाइबल पढ्ने योजना

तपाईंको बाइबल व्यवस्थितरूपमा पढ्नुहोस्। बाइबल पढ्ने कार्यक्रमलाई प्रयोग गर्नुहोस्। तल दिइएको बाइबल पढ्ने कार्यक्रमले तपाईंको बाइबल एक, दुई वा तीन वर्षमा पढी सिध्याउने सम्भावना प्रदान गर्दछ।

- एक वर्षमा: प्रत्येक दिन तीन ठाडो लहर सबै पढ्नुहोस्।
- दुई वर्षमा: पहिलो वर्षमा प्रत्येक दिन नयाँ करारको लहर पढ्नुहोस् अनि देब्रेपट्टिको पुरानो करार लहर पढ्नुहोस्। दोस्रो वर्षमा प्रत्येक दिन नयाँ करारको लहर पढ्नुहोस् अनि दाहिनेपट्टिको पुरानो करार पढ्नुहोस्।
- तीन वर्षमा: प्रत्येक दिन एउटा मात्र लहर पढ्नुहोस्।

### बाइबल पढ्ने योजनालाई कसरी प्रयोग गर्ने?

तपाईंले पढ्नुहुने बाइबल खण्डलाई चिन्ह लगाउनुहोस्। परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, पारिवारिक आराधना गर्दा अथवा सुत्न जानुभन्दा पहिले तपाईंले बाइबल पढ्न सक्नु हुन्छ। तपाईंले बाइबल मण्डलीको सेवाहरूमा अथवा यात्रा गर्दा पनि पढ्न सक्नु हुन्छ। बाइबल पढ्न नसक्नेहरूको सामु अथवा यसको बारेमा कहिल्यै नसुनेका मानसिहरूको बीचमा ठूलो सोरमा बाइबल पढ्नुहोस्।

### तपाईंको बाइबल कसरी पढ्ने?

हरेक दिन बाइबल पढ्दा यसो गर्ने गर्नुहोस्:

- **प्रार्थना गर्नुहोस् -** तपाईंले पढेको कुरा बुझ्न सकोस् भनी परमेश्वरसँग सहायता माग्नुहोस्।
- **पढ्नुहोस् -** बाइबल खण्ड होसियारीसाथ पढ्नुहोस्।
- **चिन्ह लगाउनुहोस् -** प्रेरणादायी निश्चित शब्दहरू र पदहरूलाई होसियारीसात चिन्ह लगाउनुहोस् (निर्देशिका १, परिशिष्ट ३ हेर्नुहोस्)।
- **प्रतिक्रिया जनाउनुहोस् -** उक्त बाइबल खण्डको बारेमा परमेश्वरसँग प्रार्थना गर्नुहोस्। यसबाट परमेश्वर तपाईंले के जानेको, अथवा विश्वास गरेको अथवा भएको अथवा गरेको चाहनु हुन्छ?
- **फैलाउनुहोस् -** परमेश्वरले तपाईंलाई जे सिकाउनुभएको छ, सो अनुग्रही भएर कोही व्यक्तिलाई भन्नुहोस्।
- **लागू गर्नुहोस् -** यो सत्यतालाई तपाईंको जीवनमा आजै लागू गर्ने निश्चय गर्नुहोस्।

| मति | पुरानो करार | नयाँ करार | पुरानो करार |
|---|---|---|---|
| जनावरी | उत्पत्ति १ | मत्ती १ | एज्रा २ |
| १ | २ | २ | २;१-३५ |
| २ | ३ | ३ | २;३६-७० |
| ३ | ४,५ | ४ | ३ |
| ४ | ६ | ५;१-२६ | ४ |
| ५ | ७ | ५;२७-४८ | ५ |
| ६ | ८ | ६;१-१८ | ६ |
| ७ | ९ | ६;१९-३४ | ७ |
| ८ | १०,११ | ७ | ८ |
| ९ | १२ | ८;१-१७ | ९ |
| १० | १३,१४ | ८;१८-३४ | १० |
| ११ | १५,१६ | ९;१-१७ | नेहेम्याह १,२ |
| १२ | १७ | ९;१८-३८ | ३ |
| १३ | १८ | १०;१-२५ | ४ |
| १४ | १९ | १०;२६-४२ | ५,६ |
| १५ | २० | ११ | ७;१-३८ |
| १६ | २१ | १२;१-२१ | ७;३९-७३ |
| १७ | २२,२३ | १२;२२-५० | ८ |
| १८ | २४; १-३३ | १३;१-३० | ९;१-१५ |
| १९ | २४;३४-६७ | १३;३१-५८ | ९;१६-३१ |
| २० | २५ | १४ | ९;३२-१०;२७ |
| २१ | २६ | १५;१-२० | १०;२८-३९ |
| २२ | २७ | १५;२१-३९ | ११ |
| २३ | २८ | १६ | १२;१-२६ |
| २४ | २९ | १७ | १२;२७-४१ |
| २५ | ३० | १८;१-१४ | १३ |
| २६ | ३१ | १८;१५-३५ | एस्तर १ |
| २७ | ३२ | १९ | २ |
| २८ | ३३ | २० | ३ |
| २९ | ३४ | २१:१-२२ | ४,५ |
| ३० | ३५ | २१:२३-४६ | ६,७ |

| मिति | पुरानो करार | नयाँ करार | पुरानो करार |
|---|---|---|---|
| फेब | उत्पत्ति | मत्ती | एस्तर |
| १ | ३६ | २२;१-२२ | ८ |
| २ | ३७ | २२;२३-४६ | ९,१० |
| ३ | ३८ | २३ | अय्यूब १ |
| ४ | ३९ | २४;१;३१ | २ |
| ५ | ४० | २४;३२-५१ | ३ |
| ६ | ४१ | २५;१-३० | ४,५ |
| ७ | ४२ | २५;३१-४६ | ६,७ |
| ८ | ४३ | २६;१-१३ | ८ |
| ९ | ४४ | २६;१४-३५ | ९ |
| १० | ४५ | २६;३६-५६ | १० |
| ११ | ४६ | २६;५७-७५ | ११ |
| १२ | ४७ | २७;१-१० | १२ |
| १३ | ४८ | २७;११-२६ | १३ |
| १४ | ४९ | २७;२७-४४ | १४ |
| १५ | ५० | २७;४५-६६ | १५ |
| १६ | प्रस्थान | २८;१-२० | १६ |
| १७ | २ | प्रेरित | १७ |
| १८ | ३ | २;१-२१ | १८ |
| १९ | ४ | २;२२-४७ | १९ |
| २० | ५ | ३ | २० |
| २१ | ६ | ४;१-२२ | २१ |
| २२ | ७ | ४;२३-३७ | २२ |
| २३ | ८ | ५;१-१६ | २३ |
| २४ | ९ | ५;१७-४२ | २४ |
| २५ | १०,११ | ६ | २५,२६ |
| २६ | १२ | ७;१-२२ | २७ |
| २७ | १३ | ७;२३-६० | २८ |
| २८ | १४ | ८;१-२५ | २९ |

| मिति | पुरानो करार | नयाँ करार | पुरानो करार |
|---|---|---|---|
| मार्च | प्रस्थान | प्रेरित | अय्यूब |
| १ | १५ | ८;२६-४० | ३० |
| २ | १६ | ९;१-१९ | ३१ |
| ३ | १७ | ९;२०-४३ | ३२ |
| ४ | १८ | १०;१-२३ | ३३ |
| ५ | १९ | १०;२४-४८ | ३४ |
| ६ | २० | ११ | ३५ |
| ७ | २१ | १२ | ३६ |
| ८ | २२ | १३;१-१२ | ३७ |
| ९ | २३ | १३;१३-२५ | ३८ |
| १० | २४ | १३;२६-५२ | ३९ |
| ११ | २५ | १४ | ४० |
| १२ | २६ | १५;१-२१ | ४१ |
| १३ | २७ | १५;२२-४१ | ४२ |
| १४ | २८ | १६;१-१० | भजन १-३ |
| १५ | २९ | १६;११-२४ | ४-६ |
| १६ | ३० | १६;२५-४० | ७-९ |
| १७ | ३१ | १७;१-१५ | १०,११ |
| १८ | ३२ | १७;१६-३४ | १२-१५ |
| १९ | ३३ | १८ | १६,१७ |
| २० | ३४ | १९;१-२० | १८ |
| २१ | ३५ | १९;२१-४१ | १९-२१ |
| २२ | ३६ | २०;१-१६ | २२-२३ |
| २३ | ३७ | २०;१७--३८ | २४,२५ |
| २४ | ३८ | २१;१-१६ | २६,२७ |
| २५ | ३९ | २१;१७-४० | २८-३० |
| २६ | ४० | २२ | ३१,३२ |
| २७ | लेवी १,२ | २३ | ३३,३४ |
| २८ | ३ | २४ | ३५,३६ |
| २९ | ४ | २५ | ३७ |
| ३० | ५ | २६ | ३८ |
| ३१ | ६ | २७;१-२६ | ३९,३० |

| साउन | पुरानो करार | नयाँ करार | पुरानो करार |
|---|---|---|---|
| एप्रिल | लेवी | प्रेरित | भजनसङ्ग्रह |
| १ | ७ | २७;२७-४४ | ४१ |
| २ | ८ | २८ | ४४ |
| ३ | ९ | मर्क १;१-२८ | ४५ |
| ४ | १० | १;२९-४५ | ४६,४७ |
| ५ | ११,१२ | २ | ४८,४९ |
| ६ | १३ | ३ | ५०,५१ |
| ७ | १४ | ४;१-२० | ५२-५५ |
| ८ | १५ | ४;२१-४२ | ५६,५७ |
| ९ | १६ | ५;१-२० | ५८,५९ |
| १० | १७,१८ | ५;२१-४३ | ६०-६२ |
| ११ | १९ | ६;१-२९ | ६३-६५ |
| १२ | २० | ६;१०-५६ | ६६,६७ |
| १३ | २१ | ७ | ६८ |
| १४ | २२ | ८ | ६९ |
| १५ | २३ | ९;१-२९ | ७०,७१ |
| १६ | २४ | ९;३०-५० | ७२ |
| १७ | २५;१-२२ | १०;१-३३१ | ७३ |
| १८ | २५;२३-५५ | १०;३२-५२ | ७४,७५ |
| १९ | २६ | ११ | ७६,७७ |
| २० | २७ | १२;१-१७ | ७८;१-३१ |
| २१ | गन्ती १ | १२;१८-४४ | ७८;३२-७२ |
| २२ | २ | १३;१-१३ | ७९,८० |
| २३ | ३ | १३;१४-३७ | ८१-८३ |
| २४ | ४ | १४;१-२६ | ८५,८५ |
| २५ | ५,६ | १४;२७-५२ | ८६-८८ |
| २६ | ७;१-४७ | १४;५३-७२ | ८९ |
| २७ | ७;४८-८९ | १५;१-२० | ९०,९१ |
| २८ | ८ | १५;२१-४७ | ९२,९३ |
| २९ | ९ | १९ | ९४ |
| ३० | १० | रोमी १;१-१७ | ९५,९६ |

| मिति | पुरानो करार | नयाँ करार | पुरानो करार |
|---|---|---|---|
| मे | गन्ती | रोमी | भजनसङ्ग्रह |
| १ | ११ | १;१८-३२ | ९७-९८ |
| २ | १२ | २;१-१६ | ९९-१०१ |
| ३ | १३ | २;१७-२९ | १०२ |
| ४ | १४ | ३ | १०३ |
| ५ | १५ | ४ | १०४ |
| ६ | १६;१-३५ | ५ | १०५ |
| ७ | १६;३६-५० | ६ | १०६ |
| ८ | १७,१८ | ७ | १०७ |
| ९ | १९ | ८;१-१७ | १०८,१०९ |
| १० | २० | ८;१८-३९ | ११०-११२ |
| ११ | २१ | ९ | ११३,११४ |
| १२ | २२ | १० | ११५-११७ |
| १३ | २३ | ११;१-२४ | ११८ |
| १४ | २४ | ११;२५-३६ | ११९;१-३२ |
| १५ | २५ | १२ | ११९;३३-६४ |
| १६ | २६ | १३ | ११९;६५-१०४ |
| १७ | २७ | १४ | ११९;१०५-१४४ |
| १८ | २८ | १५;१-१३ | ११९;१४५-१७६ |
| १९ | २९ | १५;१४-३३ | १२०-१२४ |
| २० | ३० | १६ | १२५-१२८ |
| २१ | ३१ | १कोर १;१-१७ | १२९-१३३ |
| २२ | ३२ | १;१८-३१ | १३४,१३५ |
| २३ | ३३ | २ | १३६,१३७ |
| २४ | ३४ | ३ | १३८,१३९ |
| २५ | ३५ | ४ | १४०-१४२ |
| २६ | ३६ | ५ | १४३,१४४ |
| २७ | व्यवस्था १ | ६ | १४५ |
| २८ | २ | ७ | १४६,१४७ |
| २९ | ३ | ८ | १४८-१५० |
| ३० | ४ | ९ | हितोपदेश १ |
| ३१ | ५ | १० | २ |

| मिति | पुरानो करार | नयाँ करार | पुरानो करार |
|---|---|---|---|
| जुन | व्यवस्था | १ कोरिन्थी | हितोपदेश |
| १ | ६ | ११ | ३ |
| २ | ७ | १२ | ४ |
| ३ | ८ | १३ | ५ |
| ४ | ९ | १४ | ६ |
| ५ | १० | १५;१-३४ | ७ |
| ६ | ११ | १५;३५-५८ | ८ |
| ७ | १२ | १६ | ९ |
| ८ | १३ | २ कोरन्थी १ | १० |
| ९ | १४ | २ | ११ |
| १० | १५ | ३ | १२ |
| ११ | १६ | ४ | १३ |
| १२ | १७ | ५ | १४ |
| १३ | १८ | ६ | १५ |
| १४ | १९,२० | ७ | १६ |
| १५ | २१ | ८ | १७ |
| १६ | २२ | ९ | १८ |
| १७ | २३ | १० | १९ |
| १८ | २४,२५ | ११ | २० |
| १९ | २६,२७ | १२ | २१ |
| २० | २८;११-३७ | १३ | २२ |
| २१ | २८;३८-६८ | लूका १;१-२५ | २३ |
| २२ | २९ | १;२६-५६ | २४ |
| २३ | ३० | १;५७-८० | २५ |
| २४ | ३१ | २;१-२१ | २६ |
| २५ | ३२ | २;२२-५२ | २७ |
| २६ | ३३,३४ | ३ | २८ |
| २७ | यहोशू १ | ४;१-३० | २९ |
| २८ | २ | ४;३१-४४ | ३० |
| २९ | ३ | ५;१-१६ | ३१ |
| ३० | ४ | ५;१७-३९ | उपदेशक १ |

| मिति | पुरानो करार | नयाँ करार | पुरानो करार |
|---|---|---|---|
| जुलाइ | यहोशू | लूका | उपदेशक |
| १ | ५ | ६;१-१९ | २ |
| २ | ६ | ६;२०-३६ | ३,४ |
| ३ | ७ | ६;३७-४९ | ५,६ |
| ४ | ८ | ७;१-१७ | ७ |
| ५ | ९ | ७;१८--५० | ८,९ |
| ६ | १० | ८;१-२१ | १०-१२ |
| ७ | ११,१२ | ८;२२-३९ | श्रेष्ठगीत १-३ |
| ८ | १३,१४ | ८;४०-५६ | ४,५ |
| ९ | १५ | ९;१-१७ | ६-८ |
| १० | १६-१८ | ९;१८-४५ | यैशैया १ |
| ११ | १९ | ९;४६-६२ | २,३ |
| १२ | २०,२१ | १०;१-२० | ४,५ |
| १३ | २२ | १०;२१-४२ | ६,७ |
| १४ | २३ | ११;१-२६ | ८,९ |
| १५ | २४ | ११;२७-५४ | १० |
| १६ | न्यायकर्ता १ | १२;१-३४ | ११,१२ |
| १७ | २ | १२;३५-५९ | १३ |
| १८ | ३ | १३;१-१७ | १४,१५ |
| १९ | ४ | १३;१८-३५ | १६,१७ |
| २० | ५ | १४;१-१४ | १८,१९ |
| २१ | ६ | १४;१५-३५ | २०,२१ |
| २२ | ७ | १५ | २२ |
| २३ | ८ | १६;१-१३ | २३,२४ |
| २४ | ९ | १६;१४-३१ | २५-२७ |
| २५ | १०,११ | १७;१-१९ | २८ |
| २६ | १२,१३ | १७;२०-३७ | २९ |
| २७ | १४ | १८;१-१७ | ३०,३१ |
| २८ | १५ | १८;१८-४३ | ३२ |
| २९ | १६ | १९;१-२७ | ३३ |
| ३० | १७,१८ | १९;२८-४८ | ३४-३६ |
| ३१ | १९ | २०;१-१८ | ३७ |

| मिति | पुरानो करार | नयाँ करार | पुरानो करार |
|---|---|---|---|
| अगस्ट | न्यायकर्ता | लूका | यशैया |
| १ | २० | २०;१९-४७ | ३८,३९ |
| २ | २१ | २१;१-१९ | ४० |
| ३ | रूथ १ | २१;२०-३८ | ४१ |
| ४ | २ | २२;१-२३ | ४२ |
| ५ | ३,४ | २२;२४-५३ | ४३ |
| ६ | १ शमूएल | २२;५४-७१ | ४४ |
| ७ | २ | २३;१-२५ | ४५,४६ |
| ८ | ३ | २३;२६-५६ | ४७,४८ |
| ९ | ४ | २४;१-३५ | ४९ |
| १० | ५,६ | २४;३६-५३ | ५०,५१ |
| ११ | ७,८ | गलाती १ | ५२-५४ |
| १२ | ९ | २;१-१० | ५५-५६ |
| १३ | १० | २;११-२१ | ५७,५८ |
| १४ | ११,१२ | ३ | ५९ |
| १५ | १३ | ४;१-२० | ६०,६१ |
| १६ | १४ | ४;२१-३१ | ६२-६४ |
| १७ | १५ | ५ | ६५,६६ |
| १८ | १६ | ६ | यर्मिया १ |
| १९ | १७ | एफिसी १ | २ |
| २० | १८ | २ | ३ |
| २१ | १९ | ३ | ४ |
| २२ | २० | ४;१-१६ | ५ |
| २३ | २१,२२ | ४;१७-३२ | ६ |
| २४ | २३ | ५;१-२० | ७ |
| २५ | २४ | ५;२१-३३ | ८ |
| २६ | २५ | ६ | ९,१० |
| २७ | २६,२७ | फिलिप्पी १ | ११ |
| २८ | २८,२९ | २;१-११ | १२,१३ |
| २९ | ३०,३१ | २;१२-३० | १४,१५ |
| ३० | २ शमूएल | ३ | १६ |
| ३१ | २ | ४ | १७ |

| मिति | पुरानो करार | नयाँ करार | पुरानो करार |
|---|---|---|---|
| सेप्टेम्बर | २ शमूएल | | यर्मिया |
| १ | ३ | कलस्सी १ | १८,१९ |
| २ | ४,५ | २ | २०,२१ |
| ३ | ६ | ३ | २२ |
| ४ | ७ | ४ | २३ |
| ५ | ८,९ | १थेसलोनिकी१ | २४ |
| ६ | १० | २ | २५ |
| ७ | ११ | ३ | २६ |
| ८ | १२ | ४ | २७,२८ |
| ९ | १३ | ५ | २९,३० |
| १० | १४ | २थेसलोनिकी१ | ३१ |
| ११ | १५ | २ | ३२ |
| १२ | १६ | ३ | ३३,३४ |
| १३ | १७ | १ तिमोथी १ | ३५ |
| १४ | १८ | २ | ३६,३७ |
| १५ | १९ | ३ | ३८,३९ |
| १६ | २० | ४ | ४०,४१ |
| १७ | २१ | ५ | ४२,४३ |
| १८ | २२ | ६ | ४४,४५ |
| १९ | २३ | २ तिमोथी १ | ४६,४७ |
| २० | २४ | २ | ४८ |
| २१ | १ राजा १ | ३ | ४९ |
| २२ | २ | ४ | ५० |
| २३ | ३ | तीतस १ | ५१;१-३५ |
| २४ | ४ | २ | ५१;३६-६४ |
| २५ | ५ | ३ | ५२ |
| २६ | ६ | फिलोमोन | विलाप १ |
| २७ | ७;१-२६ | यूहन्ना१;१-२८ | २ |
| २८ | ७;२७-५१ | १;२९-५१ | ३ |
| २९ | ८;१-२६ | २ | ४,५ |
| ३० | ८;२७-६६ | ३ | इजकिएल१,२ |
| | | | |

| मिति | पुरानो करार | नयाँ करार | पुरानो करार |
|---|---|---|---|
| अक्टोबर | १ राजा | यूहन्ना | इजकिएल |
| १ | ९ | ४;१-२६ | ३ |
| २ | १० | ४;२७-५४ | ४,५ |
| ३ | ११ | ५;१--२३ | ६,७ |
| ४ | १२ | ५;२४-४७ | ८,९ |
| ५ | १३ | ६;१-२१ | १० |
| ६ | १४ | ६;२२-४० | ११ |
| ७ | १५ | ६;४१-७१ | १२ |
| ८ | १६ | ७;१-१३ | १३ |
| ९ | १७ | ७;१४-३६ | १४,१५ |
| १० | १८ | ७;३७-५३ | १६ |
| ११ | १९ | ८;१-३० | १७ |
| १२ | २० | ८;३१-५९ | १८,१९ |
| १३ | २१ | ९;१-२३ | २० |
| १४ | २२;१-२८ | ९;२४-४१ | २१ |
| १५ | २२;२९-५३ | १०;१-२१ | २२ |
| १६ | २ राजा १ | १०;२२-४२ | २३ |
| १७ | २ | ११;१-२७ | २४ |
| १८ | ३ | ११;२८-५७ | २५ |
| १९ | ४ | १२;१-१९ | २६ |
| २० | ५ | १२;२०-३६ | २७ |
| २१ | ६ | १२;३७-५० | २८;२९ |
| २२ | ७ | १३;१-२० | ३०,३१ |
| २३ | ८ | १३;२१-३८ | ३२ |
| २४ | ९ | १४ | ३३ |
| २५ | १० | १५;१-१७ | ३४,३५ |
| २६ | ११ | १५;१८-२७ | ३६ |
| २७ | १२ | १६;१-१५ | ३७ |
| २८ | १३ | १६;१६-३३ | ३८ |
| २९ | १४ | १७ | ३९ |
| ३० | १५ | १८;१-१८ | ४० |
| ३१ | १६ | १८;१९-४० | ४१ |

| मिति | पुरानो करार | नयाँ करार | पुरानो करार |
|---|---|---|---|
| नोभेम्बर | २ राजा | यूहन्ना | इजकिएल |
| १ | १७ | १९;१-२२ | ४२,४३ |
| २ | १८ | १९;२३-४२ | ४४ |
| ३ | १९ | २० | ४५ |
| ४ | २० | २१ | ४६ |
| ५ | २१ | हिब्रू १ | ४७ |
| ६ | २२ | २ | ४८ |
| ७ | २३ | ३ | दानिएल १ |
| ८ | २४ | ४ | २;१-२३ |
| ९ | २५ | ५ | २;२४-४९ |
| १० | १ इति १ | ६ | ३ |
| ११ | २ | ७ | ४ |
| १२ | ३ | ८ | ५ |
| १३ | ४ | ९ | ६ |
| १४ | ५ | १०;१-१८ | ७ |
| १५ | ६;१--४८ | १०;१९-३९ | ८ |
| १६ | ६,४९-८१ | ११;१-२२ | ९ |
| १७ | ७ | ११;२३-४० | १० |
| १८ | ८ | १२ | ११;१-२० |
| १९ | ९ | १३ | ११;२१-४५ |
| २० | १०,११ | याकूब १ | १२ |
| २१ | १२ | २ | होशे १, २ |
| २२ | १३,१४ | ३ | ३-५ |
| २३ | १५ | ४ | ६,७ |
| २४ | १६ | ५ | ८,९ |
| २५ | १७ | १ पत्रुस १ | १०,११ |
| २६ | १८ | २ | १२-१४ |
| २७ | १९,२० | ३ | योयल १ |
| २८ | २१ | ४ | २ |
| २९ | २२ | ५ | ३ |
| ३० | २३ | २ पत्रुस | आमोश १,२ |
| | | | |

| चैत | पुरानो करार | नयाँ करार | पुरानो करार |
|---|---|---|---|
| डिसेम्बर | १ इतिहास | २ पत्रुस | |
| १ | २४ | २ | ३,४ |
| २ | २५ | ३ | ५ |
| ३ | २६ | १ यूहन्ना १ | ६,७ |
| ४ | २७ | २ | ८,९ |
| ५ | २८ | ३ | ओबदिया १ |
| ६ | २९ | ४ | योना १, २ |
| ७ | २ इति १,२ | ५ | ३,४ |
| ८ | ३-५ | २ यूहन्ना१ | मीका १, २ |
| ९ | ६ | ३ यूहन्ना १ | ३,४ |
| १० | ७ | यहूदा | ५,६ |
| ११ | ८ | प्रकाश १ | ७ |
| १२ | ९ | २ | नहूम १ |
| १३ | १०,११ | ३ | २,३ |
| १४ | १२,१३ | ४ | हबकूक १, २ |
| १५ | १४,१५ | ५ | ३ |
| १६ | १६,१७ | ६ | सपन्याह १ |
| १७ | १८,१९ | ७ | २,३ |
| १८ | २० | ८ | हाग्गै १, २ |
| १९ | २१,२२ | ९ | जकरिया १ |
| २० | २३ | १० | २,३ |
| २१ | २४ | ११ | ४,५ |
| २२ | २५ | १२ | ६ |
| २३ | २६,२७ | १३ | ७ |
| २४ | २८ | १४,१५ | ८ |
| २५ | २९ | १६ | ९,१० |
| २६ | ३०,३१ | १७ | ११ |
| २७ | ३२ | १८ | १२,१३ |
| २८ | ३३ | १९ | १४ |
| २९ | ३४ | २० | मलाकी १ |
| ३० | ३५ | २१ | २ |
| ३१ | ३६ | २२ | ३,४ |


**परिशिष्ट ३**

## बाइबलमा चिन्ह लगाउने प्रणाली

तपाईं आफैले बाइबलमा चिन्ह लगाउने प्रणाली आविष्कार गर्नुहोस् र बाइबल पढ्दाखेरि त्यसलाई प्रयोग गर्नुहोस्।
यो प्रणाली उपयोगी छ, किनभने ...

- तपाईंले बाइबल पढ्दैगर्दा परमेश्वरले भन्नुहुने कुराप्रति ध्यान केन्द्रित गर्न र विचार गर्न यसले जोर दिन्छ।
- तपाईंले खोजिरहनुभएको बाइबल खण्ड सजिलै पत्ता लगाउन सक्नु हुन्छ।
- तपाईंले बाइबलको कुनै पुस्तक वा सम्पूर्ण बाइबलमा विशेष शीर्षकलाई अध्ययन गर्न सक्नु हुन्छ।

१. बाइबलको हरेक अध्यायलाई शीर्षक दिनुहोस्; जस्तै: भजनसङ्ग्रह १ को शीर्षक: दुई वटा बाटोहरू
२. महत्वपूर्ण अध्याय र पदहरूलाई गोलो घेरा लगाउनुहोस्; जस्तै: भजनसङ्ग्रह ① पद ②
३. महत्वपूर्ण शब्दहरू र वाक्यहरूक मुनि धर्को तान्नुहोस्; जस्तै: २ पदमा : <u>दिन रात मनन गर्छ।</u>
४. महत्वपूर्ण शीर्षकहरूलाई बुझाउन विभिन्न सङ्केत वा चित्रहरू बनाउनुहोस्; जस्तै: ३ पदमा : आफ्नो ऋतुमा फल फलाउँछ 




**परमेश्वर**
परमेश्वर पिताको चरित्र + कामहरू
येशू ख्रीष्टको चरित्र + कामहरू
पवित्र आत्माको चरित्र + कामहरू

**ख्रीष्टको कार्य**
सृष्टि + प्रकृति
ख्रीष्टको पहिलो आगमान, मानव अवतार
ख्रीष्टको मृत्यु
ख्रीष्टको पुनरुत्थान + स्वर्गारोहण
ख्रीष्टको दोस्रो आगमन

**सुसमाचार**
पाप + पापको परिणामहरू
वर्तनमान न्याय + भविष्यको न्याय
पुनर्जन्म, पश्चाताप, परिवर्तन, सुधारवाद
विश्वास, निश्चयता
मुक्ति, क्षमादान, धर्मी ठहरिनु
करार

**इसाई जीवन**
परमेश्वर र ख्रीष्टसँग सम्बन्ध + सङ्गति
बाइबल, परमेश्वरको वचन, प्रेरणा, अचुक
प्रार्थना, आराधना
इसाईहरूसँग सम्बन्ध + सङ्गति
फल फलाउनु, प्रभाव हुनु
आज्ञाकारिता, इसाईजस्तो गरी जिउनु
वृद्धि, परिपक्वता
शुद्धिकरण, इसाई चरित्र
सेवा
प्रेम
आशा
दु:ख-कष्ट, सतावट, जाँच
विवाह, केटा र केटीको सम्बन्ध
बाइबलमा महिलाहरू
आमाबाबु र बालकहरूको सम्बन्ध
काम, पेशा, जागिर
रुपैयाँ-पैसा, दिनु
बप्तिस्मा,
मण्डली, समुदाय, घरलु सङ्गति, समूह
परमेश्वरको राज्य
मृत्यु + प्राण, आत्मा र शरीरको पुनरुत्थान



**इसाई सेवकाइ**
सुसमाचार प्रचार + गवाही दिनु
स्थापना, चेला निर्माण
सुसज्जित + तालिम
अगुवापन, अगुवाह, अगमवक्ता, प्रेरित, एल्डर आदि
परामर्श
अनुशासन
योजना, संस्थागत, (अगुवाइ), मूल्याङ्कन
प्रशंसा, गीत-भजन, सङ्गीत
चङ्गाइ
सामाजिक न्याय, इमान्दारी
आत्मिक युद्ध, आत्मिमक हातहतियार

**इसाई बुद्धि (असल + खराब)**
हृदय, मनोवृत्तिहरू
समझ, विचारहरू, विवेक
जिब्रो, शब्दहरू, बोल्नु
हात, कार्यहरू
आँखा, हेर्नु, अवलोकन
कान, सुन्नु,

**सत्रुहरू**
शैतान (दुष्ट), भूतहरू (दुष्ट आत्माहरू), भूत लागेको
मूर्तिहरू, मूर्तिपूजा
ज्योतिषशास्त्र, तन्त्र-मन्त्र, जादु-टुना,
सांसारिकपन, पापपूर्ण र विकृत संसार
झूटा अगमवक्ताहरू र झूटा शिक्षकहरू

**पुरानो करार**
प्रकाश
इस्राएल
अन्यजाति राष्ट्हरू
व्यवस्था (नैतिक, औपचारिक, नागरिक) +
परमेश्वरक आज्ञा
मन्दिर
बलिदानहरू

**बाइबलको व्याख्या**
साँस्कृतिक पक्षहरू, सन्दर्भ मिलाइएको
सङ्केतात्मक बोली
अगमवाणीहरू, पूरा भएका अगमवाणीहरू
प्रतिज्ञाहरू

परिशिष्ट ४

## बाइबल अध्ययन गर्ने विधि
## पाँच वटा चरणहरू भएको विधि

**विधिहरू -** बाइबल अध्ययन गर्ने विधि र परमेश्वरसँग व्यक्तिगत समय बिताउने विधिको भिन्नतालाई ध्यान दिनुहोस्।

**उद्देश्य -** सँगै बसेर बाइबल अध्ययन गर्नुको उद्देश्य येशू ख्रीष्टसँगको सम्बन्धमा समूहको सबै जना सँगै वृद्धि हुनु र एकले अर्कोलाई वृद्धि गराउनु हो। बाइबलको ज्ञान र समझ प्राप्त गर्न र त्यसको सत्यताहरूलाई अभ्यास गर्न यसले एक अर्कालाई सहायता गर्छ। यही कारणले गर्दा, समूहका सदस्यहरूले एक-अर्कामा बाइबल अध्ययनको छलफलमा भाग लिनको निम्ति उत्साह दिनु महत्वपूर्ण हुन्छ। बाइबल अध्ययनमा समूहको हरेक सदस्यको सहभागिता महत्वपूर्ण हुन्छ। कुनै सदस्यले भनेको कुरा पूर्णरूपमा सही नभएमा (ईश्वरशास्त्रीयरूपमा), उसलाई अलग गरिनु हुँदैन। एक व्यक्तिले बोल्दैगर्दा, समूहका अरू सदस्यहरूले सुन्नु पर्छ, उसलाई गम्भीररूपमा स्वीकार गर्नु पर्छ भनी समूहको हरेक सदस्यले महसुस गर्नु पर्छ। समूहका सदस्यहरूले बाइबलको ज्ञानमा प्रतिस्पर्धा गर्ने होइन तर वृद्धि हुँदै जान र सिकेका कुराहरू आत्मविश्वासको साथ बाँड्न एकले अर्कालाई उत्साह दिँदै प्रेम गर्नु पर्छ।

**समूहको अगुवा -** बाइबल अध्ययन गर्दा समूहको अगुवा शिक्षकजस्तो हुनु हुँदैन, बरु त्यही समूहको सदस्यझैं भई सहभागी हुनु पर्छ। सबै मिलेर बाइबलको सत्यताहरू पत्ता लगाउन र छलफल गर्न सिक्नको लागि उसले समूहका सदस्यहरूलाई उत्साह दिनु पर्छ।

**फाइदाहरू -** बाइबल अध्ययन गर्ने पाँच वटा चरणहरू भएको विधिमा निम्नलिखित फाइदाहरू छन्:

- बाइबल अध्ययन गर्ने यो विधि सिक्न सजिलो छ र अरूलाई सिकाउन पनि सजिलो छ।
- बाइबल अध्ययन गर्ने यो विधि एक्लै अथवा सानो समूहमा बाइबल अध्ययन गर्नको निम्ति प्रयोग गर्न सकिन्छ।
- बाइबल अध्ययन गर्न यस विधिले सानो समूहको हरेक व्यक्तिलाई सङ्लग्न गरी बाइबल अध्ययनको हरेक चरणमा सहाभागी गराउँछ।
- समूहका सदस्यहरूले बाइबल खण्ड अध्ययन गर्दा निस्कने प्रश्नहरू बुझ्न कोसिस गर्नुभन्दा पहिले नै तिनीहरूले उत्तरहरू पत्ता लगाउँछन् र बुझेको कुराहरूमा उनीहरू आनन्दित हुन्छन्।
- समूहका सदस्यहरूले आफ्नो जीवनसँग मेल खाने उपयोगी प्रश्नहरू सोध्छन्।
- समूहका सदस्यहरूले आफ्ना प्रश्नहरूको उत्तर पत्ता लगाउन धेरैभन्दा धेरै व्यक्तिहरू सहभागी गराउँछन्।
- समूहका सदस्यहरूले अध्ययन गरेको बाइबल खण्डलाई आफ्नो जीवनमा प्रयोग गर्ने सम्भावनाहरूलाई विचार गर्दै बाइबलको सत्यतालाई आफ्नो जीवनसँग तुलना गर्न सिक्छन्।
- समूहका सदस्यहरूले एउटा सम्भावित प्रयोगलाई छानेर सजिलै आफ्नो जीवनको व्यक्तिगत प्रयोग बनाउन सक्छन्।
- समूहका सदस्यहरूले परमेश्वरले बाइबलद्वारा तिनीहरूलाई सिकाउनुभएको शिक्षाप्रति सधैँ प्रार्थनामा प्रतिक्रिया जनाउँछन्।

**चरण १ - पढ्नुहोस्।** **परमेश्वरको वचन**

पढ्नुहोस् - हामी सबै मिलेर ............................(बाइबल खण्ड) पढौँ।
हामी प्रत्येकले एक-एक पद गरी पालैपालो पढेर यस खण्डलाई पूरा गरौँ।

**चरण २ - पत्ता लगाउनुहोस्** **अवलोकनहरू**

**ध्यान दिनुहोस् -** यो बाइबल खण्डमा तपाईंको लागि कुन सत्यता महत्वपूर्ण छ? अथवा, यो बाइबल खण्डको कुन सत्यताले तपाईंको समझ र हृदयलाई स्पर्श गर्छ?
**लेख्नुहोस् -** यहाँबाट तपाईंले बुझ्नुहुने एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र आफ्नो विचारहरूलाई नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहका सदस्यहरूले विचार गर्न र लेख्न दुई मिनेटजति समय लिएपछि पालैपालो त्यसलाई बाँड्न लगाउनुहोस्।)
हामी प्रत्येकले यस खण्डबाट पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौं।
**(याद गर्नुहोस् -** हरेक सानो समूहमा, सदस्यहरूले फरक-फरक कुराहरू बाँड्नेछन्।

**चरण ३ - प्रश्न** **व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यो बाइबल खण्डको बारेमा कुन प्रश्न तपाईं यो समूहमा सोध्न चाहनु हुन्छ?
........................मा भएका सत्यताहरू बुझ्न कोसिस गरौं र हामीले अझै नबुझेका कुराहरूको बारेमा प्रश्नहरू सोधौं।
**लेख्नुहोस् -** सकेसम्म आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि उक्त प्रश्नलाई तपाईंको नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहका सदस्यहरूले विचार गर्न र लेख्न दुई मिनेट जति समय लिएपछि, प्रत्येक व्यक्तिलाई उसको प्रश्न समूहमा बाँड्न दिनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि ती प्रश्नहरूमध्ये केही छान्नुहोस् र तपाईंको समूहमा सबै जना मिलेर छलफल गरी त्यसको उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।

**चरण ४ - लागू गर्नुहोस्।** **प्रयोगहरू**

**ध्यान दिनुहोस् -** यो बाइबल खण्डको कुन सत्यताहरू इसाईहरूको लागि प्रयोग गर्न सम्भावन छन्?
**बाँड्नुहोस् र लेख्नुहोस् -** एकले अर्कालाई ........................ मा दिमाग खियाउन लगाऔं र सम्भावित उत्तरहरूको सूची लेख्न एकले अर्कोलाई अनुरोध गर्नुहोस्।
**ध्यान दिनुहोस् -** यहाँ भएका कुन सम्भावित प्रयोगलाई परमेश्वरले तपाईंको व्यक्तिगत प्रयोग बनाएको चाहनु हुन्छ?
**लेख्नुहोस् -** तपाईंको यस व्यक्तिगत प्रयोगलाई आफ्नो नोटबुकमा लेख्नुहोस्। तपाईंको व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ आफ्नो समूहमा बाँड्नुहोस्।
(यो कुरा याद गर्नुहोस्, कि हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू प्रयोग गर्नेछन् र उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन्।

**चरण ५ - प्रार्थना गर्नुहोस्** **प्रतिक्रिया**

परमेश्वरले हामीलाई ............................ बाट सिकाउनुभएको एउटा सत्यताको बारेमा पालैपालो प्रार्थना गरौं।
(यस बाइबल अध्ययनबाट तपाईंले के सिक्नुभएको छ, त्यसबारे आफ्नो प्रार्थनामा प्रतिक्रिया जनाउनुहोस्। एक वा दुई वाक्यहरूमा प्रार्थना गर्न अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका लागि प्रार्थना गर्नेछन् भनी याद गर्नुहोस्।)

परिशिष्ट ५

# बाइबल मनन गर्ने र पद कण्ठ गर्ने विधि

## क. बाइबल पदहरू कण्ठ गर्न लगाउने प्रेरणा

**१. कण्ठ गरिएका बाइबल पदहरूले तपाईंलाई दुष्टको शक्तिहरूमाथि विजयी हुन सहायता गर्नेछ।**

एफिसी ६:११,१६; मत्ती ४:२-४ पढ्नुहोस्।

**२. कण्ठ गरिएका बाइबल पदहरूले तपाईंलाई भ्रष्ट र विकृत संसारमा साँचो, शुद्ध र पवित्र जीवन जिउन सहायता गर्नेछ।**

भजनसङ्ग्र ११९:९,११ पढ्नुहोस्।

**३. कण्ठ गरिएका बाइबल पदहरूले तपाईंलाई मानिसहरूको प्रश्नहरूप्रति परमेश्वरको उत्तरहरू दिन सहायता गर्नेछ।**

मत्ती १९:३-६; लूका १०:२५-२६ पढ्नुहोस्।

**४. कण्ठ गरिएका बाइबल पदहरूले तपाईंलाई झूटा शिक्षाहरूलाई प्रकट र खण्डन गर्न सक्षम तुल्याउनेछ।**

मत्ती २२:२३-३३,४१-४६ पढ्नुहोस्।

**५. कण्ठ गरिएका बाइबल पदहरूले तपाईंलाई आफ्नो परिवारमा बाइबलीय दृढ विश्वासहरू र आचरण निर्माण गर्न सक्षम तुल्याउनेछ।**

व्यवस्था ६:४-९ पढ्नुहोस्।

**६. कण्ठ गरिएका बाइबल पदहरूले तपाईंको शिक्षालाई आधिकारिक र बुद्धिमत्तापूर्ण बनाउनेछ।**

मत्ती ५:२७-२८; ७:२८-२९; कलस्सी ३:१६ पढ्नुहोस्।

**७. कण्ठ गरिएका बाइबल पदहरूले तपाईंको लेखाइ र सुसमाचारको घोषणालाई शक्तिशाली बनाउनेछ।**

यर्मिया २३:२९; हिब्रू ४:१२; २ कोरिन्थी १०:३-५ पढ्नुहोस्।

**८. कण्ठ गरिएका बाइबल पदहरूले तपाईंलाई परमेश्वरको इच्छाअनुसार ठूलो आत्मविश्वाससाथ प्रार्थना गर्न सहायता गर्नेछ, जुन परमेश्वरले पहिले नै बाइबलमा प्रकट गरिसक्नुभएको थियो।**

उत्पत्ति ३२:९-१२; प्रस्थान ३२:९-१४

---

## ख. बाइबल पदहरू मनन गर्ने विधि

इसाईहरूले गर्ने मननमा तलका कुराहरू पर्दछन्:

**१. विचार गर्नुहोस्**

फरक-फरक शब्दहरूका अर्थको बारेमा विचार गर्नुहोस्।

आफैलाई यस्ता प्रश्नहरू सोध्नुहोस्: को? के? कहाँ? कहिले? किन? कसरी?

**२. प्रार्थना गर्नुहोस्**

© 2009 DOTA 

परमेश्वरसँग प्रार्थना गर्नुहोस् र उहाँले तपाईंलाई के भन्न खोज्नुहुन्छ सोध्नुहोस्। तपाईंको प्रार्थनामा पत्ता लगाइएका सत्यताहरूको अर्थ र सम्भावित प्रयोगहरूबारे परमेश्वरसँग छलफल गर्नुहोस्। परमेश्वरले तपाईंलाई के भन्दैहुनुहुन्छ, त्यसलाई प्रतिक्रिया दिनुहोस्।

### ३. तुलना गर्नुहोस्

उक्त बाइबल पदको सत्यताहरूलाई तपाईंले आफ्नो व्यक्तिगत जीवन अथवा तपाईं बस्ने संसारसँग तुलना गर्नुहोस् र आफैलाई यस्ता प्रश्नहरू सोध्नुहोस्: "यो पदको प्रकाशमा मेरो खाँचो के हो?", "कुन सत्यताले मलाई नवीकरण वा बलियो तुल्याउँछ?", "परमेश्वर मैले के कुरा जानेको, के विश्वास गरेको, कस्तो भएको वा के गरेको चाहनु हुन्छ?"

---

### ४. लेख्नुहोस्

बाइबल पद मनन गर्दा तपाईंलाई अति महत्वपूर्ण लागेका विचारहरू आफ्नो नोटबुकमा लेख्नुहोस्।

---

## ग. बाइबल पदहरू कण्ठ गर्ने विधि

बाइबलको पदहरू (अध्यायहरू अथवा पुस्तकहरू) कण्ठ गर्ने विधिमा निम्नलिखित भागहरू हुन्छन्:

१. बाइबल पदहरू कण्ठ गर्नको निम्ति तपाईं कुन विधि प्रयोग गर्न चाहनु हुन्छ, त्यसलाई छान्नुहोस् (कार्ड अथवा नोटबुक)।

२. उक्त बाइबल पदलाई तपाईंले कण्ठ गर्नुभन्दा पहिले मनन गर्नुहोस् र राम्रोसँग बुझ्नुहोस्।

३. उक्त बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको सानो नोटबुकमा तल बताएझैं गरी लेख्नुहोस्।

- सबैभन्दा माथि (पहिलो हरफमा) शीर्षक लेख्नुहोस्।
- दोस्रो हरफमा कण्ठ गर्नुपर्ने बाइबल खण्ड लेख्नुहोस्।
- त्यसको मुनि धर्को कोर्नुहोस् र त्यसको तल बाइबल पदलाई हरफ मिलाएर लेख्नुहोस्।
- कार्डको सबै भन्दा मुनि र त्यसको पछाडिपट्टि फेरि उक्त बाइबल खण्ड लेख्नुहोस्।

**उदाहरण**

| | |
|---|---|
| मुक्तिको निश्चयता<br>यूहन्ना १०:२८<br>---<br>तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुने छैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैनन्।<br>यूहन्ना १०:२८ | यूहन्ना १०:२८ |

४. उक्त बाइबल पदलाई सही तरिकाले कण्ठ गर्नुहोस्।

- कण्ठ गर्नको लागि सधैँ शीर्षकबाट सुरु गर्नुहोस्, त्यसपछि बाइबल खण्ड र बाइबल पदको पहिलो हरफ कण्ठ गर्नुहोस्। तपाईंले त्यसलाई गल्ती नगरीकन भन्न सक्नुभयो भने, त्यसमा बाइबल पदको दोस्रो हरफ पनि जोड्नुहोस् र त्यसलाई सुरुदेखि दोहोऱ्याउनुहोस्; जस्तै: शीर्षक, बाइबल खण्ड र उक्त पदको दुई हरफहरू। तपाईंले त्यसलाई पनि विनागल्ती उद्धरण गर्न सक्नुभयो भने, बाइबल पदको तेस्रो हरफ पनि जोड्नुहोस् र त्यसलाई सुरुदेखि दोहोऱ्याउनुहोस्; जस्तै: शीर्षक, बाइबल खण्ड र बाइबल पदको तीन हरफहरू।

- बाइबल पदलाई अलग-अलग टुक्रा गरी कण्ठ नगर्नुहोस् किनभने त्यो तरिकाले गर्नुभयो भने ती अलग टुक्राहरूलाई जोड्ने कुरा तपाईंले बिर्सनुहुनेछ। प्रत्येकपटक तपाईंले उक्त पदलाई दोहोऱ्याउँदा, सधैँ सुरुबाट कण्ठ गर्न थाल्नुहोस्।
- बाइबल पद उद्धरण गर्दा सधैँ बाइबल खण्डलाई दोहोऱ्याएर अन्त गर्ने गर्नुहोस्, किनभने बाइबल खण्डचाहिँ सम्झनको लागि अति गाह्रो भाग हो।
- यसर्थ, बाइबल पद कण्ठ गर्ने सही क्रम भनेको शीर्षक, बाइबल खण्ड, बाइबल पद र फेरि बाइबल खण्ड हो।

---

## घ. कण्ठ गरिएका बाइबल पदहरू पुनरवलोकन गर्ने विधि

पहिले नै कण्ठ गरिसकिएका बाइबल पदहरूलाई पुनरवलोकन गर्ने भागहरू यस प्रकारका छन्:

### १. पुनरवलोकन

पुनरवलोकन भनेको तपाईंले कण्ठ गरिसक्नुभएको पाँच वटा बाइबल पदहरूलाई हरेक दिन एकपटक दोहोऱ्याउनु हो। बाइबल पदहरू सम्झिराख्न र त्यसलाई सही किसिमले उद्धरण गर्ने उत्तम विधि भनेको दोहोऱ्याउनु हो। त्यसकारण, तपाईंले कण्ठ गरिसक्नुभएको पाँच वटा बाइबल पदहरूलाई कम्तीमा दिनको एकपटक पाँच हप्तासम्म पुनरवलोकन गर्नुहोस्। यसो गर्नाले पुन: पुनरवलोकनको विधिमा प्रवेश गर्नुभन्दा पहिले तपाईंले हरेक नयाँ बाइबल पदलाई ३५ पटक पुनरवलोकन गरिसक्नु हुन्छ।

### २. पुन: पुनरवलोकन

पुन: पुनरवलोकन भनेको तपाईंले पहिले नै कण्ठ गरिसक्नुभएको सबै बाइबल पदहरूलाई हरेक ३ हप्तामा एकचोटि पुनरवलोकन गर्नु हो। तपाईंले पहिले नै कण्ठ गरिसक्नुभएको बाइबल पदहरूलाई सम्झिराख्ने उत्तम तरिका भनेको ती पदहरूको पुन: पनरवलोकन गर्नु हो। त्यसकारण, पहिले कण्ठ गरिसक्नुभएको १०० वटा बाइबल पदहरूमध्ये हरेक दिन ५ वटालाई पुन: पुनरवलोकन गर्ने गर्नुहोस्। यसरी, तपाईंले पहिले नै कण्ठ गरिसक्नुभएको सबै बाइबल पदहरूलाई हरेक ३ हप्तामा एकपटक पुन: पुनरवलोकन गर्नुहुन्छ।

### ३. बोक्नुहोस्

बाइबल पदहरू लेखिएको तपाईंको कार्ड अथवा नोटबुकलाई काम गर्ने ठाउँमा लिएर जानुहोस्। ती बाइबल पदहरूलाई गाडीमा यात्रा गर्दा अथवा दिउँसो फुर्सदको समयमा निकालेर पुनरवलोकन र मनन गर्नुहोस् अनि प्रार्थना गर्नुहोस्। त्यसरी एक दिनमा तपाईंले कण्ठ गर्नुभएको ५ वटा बाइबल पदहरूलाई पुनरवलोकन गर्नुहोस्। तपाईंले पहिल्यै कण्ठ गरिसक्नुभएको केही बाइबल पदहरूलाई पुन: पुनरवलोकन गर्नुहोस्। ती पदहरूमा भएका कुराहरू मनन गरी प्रार्थना गर्नुहोस्।

### ४. जाँच गर्नुहोस्

तपाईंले कण्ठ गर्नुभएको बाइबल पदहरू अझै तपाईंलाई ठीकसँग थाहा छ कि छैन भनी हेर्न एकले अर्को व्यक्तिलाई जाँच गर्नुहोस्। समूहको हरेक भेटघाटमा दुई-दुई जना बसेर भर्खरै कण्ठ गर्नुभएको बाइबल पद पालैपालो जाँच गर्नुहोस्। तपाईंलाई बाइबल खण्ड, त्यसको शीर्षक र पूरै पद विना गल्ती थाहा छ कि छैन भनी एकले अर्कोलाई पालैपालो जाँच गर्नुहोस्। सङ्केतको लागि आफ्नो साथीलाई कहिले शीर्षक, कहिले बाइबल खण्ड र कहिले उक्त पदको केही सुरुका शब्दहरू दिने गर्नुहोस्।

---

## ङ. कण्ठ गर्नुपर्ने बाइबल पदहरू

| | |
|---|---|
| **क. इसाई निश्चयताहरू**<br><br>१. मुक्तिको निश्चयता : यूहन्ना १०:२८<br>२. प्रार्थनाको उत्तरको निश्चयता : यूहन्ना १६:२४<br>३. विजयको निश्चयता : १ कोरिन्थी १०:१३<br>४. क्षमादानको निश्चयता : १ यूहन्ना १:९<br>५. परमेश्वरको अगुवाइको निश्चयता : हितोपदेश ३:५-६ | **ख. ख्रीष्टमा नयाँ जीवन**<br><br>१. ख्रीष्ट : २ कोरिन्थी ५:१७<br>२. वचन : मत्ती ४:४<br>३. प्रार्थना : यूहन्ना १५:७<br>४. सङ्गति : १ यूहन्ना १:७<br>५. गवाही दिनु : मत्ती १०:३२ |
| **ग. सुसमाचार**<br><br>१. पापको स्वभाव : रोमी ३:२३<br>२. पापको दण्ड : उपदेशक १२:१४<br>३. पापको प्रायश्चित : रोमी ५:८<br>४. मुक्ति उपहार हो : एफिसी २:८-९<br>५. विश्वासद्वारा मुक्ति : यूहन्ना १:१२ | **घ. चेलापन**<br><br>१. प्रभुत्व : रोमी १२:१--२<br>२. इन्कार : लूका ९:२३<br>३. सेवा : मर्कूस १०:४५<br>४. दिनु : २ कोरिन्थी ९:६-७<br>५. चेलाहरू बनाउनु : मत्ती २८:१९-२० |
| **ङ. इसाई चरित्र**<br><br>१. ख्रीष्टको समानता : २ कोरिन्थी ३:१८<br>२. शुद्धता : १ पत्रुस २:११<br>३. प्रेम : मर्कूस १२:३०-३१<br>४. विश्वास : रोमी ४:२०-२१<br>५. नम्रता : फिलिप्पी २:३-४ | **च. विवाहको लागि इसाई तयारी**<br><br>१. दुवै जना विश्वासी हुनु : २ कोरिन्थी ६:१४<br>२. जीवनको उस्तै लक्ष्य : आमोस ३:३<br>३. आत्म-संयम : १ थेसलोनिकी ४:३४<br>४. सही समय : उपदेशक ८:५ख-६क<br>५. सही प्राथमिकता : मत्ती ६:३३ |
| **छ. इसाई विवाह**<br><br>१. छुट्टिनु र टाँसिनु : उत्पत्ति २:२४<br>२. प्रेम गर्नुस र डोऱ्याउनुस : एफिसी ५:२३, २५<br>३. प्रेम गर्नुस् र समर्पित हुनुस् : तीतस २:४-५<br>४. द्वन्द्व समाधान गर्नुस् : मत्ती ५:२३-२४<br>५. विश्वासयोग्य रहनुहोस् : हितोपदेश ३:३-४ | **ज. इसाई आमा-बुबा**<br><br>१. खर्च गरेर प्रेम गर्नुस् : २ कोरिन्थी १२:१४ख-१५क<br>२. सबै क्षेत्रलाई विकास गर्नुस् : हितोपदेश २२:६<br>३. परमेश्वरको वचन सिकाउनुस् : व्यवस्था ६:६-७<br>४. प्रभुमा ल्याउनुहोस् : एफिसी ६:४<br>५. अनुशासनद्वारा प्रेम गर्नुहोस् : हितोपदेश १३:२४ |
| **झ. परमेश्वरको राज्य**<br><br>१. राज्यमा प्रवेश गर्नुस् : यूहन्ना ३:३,५<br>२. बालकलाई राज्यमा स्वागत गर्नुस् : लूका १८:१६-१७<br>३. राज्यको सुसमाचार प्रचार गर्नुस् : मत्ती २४:१४<br>४. राज्यको सेवाबाट पछाडि कहिल्यै नहेर्नुस् : लूका ९:६२<br>५. राज्यको विजय : दानिएल २:४४ | **ञ. इसाई मण्डली**<br><br>१. मण्डलीको स्वभाव : १ पत्रुस २:५<br>२. मण्डलीको क्रियाकलापहरू : प्रेरित २:४२<br>३. मण्डलीको सेवकाइहरू : एफिसी ४:१२-१३<br>४. मण्डलीको अगुवाहरूको कामहरू : प्रेरित २०:२८<br>५. मण्डलीमा महिमा : एफिसी ३:२०-२१ |
| **ट. परमेश्वरको महानता**<br><br>१. परमेश्वर अतुलनीय हुनु हुन्छ : यशैया ४०:२५-२६<br>२. परमेश्वर सदा महिमित हुनुहुन्छ : १ इतिहास २९:११<br>३. परमेश्वर सार्वभौम हुनुहुन्छ : एफिसी १:११-१२<br>४. परमेश्वर सर्वज्ञानी हुनुहुन्छ : हिब्रू ४:१३<br>५. परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ : यर्मिया ३२:१७ | **ठ. परमेश्वरको स्रोत-साधनहरू**<br><br>१. परमेश्वरको उपस्थिति : हिब्रू १३:५-६<br>२. परमेश्वरको वचन : भजनसङ्ग्रह ११९:१०५<br>३. परमेश्वरको शक्ति : यशैया ४०:१०<br>४. परमेश्वरको बुद्धि : याकूब १:५<br>५. परमेश्वरको चङ्गाइ : २ इतिहास ७:१४ |

परिशिष्ट ६

# सानो समूह कसरी व्यवस्थित गर्ने?

समूहको अगुवाहरूको निर्देशिका पुस्तकमा भएका गाढा अक्षरका (Bold Type) निर्देशनहरूले विद्यार्थीहरूलाई ती कुराहरूमा प्रोत्साहित (उत्तेजित) भई सहभागी हुनको निम्ति समूहको अगुवालाई सहायता गर्दछ।

## १. आराधनालाई व्यवस्थित गर्नु

क. समूहका सदस्यहरूलाई बाइबल खण्ड पढ्न लगाउनुहोस्। समूहको अगुवाले परमेश्वरको एउटा विशेषता पढेर समूहको साथमा त्यसलाई मनन गर्छ।

ख. परमेश्वरलाई आराधना गर्दै एक वा दुई वाक्यहरूमा पालैपालो उहाँप्रति प्रतिक्रिया जनाउनुहोस्। दुई वा तीन जनाको समूहमा विभाजन हुनुहोस् र मधुर आवाजमा परमेश्वरको आराधना गर्नुहोस्।

## २. सिकेको कुरा बाँड्ने समयलाई व्यवस्तित गर्नुहोस्

क. गृहकार्यको लागि बाइबल खण्डहरू तोकिएका हुन्छन्, जसद्वारा समूहका हरेक सदस्यले नियमितरूपमा परमेश्वरसँग व्यक्तिगत समय (शान्त समय) बिताउनेछन्।

ख. हरेक भेलामा समूहका सदस्यहरूले गत हप्ताभरि परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिकेका कुराहरूमध्ये एउटा कुरा पालैपालो बाँड्नेछन्। प्रत्येक व्यक्तिलाई करिब दुई मिनेट जति बोल्न दिनुहोस्। बोल्ने क्रममा आफूले लेखेका टिप्पणीहरूको प्रयोग गर्न विद्यार्थीहरूलाई उत्साह दिनुहोस्।

ग. बोलिरहेको व्यक्तिको कुरा सुन्न, उसलाई गम्भीररूपमा लिन र स्वीकार गर्न विद्यार्थीहरूलाई सहायता गर्नुहोस्। उक्त व्यक्तिले बाँडेको कुराप्रति प्रतिक्रिया दिनुहुँदैन र उसले बताएका कुराहरूको बारेमा कुराकानी पनि गर्नु हुँदैन भनी विद्यार्थीहरूलाई याद दिलाउनुहोस् किनभने त्यसो गरिएमा उक्त व्यक्तिको आत्माविश्वासमा धोका हुनेछ र मनमा चोट लाग्न सक्नेछ।

घ. समूहको अगुवाले तालिमको कार्यक्रममा आफूले सिकेको कुरा बाँड्नको निम्ति निम्नलिखित कुराहरू पनि समावेश गर्न सक्छ; जस्तै:

- जीवनमा भोगेको कठिन परिस्थित अथवा कुनै सकारात्मक अनुभव बाँड्नु
- गवाही बाँड्नु
- आफ्नो अथवा अरूले अनुरोध गरेका प्रार्थनाहरूको उत्तरहरू बाँड्नु
- आत्मिक वृद्धि अथवा चरित्र विकाससम्बन्धी प्रगति बाँड्नु

## ३. शिक्षालाई व्यवस्थित गर्नु

क. आफ्नो शिक्षालाई राम्रो किसिमले तयारी गर्नुहोस्। प्रत्येक शिक्षाको निम्ति कति समय चाहिन्छ अथवा तपाईंले त्यसमा कति समय प्रयोग गर्न चाहनु हुन्छ भनी निर्णय गर्नुहोस्।

ख. समूहको अगुवा भई विद्यार्थीहरूलाई सिकाउनुहुँदा, तपाईंको व्यवस्थापन शैली शिक्षकको जस्तो हुनु पर्छ। असल समूहको अगुवाले सत्यतालाई स्पष्टसँग, दृढ विश्वाससँग र अधिकारसाथ सिकाउँछ। 'सत्यता' भनेको फरक-फरक मानिसहरूका फरक-फरक व्यक्तिगत अवधारणाहरूभन्दा ठूलो कुरा हो। तपाईंको शिक्षा निश्चितरूपमा बाइबलको सही सिद्धान्तको बुझाइ र व्याख्यामा आधारित भएको हुनु पर्छ। समूहको अगुवाले उक्त शिक्षाको छलफल गर्ने भागलाई पनि सञ्चालन गर्छ। त्यसैगरी उसले विद्यार्थीहरूलाई सत्यताहरू पत्ता लगाउन, विचार गर्न, निष्कर्षहरू निकाल्न र तिनीहरूले कसरी जीवनमा प्रयोग गर्ने भनेर पनि सिकाउँछ। विद्यार्थीहरूलाई बाइबलीय सत्यताहरूबारे आफ्ना व्यक्तिगत दृढ विश्वासहरू विकास गर्न लगाउने र ती सत्यताहरूलाई जीवनमा लागू गर्नको निम्ति व्यक्तिगतरूपमा समर्पित गराउनु समूहको अगुवाको लक्ष्य हो।

ग. मानवीय सोच-विचार, व्यवहार अनि इसाई जीवनको सिद्धान्तको पूर्ण आधिकारिक औजारको निम्ति बाइबललाई मात्र प्रयोग गर्नुहोस्।

घ. तपाईंले आफ्नो शिक्षामा प्रयोग गर्ने बाइबल खण्ड विद्यार्थीहरूलाई पढ्न लगाउनुहोस् (**पढ्नुहोस्**)।

ङ. बाइबल खण्डमा भएका सत्यताहरू विद्यार्थीहरू आफैले पत्ता लगाउन तिनीहरूलाई सहायता गर्नुहोस् (**पत्ता लगाउनुहोस्**)। बाइबलको बुझाइ र व्याख्याको सही सिद्धान्तहरूलाई प्रयोगमा ल्याउनुहोस्।

च. छलफलमा विद्यार्थीहरूलाई सहभागी गराउनुहोस्। विभिन्न बुँदाहरूमा छलफल गर्न र विद्यार्थीहरूले बनाएका प्रश्नहरू सोध्न उनीहरूलाई मौका दिनुहोस् (**छलफल गर्नुहोस्**)।

छ. छलफल र प्रश्नहरूको उत्तरहरूलाई निकै राम्रोसँग तयारी गर्नुहोस्। टिप्पणीको भागमा प्रत्येक प्रश्नको मुनि शिक्षाको छोटो व्याख्या र उत्तरहरूको सारंशलाई दिइएको छ (**टिप्पणी**)।

ज. बाइबल र एक-अर्काबाट सिकेका हरेक कुरा आफ्नो नोटबुकमा लेख्नको निम्ति विद्यार्थीहरूलाई उत्साह दिनुहोस्।

झ. शिक्षा र तालिमलाई सकेसम्म व्यवहारिक बनाउनुहोस्। शिक्षालाई सानो समूहको भेलामा र घरमा अभ्यास गर्नुहोस्।

ञ. अर्को भेलामा आउनुभन्दा पहिले नै विद्यार्थीहरूले आफ्नो घरमा सबै तयारीहरू पूरा गर्न लगाउनुहोस्।

## ४. बाइबल पद कण्ठको भागलाई व्यवस्थित गर्नु

क. बाइबल पदहरू कण्ठ गर्नको निम्ति बाइबलबाट असल कारणहरू प्रस्तुत गर्दै विद्यार्थीहरूलाई त्यसको निम्ति निरन्तर प्रोत्साहन दिनुहोस्।

ख. हरेक नयाँ बाइबल पदको अर्थको बारेमा सबैजना मिलेर त्यसबारे मनन गर्नुहोस्।

ग. हरेक समय नयाँ विद्यार्थीलाई बाइबल पद कण्ठ गर्ने भाग अगुवाइ गर्न दिनुहोस्। निर्देशिका पुस्तक २ देखि १२ सम्म हरेक नया श्रृङ्खलाको पहिलो बाइबल पद समूहमा सबै जनालाई कण्ठ गर्न लगाउनुहोस्। अरू बाइबल पदहरूचाहिँ उनीहरूलाई घरमा कण्ठ गर्न लगाउनुहोस्।

घ. हरेक समूहको भेलामा दुई-दुई जनालाई सँगै राखेर भर्खरै कण्ठ गरेको बाइबल पद एकले अर्कालाई पालैपालो जाँच गर्न लगाउनुहोस्।

ङ. त्यसैगरी एकपटक दुई-दई जनामा विभाजन गर्न लगाएर पहिले कण्ठ गरिसकिएका पाँच वटा बाइइबल पदहरू एक-अर्कामा जाँच गर्न लगाउनुहोस्।

## ५. बाइबल अध्ययनहरूलाई व्यवस्थित गर्नु

क. बाइबल अध्ययनलाई राम्रोसँग तयारी गर्नुहोस्।

ख. तपाईं समूहको अगुवा भई बाइबल अध्ययनलाई सञ्चालन गर्नु हुँदा, तपाईंको व्यवस्थापन शैली विद्यार्थीहरूका निम्ति बाटो देखाउने मार्गदर्शकजस्तो हुनु पर्छ। त्यतिबेला समूहको अगुवा शिक्षक हुनु हुँदैन। असल मार्गदर्शकले विद्यार्थीहरूलाई बाइबल सत्यता पत्ता लगाउन, त्यसबारे सोच्न, निष्कर्षहरू निकाल्न र ती कुराहरूलाई उनीहरूका जीवनमा लागू गर्न सिकाउँछ। उसले पत्ता लगाएका कुराहरू बाँड्न, प्रश्नहरू छलफल गर्न र सम्भावित प्रयोगहरूलाई लागू गर्नको निम्ति विचार गर्न विद्यार्थीहरूलाई डोऱ्याउँछ। हरेक बाइबल अध्ययनमा समूहलाई डोऱ्याउनुको लक्ष्य सत्यता पत्ता लगाउनु (प्रेरित १७:११), सत्यतालाई बुझ्नु (२ तिमोथी २:१५), सत्यतालाई लागू गर्नु (मत्ती ७:२४-२७) र उक्त सत्यता अरूहरूलाई सिकाउनु (मत्ती २८:१९-२०) हो। 'सत्यता' भनेको मानिसहरूको विचारधारा अथवा व्याख्याहरूभन्दा ठूलो कुरा हो। सत्यता भनेको परमेश्वरले बाइबलद्वारा हामीलाई भन्न र गराउन चाहनुभएका कुराहरू हुन्। त्यसकारण, बाइबललाई सही तरिका (नियम) अनुसार व्याख्या गरिनु पर्छ। समूहलाई सही बाटोमा हिँडाउनु उक्त समूहको अगुवाको जिम्मेवारी हो। तसर्थ, ऊ पवित्र आत्माको अगुवाइप्रति संवेदनशील हुनु पर्छ।

ग. समूहका हरेक विद्यार्थीलाई कार्यक्रममा सहभागी गराउनुहोस्। समूहमा विद्यार्थीहरूलाई पालैपालो ठूलो सोरमा बाइबल पढ्न लगाउनुहोस्। उनीहरूलाई आफ्नो सत्यताहरू पत्ता लगाउन, उक्त सत्यताहरूलाई सही किसिमले व्याख्या गर्न, त्यसलाई व्यक्तिगत जीवनमा लागू गर्न र पत्ता ती लगाइएका कुराहरू, व्याख्याहरू र प्रयोगहरूलाई

सानो समूहमा खुला भई बाँड्न उत्साह दिनुहोस्। तिनीहरूका विचारहरू र भावनाहरू पनि खुलारूपमा बाँड्न उत्साह दिनुहोस्। सत्यताहरूबारे छलफल गर्न र आफ्नो मनमा भएका प्रश्नहरू सोध्न पनि उनीहरूलाई उत्साह दिनुहोस्।

घ. विद्यार्थीहरूलाई तिनीहरूका बाइबल अध्ययन तयारीको टिप्पणीहरू बनाउन प्रोत्साहन दिनुहोस्। त्यसैगरी सानो समूहमा रही तिनीहरूले बाइबल अध्ययन गर्दाखेरि एक-अर्काबाट सिकेका कुराहरू लेख्न पनि उनीहरूलाई प्रोत्साहन दिनुहोस्।

## ६. प्रार्थनाको समयलाई व्यवस्थित गर्नु

क. हरेक भेलामा गोलो भई बसेका विद्यार्थीहरूलाई पालैपालो एक वा दुई वाक्यमा प्रार्थना गर्न लगाउनुहोस्।

ख. कहिलेकाहिँ दुई-तीन जनाको सानो समूहहरूमा विभाजन भई प्रार्थना गर्न लगाउनुहोस्।

ग. विद्यार्थीहरूलाई कि परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना (शिक्षा, बाँड्ने कुरा अथवा बाइबल अध्ययनप्रति प्रतिक्रिया जनाउँदै) र अन्तरबिन्ती प्रार्थना (एकले अर्को निम्ति र अरूहरूका निम्ति) गर्न लगाउनुहोस् अथवा धर्मशास्त्रको प्रार्थना (प्रार्थना गर्दा बाइबलको प्रयोग) गर्न लगाउनुहोस्।

घ. अरू मानिसहरूले प्रार्थना गरिदिनको लागि गरेका अनुरोधहरूलाई नोटबुकमा लेख्न र त्यसको निम्ति प्रार्थना गर्न विद्यार्थीहरूलाई सिकाउनुहोस्।

## ७. समूहको अगुवाको व्यवस्थापन शैली

क. अगुवाइ अथवा व्यवस्था गर्नु भनेको सेवा गर्नु हो तर मानिसहरूमाथि प्रभुत्व जमाउनु होइन (मत्ती २०:२५-२८)।

ख. अगुवाइ अथवा व्यवस्था गर्नु भनेको उदाहरण हुनु हो (१ पत्रुस ५:३); विशेषगरी तलका क्षेत्रहरूमा:

- परमेश्वर, अरू मानिसहरू र आफैसँग तपाईंको सम्बन्धमा (१ तिमोथी ४:१२)
- तपाईंको आफ्नै प्रगति, व्यवहार र सही सिद्धान्तमा (१ तिमोथी ४:१५-१६)
- तपाईंको सही शिक्षामा (१ कोरिन्थी ४:६; २ तिमोथी १:१३-१४; तीतस २:७-८)
- तपाईंले बाइबललाई सही कसिमले प्रयोग गर्ने कुरामा (२ तिमोथी २:१५)
- अरूलाई सिकाउने कुरालाई तपाईं आफैले अभ्यास गर्ने कुरामा (मत्ती २३:३; एज्रा ७:१०)
- झगडा गर्नुको सट्टामा भद्र व्यवहार गर्ने कुरामा (२ तिमोथी २:२३-२६)

ग. अगुवाइ अथवा व्यवस्था गर्नु भनेको ठूलो सभाहरू अथवा घरभित्र हुने सानो समूहहरूमा सिकाउनु हो (प्रेरित ५:४२)। यो मानिसहरूलाई आत्मिकरूपमा वृद्धि हुँदैजान सहायता गर्ने कुराहरू र बाइबलमा परमेश्वरले प्रकट गर्नुभएको सम्पूर्ण परमेश्वरको इच्छालाई सिकाउनु हो (प्रेरित २०:२०,२७)।

घ. अगुवाइ अथवा व्यवस्था गर्नु भनेको विद्यार्थीहरूलाई प्रेरणा दिनु, व्याख्या गर्नु, चुनौति दिनु, सहायता गर्नु, चेताउनी दिनु, र साथै तिनीहरूलाई हप्काउनु, सच्याउनु र तालिम पनि दिनु हो २ तिमोथी ३:१६-१७)। ती सबै कुराहरूभन्दा ठूलोचिहि विद्यार्थीहरूलाई प्रेम गर्नु हो। उत्साह दिने व्यक्ति बन्नुहोस् (हिब्रू ३:१२-१३; १०:२४-२५)।

ङ. अगुवाइ र व्यवस्था गर्नु भनेको असल किसिमले सुन्ने व्यक्ति बन्नु हो (हितोपदेश १८:१३)। आफ्नो विद्यार्थीहरूलाई गम्भीररूपमा लिनुहोस्। तिनीहरू जस्ता छन्, त्यस्तै अवस्थामा स्वीकार गर्नुहोस् (रोमी १५:७)। तपाईंका विद्यार्थीहरूलाई भुल-गल्तीहरू गर्न दिनुहोस्।

च. अगुवाइ र व्यवस्था गर्नु भनेको आफ्ना विद्यार्थीहरूको लागि प्रार्थना गर्नु हो। आफ्ना विद्यार्थीहरूको बलिया पक्ष, कमजोर पक्ष र खाँचोहरू जान्नुहोस्। तिनीहरूमा परमेश्वरले कस्तो काम गर्दैहुनुहुन्छ अनि तिनीहरूलाई वृद्धि गराउन तपाईंले कसरी सहायता गर्न सक्नु हुन्छ, सो पत्ता लगाउनुहोस्।

परिशिष्ट ७

# घरलु सङ्गतिको कार्यक्रम

घरलु सङ्गति भनेको एकले अर्कालाई निर्माण गर्दै जानको निम्ति कुनै घरमा कम्तीमा हप्ताको एकपटक भेटघाट गर्ने करिब १० जना विश्वासीहरूको समूह हो र यसलाई घरेलु समूह वा सानो समूह पनि भन्न सकिन्छ।

## १. घरेलु सङ्गतिको निम्ति केही व्यवहारिक सुझावहरू

तपाईंको स्थानीय परिस्थितिहरूलाई ध्यानमा राखेर घरेलु सङ्गति निर्माण गर्नुहोस्। केही घरेलु सङ्गतिहरूका विशेषताहरू यस प्रकारका छन्:

(क) हरेक हप्ता एकपटक भेट गर्ने गर्नुहोस्।

(ख) हरेक हप्ता समूहको उही सदस्यको घरमा भेटघाट गर्ने गर्नुहोस् अथवा पालो मिलाएर उक्त समूहको फरक-फरक सदस्यहरूको घरमा भेट्नुहोस्। छिमेकीहरूलाई वाधा पुग्ने घरमा भेट्ने नगर्नुहोस् र त्यसैगरी तपाईंहरूद्वारा अरूको ध्यान आकर्षित ठाउँमा पनि भेट्ने नगर्नुहोस्।

(ग) उक्त समूह वृद्धि हुँदैगएर १० जनाभन्दा बढी हुँदै गयो भने त्यसलाई दुई समूहहरूमा विभाजन गर्नुहोस् र ती दुई समूहहरूलाई फरक-फरक स्थानहरूमा भेट्ने व्यवस्था मिलाउनुहोस्।

(घ) ठूलो सोरमा गीत-भजन गाएर, कुराकानी गरेर र प्रार्थना गरेर अनावश्यकरूपमा अरूलाई वाधा दिने र अरूको ध्यान खिच्ने नगर्नुहोस्। मधुर आवाजमा (सानो सोरमा) बोल्ने र प्रार्थना गर्ने गर्नुहोस्। अप्ठ्यारो परिस्थिति छ भने समूहका मानिसहरूले सङ्गति गर्दा निस्कने आवाज घरबाहिर सुनिनु हुँदैन।

(ङ) सङ्गति गर्ने घरमा जाँदा र त्यहाँबाट निस्कदा एक्लै वा दुई-दुई जना गरी हिँड्नुहोस् तर सबै जना एकै समूहमा नहिँड्नुहोस्।

(च) तपाईंहरूको घरेलु सङ्गतिको बारेमा अरू मानिसहरूले सोधे भने त्यसको सबैले एउटै उत्तर दिने निर्णय गर्नुहोस्।

(छ) उक्त घरेलु सङ्गतिको हरेक सदस्य सहमत भइसकेपछि मात्र नयाँ व्यक्तिलाई त्यो समूहमा स्वागत गर्नुहोस्।

(ज) घरेलु सङ्गतिको अगुवासँग अर्को सहयोगी हुनुपर्छ र उक्त सहयोगीलाई तालिम दिएर नयाँ घरेलु सङ्गतिको अगुवा बनाउनु पर्छ।

(झ) समूहको अगुवासँग मात्र समूहको अगुवाहरूको निर्देशिक पुस्तकको प्रतिलिपि हुनु पर्छ। समूहको अरू सदस्यहरूले आफैले नोट बनाउनु पर्छ।

(ञ) घरेलु सङ्गतिको उद्देश्य भनेको समूहको हरेक सदस्यलाई सक्रियरूपमा सहभागी गराई एकले अर्कोलाई निर्माण गर्दैजानु हो।

## २. घरेलु सङ्गतिको कार्यक्रम

अगुवाहरूको निर्देशिका पुस्तकले घरेलु सङ्गतिको कार्यक्रमबारे सुझाब दिन्छ (विषय सूची हेर्नुहोस्)।

२ देखि १५ जना विश्वासीहरूको सानो समूह हरेक हप्ता कुनै घरमा भेट्ने गर्छन्...

**केवल चेलापनको लागि**

घरेलु सङ्गतिमा हरेक महिनाको पहिलो र तेस्रो हप्ता चेलापन (क) र दोस्रो र चौथो हप्ता चेलापन (ख) सञ्चालन गरिन्छ। एक हप्ताभरि तिनीहरूले विशेषगरी आराधना र शिक्षा अभ्यास गर्छन् र अर्को हप्ताभरि तिनीहरूले विशेषगरी बाइबल पद कण्ठ र बाइबल अध्ययन गर्छन्।

**अथवा, चेलापन र सेवाको लागि**

हरेक तीन हप्ताहरू चेलापन (क र ख) अनि सेवा (ग) सञ्चालन गरिन्छन्। पहिलो हप्ताभरि विशेषगरी आराधना र शिक्षा, दोस्रो हप्ताभरि विशेषगरी बाइबल पद कण्ठ र बाइबल अध्ययन अनि तेस्रो हप्ताभरि विशेषगरी गीत-भजन गाउने, प्रचार गर्ने, प्रार्थना गर्ने र प्रभुभोज अथवा बप्तिस्माको कार्यक्रम सञ्चालन गर्ने।

| चेलापन (क) | चेलापन (ख) | घरमा गरिने सेवा (ग) |
|---|---|---|
| - आराधना (गीत-भजनसहित) (२० मिनेट)<br>- शान्त समयको कुरा बाँड्ने (२० मिनेट)<br>- शिक्षा (७० मिनेट)<br>- प्रतिक्रिया जनाउने प्रार्थना (८ मिनेट)<br>- गृहकार्यको तयारी (२ मिनेट)<br>- चिया-खाजा र सङ्गति (शान्तपूर्वक) | -पद कण्ठ (२० मिनेट)<br>-शान्त समयको कुरा बाड्ने (२०मिनेट)<br>-बाइबल अध्ययन (७० मिनेट)<br>-अन्तरबिन्ती प्रार्थना (८ मिनेट)<br>-गृहकार्यको तयारी (२ मिनेट)<br>-चिया-खाजा (शान्तपूर्वक) | - गीत-भजन गाउने (४५ मिनेट)<br>-प्रचार (१५ मिनेट)<br>-प्रार्थना (३० मिनेट)<br>-प्रभुभोज, बप्तिस्मा अथवा सङ्गति (आवश्यक भए खाना) (३० मिनेट) |

## ३. बुद्धिमानी घरेलु सङ्गति

केही ठाउँहरूमा छिमेकीहरू विरोधी भई सत्रुतापूर्वक व्यवहार गर्ने हुन्छन्। विशेष गरी अप्ठ्यारो परिस्थितिहरूमा विश्वासीहरूले बुद्धिमानीपूर्वक काम गर्नु पर्छ भनी येशूले उपदेश दिनुहुन्छ। छिमेकीहरूलाई अप्रसन्न पार्ने वा रिस उठाउने किसिमले भेला नहुनुहोस्। घरेलु सङ्गतिको भेलामा गीत-भजन गाउनु बुद्धिमानी हुन्छ कि हुँदैन भन्ने कुरामा पहिले नै ध्यान दिनुहोस्। घरेलु सङ्गतिको भेलामा ठूलो सोरमा बोल्ने र प्रार्थना गर्ने नगर्नुहोस्। यस्तो किसिमले बोल्ने र प्रार्थना गर्ने गर्नुहोस् ताकि ढोकाबाहिर उभिएको मानिसले त्यो सुन्न नसकोस्। उक्त सङ्गति वा समूहलाई बुद्धिमानिपूर्वक सञ्चालन गर्न अभ्यास गरिरहनुहोस्।

## ४. उत्तरदायी समूह

घरेलु सङ्गति भनेको ख्रीष्टको शरीरको साँचो भाग हो (ख्रीष्टको शरीर भनेको संसारको एउटै मण्डली हो)!

१ कोरिन्थी १२:१२-२८ पढ्नुहोस्।

क. यदि उक्त घरेलु सङ्गति वर्तमान अस्तित्वमा भएको कुनै मण्डलीको भाग हो भने माथिको कार्यक्रमलाई पछ्याउनुहोस्।

ख. यदि उक्त घरेलु सङ्गति अस्तित्वमा भइरहेको कुनै मण्डलीको भाग होइन भने पनि माथिको कार्यक्रमलाई पछ्याउनुहोस् र बप्तिस्मासम्बन्धी विषयहरू, प्रभुभोज, इसाई विवाह, एल्डरहरूको अगुवापन र आवश्यक परेमा अनुशासन कसरी गर्ने भनी सिक्नुहोस्।

ग. उक्त घरेलु सङ्गतिको सदस्यहरूले उनीहरूका घरेलु सङ्गति अथवा उक्त घरेलु समूहलाई हिब्रू १०:२४-२५ मा उल्लेख गरिएअनुसारको विश्वासीहरूको नियमित भेटघाट हो भनी ठान्दछन्। हिब्रू १०:२४-२५ पढ्नुहोस्।

घ. उक्त घरेलु सङ्गतिको सहभागीहरूलाई प्रत्येक घरेलु सङ्गतिको भेलामा आउनको निम्ति निर्धारित गरिएको हुन्छ।

ङ. उक्त घरेलु सङ्गतिको सहभागीहरूले विशेषगरी परमेश्वरसँग दैनिकरूपमा व्यक्तिगत समय बिताएर अनि त्यसरी परमेश्वरसँग व्यक्तिगत समय बिताएको प्रत्येक दिनको बारेमा केही कुरा नोटबुकमा लेखेर अर्को भेलाको निम्ति आफूलाई तयार पार्दछन्।

च. उक्त घरेलु सङ्गतिका सहभागीहरूले आफूलाई सिकाइएका कुराहरू सिक्न र जीवनमा लागू गर्न प्रतिज्ञा गर्छन्।

छ. उक्त घरेलु सङ्गतिका सहभागीहरूले वृद्धि हुनको निम्ति, एकले अर्कालाई उत्साह दिनको लागि, आफ्नो खाँचोहरू एक अर्कामा बाँड्नको निम्ति र एक अर्काको निम्ति प्रार्थना गर्नको निम्ति सहायता गर्ने गर्छन्।

ज. उक्त घरेलु सङ्गतिका सहभागीहरूले आफ्ना कठिनाइ र सङ्घर्षहरू बाँड्न र तिनीहरूले गरेका प्रगतिको लेखा दिन इच्छुक हुने गर्छन्।